# परिच्छेद -एक

## १. शोध परिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नारायणप्रसाद शर्माका कृतिहरुको अध्ययन** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ विषय प्रवेश

नारायणप्रसाद शर्मा प्रगतिवादी नेपाली साहित्य, पत्रकारिता र वामपन्थी राजनीतिका क्षेत्रमा एक स्थापित व्यक्तित्त्व हुन् । बहुआयमिक व्यक्तित्त्वका धनी शर्माको जन्म वि.सं. १९८८ साल फागुन महिनाको शिवरात्रीका दिन राप्ती अञ्चल दाङ जिल्लाको बर्गदी भन्ने गाउँमा भएको हो । पिता यादवप्रसाद शर्मा र माता जीवादेवी शर्माका एक मात्र सन्तानका रूपमा जन्मिएका नारायणप्रसाद शर्मा सानै उमेरदेखि अध्ययनशील र साहित्यानुरागी थिए । साहित्यप्रतिको यही अनुरागका कारण उनी वि.सं. २००४ सालदेखि फुटकर कविता रचना गर्न थालेका देखिन्छन् । उनको प्रथम रचना वि.सं. २०१४ सालमा आएर मात्र बनारसबाट प्रकाशित हुने सन्देश पत्रिकामा प्रकाशित भएको देखिन्छ । फुटकर कविताबाट आरम्भ भएको उनको कवित्त्व प्रतिभा खण्डकाव्यहरूमा विस्तारित हुँदै अद्यापि अघि बढिरहेको छ । पद्य र मुक्त दुवै लयमा कविता रच्न पोख्त नारायणप्रसाद शर्माले दुवै किसिमका फुटकर कविताहरूको पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । उनका हालसम्म प्रकाशित फुटकर कविताहरूका संग्रहका रूपमा **मातेको मान्छे र प्रजातन्त्र**, **एउटा स्वर-सवारीकोट दाङको**, **पत्रकारिता मेरो मनोयोग** जस्ता कृतिहरू प्रकाशित भएका छन् । त्यसैगरी खण्डकाव्यका रूपमा **जेलदर्शन, हिमालीरत्न, अन्तर्द्वन्द्व** प्रकाशित भएका छन् । नारायणप्रसाद शर्मा एक प्रखर कविका रूपमा मात्र नभएर एक सशक्त निबन्धकारका रूपमा पनि परिचित व्यक्तित्त्व हुन् । उनको **फर्केर हेर्दा** (संस्मरणात्मक निबन्ध) कृति प्रकाशित भएको छ ।

एक निर्भीक, निश्छल, संघर्षशील र जुझारू पत्रकार एवम् सम्पादकका रूपमा स्थापित नारायणप्रसाद शर्मा आफ्ना साहित्यिक रचनाहरूमा सामाजिक असमानता

थिचोमिचो र अन्यायको विरोध गर्दै समतामूलक र सभ्य समाज निर्माणको आग्रह गर्दछन् । बहुमुखी प्रतिभाका धनी नारायण प्रसाद शर्माका कृतिहरूले विधागत विविधता, संख्यात्मक-गुणात्मक उच्चता प्राप्त गरेका छन् । प्रगतिशील साहित्यकार एवम् वरिष्ठ पत्रकार शर्माका कृतिहरूको अध्ययन र विश्लेषण गर्दै उनका खास साहित्यिक बैशिष्ठयहरू प्रकाशमा ल्याउनु आवश्यक देखिन्छ ।

## १.४ समस्या कथन

वि.सं. २००४ सालदेखि साहित्य रचनामा लागेका शर्माले फुटकर कविताहरूदेखि लिएर निबन्ध र खण्डकाव्यहरूको पनि रचना र प्रकाशन गरेका छन् । वर्तमान समयमा पनि साहित्य सिर्जनामा सक्रिय रहेका शर्माका हालसम्म विभिन्न विधाका जम्मा ८ (आठ) वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरूको वर्गीकरण र विश्लेषणका निम्ति निम्न लिखित समस्याहरु माथि केन्द्रित भई अध्ययन अनुसन्धान गरिएको छ ।

क) नारायणप्रसाद शर्माको हालसम्मको साहित्यिक यात्रा के कस्तो छ ?

ख) नारायणप्रसाद शर्माका कृतिहरूलाई विधागत आधारमा कुन कुन विधामा वर्गीकरण गर्न सकिन्छ ?

ग) नारायणप्रसाद शर्माका कृतिहरूलाई विधागत तत्त्वहरूका आधारमा के कसरी अध्ययन विश्लेषण गर्न सकिन्छ ?

## १.५ उद्देश्य

माथि उल्लेख गरिएका समस्याहरूमा केन्द्रित रही नारायणप्रसाद शर्माका हालसम्म प्रकाशित कृतिहरूको विधागत वर्गीकरण गर्दै तिनीहरूको विश्लेषण गर्नु यस शोधप्रबन्धको मुख्य उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

बहुआयमिक व्यक्तित्त्वका धनी नारायणप्रसाद शर्माको साहित्यिक व्यक्तित्त्व उनका अन्य व्यक्तित्त्व भन्दा निकै प्रज्ज्वल प्रखर र विशिष्ट छ । वि.सं. २००४ सालदेखि साहित्य सिर्जनाको कर्म सुरू गरेका शर्माले हालसम्म पनि साहित्य सिर्जनालाई निरन्तरता दिइरहेका छन् । फुटकर कविता, खण्डकाव्य, निबन्ध र समीक्षा आदि विधाहरूमा सशक्त रूपमा कलम

चलाएका साहित्यकारले विभिन्न पुस्तकाकार कृतिहरू प्रकाशित गरेका छन् । उनका फुटकर कविताहरूको संग्रह, खण्डकाव्य, निबन्धसंग्रह गरी हालसम्म ८ (आठ) वटा कृतिहरू प्रकाशित भएका छन् । उनको प्रगतिशील साहित्यिक व्यक्तित्त्व र प्रकाशित कृतिहरूका बारेमा विभिन्न समीक्षक एवम् समालोचकहरूले गरेका समालोचनात्मक अध्ययन-अनुसन्धान र समीक्षाको कालक्रमिक विवरण तल प्रस्तुत गरिएको छ –

क) गोविन्द भट्ट, **मातेको मान्छे र प्रजातन्त्र**को सम्बन्धमा भूमिका दाङ प्रगतिशील लेखक संघ ; २०५३

प्रसिद्ध प्रगतिवादी नेपाली समालोचक गोविन्द भट्टले साहित्यकार नारायणप्रसाद शर्माको 'मातेको मान्छे र प्रजातन्त्र' शीर्षक कविता संग्रहको भूमिकामा उनको काव्यप्रवृत्ति प्रस्तुत गरेका छन् । उनले शर्माका काव्यप्रवृत्तिलाई समालोचकीय दृष्ट्रिले प्रस्तुत गरेका छन् । समालोचक भट्टले कवि शर्माका कविताहरूको संक्षेपमा विश्लेषण गर्दै उनका कृतिहरुमा शास्त्रीयताका साथै आधुनिकता, कोमलता साथै कठोरता, संवेदनशीलताका साथै वैचारिक प्रौढता, सरलता र निश्छलताका साथै गहनता र सूक्ष्मता अन्तर्गुम्फित भएको पाइने धारणा प्रस्तुत गरेका छन् । उनले नारायणप्रसाद शर्मा जस्ता प्रखर जनवादी स्रष्टाहरु अझै धेरै संख्यामा चाहिएको भन्दै कवि शर्माको प्रखर जनवादी काव्य चेतनाको उच्च मूल्याङ्कन गरेका छन् ।

ख) केशव सुवेदी, **मध्यपश्चिमाञ्चलका कविता,** काठमाण्डौ : म.सा.प., २०५३

मध्यपश्चिमाञ्चल साहित्य परिषदले प्रकाशित गरेको यस कृतिमा कवि नारायणप्रसाद शर्माको बारेमा संक्षिप्त चर्चा गरिएको छ । उनी राप्ती साहित्य परिषद जस्तो साहित्यिक संस्था र युगबोध, अन्तर्ध्वनि राप्ती-दूत जस्ता पत्रिकाहरूको सम्पादन-प्रकाशनमा आवद्ध भएर साहित्यको विकास र विस्तारमा समर्पित छन भनिएको छ । लामो समयदेखि काव्य साधनामा सक्रिय भएर लागेका कवि शर्मा राप्ती क्षेत्रका अन्य प्रतिभाहरूका लागि उत्प्रेरणा जगाउने प्रेरणाका स्रोतका रूपमा प्रतिष्ठित रहेका उल्लेख गरिएको छ ।

ग) वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता** (भाग-४), काठमाण्डौ साझा प्रकाशन, २०५४ ।

समालोचक वासुदेव त्रिपाठीले नेपाली कविता (भाग ४) मा आधुनिक नेपाली कविता र यसको प्रमुख धाराहरूको संक्षिप्त चिनारी दिएका छन् । यस क्रममा उनले प्रयोगवादी धाराका समयावधिका समानान्तर धाराहरू मध्ये प्रगतिवादी धारामा सृजनारत कविहरू आत्मविश्वासपूर्वक सकृय रहेको चर्चा गरेका छन् । उनले यिनै उल्लेख्य प्रगतिवादी कविहरूको पंक्तिमा कवि नारायणप्रसाद शर्मा पनि उम्भिएको उल्लेख गरेका छन् ।

घ) कृष्णराज डि.सी. साहित्यकार नारायणप्रसाद शर्माको कृतिगत मूल्याङ्कन, **अन्तर्ध्वनि**, पूर्णाङ्क ९, २०६२ ।

साहित्यकार नारायणप्रसाद शर्माको हीरक विशेषाङ्कका रूपमा प्रकाशित यस साहित्यिक त्रैमासिक पत्रिकामा नारायणप्रसादको जीवनी, व्यक्तित्त्व र कृतित्त्वका बारेमा विभिन्न लेखकहरूका संक्षिप्त लेखहरू प्रकाशित भएका छन् । समालोचक कृष्णराज डि.सी.ले प्रस्तुत साहित्यकार नारायणप्रसाद शर्माको कृतिगत मूल्याङ्कन शीर्षक समालोचनात्मक लेखमा शर्माको साहित्यिक व्यक्तित्त्व र प्रवृत्तिका बारेमा संक्षेपमा चर्चा गरेका छन् । उनले मुख्य रूपमा शर्माका जेलदर्शन र हिमाली रत्न खण्डकाव्यहरूका आधारमा साहित्यकार शर्माको साहित्यिक प्रवृत्ति र मूल्यको निरोपण गरेका छन् । उनी साहित्यकार शर्माको बारेमा यस्तो समालोचकीय दृष्टि प्रस्तुत गर्दछन् –

"साहित्यकार नारायणप्रसाद शर्माले आफ्नो साहित्यिक जीवनको पूवार्द्धमै उच्च स्थान हासिल गरिसकेका छन् । यस कालमै उनले आफ्नो निजी दृष्टिकोणको निर्माण गरिसकेका छन् । छुवाछुतको अन्त्य जातिभेद र वर्गभेदको अन्त्य, सामाजिक विकृति र विसंगतिको विरोध, मानवीतावादी धारणा आदि शर्माका जीवनका आदर्श र मियो हुन् । यिनै मियोको केन्द्रीयतामा उनको उत्तरवर्ती जीवनशैली तथा व्यक्तिगत एवं सामाजिक मूल्य र मान्यता अगाडि बढेको छ चाहे पत्रकारको रूपमा होस् चाहे मानवतावादको रूपमा होस् चाहे राजनीतिका रूपमा होस् चाहे साहित्यिक व्यक्तित्त्वका रूपमा होस ।"

ङ) गिरीराज शर्मा, **फर्केर हेर्दा**को भूमिका, दाङः गाउँघर साप्ताहिक, २०६३ ।

दाङ जिल्लाका प्रसिद्ध साहित्यकार एवम् समीक्षक गिरीराज शर्माले नारायणप्रसाद शर्माको संस्मरणात्मक निबन्धकृति **फर्केर हेर्दा**को भूमिकामा

साहित्यकार नारायणप्रसाद शर्माको व्यक्तित्त्व र कृतित्त्वका बारेमा चर्चा गरेका छन् । उनले शर्मालाई 'स्पात' को संज्ञा दिएका छन् । साथै निर्भीक एवम् प्रगतिशील व्यक्तित्त्वको रूपमा प्रशंसा गरेका छन् । लामो संघर्ष र जेलजीवन भोगेका प्रगतिवादी साहित्यकार, राजनैतिक योद्धा एवम् क्रान्तिकारी पत्रकार नारायणप्रसाद शर्माको भरपुर कदर गरेका छन् । नारायणप्रसाद शर्माको विचारलाई दवाउन पञ्चायतकाल र प्रजातन्त्रको पुनर्स्थापनापछिका सत्ताहरूले बर्बर दमन र अत्याचार गरेपनि उनीहरुले कोमल कवि हृदयलाई गलाउन नसकेको अवधारणा राख्दै समीक्षक गिरीराज शर्माले उनको प्रखर क्रान्तिकारी व्यक्तित्त्वलाई उजागर गरेका छन् ।

च) केशव सुवेदी, **रापतीको साहित्यिक रूपरेखा,** काठमाडौं, एकता प्रकाशन, २०६५ ।

समालोचक केशवप्रसाद सुवेदीले राप्तीको साहित्यिक रूपरेखा नामक ग्रन्थमा राप्ती अञ्चलमा भएका विविध साहित्यिक गतिविधीको चर्चा गर्ने सम्बन्धमा साहित्यिक संस्था **राप्ती साहित्य परिषद** र त्यस संस्थाका संस्थापक सदस्य नारायणप्रसाद शर्माले खेलेको भूमिकालाई उच्च महत्त्व दिएर प्रस्तुत गरेका छन् । उनी रापती साहित्य परिषद र यसका संस्थापक अध्यक्ष नारायणप्रसाद शर्माको क्रियाशिलताका सन्दर्भमा यस्तो लेखेका छन् :- "वि.सं. २०३४ सालमा राप्ती क्षेत्रमा साहित्यिक सम्बोधन गर्ने उद्देश्यले दाङमा 'राप्ती साहित्यिक परिषद' को स्थापना भयो । संस्थापन कालदेखि नै उक्त परिषदका अध्यक्षका रूपमा साहित्यकार नारायणप्रसाद शर्मा सक्रिय रहदै आइरहेका छन् । यस परिषदले एकातिर विभिन्न समयमा साहित्यिक सम्मेलन र गोष्ठीहरूको आयोजना गर्दै आएको छ भने अर्कोतिर परिषदको मुखपत्रका रूपमा 'राप्तीदूत' पत्रिका प्रकाशित गरी राप्तीका प्रतिभाहरूलाई परिचित गराउने प्रशंसनीय प्रयास पनि गरेको छ । "

छ) सी.पी. खनाल, **दैनिकपत्र**, राष्ट्रिय दैनिक काठमाण्डौ, २८ साउन २०६८ ।

समीक्षक सी.पी. खनालले **दैनिकपत्र** नामक राष्ट्रिय दैनिक पत्रिकामा "सबैका गुरू नारायण" शीर्षक लेखमा साहित्यकार नारायणप्रसाद शर्माको साहित्यिक, राजनीतिक र पत्रकार व्यक्तित्त्वका बारेमा संक्षेपमा चर्चा गरेका छन् । उनले उक्त लेखमा साहित्यकार नारायणप्रसाद शर्माले संस्कृतका श्लोकहरूदेखि

साम्यवादका, मार्क्स, लेनिन अनि रूस र चीनको राजनीतिक वृत्तको इतिहासको समेत गहिरो अध्ययन गरेका थिए भन्ने उल्लेख गरेका छन् । दाङ जिल्लाको किसान संघ र कम्युनिष्ट पार्टीका संस्थापक समेत रहेका शर्मा सबैका गुरूका रूपमा र संघर्षशील व्यक्तित्त्व माथि प्रकाश पारेका छन् ।

साहित्यकार नारायणप्रसाद शर्माका सम्बन्धमा भएका उल्लिखित अध्ययन, अनुसन्धान र समीक्षाहरू उनको व्यक्तित्त्व र कृत्तित्वमा आधारित रहे पनि पूर्ण रूपमा उनका कृतिहरूको विस्तृत अध्ययन भएको देखिदैन । यस शोधकार्यमा समाविष्ट साहित्यकार एवम् पत्रकार नारायणप्रसाद शर्मा सम्बन्धी भूमिका, समालोचनात्मक लेखहरू र समीक्षाहरूले संक्षेपमा उनको कृतित्वलाई प्रकाशमा ल्याए पनि सूक्ष्म रूपमा उनका कृतिहरूको साङ्गोपाङ्गो अध्ययन गरिएको देखिदैन । अतः साहित्यकार शर्माका बारेमा हालसम्म गरिएका विविध अध्ययनलाई आधार बनाएर उनका कृतिहरूको कृतिपरक अध्ययन गर्ने लक्ष्य राखिएको छ ।

## १.७ शोधको औचित्य तथा महत्त्व

प्रस्तुत शोधपत्रमा साहित्यकार नारायणप्रसाद शर्माको व्यक्तित्त्व र कृतित्त्वको अध्ययन र विश्लेषण गरिएको छ । यस अध्यायको अध्ययनबाट शर्माका कृतिहरूबारे पर्याप्त सूचनाहरू र सामग्रीहरुको सङ्कलन गरिएको छ । त्यसमा पनि शर्माका कृतिहरूलाई मुख्यतः प्रगतिवादी काव्यधाराका दृष्टिबाट बढी विश्लेषण गरिएको छ । वि.सं. २००४ सालदेखि हालसम्मको छ दशक भन्दा लामो साहित्ययात्रा पार गरिसकेका शर्माका बारेमा सामान्य टिप्पणी र छिटफुट चर्चा बाहेक उहाँका कृतिहरूको सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन-अनुसन्धान कमै मात्र भएकाले उहाँका बारेमा व्यवस्थित र समग्र रूपमा गरिने प्रस्तुत अध्ययन-अनुसन्धानमा केन्द्रित रही यो शोधको औचित्य स्पष्ट पारिएको छ । समवर्ती र उत्तरवर्ती साहित्यिक प्रतिभाहरूका लागि उनको कृतित्त्वको अध्ययन महत्त्वपूर्ण र उपयोगी हुनेछ । दाङको परिवेशमा साधनारत शर्मा सम्बन्धी यो अध्ययन दाङ जिल्लाको साहित्यिक अध्ययनका निम्ति पनि उपयोगी हुनेछ ।

## १.८ शोधको सीमाङ्कन

यस शोधप्रबन्धमा नारायणप्रसाद शर्माका हालसम्मका प्रकाशित कृतिहरूलाई विधागत आधारमा वर्गीकरण गरिएको छ । यसको साथै ती कृतिहरूलाई विधागत

तत्त्वहरूका आधारमा व्याख्या-विश्लेषण गरिएको छ । ती कृतिहरूका अन्य आयामको बारेमा अध्ययन गर्नु यस शोधकार्यको अध्ययन क्षेत्र हुने छैन ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्नको निम्ति प्राथमिक र द्वितीय दुवै किसिमका सामग्रीहरू संकलन गरिएको छ । पुस्तकालयीय विधि पनि अपनाइएको छ । यस शोधकार्यलाई विश्वासनीय, प्रमाणिक रूपमा पूर्णता दिन पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । सङ्कलित तथ्यहरूलाई विश्लेषणात्मक तथा विवरणात्मक रूपमा केलाउने कार्य गरिएको छ । प्राथमिक सामग्रीका रूपमा शोधनायकका कृतिहरूको अध्ययन गरी तथ्यहरू समावेश गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा उनका आफन्तजन र शुभचिन्तकहरूसंग सोधपुछ गरी अनुसन्धानलाई बढी विश्वसनीय बनाइएको छ । यसका साथै अन्य सन्दर्भ सामग्रीको अध्ययन गरी शोधकार्यलाई बैज्ञानिक ढङगबाट सम्पन्न गरिएको छ ।

## १.१० शोध विधि

प्रस्तुत शोध प्रवन्धको अध्ययन क्षेत्र नारायणप्रसाद शर्माका कृतिहरूको वर्गीकरण र विश्लेषण भएको हुँदा उनका कृतिहरूको विधागत रूपमा वर्गीकरण गर्दै अध्ययन विश्लेषण गरिएको छ । अतः शोधविधिका रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

क) अध्याय एक– शोध परिचय

ख) अध्याय दुई – नारायणप्रसाद शर्माको जीवनी र व्यक्तित्त्व

ग) अध्याय तीन– साहित्यकार नारायणप्रसाद शर्माको साहित्य यात्रा

घ) अध्याय चार – नारायणप्रसाद शर्माका कृतिहरूको अध्ययन

ङ) अध्याय पाँच– उपसंहार एवम् निष्कर्ष

# परिच्छेद -दुई

## नारायणप्रसाद शर्माको जीवनी र व्यक्तित्त्व

## २.१ परिचय

### २.१.१ नारायणप्रसाद शर्माको जीवनी

साहित्यकार एवम् वरिष्ठ पत्रकार नारायणप्रसाद शर्माको जन्म वि.सं. १९८८ साल फागुन महिनाको शिवरात्रीका दिन राप्ती अञ्चल दाङ जिल्लाको बर्गदी भन्ने गाउँमा भएको हो (शोध नायकबाट प्राप्त जानकारी) । उनी दाङ जिल्लामा नारायण गुरुका नामले प्रसिद्ध छन् । पिता यादवप्रसाद शर्मा र माता जीवादेवी शर्माका एक मात्र सन्तानका रूपमा जन्मिएका नारायणप्रसाद शर्माको बाल्यकाल बर्गदी मै बितेको थाहा हुन आउँछ ।

नारायणप्रसाद शर्माकी आमा रोगी भएकाले उनलाई परिवारबाट अलग राखिएको हुँदा नारायणप्रसाद शर्माले आफ्नी आमाको मातृस्नेह र वात्सल्यताको अनुभव गर्न पाएनन् । आफ्नी ठूली आमाको रेखदेखमा शर्मा हुर्किएका थिए । तत्कालीन समाजका संभ्रान्त वर्गका केटाकेटीहरूले आफूलाई हेपेको र होच्याएको नमिठो व्यवहारको अनुभव गरेका शर्मा सानैदेखि सामन्त विरोधी स्वभावका भएर निस्किए । उनी गरीव दुःखी र आफू जस्तै हेपिएका, दविएका जनताको पक्षमा दह्रो रूपमा उभिने प्रखर साहित्यकारको रूपमा प्रतिष्ठित हुँदै गए ।

### २.१.२ बाल्यकाल

सानैदेखि आफ्नी आमाको मातृस्नेहबाट वञ्चित भएका नारायणप्रसाद शर्माको बाल्यकाल त्यति सुखदपूर्ण देखिदैन (शर्मा, २०६३:८०) । आर्थिक, भौतिक आवश्यकताहरु सहज रूपमा प्राप्त भएपनि आफ्नी आमाको ममता नपाएका कारण उनी अन्य बालबालिकाहरू जस्तै प्रफूल्लित हुन सकेनन् । सानैदेखि शान्त र गम्भिर स्वभाव भएका नारायणप्रसाद शर्मा तत्कालिन समाजमा सामन्तवर्गले श्रमिक वर्गहरू माथि गरेको थिचोमिचो र शोषणप्रति विद्रोही भएर निस्किए । अतः उनमा बाल्यकालदेखि नै शोषित पीडित वर्गप्रति श्रद्धाभाव र सामन्तवर्गप्रति आक्रोश र घृणा विकसित भएको थियो ।

### २.१.३ शिक्षा दिक्षा

नारायणप्रसाद शर्माको अक्षरारम्भ पाँच वर्षको उमेरमै घरमै भएको थियो (शर्मा, २०६३:८० र ८१) । त्यसपछि उनी केही वर्षसम्म गाउँकै निजी पाठशालामा पढ्न गए । वि.सं. २००४ सालमा दाङको मिडिल स्कुलको संस्कृत विभागमा भर्ना भए र मध्यमा सम्मको अध्ययन गरे । सानै उमेरदेखि अध्ययनशील स्वभाव भएका शर्माले वि.सं. २०११ सालमा वनारसबाट मध्यमा (आई. ए.) पनि उतीर्ण गरे । आफ्नो तीक्ष्ण बुद्धि र लगनशिलताका कारण उनले त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०२४ सालमा स्नातक तह पूरा गरे । त्यसपछि पनि उनले अध्ययनलाई निरन्तरता दिंदै २०२८ सालमा नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरे । शिक्षक भएकै समयमा पनि उनले मध्यमा देखि स्नातकोत्तर तहसम्म प्राइभेट परिक्षार्थीका रूपमा सहभागी भएर हरेक परीक्षाहरू सफलतापूर्वक उत्तीर्ण गरेका थिए । यसले नारायणप्रसाद शर्माको अध्ययनप्रतिको साधना र अनुरागलाई प्रकट गर्दछ । वि.सं. २०३० सालमा उनी दाङको पद्मोदय मा.वि. भरतपुरबाट डिप्लोमा इन गाइडेन्स उत्तीर्ण गरे र अंग्रेजी भाषाको सातमहिने सेवाकालीन तालिम ताहाचल क्याम्पसबाट प्राप्त गरेर आफूमा भएको सीप, दक्षता र ग्रहणशील क्षमतालाई झन प्रगाढ बनाउँदै गए ।

नेपाली र संस्कृत भाषाको विषद अध्ययन गरेका नारायणप्रसाद शर्मा अंग्रेजी भाषामा पनि त्यतिकै कुशल र योग्य थिए । पत्रकारिता पेशामा लाग्दा उनले विभिन्न विदेशीहरुसँग अंग्रेजी मै अन्तर्वार्ता लिने गर्दथे । यसले उनी नेपाली र संस्कृत मात्र नभएर अंग्रेजी भाषाका पनि कुशल वक्ता एवम् प्रयोक्ता हुन भन्ने स्पष्ट हुन्छ ।

### २.१.४ साहित्य लेखनको प्रेरणा र अभ्यास

संस्कृत साहित्यको अध्ययन गर्दा नारायणप्रसाद शर्माले आफ्ना अन्य मित्रहरूले मीठो लयमा संस्कृतका श्लोकहरू गाएको सुन्दा आफू पनि त्यसैगरी गाउने रूचि राख्दथे । पछि उनले साथीहरूसँगै स्वरमा स्वर मिलाएर संस्कृतका श्लोकहरू पढ्न थाले । यसरी ती श्लोकहरू पढ्दा उनमा साहित्यको विजाङ्कुरण भएको देखिन्छ । एकपटक उनले भानुभक्त आचार्यका फुटकर कविताहरू पढ्न् मौका पाए । यसबाट उनी झन जोशिला भएर नेपाली पद्य संग्रह भाग १ र दुईको साथै कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि देवकोटा र युगकवि सिद्धिचरण श्रेष्ठका कविताहरूलाई रूचिपूर्वक तरिकाले पढ्ने र त्यसको सार बुझ्ने गर्न थाले । यी क्रियाकलापहरूबाट उनी साहित्यलेखनमा विस्तारै आकर्षित र सम्मिलित

बन्दै गए । यी कविहरूकै अमूल्य सिर्जनाहरू उनका लागि साहित्य लेखनका अजस्र प्रेरणाका श्रोत बन्न पुगे र यसरी साहित्यप्रति मोहित भएका शर्माले २००४ सालदेखि नै फुटकर कविता रचना गर्न थाले पनि उनको साहित्ययात्राको प्रारम्भ भने वि.सं. २००५ सालमा रचना गरिएका प्रेम सम्बन्धी गीत र कविताहरूबाट भएको देखिन्छ । उनी प्रारम्भमा आध्यात्मिक चिन्तनबाट प्रभावित थिए र आध्यात्मिक भावका सिर्जनाहरू रचना गर्दथे । वि.सं. २००९ सालमा मञ्चित **इन्दुमति** नाटक यस्तै भावनाको प्रकटीकरण थियो । प्रारम्भमा धार्मिक र आध्यात्मिक भावबाट प्रेरित साहित्यकार शर्मा पछि भने मार्क्सवादी दर्शनबाट निकै प्रेरित भए । त्यसैले उनका अधिकांश कृतिहरूमा वर्गसंघर्षका कथा, शोषित, पीडित वर्गप्रतिको गहिरो प्रेम र समाज परिवर्तनका लागि क्रान्तिको आवश्यकता छ भन्ने मार्क्सवादी चेतना प्रवलरूपमा अभिव्यक्त भएको देखिन्छ । यस्तो प्रखर र निर्भिक लेखन शिल्पकै कारण उनी प्रगतिवादी नेपाली साहित्यका फाँटमा एक सशक्त जनपक्षिय साहित्यकारका रूपमा स्थापित हुन पुगे ।

### २.१.५ राजनीतिक जीवन

नारायणप्रसाद शर्मा प्रख्यात एवम् प्रखर साहित्यिक स्रष्टामात्र नभई उनी एउटा सशक्त र निडर राजनैतिक व्यक्तित्त्व पनि हुन । उनले वि.सं. २००८ सालदेखि आफ्नो राजनैतिक जीवनको थालनी गरेका हुन् । त्यतिबेलाको प्रतिबन्धित कम्युनिष्ट पार्टीको प्रभावमा परेर उनले वि.सं. २०१०-२०१५ सालसम्म सो पार्टीको नेतृत्व पनि गरेका थिए । साथै दाङ जिल्लाका किसानहरूलाई संगठित पार्दै विभिन्न वर्गीय संगठनको विस्तार विकास गर्ने कार्यमा सक्रियताका साथ लागेको पाइन्छ । साथै नारायणप्रसाद शर्मा वि.सं. २०१६ सालमा भएको आमनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट दाङको पूर्वीक्षेत्रबाट उम्मेदवार बने तर त्यतिबेलाको कांग्रेसको सरकारले उनलाई जेलजीवन बिताउन बाध्य बनायो । तत्पश्चात पंचायतीकालमा उनले जेलबाट छुटकारा पाए । विभिन्न बाधा अडचनका बाबजुद आफ्नो राजनैतिक यात्रालाई उनले निरन्तरता दिइनै रहे । जेलबाट छुटेपछि शर्माले पुनः शिक्षण पेशालाई अंगाले जसले गर्दा राजनैतिक सक्रियतामा कमि भएको पाइन्छ । तैपनि उनले मन भित्रको क्रियाशीलता दबाएर नबसी साहित्यिक कृतिहरूको माध्यमबाट आफ्नो राजनैतिक विचारधारालाई प्रस्फुटित गरेका छन् ।

### २.१.६ अध्यापकीय जीवन

वरिष्ठ साहित्यकार एवम् पत्रकार नारायणप्रसाद शर्मा एक कुशल अध्यापक पनि हुन् । साहित्य, पत्रकारिताको साथै उनी शिक्षण पेशामा पनि संलग्न रहेका थिए । उनले आफ्नो अध्यापकीय जीवन वि.सं. २००८ सालमा गाउँकै मा.वि. भरतपुरबाट थालनी गरेका थिए । समयको उतारचढाव सँगसँगै शर्माले कहिले राजनैतिक कार्यकर्ताको रूपमा त कहिले शिक्षकको रूपमा आफ्नो जीवन व्यतित गरेका थिए । सङ्घर्षशील नारायणप्रसाद शर्माले वि.सं. २०२१ सालमा मा.वि. रामपुरमा अध्यापक बनेर शिक्षण कार्य गरेका थिए । त्यहाँ उनले केही समयसम्म शिक्षण गरी पुनः पद्मोदय मा.वि. भरतपुरमा २०२३-२०३३ सालसम्म शिक्षण पेशामा संलग्न भएका थिए । मध्यमा सम्मको अध्ययन पश्चात शिक्षण पेशा अँगालेका शर्माले स्नातकोत्तर अध्ययनको बेलासम्म शिक्षण पेशामा नै सक्रियताका साथ काम गरेका थिए । यसरी शिक्षण पेशामा रमेर आफ्नो अध्यापकीय जीवनको यात्रा पूरा गरेका थिए ।

### २.१.७ पारिवारिक जीवन

साहित्यकार नारायणप्रसाद शर्माको विवाह वि.सं. २००५ सालमा दाङ अदुवाबारी निवासी फणाधर शर्माकी जेठी छोरी रोहिणी देवीका साथ सुसम्पन्न भएको थियो । त्यसपछि उनको दाम्पत्य जीवन श्रीमतीको हार्दिक प्रेम र बलियो साथ पाएर सुखद रूपमा अगाडि बढ्यो । चार छोरा र एक छोरीका बाबु नारायणप्रसाद शर्मा एक असल पिता र अभिभावकको रूपमा आफ्ना सन्तानप्रति सधैं मार्गनिर्देशक भएर रहेका छन् ।

### २.१.८ युवावस्था र जेलजीवन

वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात नारायणप्रसाद शर्मा राजनीतिमा सक्रियताका साथ लागेको पाइन्छ । राजनैतिक परिवर्तन भएपनि निरंकुशताको जालो नफाटेको र व्यवहारिक परिवर्तन नभएको बारे शर्माले खिन्नता प्रकट गरेका छन् । समाजमा शोषण, दमन, अन्याय, अत्याचार, थिचोमिचो यथावत नै रहेको देख्दा र सर्वहारा, निमुखा जनताको झुपडीमा प्रजातन्त्रको घाम नलाग्दा शर्मा असन्तुष्ट बने ।

समाजमा रहेको यस्तो विषमता र विभेद देखेपछि नारायणप्रसाद शर्माले शोषित पीडित वर्गको पक्षमा र शोषण दमन आदिको विरोधमा सक्रियता प्रदर्शन गरे । यस क्रममा उनले

लेखेर, बोलेर विरोधका कार्यक्रम गुञ्जाउन थाले । उनको यस्तो क्रियाकलाप निरंकुश शासकहरूलाई सह्य भएन र निर्दोष शर्मालाई २०१६ सालमा सुरक्षा कानुनको पुर्जी दिएर जेल हालियो । जेल जीवनमा उनले पाएको प्रशासनिक दमनको पीडाबाट अनुभूत भई **जेलदर्शन** नामक खण्डकाव्यको रचना गरेका थिए । साथै सोही समयमा **हिमाली रत्न** नामक खण्डकाव्य पनि लेखेका थिए । नारायणप्रसाद शर्माले तीन वर्षको लामो जेलजीवनबाट वि.सं. २०१९ सालमा छुटकारा पाएका थिए । तथापि निरंकुश तानाशाहाले उनको मुक्तिलाई सहन नसकि पुनः चुक्ली लगाएर शासकले ७ महिनासम्म जेल जीवन विताउन बाध्य बनाए । यसरी पटक पटक जेलजीवन भोग्न बाध्य शर्माले आफ्नो जीवनकालमा थुप्रै प्रकारका बाधाहरूसँग सङ्घर्ष गर्दै आएका छन् । उनी आफ्नो निडर आफ्नो निडर एवम् निर्भीक स्वभावलाई यसरी स्मरण गर्दछन् - "मलाई एउटा कुराले गर्वको अनुभूति पनि हुन्छः त्यो के हो भने दवाव र लोभमा मैले कलम बेचिन आफू, देश, समाज र राष्ट्रप्रति इमान्दार रही धेरथोर जे गरे त्यो विवेकले डोऱ्याएर गरेको हूँ" (शर्मा, नयाँ युगबोध स्मारिका, २०५६:३६) ।

निडर र निर्भिक शर्मामा कत्ति पनि हिचकिचाहट छैन । यसरी उनले लामो समयसम्म जेलको यातना भोगेका देखिन्छन् ।

### २.१.९ पत्रकारितामा संलग्न

नारायणप्रसाद शर्मा स्वाभिमानी र निडर स्वभावका हुनाले कुनै एउटा पेशा वा क्षेत्रमा मात्र सीमित नरही बैकल्पिक मार्गको खोजीमा लागिपर्ने व्यक्तित्त्व हुन् । उनले जव शिक्षण पेशालाई अँगालेका थिए त्यतिबेला उनी अर्को मार्गको पनि खोजीमा थिए । त्यसै सिलसिलामा उनले वि.सं २०३२ सालमा जिल्ला पंचायत दाङको प्रेस लिएर नयाँ कार्यको थालनी गर्न थाले त्यसपछि मात्र उनले जीवनको मार्ग खुलस्त भएको अनुभव गरे । वि.सं. २०३३ साल असोज १७ गते शर्माकै सम्पादनमा युगवोध (पाक्षिक) पत्रिकाको प्रकाशन सुरू भयो । यसको लोकप्रियता पनि दिनानुदिन बढ्दै गयो र यसले युगबोध र साप्ताहिकका रूपमा फड्को माऱ्यो । निडर पत्रकार नारायणप्रसाद शर्माले यसमा प्रतिवन्धित पार्टीका राजनैतिक व्यक्तित्त्वहरूको पनि अर्न्तवार्ता प्रकाशित गर्दथे । वि.सं. २०३९ सालमा तत्कालिन समयका प्रतिवन्धित नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको अर्न्तवार्ता छापेको आरोपमा तत्कालिन अञ्चलाधिशले प्रेस र पत्रिका दुवै बन्द गराइदिए । तैपनि शर्मा चुप लागेर नबसी तत्काल नयाँ प्रेस ल्याए । उनले यसको नामाकरण **नयाँ युगबोध**

साप्ताहिक राखेर यसको सम्पादकमा छोरा प्रभात रेग्मीलाई बनाए र यसको प्रकाशन वि.सं. २०४० वैशाखदेखि हुन थाल्यो । केहि समयपछि पंचायती व्यवस्थाको अन्त्य भयो । अनि शर्माकै सम्पादनमा पुरानो नाम युगवोध साप्ताहिककै नामले प्रकाशित हुनथाल्यो । हालसम्म पनि यो पत्रिका नारायणप्रसाद शर्मा कै सम्पादनमा निरन्तर प्रकाशित छ ।

पंचायतकालमा शर्मालाई विभिन्न यातना भोग्नु पर्‍यो । कहिले रोल्पा, कहिले सल्यान धाउनुपर्‍यो र विभिन्न चेतावनी पनि सहनुपर्‍यो । तीव्र मानसिक यान्त्रणा र अपमान सहँदै भएपनि शर्माले पत्रकारिताको पेशामा रत्तिपनि कमी गरेनन् । सदैव क्रियाशील र निर्भिकताका साथ आफ्नो मार्ग प्रशस्त गरिरहे । उनले गरेका कार्यको कदर स्वरूप उनलाई वि.सं. २०४६ सालको प्रेस काउन्सिल पुरस्कार वि.सं. २०४८ सालमा प्रदान गरियो । साथै २०३३ सालदेखि उनी पत्रकारिताको क्षेत्रमा निरन्तर क्रियाशिल रहँदै आएका छन् । हाल आएर उनी प्रेस काउन्सिलको अध्यक्ष समेत बनेर गरिमामय पदमा आसिन भई मार्ग निर्देशन गरिरहेका छन् । साथै वरिष्ठ पत्रकारको सूचीमा नारायणप्रसाद शर्माको नाम अंग्रपंक्तिमा आउँछ ।

### २.१.१० आर्थिक अवस्था

नारायणप्रसाद शर्मा सामान्य परिवारमा जन्मिएका व्यक्ति हुन् । उनलाई लामो समयसम्म आर्थिक समस्याले पिरोलेको थियो । उनले आर्थिक अभावको कारण विभिन्न खालका संघर्ष गर्दै अनि समस्या समाधान गर्दै अघि बढेको पाइन्छ । कहिले उनले साथीसँग पैसा सापटी लिएर काम चलाएका त कहिले मित्रले जुत्ता समेत किनिदिएर सहयोग गरेका थिए । यस्ता घटनालाई शर्माले अझै सम्म पनि बिर्सन सकेका छैनन् (शर्मा, २०६३: ७९, ८०) । उनले वि.सं. २०२१ साल पूर्व शिक्षण पेशा गरे तैपनि आर्थिक अवस्था भने नाजुक नै थियो । वि.सं. २०२१ साल पश्चात उनले अध्यापन पेशा गर्दा भने आर्थिक अवस्थामा अलि सुधार भयो तर वि.सं. २०३३ सालमा उनले पत्रिका प्रकाशन गर्ने कार्यको थालनी पश्चात उनको आर्थिक अवस्थामा भरपुर सुधार आएको देखिन्छ । यस कुरामा शर्माको सहमत छ । युगबोध पत्रिकाको प्रकाशनसँगसँगै नारायणप्रसाद शर्माको आर्थिक अवस्थामा स्तरोन्नति भएको साथै यसको सफलताको श्रेय चाँहि युगबोध साप्ताहिक नै हो भन्ने कुरा थाहा हुन आउँछ । यसबाट शर्मा सन्तुष्ट पनि रहेका छन् ।

### २.१.११ प्रकाशित पुस्तककार कृतिहरूको विवरण

क) जेलदर्शन (२०२२) खण्डकाव्य

ख) हिमाली रत्न (२०३५) खण्डकाव्य

ग) अन्तर्द्वन्द्व (२०४३) खण्डकाव्य

घ) मातेको मान्छे र प्रजातन्त्र (२०५३) कवितासंग्रह

ङ) एउटा स्वर-सवारीकोट दाङको (२०६०)

च) बुद्धको विश्वचिन्तन (२०६२) अनुवाद

छ) फर्केर हेर्दा ( २०६३) संस्मरण

ज) व्यवस्थापिका संसदमा मेरो अनुभूति (२०६६) लेख संगालो

झ) पत्रकारिताः मेरो मनोयोग (२०६८) कवितासंग्रह

### २.१.१२ निष्कर्ष

वरिष्ठ साहित्यकार, पत्रकार, अध्यापक र राजनैतिक व्यक्तित्वका रूपमा परिचित नारायणप्रसाद शर्मा एक स्रष्टाका रूपमा पनि परिचित छन् । उनले थुप्रै क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । जीवनको सुरूवातसँगै सङ्घर्षको मोडमा उभिएका शर्माले आफ्नो जीवनमा संघर्षलाई नै मित्र बनाई अघि बढेका छन् । सानै उमेरमा मातृस्नेहबाट वञ्चित शर्माले आफ्नो जीवनलाई माथि उठाउँन धेरै सङ्घर्ष गरेका छन् । अध्ययन मार्गमा पनि उनले विविध कष्टपूर्ण क्षणहरूलाई भोग्नुपर्‍यो । बाधा अड्चनलाई हटाउँदै उनले स्नातकोत्तर सम्मको अध्ययन पूरा गरेका छन् । समाज सुधार र दाङको बामपन्थी राजनीतिमा शर्माको अमूल्य भूमिका रहेको छ । साथै साहित्य र पत्रकारिताका दृष्टिकोणबाट शर्माले अग्रणी स्थान ओगट्न सफल भएका छन् । विविध समस्याहरूसँग सङ्घर्ष गर्दै पत्रकारिता पेशालाई स्थायित्त्व दिनु र राप्ती अञ्चल क्षेत्रबाट उल्लेखनीय भूमिका निर्वाह गर्नु नारायणप्रसाद शर्माको जीवनको महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । यसरी नारायणप्रसाद शर्माको जीवनीलाई नजिकबाट हेर्दा उनको जीवन संघर्षशील र अनुकरणीय जीवनका रूपमा रहेको पाइन्छ ।

## २.२ नारायणप्रसाद शर्माको व्यक्तित्त्व

### २.२.१ व्यक्तित्त्व र स्वभाव

नारायणप्रसाद शर्माको व्यक्तित्त्व र स्वभाव उच्च छ । भनिन्छ मानिसको व्यक्तित्त्वको निर्माणमा वंश परम्परा र वातावरणको प्रभाव पाइन्छ । शर्माको व्यक्तित्त्व निर्माणमा पनि यी कुराहरूले प्रभाव पारेको देखिन्छ । उनको व्यक्तित्त्व र स्वभावमा केही कुरा आनुवंशिक रूपमा र केही वातावरणीय रूपमा रहेको पाउँन सकिन्छ । उनको बाह्य ( शारिरीक) बनावट आमाको जस्तै छ भने भित्री बनावट वा स्वभाव भने आफ्ना बाबुको जस्तै पाइन्छ । उनी होचा चेप्टा, गोरा छन् र निडर निर्भिक र अन्यायको डटेर सामना गर्ने स्वभावका छन् । शर्माले कसैसँग पनि स्थायी रिस राग राख्दैनन । उनी कसैको दुःखमा रमाउँदैनन् । उनी भावुक र निश्छल स्वभावका छन् ।

वि.सं. २००७ साल अघिदेखि नै दाङ बर्गदीको ब्राह्मण समाज धार्मिक प्रवृत्तिको थियो । त्यसको प्रभाव शर्मामा पनि परेको थियो । छुवाछुत र जातभात प्रथाका उनी पनि विरोधी थिए । २००७ सालको क्रान्तिपश्चात जव कम्युनिष्ट पार्टीको स्थापना भयो त्यसको प्रभाव उनमा पनि पऱ्यो । उनी मार्क्सवादी दर्शनले ओतप्रोत भए । त्यसपछि उनले हरेक कुरा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट विश्लेषण गर्न थाले । यसरी शर्मामा विद्रोही चेतनाको विकास भएको पाइन्छ । नारायणप्रसाद शर्मा आफ्नो समयलाई अध्ययन, लेखन कार्यमा बिताउन चाहन्छन् । उनले देश विदेशका हालखवर छापिएका खवरपत्रिका, मनोवैज्ञानिक पुस्तकहरू लगायतका विभिन्न साहित्यिक पुस्तकहरूको अध्ययनमा बढी रूची राख्दछन् । शर्माले सबैसँग मित्रवत् व्यवहार प्रर्दशन गर्दछन् । उनी मृदुभाषी साहित्यकार एवम् पत्रकारको रूपमा पनि देखिन्छन् । कसैलाई दवाउने र हेप्ने प्रवृत्ति उनमा छैन । सरल स्वभावका सहयोगी शर्माले सदैव अरूको भलो चिताउँछन् । उनी अन्धविश्वास, शोषण र अकर्मण्यतादेखि टाढै रहन्छन् ।

### २.२.२ सामाजिक व्यक्तित्त्वका आयामहरू

बहुआयामिक व्यक्तित्त्व नारायणप्रसाद शर्माले समाजका विभिन्न क्षेत्रमा संलग्न रहेर ठूलो योगदान पुऱ्याएका छन् । साहित्य, पत्रकारिता, शिक्षा, राजनीति र सम्पादन आदि फरक फरक क्षेत्रमा रहेर उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । उनका ती बहुआयामिक व्यक्तित्त्वका पक्षहरूलाई तल केही बुँदाहरूमा विस्तृत चर्चा गर्ने प्रयास गरिएको छ ।

**क) शिक्षक व्यक्तित्त्व**

नारायणप्रसाद शर्मालाई सामाजिक कार्यसँग जोड्ने पहिलो व्यक्तित्त्व शिक्षक हो । उनले मध्यमासम्मको अध्ययन पूरा गरेपछि शिक्षण कार्य प्रारम्भ गरेको देखिन्छ । वि.सं. २००८ सालमा उनी भरतपुरको मा.वि.मा अध्यापनका साथसाथै राजनीतिमा पनि संलग्न रहे । वि.सं. २०११ सालदेखि उनको सक्रिय राजनीति जीवन शुरू भयो । त्यसपछि उनी अध्यापन पेशामा सक्रिय रहन सकेनन् । पछि एक दशक लामो राजनीतिक सक्रियताबाट विस्तारै अध्यापनलाई पनि गति दिन थाले । यसैक्रममा २०२१ सालदेखि उनी दाङको रामपुर मा.वि.का शिक्षक बने । त्यहाँ उनले १ वर्षमात्र काम गरे । त्यसपछि वि.सं. २०२३ सालमा रामपुरमा राजिनामा दिएर दाङकै मा.वि. भरतपुरका शिक्षक भए(शर्मा, २०५३:१४) । राजनीति र अध्यापनको साथसाथै नारायणप्रसाद शर्मा साहित्यका क्षेत्रमा पनि आफ्ना गहकिला रचनाहरूको माध्यमबाट प्रभाव फैलाउन थाले । उनले मा.वि. भरतपुरको वार्षिक मुखपत्रका रूपमा निस्कने **ज्योत्सना** पत्रिकाको सम्पादन मण्डलमा रही त्यसको सम्पादन पनि गरे । सबल कार्यकुशलता र बौद्धिक व्यक्तित्त्वका कारण उनी त्यसपत्रिकाको पाँचौ अङ्कमा कार्यकारणी समितिको अध्यक्ष र छैठौं अङ्कमा साहित्य समितिको अध्यक्ष पनि भएका थिए । उनले यस पत्रिकाको सम्पादनका साथसाथै आफ्नो अध्यापकीय जीवन र विद्यार्थीका बारेमा लेखहरू पनि प्रकाशित गरेका थिए । उक्त पत्रिकामा उनको **विद्यार्थीहरू** शीर्षकको गहन एवम् विचारोत्तेजक निबन्ध प्रकाशित भयो । जसले उनलाई एक सक्षम र चिन्तनशील शिक्षक व्यक्तित्त्वको रूपमा चिनायो ।

दाङ जिल्लाभरि नारायण गुरूका रूपमा सम्मानित नारायणप्रसाद शर्माले पत्रकारिता र अन्य क्षेत्रमा पनि संलग्न भएका कारण शिक्षण पेशालाई आफ्नो जीवनभर निरन्तरता दिन सकेनन् । वि.सं. २०३३ सालमा यस पेशाबाट राजिनामा दिएर पत्रकारिता पेशामा एकचित्त भएर क्रियाशील हुनपुगे । विभिन्न आरोह अवरोह पार गर्दै एउटा लगनशील र निष्ठावान शिक्षकको रूपमा रही उनी लगभग १४ वर्षसम्म शिक्षण पेशामा रमाए । जीवनको उर्वर समय व्यतित भएको यस पेशाले उनको उच्च व्यक्तित्त्वलाई थप प्रगाढ तुल्याउन अवश्य केही भूमिका खेलेकै छ ।

**ख) राजनीतिक व्यक्तित्त्व**

गाउँ समाजमा भएका अन्याय, अत्याचार, असमानता आदि विकृतिहरूलाई नजिकबाट देखेका र भोगेका कारण उनको युवा हृदयमा संघर्ष र त्यस्ता खराव प्रवृत्तिका विरूद्ध उभिने चेतनाको विकास भयो । नारायणप्रसाद शर्मामा राजनीतिक चेतना जाग्नुको पछाडि २००७ सालको ऐतिहासिक क्रान्ति र परिवर्तनको प्रभाव अवश्य थियो । समाजका दीनहिन दुःखी गरिव एवम् तल्लो वर्गका मान्छेहरूप्रति सहानुभूति र माया दर्शाउने शर्मा त्यतिवेला कम्युनिष्ट पार्टीप्रति आकर्षित हुन थाले र विस्तारै त्यसमा आबद्ध हुँदै गए । वि.सं. २०१० सालमा उनी नेकपा दाङ जिल्लाका सचिव बने । त्यस समयमा उनी शिक्षण पेशामा पनि लागेका हुँदा राजनीतिमा त्यति धेरै समय दिन अप्ठयारो भयो । त्यसै कारणले २०११ सालमा शिक्षण पेशाबाट राजिनामा दिई राजनीतिमा सक्रिय हुन थाले । यसरी राजनीतिमा सक्रिय भएपछि उनले आफूलाई निर्भीक र जुझारू सदस्यको रूपमा उभ्याउँदै शोषित पीडित जनताका पक्षमा र शोषण र उत्पिडनका विरूद्धमा सशक्त रूपमा आवाज बुलन्द गर्न थाले । तत्कालीन समयमा दाङमा जमिन्दारहरूले अंधियारहरूलाई निकै शोषण गरेका थिए । यस्तो शोषणबाट त्यहाँका आदिवासीको रूपमा चिनिने थारू किसानहरू पीडित भएका थिए । जमिन्दारहरूले ती अँधियाराहरूलाई न्यूनतम मानवीय व्यवहार पनि नगरी दासको रूपमा आफ्ना घरमा रातदिन काममा जोताउने गर्दथे । समतामूलक र शोषणरहित समाजको निर्माण गर्ने उद्देश्यका साथ कम्युनिष्ट राजनीतिमा आबद्ध भएका नारायणप्रसाद शर्माले यस्ता शोषणका विरूद्धमा विभिन्न ठाउँमा जनचेतनामूलक भाषण गर्दै जनतालाई जगाउने काम गरे । उनले किसानहरूलाई यस्ता शोषणका विरूद्धमा संगठित गराउँदै गए । जमिन्दारहरूका विरूद्ध विद्रोह गर्न हौस्याए । उनको यस्तो राजनीतिक क्रियाकलापबाट दाङका केही सामन्त र फटाहाहरू आक्रोशित थिए । बहुसंख्यक सर्वहारा जनताहरू उनलाई असल मार्ग निर्देशकका रूपमा श्रद्धा र समर्थन गर्दथे ।

विभिन्न दुःख संघर्ष र प्रतिकूलताका बाबजुद नारायणप्रसाद शर्मा नेपालको वामपन्थी राजनीतिमा निकै सक्रियताका साथ लागेका एक सशक्त उदाहरणीय व्यक्तित्त्व बनेका छन् । उनी वि.सं. २०१५ सालको संसदीय निर्वाचनमा ने.क.पा.का तर्फबाट दाङ जिल्लाका उम्मेदवार बनेका थिए तर प्रतिस्पर्धामा उनको पराजय भयो । दाङ जिल्लामा प्रभावशाली नेताको छवि बनाएका उनी तत्कालिन नेपाली काँग्रेसको सरकारका लागि आँखाको कसिङ्गर बन्न पुगे । त्यसैले उनलाई वि.सं. २०१६ सालमा तत्कालिन नेपाली

कांग्रेसको सरकारले गिरफ्तार गऱ्यो र सुरक्षा कानुन पुर्जी दिएर थुन्यो । वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन पछि पनि उनलाई तुरून्त रिहा गरिएन । वि.सं. २०१९ सालमा आएर पंचायती सरकारले उनलाई जेलमुक्त गऱ्यो । त्यसपछि पनि शोषक र सामन्तहरूले उनका विरूद्धमा विभिन्न षड्यन्त्रहरू गरिनैरहे । उनी जेलमुक्त भएको केही महिना पश्चात नै सामन्तहरूको चुक्लिमा उनलाई पुनः विनाकारण गिरफ्तार गरियो । त्यसबेला उनी ७ महिना जेल परे । यस प्रकार उनको राजनीतिक जीवनको तीनवर्ष सात महिनाको अवधि जेलमै व्यतित भएको देखिन्छ । हक्की स्वभावका नारायणप्रसाद शर्माले जेलजीवनको समयमा पनि साहित्य लेखनका माध्यमबाट तत्कालिन एकतन्त्रीय पंचायती शासनका विरूद्धमा आवाज बुलंन्द गरिरहे । यस समयमा जेलमै बसेर उनले **जेलदर्शन** र **हिमाली रत्न** नामक खण्डकाव्यको रचना गरेका थिए । यी मध्ये **जेल दर्शन** खण्डकाव्य उनको लामो जेलजीवनको कष्टकर र संघर्षपूर्ण समयको एक उत्कृष्ट दस्तावेज हो भन्न सकिन्छ । यसमा शर्माले जेलजीवनमा भोगेका असैह्य पीडा एवम् यातनालाई आफ्ना सुललित शब्दहरूका माध्यमबाट प्रकट गरेका छन् ।

नारायणप्रसाद शर्माले आफ्नो लामो जीवनयात्रामा राजनीतिक क्षेत्रमा जति उल्लेखनीय कार्य गरेर अघि बढे तर एक चित्त भएर सक्रिय रहन भने सकेनन् । वि.सं २०२१ साल चैत्रदेखि पुनः शिक्षण पेशामा फर्किए । त्यसपछि उनको ने.क.पा. सँगको सम्बन्ध टाढियो तर वैचारिक रूपमा उनी कम्युनिष्ट विचारप्रति नै दृढ रहिरहे । वि.सं. २०३३ सालदेखि शिक्षण पेशाबाट टाढिएर पत्रकारितामा प्रवेश गरेपछि उनले एकतन्त्रीय पंचायती शासनको निर्भिक भएर आलोचना गरेर वामपन्थी राजनीतिलाई मलजल गर्ने काम भने गरिरहे । यसै कारणले उनलाई समय-समयमा प्र.जि.अ. र अञ्चलाधिशहरूले विभिन्न बहानामा सताउने कार्य गरिरहे । यति हुँदाहुँदै पनि उनले जनपक्षीय विचार र निर्भिक पत्रकारितामा कुनै पनि अवस्थामा आवद्ध नभएपनि कम्युनिष्ट विचारलाई फैलाउनको लागि उल्लेखनीय योगदान गरेका कारण बामपन्थी बुद्धिजीवीका रूपमा सम्मानित र प्रतिष्ठित रहेका छन् ।

### ग) सम्पादक व्यक्तित्त्व

वरिष्ठ पत्रकारका रूपमा परिचित नारायणप्रसाद शर्माले विभिन्न पत्रपत्रिकाको कुशल सम्पादन गरेर आफूलाई एक सक्षम र अनुभवी सम्पादकका रूपमा पनि उभ्याएका छन् । उनले सम्पादन कार्यको प्रारम्भ वि.सं. २०२२ सालमा मा.वि. भरतपुरको वार्षिक

मुखपत्रको रूपमा रहेको **ज्योत्सना** पत्रिकाको संम्पादनबाट भएको थियो । यो पत्रिका मा.वि. भरतपुरका छात्रछात्राका लेख, रचनाहरूको साथै दाङका प्रतिष्ठित लेखकहरुका लेख रचनाहरूको सँगालोको रूपमा प्रकाशित भएको थियो । यसरी **ज्योत्सना**बाट प्रारम्भ भएको उनको सम्पादन व्यक्तित्त्व गुणात्मक र परिमाणात्मक दुवै रूपमा विस्तारित भएको देखिन्छ । वि.सं. २०२४ सालमा नारायणप्रसाद शर्माले **अन्तर्ध्वनि** नामक पत्रिका सम्पादन गरे जसमा दङ्गाली साहित्यकारहरूका विभिन्न लेख, रचनाहरू समाविष्ट थिए । दुर्भाग्यवश यस पत्रिकाको प्रकाशन नियमित रूपमा हुन पाएन जसले गर्दा एकातिर शर्माको प्रखर सम्पादकत्त्व फक्रिन पाएन भने अर्कातिर धेरै साहित्यकारहरू उजेलिने अवसरबाट बञ्चित भए । लामो समयपछि वि.सं. २०५० सालमा शर्माकै सम्पादनमा **अर्न्तध्वनि** पत्रिकाको दोस्रो अङ्क प्रकाशित भयो । यस पत्रिकाको तेस्रो र चौथो अङ्कमा स्थानिय साहित्यकारका अतिरिक्त राष्ट्रिय स्तरका साहित्यकार रमेश विकल, खगेन्द्र संग्रौला, डा. ऋषिराज बराल जस्ता प्रगतिशील साहित्यकारका रचनाहरू समावेश गरिए । यसले प्रगतिशील साहित्यको विकासमा एउटा ईंटा थप्ने कार्य गऱ्यो । सम्पादक शर्माकै क्रियाशिलता र सम्पादनमा **अर्न्तध्वनि** त्रैमासिकका चारवटा अङ्क प्रकाशित भएका छन् ।

**अर्न्तध्वनि** पत्रिकामा मुख्यतः प्रगतिशील साहित्यकारहरूका रचनाहरू समावेश गरिएको थियो । शर्माले प्रगतिशीलका अतिरिक्त दाङका सवै साहित्यकारहरूलाई समेट्ने किसिमको **राप्तीदूत** नामक पत्रिकाको सफलतापूर्वक सम्पादन गरे । साहित्यिक पत्रिकाको सम्पादनबाट प्रारम्भ भएको शर्माको सम्पादकीय व्यक्तित्त्व वि.सं. २०३३ सालदेखि नै समाचारमूलक पत्रिकाको पनि सम्पादन गर्दै निरन्तर अघि बढेको देखिन्छ । सम्पादक शर्माले त्रैमासिक, मासिक, पाक्षिक, साप्ताहिक र दैनिक पत्रिकाहरू सम्पादन कार्य गरेको लामो अनुभव संगालेका छन् । उनको सम्पादक व्यक्तित्त्वले उनलाई प्रतिष्ठित पत्रकारको रूपमा चिनाउन निकै सहयोग पुऱ्याएको छ ।

**घ) पत्रकार व्यक्तित्त्व**

लामो समयसम्म राजनीति र शिक्षण पेशामा संलग्न भएका नारायणप्रसाद शर्मा वि.सं. २०३३ सालदेखि पत्रकारिताको क्षेत्रमा प्रवेश गरेका थिए । बहुआयामिक व्यक्तित्त्वका धनी शर्माले पत्रकारिताको क्षेत्रमा अमूल्य योगदान दिएका छन् । २०३३ सालमा उनले **युगबोध** (पाक्षिक) पत्रिका प्रतिभा प्रेस दाङबाट सर्वप्रथम आफ्नै सम्पादनमा प्रकाशित गरे । यहिबाट नै शर्माले आफ्नो पत्रकारिताको मार्ग खुला गरेका थिए । यसलाई शर्माले विभिन्न

रोचक सामग्री समावेश गरी सबैको सामु लोकप्रिय पत्रिकाको रूपमा चिनाए । यो पत्रिका राप्ती अञ्चलकै सञ्चारको सशक्त माध्यम पनि बन्यो । यस पत्रिकामा स्थानीय घटनादेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाहरूलाई एउटा स्तम्भकै रूपमा स्थान दिए । यस स्तम्भमा सुशील गौतमले आद्यावधि लेख लेख्ने गर्दछन् । यस पत्रिकामा नारायणप्रसादले पथप्रदर्शकका रूपमा गरेका टिप्पणीहरू प्रकाशित हुन थाले । साथै उदीयमान दङाली प्रतिभाहरूका लेख रचनाहरू प्रकाशित हुन थाले । नारायणप्रसाद शर्माले यस पत्रिकामा राजनैतिक व्यक्तित्वका अन्र्तवार्ताहरू पनि छापे । स्वाभिमानी एवम् निडर पत्रकार शर्माले प्रशासनिक ज्यादतिका समाचार छापे । तसर्थ प्रशासनको कुदृष्टि शर्मामाथि पऱ्यो । तैपनि बढ्दो लोकप्रियताका कारण वि.स. २०३७ सालदेखि **युगबोध** पाक्षिक नयाँ **युगबोध** साप्ताहिक नामले प्रकाशित भयो ।

पत्रकारिताको निरन्तरता र लगनशीलताले शर्माको लेखन कार्यमा झनै सक्रियता आउन थाल्यो । साथै लेख रचनाहरू झनै स्तरीय हुँदै गए । सम्पादकीयका साथै **फर्केर हेर्दा** संस्मरणको पुछारको पाताको लेख गरी शर्माका २ वटा लेखहरू यस पत्रिकामा प्रकाशित हुन थाले । यसै क्रममा शर्माले नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालासंग लिइएको अन्र्तर्वाता वि.सं. २०३६ सालमा **नयाँ युगबोध** पत्रिकामा प्रकाशित गरे। यसको विरोध गरी तत्कालीन अञ्चलाधिशले प्रेस र पत्रिका दुवै बन्द गरिदिए । स्वाभिमानी एवम् संघर्षशील शर्मा चुप लागेर बसेनन् र तत्काल अर्को प्रेस झिकाई त्यसको नाम परिवर्तन गरी **युगचेतना** बनाए । आफ्ना छोरालाई सम्पादकको रूपमा राखे तर सम्पादनको कार्य स्वयं शर्माले नै गर्न थाले । यहाँसम्म आईपुग्दा यस पत्रिकाले थुप्रै लोकप्रियता हासिल गरिसकेको देखिन्छ । रोचकता र लोकप्रियता बढाउनको लागि यसमा पाठक स्तम्भ सोधपुछको चौतारो पनि समावेश गरियो । उनी सक्षम, कुशल र योग्य पत्रकारको रूपमा स्थापित हुँदा हुँदै पनि शर्माले प्रशासनिक यातना, कठोर बाधा र व्यवधान झेल्नु पऱ्यो संघर्षशील शर्माले कुनै पनि कुराको प्रवाह नगरी जुनसुकै परिस्थितिको सामाना गर्दै पत्रकारिताको मार्गलाई जीवित गतिशील बनाइ राख्नमा, राप्ती अञ्चलबाट अहम् भूमिका खेलेको कुरा प्रमाणित भएको छ ।

वि.सं. २०४७ सालमा जव पंचायती व्यवस्थाको अन्त भयो **युगचेतना** साप्ताहिक पुरानै नाम **युगबोध** साप्ताहिकको नामले प्रकाशित भयो । नारायणप्रसाद शर्माले वि.सं. २०३३ सालदेखि विभिन्न बाधा अड्चनका बाबजुद पनि पत्रकारिता पेशालाई सशक्त ढंगले अघि बढाउन सफल भएका छन् । यसरी शर्माले राप्ती अंञ्चलमा पत्रकारिताको स्थायी मार्ग

बनाई यसलाई राष्ट्रियस्तरसम्म परिचित बनाए । पत्रकार महासंघको केन्द्रीय उपाध्यक्ष बनिसकेका शर्मा हाल प्रेस काउन्सिलका अध्यक्ष छन् । नारायणप्रसाद शर्माको अमूल्य योगदानको कदरस्वरूप प्रेस काउन्सिलले वि.सं. २०४६ सालको प्रेस काउन्सिल पुरस्कार शर्मालाई वि.सं. २०४८ सालमा प्रदान गर्‍यो । यसैगरी शर्माको कार्यको प्रशंसा गरी एसिया फाउन्डेसनले उनलाई अफसेट प्रेस उपलब्ध गराएको छ । यसरी विभिन्न कठिन स्थितिको बाबजुद दाङ जस्तो विकट ठाउँबाट आफ्नो पत्रकारिताको मार्ग प्रारम्भ गरेका शर्माको कार्यलाई प्रशंसनीय र अमूल्य देन मान्न सकिन्छ । पत्रकारिताका माध्यमबाट शर्माले दिएको उल्लेखनीय योगदानलाई राष्ट्रिय स्तरकै कार्य मान्नुपर्ने ठहरिन्छ र शर्मालाई राष्ट्रिय स्तरकै कुशल पत्रकारका रूपमा चिन्न सकिन्छ ।

**ङ) साहित्यिक व्यक्तित्त्व**

नारायणप्रसाद शर्मा पत्रकार, राजनीति लगायत साहित्यिक व्यक्तित्त्वका रूपमा पनि त्यतिकै परिचित छन् । बहुआयामिक व्यक्तित्त्व शर्माले साहित्यको क्षेत्रमा पनि अमूल्य योगदान दिएका छन् । सृजनशील व्यक्तित्त्वको रूपमा प्रतिष्ठित शर्मा जुनसुकै क्षेत्रमा पनि सक्रिय रहेका पाइन्छन् । शर्माले आफ्नो साथीहरूको सहयोग र सामिप्यताबाट आफ्नो साहित्यिक यात्रा शुरू गरेका थिए । सर्वप्रथम साथीहरूले संस्कृतका श्लोक लय मिलाएर गाएको सुन्दा उनी अति नै प्रेरित भएका थिए । त्यसपछि शर्मा पनि प्रखर भएर निस्के । यसरी साहित्यिक उत्प्रेरणा प्राप्त गरेका शर्माले भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका नेपाली भाषाका कविता पढ्ने अवसर पाए र त्यसबाट उनमा साहित्यिक उर्जा थपियो । यसरी शर्माले प्रारम्भमा आफ्नी पत्नीको पवित्र प्रेमबाट प्रभावित भएर प्रेम सम्बन्धि गीत र कविता लेख्दै आफ्नो साहित्य साधनाको थालनी गरेका थिए ।

वि.सं. २००७ सालपछि शर्मा योगी नरहरिनाथको धार्मिक सुधारको प्रभावमा परेर यस्तै खालका कविता, नाटक लेख्न थाले । यस्ता नाटकमा मञ्चन पनि भए । वि.सं. २००७ सालको क्रान्ति पश्चात शर्मालाई मार्क्सवादी दर्शनको प्रभाव पर्‍यो । उनले जनपक्षीय कविता लेख्न थाले । प्रेम साहित्यवाट प्रारम्भ भएको अर्को साहित्य जनपक्षीय साहित्यका रूपमा स्थापित हुन पुग्यो । वि.सं. २००४ सालदेखि साहित्यतर्फ आकृष्ट भएका नारायणप्रसाद शर्माको प्रथम रचना वि.सं. २०१४ सालमा मात्र प्रकाशित भयो । यसपछि शर्माका रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । हालसम्म उनका आठवटा

कृतिहरू प्रकाशित भइसकेका छन् । सयौं रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेकाछन् । शर्माको लेखनी कविता, निबन्ध, संस्मरण, समालोचनाको क्षेत्रमा चलेको छ । तापनि उनी कवि कै रूपमा प्रसिद्ध छन् ।

वि.सं. २००४ सालदेखि नै साहित्यमा संलग्न भएका नारायणप्रसाद शर्माका सयौं कविताहरू विभिन्न पत्रिकामा छापिएका छन् । आफ्ना रचनाहरूबाट शोषण, उत्पीडन र थिचोमिचोको विरूद्ध आवाज उठाउने कवि शर्मा शोषणविहिन सुन्दर मानवीयसमाज निर्माणको आकांक्षा राख्दछन् । कवि नारायणप्रसाद शर्मा गद्य र पद्य दुवै शैलीमा कविता लेख्छन् तापनि उनका अधिकांश कविता गद्य शैलीमा लेखिएका छन् । उनका कविता विचार प्रधान छन् तापनि भावपक्षको उपेक्षा गरिएको छैन । नारायणप्रसाद शर्माका प्रारम्भका कविताहरूले समाज परिवर्तनको चाहानालाई अभिधात्मक रूपमा उठाएका छन् भने पछिल्ला चरणका कविताहरूले तिनै कुराहरूलाई प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा सफलता प्राप्त गरेका छन् । साथै उनका उत्तरार्द्धका कविताहरूले प्रकृति चित्रणका माध्यमबाट सामाजिक विसङ्गतिलाई खोतल्न सक्षम छन् ।

**जेलदर्शन** नामक खण्डकाव्यमा कवि शर्माले आफूले भोगेको जेलजीवनको पीडा, सामाजिक व्यतिक्रम र विप्रयासप्रति विद्रोह, सत्ता लिप्सा, राजनैतिक उत्पीडन र थिचोमिचो प्रति व्यङ्ग्य, हेपिएका थिचिएका प्रति सहानुभूति र उनीहरूप्रतिको उत्पीडनको विरोध गरेका छन् । **हिमाली रत्न** शीर्षकको खण्डकाव्यमा कवि शर्माले राष्ट्रको रत्ने एक गरीव ठिटोको जीवन वर्गीय उत्पीडनले बर्बाद भएको मर्मस्पर्शी चित्रण गरेका छन् । यसै गरी अर्न्तद्वन्द्व नामक खण्डकाव्यमा नारायणप्रसाद शर्माले राणा शासनदेखि वर्तमान अवस्थासम्म मनमा चलेका वैचारिक द्वन्द्वलाई प्रस्तुत गर्दै आफ्ना प्रगतिशील एवम् मानवतावादी स्वरहरू व्यक्त गरेका छन् । नारायणप्रसाद शर्माका कविता र खण्डकाव्यहरूको अध्ययनबाट उनलाई प्रगतिवादी कवि हुन भनी सहजै भन्न सकिन्छ ।

नारायणप्रसाद शर्माको निबन्धकारितामा त्यति चर्चा त पाइएको छैन तै पनि उनले लेखेका निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । वि.सं. २०२४ सालमा **ज्योत्सना** पत्रिकामा प्रकाशित **विद्यार्थीहरू** निबन्ध नै शर्माको प्रथम प्रकाशित निबन्ध हो । यस निबन्धमा तत्कालिन समयमा विद्यार्थीहरूमा देखिएका विकृतिहरू खोतलेका छन् । यसको निदानका सम्बन्धमा आएका विचारहरू राखेका छन् साथै यस निबन्धमा आत्मनिर्भर बन्न सक्ने शिक्षा प्रणालीको विकास नभएसम्म राष्ट्रले प्रगति गर्न नसक्ने विचार व्यक्त

गरेका छन् । नारायणप्रसाद शर्मा्ले निबन्धका क्षेत्रमा कलम चलाए पनि कविता विधाको तुलनामा कमै उर्वर देखिन्छ । गद्य भाषालाई सफलतापूर्वक केलाउन सफल शर्मा निबन्धका फाँटमा त्यति लागि परेका देखिदैनन् । साथै शर्माको निबन्धकारिताको कतै पनि चर्चा गरेको पाइदैन ।

नारायणप्रसाद शर्मालाई कथाकारको रूपमा पनि हामी चिन्न सक्छौं । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । शर्माको एकमात्र लघुकथा प्रकाशित छ । **पेटले रिडाएको गोमलाल** नामक लघुकथामा शर्माले गोमलालको कारुणिक जीवनगाथा प्रस्तुत गरेका छन् । निम्न वर्गीय व्यक्ति चरित्रका माध्यमबाट वर्गचरित्रको उद्घाटन गर्नु यस कथाको अभिप्राय देखिन्छ ।

वि.सं. २०२१ सालदेखि नारायणप्रसाद शर्माले पुस्तक समीक्षा लेख्ने जस्ता समालोचनात्मक कार्यको थालनी प्रारम्भ गरेका हुन् । शर्माको तिवारीज्यूको कविताकुञ्जप्रति एक अध्ययन नामक लेख नै समालोचनाको पहिलो खुडकिलो हो । प्रारम्भमा शर्माले तिवारी जस्ता राष्ट्रियस्तरका व्यक्तित्त्वका विषयमा कलम चलाएका थिए । त्यसपछि उनको राप्ती अञ्चलको संक्षिप्त इतिहास नामक समालोचनात्मक लेख प्रकाशित भयो । यस लेखलाई शर्माले निबन्धको संज्ञा दिएपनि यो अनुसन्धानमूलक लेख भएकोले यसलाई समालोचना नै मान्न सकिन्छ । यसका अलावा शर्माले राप्ती अञ्चलका अग्रज साहित्यकारहरूको बारेमा खोज गर्ने परिपाटीको शुरूवात गरेको पाइन्छ । तैपनि शर्मा समालोचना लेखनप्रति त्यति सक्रिय रहेनन् । केवल छोटो टिप्पणीमा मात्रै सीमित रहेको देखिन्छ ।

**च) निष्कर्ष**

वि.सं. २००४ सालदेखि नै साहित्य साधनामा लागेका नारायणप्रसाद शर्मा राजनैतिक, शैक्षिक, पत्रकारिता क्षेत्रमा नै बढी संलग्न भए । शर्माले साहित्यका क्षेत्रमा मात्र समय दिन पाएनन् । विविध समस्याहरूसँग जुध्दै भएपनि सक्दो योगदान दिएका छन् । अहिले दाङको साहित्यिक विकास जुन गोरेटोबाट अघि बढेको छ त्यसको सवै श्रेय शर्मालाई जान्छ । उनको बहुआयामिक उच्च व्यक्तित्त्वका सम्बन्धमा टीकाराम रेग्मी यसो भन्दछन् – "होचो कदको अग्लो मान्छको नाम हो नारायणप्रसाद शर्मा जसलाई साहित्य, राजनीति, पत्रकारिता र सामाजिक सेवा क्षेत्रको अविरल यात्राले आकाश छुने अग्लो मान्छे बनाइदियो" (रेग्मी, अन्तर्ध्वनि, त्रैमासिक पूर्णाङ्क ९,२०६२)

दाङमा नारायणप्रसाद शर्मा "नारायण गुरू"का नामले प्रसिद्ध छन् । शर्माबाटै दाङको साहित्यिक प्रतिष्ठानको उठान भयो । त्यसैले साहित्यिक दृष्टिबाट शर्मालाई दङालीका गुरू व्यक्तित्त्व मान्न सकिन्छ ।

# परिच्छेद -तीन

## साहित्यकार नारायणप्रसाद शर्माको साहित्ययात्रा

### ३.१ विषय प्रवेश

बहुमुखी प्रतिभाका धनी नारायणप्रसाद शर्माका विविध व्यक्तित्त्वहरू मध्ये साहित्यिक व्यक्तित्त्व अलि प्रौढ देखिन्छ । उनी पत्रकारितामा प्रवेश गर्नु भन्दा पहिले साहित्य सिर्जनाको कर्ममा सक्रिय थिए । अतः साहित्यिक व्यक्तित्त्व उनको अन्य व्यक्तित्त्व भन्दा प्रौढ र सिर्जनशील देखिन्छ । नारायणप्रसाद शर्माले वि.सं २००४ सालदेखि नै साहित्य रचना प्रारम्भ गरेका थिए (शर्मा, २०६३:८३) । उनी अद्यापि यस कर्ममा निरन्तर रूपमा लागि नै रहेका छन् । वि.सं. २००७ सालको ऐतिहासिक राजनैतिक परिवर्तनपछि नेपाली साहित्यमा नयाँ साहित्यिक प्रवृत्तिहरूको पनि प्रारम्भ भयो । सानैदेखि सर्वहारावर्गीय पक्षधरता भएका नारायणप्रसाद शर्माले नयाँ उत्साह र उमंगका साथ जनवर्गीय रचनाहरू लेखन र प्रकाशन गरेर दाङ जिल्लामा साहित्यिक कर्मलाई नयाँ मोड दिने काम गरे । उनले साहित्यका विभिन्न विधामा कलम चलाएर सधैंभरि प्रगतिशील विचार प्रवाहित गरिरहे । साहित्यकार शर्माको साहित्ययात्रा उनको जीवनयात्रा जस्तै विभिन्न आरोह अवरोहमय नागवेली यात्रा बनेको छ । औपचारिक रूपमा वि.सं. २००४ सालमा रचना भएको उनको कवितालाई प्रस्थान विन्दु मान्दा हाल सम्म विभिन्न साहित्यिक मोडहरू देखा पर्दछन् । वि.सं. २००४ सालदेखि सुरू भएको साहित्ययात्रा अद्यापि जारी रहेपनि यस शोधकार्यमा वि.सं. २०६८ मा प्रकाशित पत्रकारिताः मेरो मनोयोगलाई अन्तिम विन्दु मानेर उनको समग्र साहित्ययात्रालाई यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ । दाङ जिल्लाका नेपाली साहित्यका उपप्राध्यापक एवम् शोधार्थी दिवाकर शर्माले वि.सं. २०५३ सालमा गर्नुभएको साहित्यकार शर्माको साहित्ययात्राको अध्ययन कार्यलाई सन्दर्भ मानेर यहाँ विभिन्न चरणमा विभाजन गरिएको छ ।

### ३.२ प्रथम चरण (वि.सं. २००४–२०१५)

यो चरण नारायणप्रसाद शर्माको साहित्ययात्राको प्रथम चरण हो । यस चरणमा उनले कविता, गीत र नाटक रचना गरेको देखिन्छ । प्रारम्भमा श्रृङ्गारिक गीत र कविताबाट प्रभावित र प्रेरित शर्मा यस चरणमा क्रमशः आध्यात्मिक साम्यवादको प्रभाव

ग्रहण गर्दै अन्ततः मार्क्सवादी प्रगतिवादी साहित्यको रचना तर्फ अग्रसर भए । यस चरणमा साहित्यकार शर्माले विविध प्रवृत्तिका रचनाहरू सिर्जना गरे । यस कालखण्डमा उनले मुख्यतः **प्रेमसम्बन्धी**, **धार्मिक सुधारसम्बन्धी** र **समाजसुधार** सम्बन्धी तीनप्रवृत्तिका साहित्यिक रचनाहरूको सिर्जना गरे ।

नारायणप्रसाद शर्माले यस चरणमा आफूले संस्कृतको विद्यार्थी भएको बेलाको स्मरण गर्नुको साथै ठूला-ठूला कवि विद्वानहरू **महाकवि लक्ष्मीप्रसाद देवकोटा**, **लेखनाथ पौड्याल**, **भानुभक्त आचार्य सिद्धिचरण श्रेष्ठ** जस्ता राष्ट्रिय प्रतिभाहरूका कविताहरूबाट प्रेरित भएको स्वीकार गरेका छन् । जब उनले विद्यालय जीवनको थालनी गर्ने अवसर पाए त्यसैबेलादेखि नै उनी विभिन्न साहित्यिक कार्यहरूमा संलग्न हुन थाले । वि.सं. २००४ सालदेखि नै नारायणप्रसाद शर्माको साहत्यिक यात्राको थालनी विन्दु मान्न सकिन्छ । यसअघि दाङ जिल्लामा साहित्यिक गतिविधि भएको पाइदैन । यसरी शर्माका साहित्ययात्राको श्रेय दाङको भरतपुर स्कूललाई जान्छ । वि.सं. २००५ सालमा जब उनको वैवाहिक जीवनको थालनी भयो तव उनी प्रेमसाहित्यतर्फ आकृष्ट भएको पाइन्छ । यस समयमा शर्माले आफ्ना साथीभाइहरूसँग मिलेर श्रृङ्गारिक गीत र कविताहरूको रचना गरेको देखिन्छ । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात शर्मा दयानन्द सरस्वतीको विचारलाई अनुसरण गर्दै धार्मिक सुधारका रचनाहरू लेखनतर्फ आकृष्ट भएका देखिन्छन् । यहिबेला उनले **इन्दुमती** नामक नाटक पनि लेखेका थिए । यो नाटक वि.सं. २००९ सालमा दाङमा मञ्चन पनि भएको थियो । यसरी नारायणप्रसाद शर्माले नाटक लेखनमा पनि कलम चलाएका देखिन्छन् ।

खासगरी नारायणप्रसाद शर्माले समाजमा विद्यमान विषमताको अन्त्य चाहेर नै उनी आर्य समाजीहरूको अनुयायी बनेका थिए तर यसबाट समाजको सुधार नहुने ठानी धार्मिक प्रवृत्तिको त्याग गरी मार्क्सवादी दृष्टिकोण तर्फ आकृष्ट भए । वि.सं. २०१० सालपछि गाउँ गाउँमा गई किसानवर्गको उत्थानको लागि सचेत गराउने उद्देश्यका साथ विभिन्न खालका गीत, कविताहरू सुनाउँदै हिँड्ने गरेका थिए । वि.सं. २०१४ सालमा बनारसबाट प्रकाशित 'सन्देश' नामक पत्रिकामा शर्माको **जाग जाग हे** नामक कविता प्रकाशित भएको थियो (शर्मा, २०६३:८३) । यस कवितामा शर्माले वर्गीय चेतनाको शंखघोष गर्दै शोषित, पीडित नेपालीलाई जगाएका छन् । त्यस्तै वि.सं. २०१५ सालमा शर्माले **श्रद्धान्जली** नामक कविता रचना गरी प्रकाशित गरे । जसमा व्यक्तिगत स्वार्थलाई त्यागेर देश र जनताको पक्षमा

जीवनको बलिदान गर्ने सहिदहरूप्रति श्रद्धा सुमन व्यक्त गरेका छन् । प्रकाशनका दृष्टिले यस चरणमा शर्माका रचनाहरूमा उपर्युक्त दुईवटा कविता मात्रै देखिएपनि शर्माले प्रशस्त कविताहरूका साथै गीत, नाटकका क्षेत्रमा कलम चलाएको देखिन्छ । यसचरणमा प्रकाशित शर्माका दुवै कवितामा अन्त्यानुप्रास मिलाउनुको साथै तत्सम शब्दहरूको पनि प्रयोग गरेका देखिन्छन् । यस्तैगरी प्रस्तुतीकरणका दृष्टिले शर्माले कवितामा कविकथनको पद्धति अंगालेको पाइन्छ । निष्कर्षमा भन्दा प्रथम चरणलाई नारायणप्रसाद शर्माको साहित्ययात्राको आभ्यासिक चरण मान्न सकिन्छ ।

### ३.३ द्वितीय चरण (वि.सं २०१६–२०३२)

वि.सं. २०१६ सालदेखि २०१९ सालको अवधि नारायणप्रसाद शर्माको लागि कष्टकर मानिन्छ । जब उनले देश र जनताको सुधारको लागि रचनात्मक शैलीमा परिवर्तनको शंखघोष गर्नथाले, त्यतिबेलाका दुष्ट शासकहरूलाई सैह्य भएन र उनलाई सुरक्षा कानुनको निहुँमा जेलमा पठाइयो । देश र जनताको लागि संघर्षशील शर्माले पटक-पटक जेलको यातना भोग्नु परेको कुरा कुनै नौलो कथा थिएन । जेलजीवनमा नै उनले आफ्ना दुई उत्कृष्ट कृतिहरूको रचना गरेका थिए । यसरी खण्डकाव्य लेखनबाट शर्माको साहित्ययात्राको द्वितीय चरण सुरू भएको देखिन्छ । यस चरणमा शर्माले निवन्ध र समालोचना जस्ता साहित्यिक विधामा पनि कलम चलाएका देखिन्छन् । यसका साथै दाङ जिल्लाको साहित्यिक गतिविधिलाई संस्थागत रूपमा स्थापित गर्न सम्पादकको जिम्मेवारी वहन गर्ने कार्यको प्रारम्भ पनि यसै चरणमा भयो । शर्माले प्रथमचरणका कविताहरू गीतिलयमा रचना गरेका थिए भने यस चरणमा कवि शर्माले लोकछन्दका अलावा गद्य लयमा पनि कविता लेखेका छन् । द्वितीय चरणका शर्माका रचनाहरूमा व्यङ्ग्यचेतना पनि थपिन गई उनको साहित्ययात्रा क्रमशः उच्चतातर्फ लम्कन लागेको आभाष पाइन्छ । नारायणप्रसाद शर्माको साहित्ययात्राको द्वितीय चरणलाई पनि खण्डकाव्य लेखनको चरण ( वि.सं. २०१६-२०१९) र अन्य विविध लेखनको चरण (वि.सं. २०२०-२०३२) गरी दुई उपचरणमा विभाजन गर्न सकिन्छ ।

द्वितीय चरणको वि.सं. २०१६-२०१९ को जेल जीवनको समय शर्माको साहित्ययात्राकै महत्त्वपूर्ण कालका रूपमा रहेको देखिन्छ । यो तीनवर्षको जेल जीवनको समयमा नै शर्माले **जेलदर्शन** र **हिमाली रत्न** नामक दुईवटा खण्डकाव्यको रचना गरेका छन् । खण्डकाव्यकार शर्माले हिमाली रत्न खण्डकाव्यको नाम सुरूमा बरदान राखेका थिए ।

यसका केही श्लोकहरू दाङ भरतपुर मा.वि.बाट प्रकाशित भएको **ज्योत्सना** (२०२१) पत्रिकामा प्रकाशित भएको देखिन्छ । उनको यो खण्डकाव्य वि.सं. २०३५ सालमा मात्रै प्रकाशित भयो भने **जेलदर्शन** नामक खण्डकाव्य वि.सं. २०२२ सालमा प्रकाशित भएको थियो ।

यी दुवै खण्डकाव्यमा समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार जस्ता कुराहरूको विरोध गरिएको छ । **हिमाली रत्न** खण्डकाव्यको तुलनामा **जेलदर्शन** खण्डकाव्य बढी बौद्धिक, तार्किक र भावमय देखिन्छ । **हिमाली रत्न** खण्डकाव्य सामाजिक विषयमा आधारित भएकाले यसमा स्थानीय विषयलाई कोट्याउने प्रयास गरिएको छ । **जेलदर्शन** खण्डकाव्यमा शर्माले शक्ति र धनको बलमा गरिएका राष्ट्रिय एवं अर्न्तराष्ट्रिय शोषण र दमनको धज्जी उडाएका छन् ।

जेलजीवन पश्चात शर्मा शैक्षिक जगतमा फर्किए । शिक्षकका नाताले राष्ट्रिय स्तरका प्रतिभाहरूको कृतिको समालोचना गर्दै वि.सं. २०२२ सालमा **तिवारीज्यूको कविता कुञ्जप्रति** एक अध्ययन नामक समालोचना लिएर साहित्यका क्षेत्रमा शर्मा परिचित भए । यस समालोचनामा शर्माले तिवारीको कविताकुञ्ज कविता सङ्ग्रहमा सङ्कलित कविताहरूको विवेचना गर्दै तिवारीका गुण र दोष केलाएका छन् । यसैगरी विद्यार्थीहरूमा देखिएको छाडापन माथि दृष्टि लगाउँदै विद्यार्थीहरूको चारित्रिक विकासमा जोड दिँदै शर्माले विद्यार्थीहरू (२०२४) नामक निबन्धको माध्यमबाट निबन्ध विधाको पनि श्री गणेश गरे । वि.सं. २०२४ मै नारायणप्रसाद शर्माको सम्पादनमा **अन्तर्ध्वनि** नामक साहित्यिक पत्रिकाको प्रकाशन भयो (अन्तर्ध्वनि, पूर्णाङ्क ९,२०६२) । यस कवितामा शर्माले **अर्न्तध्वनि** पत्रिकालाई गति दिन सकेमा यसले जनतालाई सचेत पार्न सक्ने सङ्केत गरेका छन् । दोस्रो चरणका शर्माका कविताहरू **मानसप्रभामा**, **ज्योत्सना** र **सन्देश** पत्रिकामा छरिएर रहेका देखिन्छन् ।

यस दोस्रो चरणमा साहित्यकार शर्माको लेखनक्षेत्र फराकिलो हुन गयो । यस चरणमा उनले खण्डकाव्यका साथै निवन्ध र समालोचना तर्फ पनि आफूलाई मोडे । **अन्तर्ध्वनि** जस्तो साहित्यिक पत्रिकाका सम्पादनका माध्यमबाट पनि आफ्नो साहित्ययात्रालाई अघि बढाउन शर्मा यस चरणमा अग्रसर भए । उनको भाषा र कथन ढाँचामा पनि परिष्कार र परिमार्जनको मात्रा बढ्दै गयो । यस चरणका उनका रचनामा प्रयुक्त भाषा केही सरल र सरस बन्न गयो । यस चरणमा शर्माले प्रश्नात्मक र इच्छात्मक वाक्यहरूको पनि प्रयोग गरेर आफ्नो कथन कलामा नवीनता थपेका छन् ।

## ३.४ तृतीय चरण (**वि.सं. २०३३-हालसम्म**)

वि.सं. २०३३ सालको थालनीसँगसँगै साहित्यकार शर्माले पनि आफ्नो साहित्यिक यात्राको नयाँ मार्ग प्रशस्त गरेको देखिन्छ । दाङ जिल्लामा युगवोध पाक्षिक पत्रिकाको प्रकाशन पनि त्यतिवेला शर्माकै सक्रियताबाट भएको हो -अन्तर्ध्वनि, पूर्णाङ्क ९,२०६२) । यस पत्रिकामा शर्माका कविता, निबन्ध, लेख आदि रचनाहरू धमाधम प्रकाशित हुन थाले । शर्माको कलम झनै तीव्र गतिमा दौडिन थाल्यो । तत्कालिन परिवेशमा समाजमा विद्यमान विषमता, अन्याय, अत्याचार जस्ता कुराहरूको खुलेर विरोध गर्न पाइदैनथ्यो । यस क्रममा कवि शर्माले अप्रत्यक्ष रूपमा यस प्रकारका कुरीतिमाथि प्रहार गर्ने प्रवृत्ति अँगालेको देखिन्छ । शर्माको तृतीय चरणका रचनामा विषयवस्तुगत विविधता थपिएको देखिन्छ । यस चरणमा शर्माले कहिले ऐतिहासिक पुरूष एवं साहित्यकारहरूका सम्बन्धमा कविता लेखेका छन् त कहिले नितान्त प्रकृतिकै विषयमा कविता लेखेका छन् । नारायणप्रसाद शर्माले किसानहरूको समस्या, ठूलावडाले गरेको राष्ट्रिय सम्पत्तिको दुरूपयोग जस्ता कुराहरूलाई निबन्धका माध्यमबाट सशक्त ढङ्गले अघि सारेका छन् । यस चरणमा शर्माको **पेटले रिडाएको गोमलाल** नामक कथा पनि प्रकाशित भएको पाइन्छ । यसरी शर्माले कथा विधामा पनि कलम चलाउन सक्ने आफ्नो प्रतिभालाई यस चरणमा परिचित गराएका छन् । राणा शासनदेखि वि.सं. २०४३ सालको राजनीतिक उतारचढावलाई केलाउँदै शर्माले **अन्तर्द्वन्द्व** नामक खण्डकाव्य पनि तृतीय चरणको साहित्ययात्रामा समावेश गरेका छन् ।

**युगवोध** पाक्षिक पत्रिकाको सम्पादन गर्दै पत्रकारिताका क्षेत्रमा अवतरण गरेका नारायणप्रसाद शर्मा अद्यावधिसम्म पनि पत्रकारितामा सक्रिय छन् । पत्रकारिताको प्रारम्भका वर्षहरूमा शर्माका रचनाहरूमा विद्रोहात्मक स्वर अलि मन्द नै देखिन्छ । वि.सं. २०३७ को वर्षदेखि शर्मालाई प्रशासनिक यान्त्रणा भोग्नु परेको कुरा शर्माले आफ्ना निबन्धहरूमा व्यक्त गरेका छन् । यसरी शर्मा केही विद्रोही बन्न गए । यस क्रममा शर्माले आफ्ना विद्रोहात्मक स्वरहरूलाई सशक्त रूपमा व्यक्त गर्नका लागि दिव्यचक्षु, सुदर्शन, वधू नेपाली जस्ता छद्म नामबाट कविता र लेखहरू लेख्ने गरेको पाइन्छ । शर्माले नयाँ युगबोध र युगचेतना पत्रिकामा **सम्पादकीय** र **फर्केर हेर्दा** दुईदुई वटा लेखहरू निरन्तर रूपमा लेख्दै आएका छन् । यसरी यस चरणमा शर्माको गद्य लेखन परिष्कृत र परिमार्जित हुँदै गएको स्पष्ट आभाष पाइन्छ । पत्रकारितामा पाइने शीर्षक चयनको विशिष्टता र आकर्षकता उनका कविता र निबन्धमा पनि पर्न गएको देखिन्छ ।

नारायणप्रसाद शर्माले यस चरणमा दाङका अग्रज साहित्यकारहरूको बारेमा खोजी गर्ने र उनीहरूको सम्मान गर्ने परिपाटी पनि बसाले । वि.सं. २०३४ सालमा रापती क्षेत्रमा साहित्यिक संवर्द्धन गर्ने उद्देश्यले दाङमा **'रापती साहित्य परिषदको'** स्थापना भयो । संस्थागत कालदेखि नै उक्त परिषदका अध्यक्षका रूपमा नारायणप्रसाद शर्मा सक्रिय रहँदै आए (सुवेदी, २०६५:३१ र ३२) । यसरी साहित्य र पत्रकारिता दुवै क्षेत्रमा कलम चलाउँदै आएका शर्मामा वि.सं. २०३९ सालमा प्रशासनको कुदृष्टि पर्न जाँदा प्रेसमा ताल्चा लगाइयो भने उनलाई सम्पादक बन्नमा पनि प्रतिबन्ध लाग्यो (शर्मा, २०६३:५३) । स्वाभिमानी शर्माले पुनः अर्को प्रेस मगाई आफ्ना माहिला छोरालाई सम्पादकको जिम्मा लगाई युगचेतना नामक पत्रिकाको प्रकाशन कार्यको थालनी गरे । यसरी शर्माको सम्पादनमा प्रकाशित पत्रिका युगबोध नै नयाँ युगबोध, युगचेतना र पुनः नयाँ युगबोध हुँदै अद्यावधि क्रियाशिल छ । यौटै पत्रिकाले विभिन्न कारणले नाम परिवर्तन गरेको देखिन्छ । यसरी साहित्यकार नारायणप्रसाद शर्माको साहित्य यात्रामा पनि नयाँ युगबोध, युग चेतना र पुनः नयाँ युगबोध पत्रिकामा पनि प्रवृत्तिगत विशेषता अलग-अलग पाईन्छन् । यसरी शर्माको साहित्ययात्रालाई क) राष्ट्रवादी स्वरको प्रवलता (वि.सं २०३३-२०३९), ख) युग परिवर्तनको तीव्र चाहना (वि.सं २०४०-२०४६) र ग) समाज सुधारको भावना (वि.सं २०४७-हालसम्म) तीन उपचरणमा बेग्ल्याउन सकिने स्थिति रहेको छ ।

वि.सं २०३३ देखि वि.सं २०३९ सम्मका रचनामा शर्माले राष्ट्रवादी भावनालाई प्रमुख रूपमा व्यक्त गरेका छन् । **हाम्रो राष्ट्रियता, श्रद्धाञ्जलि, पृथ्वीको वाचा पूरा गर्दा** आदि शीर्षकका कवितालाई यसको सशक्त प्रमाण मान्न सकिन्छ । शर्माका राष्ट्रवादी चिन्तन व्यक्त गरिएका यस समयका कविता र निबन्धहरूमा प्रगतिवादी चिन्तन पनि मिसिएको छ तापनि राष्ट्रवादी स्वर नै प्रमुख रूपमा व्यक्त गरिएको छ । **रापती अञ्चलको संक्षिप्त साहित्यिक इतिहास** नामक समालोचना पनि यसै चरणमा प्रकाशित गरिएको छ । यस चरणमा शर्माले **थारूको कथाबाट गरिबको दशैं** जस्ता कविताहरूबाट दङाली थारूहरूको कारूणिक कथाका साथै श्रमजीवी किसानहरूको मार्मिक व्यथालाई पनि स्पष्ट गर्ने काम गरेका छन् । धरती र वादल जस्तो प्रकृतिको मानवीकरण गरिएको कविता पनि यसै चरणमा प्रकाशित भएको हो । यसैगरी समाजमा बढ्दै गएका भ्रष्टाचार, अन्याय, अत्याचार जस्ता कुराहरूको विरोध गर्दै **हामीले सहिदबाट के कुरा लिएका छौं त ?** नामक निबन्ध र **हाम्रो अपराध दुर्गन्धी अर्क बनेर सारा नेपाल गनाएको छ** जस्ता कविताहरूको पनि रचना

गरेका छन् । वि.सं. २०४० सालदेखि प्रजातन्त्र प्राप्ति हुनुभन्दा अघिको समयावधिमा शर्मा बढी विद्रोही बनेका छन् । यस समयमा शर्मा नयाँ युगको प्रतिक्षामा उभिएका छन् । युगको चाहनालाई कसैले रोक्न सक्दैन भन्ने कुरालाई शर्माले यस चरणमा सशक्त रूपमा व्यक्त गरेका छन् । यस चरणमा शर्माले निबन्ध, कथा र कविता विधामा कलम चलाए पनि फुटकर कविता विधाका दृष्टिले यो चरण सर्वाधिक उर्बर रहेको छ । शर्माको लगभग ५० वटा जति यस समयमा प्रकाशित भएका छन् । शर्माले यस चरणमा तत्कालीन शासन व्यवस्थाको विरूद्धमा क्रान्तिकारी भावनाको साथै युग परिवर्तनको चाहनालाई बुलन्द रूपमा व्यक्त गरेका छन् । साथै यस चरणमा शर्माले अन्तर्राष्ट्रिय विषयवस्तुलाई पनि फुटकर कविताको विषय बनाएका छन् । कवि नारायणप्रसाद शर्माले यसै चरणमा आएर वार्णिक छन्दको तोटक छन्द र लोकलयको झ्याउरे छन्दमा पनि फुटकर कविता दिएका छन् । साथै यस चरणलाई शर्माको कविता रचनाको उर्वर तथा सिर्जनशील चरण मान्न सकिन्छ । शर्माका **अन्तर्द्वन्द्व, फर्केर हेर्दा, पत्रकारिताः मेरो मनोयोग, एउटा स्वर सवारीकोट दाङको मातेको मान्छे र प्रजातन्त्र, व्यवस्थापिका संसदमा मेरो अनुभूति, बुद्धको विश्व चिन्तन** लगायतका कृतिहरू पनि यसै चरणको उत्तरार्धतिर प्रकाशित भएका छन् । यसरी आफ्ना प्रकाशित कृतिहरूमा समाज सुधारको प्रवल धारणा प्रकट गरेका कविको यो राष्ट्रवादी स्वर सम्पूर्ण नेपाली समाजकै हितमा केन्द्रित छ ।

नारायणप्रसाद शर्माका तृतीय चरणका कविताहरू प्रथम र द्वितीय चरणका तुलनामा बढी कलात्मक बन्न गएका छन् । उनको कलम झन प्रखर भएको पाइन्छ । यस चरणमा शर्माले प्रतीक र बिम्बहरूको प्रयोग गर्दै कवितामा आफ्ना विचारहरूलाई निर्भिक रूपमा व्यक्त गरेका छन् । प्रारम्भिक चरणमा आफ्ना विचारहरूलाई सशक्त रूपमा राख्ने क्रममा शर्माले कलात्मकतालाई राम्ररी पकड्न कवितात्मक अभ्यास गर्नुपर्ने कुरा अपेक्षित देखिन्छ । तृतीय चरणमा आइपुग्दा शर्माले पहिलाको तुलनामा निकै परिमार्जन गरेको कुरा उनका लेख, रचना, कविता पढ्दा स्पष्ट हुन्छ । यसरी शर्माले निर्भीक जनपक्षीय लेखनलाई निरन्तर अघि बढाउँदै हालसम्म पनि कलम सुचारू रूपले चलाइरहेका छन् । शर्मा एक कर्मठ साहित्यिक योद्धा हुन भन्दा पनि कत्ति अत्युक्ति नहोला ।

## ३.५ निष्कर्ष

वि.सं. २००४ सालदेखि आफ्नो साहित्यिक यात्रामा प्रवेश गरेका नारायणप्रसाद शर्माले साहित्यका विविध विधा जस्तै गीत, कविता नाटक, समालोचना, खण्डकाव्य आदिमा

कलम चलाएको देखिन्छ । साहित्यको थालनीसँगै प्रेमसम्बन्धी गीतको आरम्भ गरेको शर्मा विभिन्न खालका कविताहरू लेख्दै सिर्जनाका क्षेत्रमा अघि बढेका पाइन्छन् । वि.सं. २०१० सम्म शर्मा श्रृङ्गारिक र धार्मिक प्रवृत्तिका रचना तर्फ केन्द्रित भएको पाइन्छ भने २०१० पछि मार्क्सवादी दर्शनका अनुयायी बनेका शर्माका रचनाहरूमा प्रगतिवादी चिन्तनको प्रभाव परेको स्पष्ट झल्किन्छ । ६ दशक लामो साहित्ययात्रा पार गर्दै अद्यावधि साहित्यसाधनामा लागेका नारायणप्रसाद शर्माको साहित्ययात्रालाई उनको साहित्यलेखनको प्रबृत्ति र अन्य लेखनका विशेषतालाई आधार मान्दै मुख्यतः तीन खण्डमा माथि विभाजन गरिएको छ । उनको साहित्य यात्राको प्रथम चरण कवि तथा निवन्धकार भन्दा नाटककारको रूपमा बढी प्रभावकारी देखिन्छ । यद्यपि उनका नाटकहरू अप्रकाशित र अपर्याप्य भए । त्यस्तै शर्माले दोस्रो चरणमा साहित्यका विभिन्न विधा कविता, निबन्ध, समालोचना आदिमा प्रखर रूपमा कलम चलाए तापनि खण्डकाव्य लेखनका दृष्टिले यो चरण अधिक सफल देखिन्छ । साहित्यकार शर्माले साहित्य यात्राको प्रथम चरणदेखि नै फुटकर कविताहरु लेख्ने र प्रकाशित गर्ने गरेको देखिएपनि मुख्यतः वि.सं. २०४०-२०४६ को समयावधिमा उनले संख्यात्मक र गुणात्मक दृष्टिले सफल गद्य र पद्य दुवैमा र प्रभावशाली कविताहरूको रचना गरे । शर्माका अधिकांश कविताहरूमा प्रगतिवादी चिन्तन प्रखर रूपमा प्रकट भएको देखिन्छ ।

# परिच्छेद ४

## नारायणप्रसाद शर्माका कृतिहरूको विश्लेषण

### ४.१ नारायणप्रसाद शर्माका कविताको विश्लेषण

साहित्यको पुरानो विधा मानिने कविता सवैभन्दा बढी लेखिने विधा पनि हो । कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ । अनि यो सौन्दर्यपरक, लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो र भाषिक प्रयोग क्षेत्रको लयात्मक सौन्दर्य उपज पनि हो (त्रिपाठी र अन्य, २०५४:१५) । साहित्यको एक स्वतन्त्र विधाका रूपमा यसले लयात्मकतालाई आफ्नो विशिष्ट गुण बनाएको छ । यो हाम्रो जीवन यथार्थलाई लयात्मक भाषामा रागात्मक ढंगले व्यक्त गरिएको वा गरिने बिम्बमय कलारूप हो (पाण्डेय, २०६८:५३) । जीवनको यथार्थलाई बिम्बात्मक रूपमा प्रभावकारी ढंगले अभिव्यक्त गर्ने कविता उत्कृष्ट कलारूप मानिएको छ । कविताकै सन्दर्भमा नेपाली साहित्यका अर्का समालोचकको धारणा यस्तो छ – "कविता जीवनको क्रममा प्राप्त विविध अनुभूतिको अभिव्यक्ति हो । यसै अभिव्यक्तिका क्रममा कल्पना, भावना र बुद्धि वा विचार कविताका लागि आवश्यक तत्त्व वा अंगका रूपमा लिन सकिन्छ (थापा, २०६६:४२) ।" कवितामा भावनात्मक वा बौद्धिक कथ्य पद्य लयात्मक ढंगमा अभिव्यक्त भएको पाइन्छ (शर्मा, २०६४:१९) । नेपाली साहित्यका धेरै समालोचकहरूले कवितामा लयात्मकताको प्रधानतालाई यसको विशिष्ट गुणको रूपमा विश्लेषण गरेका छन् । लयात्मक एकालापका कथन पद्धतिको प्रधानता भएको एक साहित्यिक विधाका रूपमा कविता विधा रहेको छ (अवस्थी, २०६४:३) । लयात्मकता, सरलता, सहजता, यथार्थपरक बिम्ब प्रतीकको संयोजन र सघन अभिव्यञ्जना प्रगतिवादी कविताका शिल्पगत विशेषता हुन् (चैतन्य, २०६४:१८०) । कविता सम्बन्धी यी विविध मान्यताका आधारमा कविता साहित्यको त्यस्तो विधा हो जसले विविध विषयका भाव वा विचारलाई रागात्मक एवम् लयात्मक भाषामा अभिव्यक्त गर्दछ भन्न सकिन्छ । यसै गरी कविताका घटक तत्त्वहरूका रूपमा कथ्य अर्थको रागात्मक, कथनपद्धति, भाषाशैली, लयविधान, आयम, संरचना, बुनोट र शीर्षकलाई लिएको देखिन्छ (त्रिपाठी र अन्य, २०४८:३०३-३०४) । कविता सम्बन्धी यिनै मान्यतालाई आधार मानेर नारायणप्रसाद शर्माका कवितामा पाइने विशेषतालाई पहिचान गर्ने जमर्को गरिएको छ ।

यहाँ कवि शर्माका कविताका शीर्षक, विषयवस्तु, भाव विचार र भाषाशैलीमा केन्द्रित रहेर उनका कविताहरूको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ मातेको मान्छे र प्रजातन्त्रको विश्लेषण

**मातेको मान्छे र प्रजातन्त्र** कवि नारायणप्रसाद शर्माका फुटकर कविताहरूको संग्रह हो । वि.सं २०५३ सालमा प्रकाशित भएको यस संग्रहमा कवि शर्माका विभिन्न विषयका २७ वटा फुटकर कविताहरू संग्रहित छन् । समकालीन समयका अभिलेख जस्ता मानिने उनका कविताले कुनै न कुनै रूपमा युगीन आवाजलाई बुलन्द गरेका छन् । विषयगत विविधता, नवीन शैली र सरल एवम् सरस शब्दहरूको चयनले कविताहरू सुबोध हुनुका साथै विचार संप्रेषणमा निकै सशक्त रहेका छन् । यस संग्रहमा संकलित कविताहरूका सन्दर्भमा प्रसिद्ध प्रगतिवादी समालोचक गोविन्द भट्ट यसो भन्छन् – “केही प्रचलित छन्द र केही गद्य शैलीमा लेखिएका यी रचनाहरूको भाषा एकदमै सरस र सरल छ अनि तिनले ओगटेका विषयहरूपनि हाम्रो वरिपरिका यथार्थ जगत र जीवनसँग सम्बन्धित रहेका छन् (शर्मा, २०५३ : पृ.च.) ।” मानवीय जीवनका यथार्थहरूलाई प्रकट गर्दै सधैंभरि न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्न उत्कष्ट अभिलाषा राख्ने शर्माका यी कविताहरू पनि उनको प्रगतिवादी चेतनाका भावभिव्यक्ति नै हुन् ।

#### ४.१.१.१ शीर्षक चयन

साहित्यका सवै विधाका कृतिहरूको कुनै न कुनै तरिकाले नामाकरण र त्यही नामाकरण नै सम्बन्धित साहित्यिक कृतिका शीर्षक हो (अवस्थी, २०६४:४८) । कुनै पनि साहित्यिक रचनाका विभिन्न संरचक तत्त्वहरू मध्ये शीर्षकको पनि आफ्नै महत्त्व हुन्छ । अर्थपूर्ण शीर्षकले कृतिको नामाकरण मात्र नगरेर त्यसको भाव विचारलाई पनि लाक्षणिक रूपमा प्रतिबिम्बित गरेको हुन्छ । शीर्षक कविता कृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक संकेत वा उद्घटक समेत हुन्छ (त्रिपाठी र अन्य, २०५४: १७) । शीर्षक सम्बन्धी नेपाली साहित्यका विद्वानहरूको उल्लेखित धारणाहरूबाट शीर्षक र कविताको मूल भाव वा विचारसँग गहिरो सम्बन्ध हुन्छ भन्ने प्रष्टिन्छ । कवि नारायणप्रसाद शर्माका कविताहरूमा पनि अर्थपूर्ण र गहन भावयुक्त शीर्षकको प्रयोग भएको देख्न सकिन्छ । उनका कवितामा शीर्षक र भावका बीच अभिधात्मक, प्रतीकात्मक र व्यञ्जनात्मक सम्बन्ध पाइन्छ (शर्मा, २०५३:२७) । उनका शीर्षक र भावबीच अन्तरसम्बन्ध भएका

कविताका उल्लेखनीय उदाहरणका रूपमा परिवर्तन जिन्दाबाद, शान्तिको क्रान्ति, एउटा क्रान्ति बाँकी छ आदि रहेका छन् । परिवर्तन जिन्दाबाद कवितामा कविले सामाजिक परिवर्तनलाई स्वागत गर्दै शोषक र फटाहाहरूको निर्भीक भएर आलोचना गरेका छन् । यसैगरी शान्तिप्रेमी जनतालाई निरंकुश शासकहरूका अन्याय अत्याचारको विरोध गर्दै शोषण र दमनबाट मुक्त हुन क्रान्तिको मार्गमा अगाडि बढ्न उत्साहित बनाएका छन् । एउटा क्रान्ति बाँकी छ शीर्षक कवितामा वर्ग विभाजित समाजमा अझै पनि सर्वहारा वर्गले मुक्ति पाइनसकेको कुरा गर्दै सामन्तवादी सत्ताको क्रूर संरचनालाई जरैबाट ढाल्नुपर्ने प्रचण्ड क्रान्तिकारी उद्घोष गरेका छन् । शर्माका धेरैजसो कवितामा शीर्षक र भावबीच अभिधात्मक अन्तसंगति नै पाइन्छ । सरल सामाजिक विषयवस्तुलाई सामान्य जनताले पनि बोध गर्न सक्ने सरल शैलीमा कविता रचना गर्न सक्नु उनको काव्यिक विशेषता नै हो । यस्तो अभिधात्मक अन्तसंगति भएका उनका अन्य कविताहरू सवै **बाघ मान्छेको रगत पिउँछन्, शहीद नोट हैन है, उठजाग युवा, कविसँग विद्रोह** आदि रहेका छन् ।

शर्माका कविताका शीर्षकहरू कुनै एक शब्दमात्रको सारै छोटो देखि वाक्यको रूपसम्मका लामा पनि छन् । उनका कविताका शीर्षकहरूलाई एक शब्दका, पदावलीका तहका र वाक्यात्मक तहका गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । उनले एक शब्दे गहन भावयुक्त शीर्षकको चयन गरेको कविताको माध्यमबाट प्रभावकारी सन्देश संप्रेषण गरेका छन् । उनका यस्ता एकशब्दे शीर्षक भएका कविताहरूमा धोका र विजुली हुन् । त्यसैगरी शर्माले पदावलीका तहका शीर्षकमा पनि कविता रचना गरेका छन् । मान्छेको मोल, कलमबम, जीवनखेल, शान्तिको क्रान्ति, मौन अभिव्यक्ति, विमलको निधनमा कविसँग बिद्रोह, समयको नापो, मेरो नयाँ वर्ष, स्वर्गद्वारीका तिर्थयात्री आदि यस संग्रहमा संकलित पदावली तहका शीर्षकयुक्त उल्लेखनीय कविताहरू हुन् । कविताको भाव विचारलाई सु-स्पष्ट र प्रभावकारी ढंगले संप्रेषण गर्नका लागि कवि शर्माले वाक्यात्मक शीर्षकको पनि अबलम्बन गरेका छन् । यस संग्रहमा उनका सवै बाघ मान्छेको रगत पिउँछन्, शिशु प्रजातन्त्र बिरामी छ, म हिमाल हुँ, एउटा क्रान्ति बाँकी छ जस्ता सामान्यार्थक वाक्यहरू, उठजाग युवा, गाउँबाट सहर हेर जस्ता विध्यार्थक वाक्यहरू, भन पहरा कसले दिन्छ ? नयाँ प्रकाश खै ? कविता कस्तो हुन्न ? जस्ता प्रश्नात्मक वाक्यहरू शीर्षकका रूपमा प्रयुक्त भएका निकै सशक्त कविताहरू संग्रहित छन् । नारायणप्रसाद शर्माले विविध किसिमका शीर्षकहरूको चयन गरेर कवितालाई आकर्षक, रोचक, प्रभावकारी, सरल र सरस पनि बनाएका छन् ।

उनले एक शब्दको शीर्षकदेखि वाक्यसम्मका शीर्षकको प्रयोग गरेका छन् । त्यतिमात्र नभएर ती शीर्षकसँग अभिधात्मक, व्यञ्जनात्मक र लाक्षणिक रूपमा कविताको भावमा पनि संयोजन मिलाएका छन् । यस्तो शिल्प कवि शर्माको विशिष्ट काव्यशिल्प बन्न पुगेको छ ।

### ४.१.१.२ विषयवस्तु

प्रगतिवादी कविहरूले कविताको भाषाशैली भन्दा त्यसमा प्रयुक्त विषयवस्तुलाई बढ्ता महत्त्व दिन्छन् । यसक्रममा उनीहरुले सामाजिक जीवनका विविध पक्षहरूलाई आफ्नो कविताको विषयवस्तु बनाएर प्रस्तुत गर्दछन् । सामाजिक भेदभाव, अन्याय अत्याचार प्रति आक्रोशको ज्वाला ओकल्दै वर्गीय संघर्षलाई अगाडि बढाउन आह्वान गर्दछन् । प्रगतिवादी कविहरूले समाजका निम्न वर्गको पक्षमा कलम चलाउँछन् र सामन्त र शासकहरूका कर्तुतहरूलाई पर्दाफास गर्दै समतामूलक समाजको निर्माणप्रति अभिमुख हुन्छन् । युगजीवनका वास्तविकताहरूबाट ज्यादै नै नजिक रहेको प्रगतिवादी नेपाली कविताले सामन्तवाद, साम्राज्यवाद तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनहरूलाई समेत आफ्नो विषयवस्तु बनाएको पाइन्छ (भण्डारी, २०५५:११९) । त्यस्तै गरी प्रगतिवादी कविता वर्गसंघर्षका समृद्ध अनुभूति चिन्तन र जीवनका विविध विषयवस्तुमा आधारित हुन्छन् र यसको अर्न्तवस्तु यिनै विविध विषय तथा साँस्कृतिक मूल्यहरूको द्वन्द्वात्मक एकताद्वारा निर्मित हुन्छ (चैतन्य, २०६४:१८०) । उल्लेखित मान्यताहरूलाई आधार बनाउँदा प्रगतिवादी कविहरूले सामाजिक विषयवस्तुलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट अवलोकन गर्दै त्यसलाई सर्वहारा वर्गको पृष्ठपोषण गर्न अभिरूचि राखेको देखिन्छ । कवि नारायणप्रसाद शर्माले समाजमा विद्यमान वर्गीय विषमता, शोषण दमन अन्याय अत्याचार साथै देशप्रेम, अन्तर्राष्ट्रिय मानवतावाद, सामाजिक जागरण आदि कुरालाई विशेष महत्त्व दिँदै कविता रचना गरेका छन् । उनले प्रयोग गरेका विषयवस्तुका बहुआयमिक पक्षलाई सामाजिकता प्रगतिवादिता, राष्ट्रियता, मानवतावाद, प्रकृतिचित्रण आदि उपवर्गहरूमा विभाजन गरी तिनको छुट्टाछुट्टै व्याख्या विश्लेषण गर्ने जमर्को गरिएको छ ।

#### क) सामाजिकता

नारायणप्रसाद शर्मा प्रगतिवादी कवि भएका हुँदा सामाजिक विषयवस्तु उनका रचनाको मुख्य विषयवस्तु बनेको छ । उनले नेपाली समाजलाई मात्र नभएर केही मात्रामा विश्वसमाजलाई पनि आफ्ना कविताहरूमा चित्रण गरेका छन् । नेपाली समाजका गाउँ,

शहर र बस्तीको वर्णनका साथै त्यहाँका दु:ख, असमानता, अन्याय, अत्याचार र जीर्ण अवस्थाको चित्रण पनि उनका कवितामा भएको पाइन्छ । कवि शर्माले नेपाली समाजको यथार्थपरक चित्रण गर्दै सामाजिक समस्याहरूबाट मुक्ति पाउनको लागि संघर्ष गर्नैपर्ने शास्वत सत्यलाई सशक्त रूपमा आफ्ना कविताहरूमा अभिव्यक्त गरेका छन् । उनले नेपाली समाजको चित्रण गर्दा निम्न वर्गीय जनताहरूलाई केन्द्रमा राखेर तिनीहरूले भोगेका गरिवी, दु:ख, पीडा, विभेद, शोषण आदिलाई स्पष्ट रूपमा चित्रित गर्दै उनीहरूकै पक्षमा आफ्नो आवाज बुलंन्द गरेका छन् । कवि शर्मामा अन्तर्निहित समाजवादी चेतनाका सन्दर्भमा वरिष्ठ प्रगतिवादी कवि गोविन्द भट्ट यसो भन्छन् - "शर्मा रोमान्टिक आदर्शवादी प्रभावबाट मुक्त हुँदै आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादतर्फ बढिरहनु भएको छ" (शर्मा, २०५३ :पृ.च) । समाजवादी दर्शनमा आस्था राख्ने शर्माले आफ्ना रचनामा सामाजिक विषयवस्तुलाई अग्रगामी दिशातर्फ उन्मुख गराउने ढंगले प्रस्तुत गरेका छन् । गरिब दु:खी जनताप्रतिको उनको प्रेम र श्रद्धा उल्लेखनीय रहेको छ । समाजका कथित भलादमी, संभ्रान्त, शोषक र सामन्तहरूको कुकृत्यको सशक्त विरोध गर्दै समतामूलक समाज निर्माण गर्न उनी सम्पुर्ण सर्वहारा वर्गलाई एकजुट हुन पनि आग्रह गर्छन् ।

प्रस्तुत कविता संग्रहमा संकलित अधिकांश कविताहरूमा सामाजिक विषयवस्तुलाई कुनै न कुनै रूपमा कलात्मक ढंगले प्रस्तुत गरिएको छ । गरिब जनताप्रति सहानुभूति राख्ने उनले राष्ट्रिय चिन्ता र विश्व मानव समाजले भोगेका हत्या, हिंसाको साथै क्रोधान्ध शासकहरूले जनतामाथि गरेको बर्बर दमनलाई पनि कवितामा चित्रण गरिएको छ । समाज परिवर्तनका लागि आन्दोलनमा सहभागी भएको एक नागरिकको प्रहरीको गोली प्रहारबाट मृत्यु भएको घटनालाई कवि शर्माले कवितात्मक अभिव्यक्तिलाई यसरी प्रस्तुत गरेका छन् –

पानी भर्ने श्रवण कुमार झैँ
बाबु आमा पाल्ने नीम बहादुर
अभिमानी दशरथ झैँ प्रहरीको शिकार भए
दाङमा भयो एउटा ब्रज प्रहार
जन आन्दोलनबाट आएको
शहीदको रगतले तिलक भिरेको छ

यहाँ अन्तरिम सरकार ।

(भन पहरा कसले दिन्छ ?, ८-१४ पंक्ति)

माथिका पंक्तिहरूमा कवि शर्माले एकातिर परिवर्तनका लागि निर्भिक रूपमा अघि बढ्ने् नीम बहादुर जस्ता स्वाभिमानी नागरिकको चित्रण गरेका छन् भने अर्कातिर सत्ता र शक्तिको उन्मादमा अन्धा भएका शासकहरू र तिनको नियम पालना गर्ने प्रहरीले समेत निहत्था जनताको हत्या गरेर जंगली शासन चलाईरहेको कटु यथार्थलाई पनि प्रकट गरेका छन् ।

सामाजिक विषयवस्तुलाई आफ्ना रचनामा प्रस्तुत गर्ने सन्दर्भमा कवि शर्माले इमान्दार, निश्छल र स्वाभिमानी गाउँलेहरू बसोबास गर्ने गाउँ प्रति प्रेम दर्शाएका छन् भने स्वार्थी, व्यभिचारी र जाली फटाहाहरूले भरिएको शहर प्रति तीव्र घृणा प्रकट गरेका छन् । शहरले आफूलाई मात्र सभ्य सम्झने अंहम् पालेर बसेको छ । विकासका सम्पूर्ण कार्यहरू शहरमै भैरहेका छन् । शहरले आफूलाई मात्र देशको पहिचान भएको दावा गरिरहेछ । सरकार चलाउनेहरूको दृष्टि पनि शहरमै बढी केन्द्रित भैरहेको छ । त्यसैले गाउँ र गाउँलेहरू आफ्नै देशमा पनि निरीह भएर बस्न बाध्य छन् । यस्तो असमान विकास र सुविधाको वितरण प्रति क्रुद्ध हुँदै कवि शर्माले त्यसका विरूद्ध यसरी धावा बोल्छन् –

शहर मस्तीमा खाइरहन्छ<br>
शहर किन किन मालिक भइरहेछ<br>
गाउँ किन किन दास भइरहेछ ।<br>
गाउँ सुकाएर शहर सपार्ने नीति<br>
लाख मारी एकलाई पोसेजस्तै हुन्छ<br>
ए गाउँले हो<br>
गाउँ सपार्न गाउँ जुट्नुपर्छ<br>
गाउँ मिलेर शहर त्यसै घेरिन्छ<br>
हरेक गाउँ एउटा चोखो शहर बन्छ ।

(गाउँबाट शहर हेर, २९-३७ पंक्ति)

आफूलाई राष्ट्रको असल राजनेता भन्नेहरूले गाउँ र शहरको बीचमा देखाएको भेदभावप्रति कवि शर्मा निकै नै आक्रामक भएर त्यसप्रति व्यङ्ग्य गरेका छन् । सरकारले आफूमाथि असमान व्यवहार गर्दा पनि मौन भएर बस्ने सोझो र निश्छल गाउँलेलाई जगाउँदै गाउँ सपार्न गाउँले नै जुट्नुपर्ने धारणा पनि प्रस्तुत गरेका छन् । गाम्रीण समाज र जीवनप्रति कवि शर्माको प्रेम र मोह निकै नै प्रशंसनीय छ ।

नेपाली समाजका विविध पक्षहरूलाई आफ्ना रचनामा सशक्त रूपमा उठाएका कवि शर्माले विश्व मानवले भोगेका विविध दुःख, पीडा र थिचोमिचोलाई पनि आफ्ना कविताहरूमा अङ्कन गरेका छन् । शक्ति राष्ट्रहरूले कमजोर राष्ट्रहरूमाथि दासत्त्व थुपारिरहेकै छन् । कुनै न कुनै राष्ट्रको उपनिवेशवादबाट अन्य राष्ट्रहरू मुक्त हुन सकिरहेका छैनन् । आफ्नो सत्ता र शक्तिलाई दुरूपयोग गर्दै अर्काको स्वाधिनतामाथि हस्तक्षेप गर्ने क्रूर शासकहरू प्रति उनले यसरी कठोर व्यङ्ग्यवाण प्रहार गरेका छन् :-

जर्जबुश ठूला बाघ हुन्
ठूलो गर्जन गर्छन्
सद्धाम हुसेन साना बाघ हुन्
सानो गर्जन गर्छन्
आखिर दुवै बाघ हुन्
सोझा साझालाई के फरक छ ?
जर्जबुशका लोलुप आँखा
खाडीका सबै तेल भण्डारतिर छन्
सद्धाम हुसेनका क्रूर पञ्जा
कुवेतका तेल भण्डारमा गडेका छन् ।
(सबै बाघ मान्छेको रगत पिउँछन्, २२-३१ पंक्ति) ।

ठूला देशका हुन् या साना देशका क्रूर शासकहरू सधैं हिंसालाई नै आफ्नो शक्तिको हतियार बनाउँछन् । विश्वको शक्तिशाली राष्ट्रपति जर्जबुश हुन् या इराकका सद्धाम हुसेन दुवैमा बाघ जस्तै हिंस्रक प्रवृत्ति हावी भएको तथ्य कलात्मक रूपमा प्रस्तुत गरिएको छ । जब मान्छे उच्च उदात्त मानवीय गुणहरूबाट च्यूत हुँदै सत्ता लोलुपताबाट निर्देशित हुन्छ

तब उसलाई सत्ता र शक्तिमात्र प्रिय हुन्छ । जर्जबुश हुन् या सद्धाम हुसेन दुवैका इर्ष्यालु आँखा कसरी तेल भण्डार रित्याउने भन्ने मै तल्लिन छन् । कवि शर्माले स्वार्थान्ध शासकहरूलाई हिंस्रक बाघहरूसँग तुलना गर्दै उनीहरूको क्रूरता र अमानवीय चरित्रलाई निर्भिक भएर चित्रण गरेका छन् ।

आफ्ना धेरैजसो कविताहरूमा सामाजिक विषयवस्तुलाई प्रमुखताका साथ प्रभावकारी ढंगले प्रस्तुत गरेका कवि शर्माले समाजका सामान्य विषयवस्तुलाई नै बढी जोड दिएका छन् । उनले सामाजिक कु-संस्कार, भ्रष्टाचार, असमानता, अन्धविश्वास शोषण आदि प्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै यथास्थितिवादी सामाजिक संरचनाको परिवर्तन र जनमुखी एवम् समतामूलक समाजको परिकल्पना गरेका छन् ।

**ख) प्रगतिवादिता**

प्रगतिवादको दार्शनिक आधार मार्क्सवाद हो । मार्क्सवादमा आस्था राख्ने कवि नारायणप्रसाद शर्मा एक प्रगतिवादी कवि हुन् । प्रगतिवाद उनका कविताहरूको महत्त्वपूर्ण वैशिष्ठ्य हो । प्रगतिवादी साहित्य वर्गीय सौन्दर्य चिन्तनमा आधारित छ र यसले समाजवादी , साम्यवादी भविष्य दृष्टि अँगालेर आफूलाई कुनै पनि प्रकारको सामाजिक संरचनामा दह्रो ढंगले प्रस्तुत गर्दै आएको छ (पाण्डेय, २०६८: २४) । मार्क्सवादी दर्शनमा आस्था राख्दै वर्गीय संघर्षलाई प्रस्तुत गर्नु प्रगतिवादी कविहरूको एक काव्य प्रवृत्ति हो । कवि नारायणप्रसाद शर्माले यथास्थितिवादी र भाग्यवादी चिन्तनको विरोध गर्दै द्वन्द्वात्मक भौतिकवादी कै माध्यमबाट सामाजिक परिवर्तन संभव हुने प्रगतिवादी धारणा कविताहरूका माध्यमबाट व्यक्त गरेका छन् । सामाजिक परिवर्तन प्रति सदा चिन्तनशील र प्रयत्नशील रहनु प्रगतिवादी कविहरूको सबल पक्ष हो । कवि शर्माले समाजका परिवर्तनका संवाहक जोशिला युवाहरूलाई आफ्नो उर्जालाई समाज परिवर्तनका निम्ति खर्चिन आग्रह गर्दै यसरी उत्साहित बनाउँछन् –

उठ जाग युवा अब बेर भयो
प्रगतिपक्षको बटुवा तिमी हौ
जगतै परिपूर्ण मनोरम भो
किन हो नि ? स्वदेश अझै पछि भो ?

उठ जाग युवा ताज मोज मजा

जडता जति दुश्मन छन् सबका

गतिशील बने प्रगति छ खुला

मतिहीन भए अगति छ सदा

(उठ जाग युवा १-८ पंक्ति) ।

शारीरिक र मानसिक रूपमा सबल युवाहरू नै प्रगतिपथका बटुवा हुन् । विद्यमान सामाजिक कुसंस्कार र पश्चगामी सोंचका पर्खालहरू भत्काउने आँट र साहस युवामा नै हुन्छ । अतः कवि शर्माले युवाहरूलाई पुरातन संस्कारको प्रशंसक र पिछलग्गू नभई समयको गतिशील प्रवाहलाई पछ्याउँदै समाज परिवर्तनको निम्ति अघि बढ्न आग्रह गरेका छन् । जडता र पुरातन संस्कार नै सबैका दुश्मन हुन् । त्यसैले यस्ता अवरोधलाई परास्त गर्दै नयाँ उत्साह र जाँगरका साथ नवीन समाजको निर्माण गर्न ढिला नहुने धारणा पनि व्यक्त गरेका छन् ।

परिवर्तन संसारको आकाट्य शाश्वत सत्य हो । परिवर्तनलाई रोक्नको लागि शोषक सामन्तहरू विभिन्न जुक्ति प्रयोग गर्ने गर्छन् । उनीहरु सत्ता र शक्तिको प्रयोग गर्दै जनतामा विभिन्न किसिमका भ्रम फैलाउने गर्छन् । कवि शर्माले परिवर्तन नचाहने त्यस्ता यथास्थितिवादी शासकहरूप्रति व्यङ्ग्य गर्दै परिवर्तनलाई कुनैपनि हालतमा रोक्न छेक्न नसकिने अग्रगामी अभिव्यक्ति यसरी प्रकट गर्छन् -

तर हेर समय बदलिएको छ

नयाँ नयाँ बतास चलेको छ

घर घरमा सडक सडकमा

चारैतिर चेतनाको उज्यालो फैलिएको छ

गधालाई धोइ पखाली गरेर गाई बनाउने जमाना गइसकेको छ ।

(परिवर्तन जिन्दावाद, २२-२७ पंक्ति)

समयको परिवर्तनसँगै मान्छेको चेतनामा पनि क्रमशः परिवर्तन आउने गर्छ । चेतनाको उज्यालोबाट प्रज्वलित भएका जागरुक मनहरु परिवर्तन कै प्रवाहमा अघि बढ्छन् र नयाँ युगको सिर्जना हुन्छ । कवि शर्माले चेतनाको उज्यालोलाई रोक्न खोज्ने पुरातनवादी

व्यक्तिहरूप्रति कटाक्ष गर्दै गधालाई धोएर गाई बनाउने जमानाको अन्त्य भैसकेको ठहर गरेका छन् ।

प्रगतिवादी कविहरू भविष्यप्रति आशावादी रहँदै सुन्दर समाजको परिकल्पना गर्छन् । उनीहरू अत्यन्त कष्टकर समयमा पनि मानवीय जीवनका सकारात्मक पक्षलाई आत्मसात गर्दै संघर्षलाई आफ्नो सारथी बनाउँछन् । कुण्ठा, उदासिनता तिक्तता, शून्यता आदिप्रति घृणाभाव देखाउँदै जीवनलाई सृष्टिको सुन्दरतम सिर्जना मान्छन् र जीवनको अन्तिम अवस्थासम्म पनि सकारात्मक सोंचबाट उत्प्रेरित भैरहन्छन् । नारायणप्रसाद शर्माले "नयाँ वर्ष" शीर्षक कवितामा जीवनप्रतिको आशावादी स्वर यसरी मुखारित गरेका छन् -

मेरो नयाँ वर्ष आएपछि छाप्राहरूमा जिन्दगी आउँछ रे
अतिकम विकसित देशको भाग्य उदाउँछ रे
मान्छे मारा नीति सबै मासेर
नयाँ सिर्जना मुस्कुराउँछ रे ।

(मेरो नयाँ वर्ष, ३६-४० पंक्ति) ।

यहाँ नयाँ वर्षलाई क्रान्ति तथा परिवर्तनको रूपमा प्रस्तुत गरिएको छ । गरिव दुःखी जनताहरूको दुःख पीडामा मर्माहत र संवेदनशील हुने कवि मन समाजिक क्रान्तिपछि उनीहरूको जीवनस्तरमा सुधार हुनेछ भन्नेमा आशावादी देखिन्छन् । जसरी शिशिर ऋतुको कठयाँग्रिने चीसोलाई परास्त गरेर नयाँ वर्षले प्रकृतिमा हरियाली फैलाउँछ त्यसरी नै क्रान्तिले पुरातन मान्यता र नीतिलाई भत्काएर सवैको हित हुने नयाँ व्यवस्थाको बीज रोप्दछ । यही समाजवादी बीजबाट नयाँ सिर्जना मुस्कुराउँछ र सर्वहारा जनताहरूले दासत्व र समानताबाट मुक्ति पाउँदै स्वतन्त्र जीवन जिउन सफल हुन्छन् ।

वर्ग विभाजित समाजमा सधैंभरि शासकवर्ग र गरिखाने वर्गका बीचमा संघर्ष भैरहन्छ । यही वर्ग संघर्षको कारणले परिवर्तन संभव हुन्छ । प्रगतिवादी कविहरू समाज परिवर्तनका निम्ति क्रान्ति आवश्यक ठान्दछन् । यही क्रान्तिकै माध्यमबाट बहुसंख्यक शोषित पीडित जनताहरूको हित हुने जनवादी व्यवस्था स्थापना हुन सक्छ । विद्यमान परम्परागत मूल्य मान्यतालाई ध्वस्त नगरीकन प्रगतिशील नयाँ चेतनाको विस्तार हुन सक्दैन । कवि नारायणप्रसाद शर्माले प्रजातन्त्रको स्थापनापछि पनि नेपाली जनताले सोंचे

जस्तो शासन व्यवस्था अझै नभएको हुँदा अझै अर्को एउटा क्रान्ति आवश्यकता रहेको धारणा राख्दछन् -

यता घाउ उता घाउ घाउ सबैतिर
मनमा जो पऱ्यो बाँण झिक्ने डाक्टर को छ र ?
एउटा विद्रोह बाँकी छ दुष्टदेखि परै बसम्
सबैको थुकले मात्रै नदी बन्छ बगाई दिम् ।
एउटा क्रान्ति बाँकी छ जाली पापी सेलाउने
देश डुवाउने द्रोहीलाई पाखा लगाउने

(एउटा क्रान्ति बाँकी छ ३०-३६ पंक्ति)

जनताद्वारा चुनिएका जनप्रतिनिधिले जनताको निम्ति शासन गर्ने व्यवस्थाको रूपमा चित्रित प्रजातान्त्रिक व्यवस्थाको कमी कमजोरीहरूले निम्त्याएका विभिन्न समस्याहरूबाट जनताहरू पीडित भएको तथ्या हाम्रा सामु छर्लङ्ग छ । आफूलाई जनप्रतिनिधि भन्नेहरूले राष्ट्रिय स्वार्थ र जनसरोकारका विषयहरूलाई आँखा चिम्लेर आफ्नै स्वार्थ पूर्तीका लागि केन्द्रित रहे । श्रमजिवी जनताहरू दुई छाक सजिलैसँग खानसक्ने अवस्थामा पुगे भने राजनितिलाई अवसरको रूपमा प्रयोग गर्नेहरूले रातारात आफूले सम्पत्ति कमाए । व्यक्तिगत स्वार्थका लागि सामाजिक मुल्य र मान्यतालाई समेत ललकार्दै भ्रष्टाचारलाई उत्कर्षमा पुऱ्याए यसै कारण चरम गरीबी बढ्न गयो र सामान्य जनताहरूलाई आफ्नो गुजारा चलाउन पनि अत्यन्तै कष्टकर बन्न गयो । पैसासँग राष्ट्रियता बन्धक राख्न तयार हुने कठित राजनेताहरूका कारण देश दिन प्रतिदिन परनिर्भर र नाजुक बन्दै गईरहेको छ । यि यावत खराब प्रकृतिहरूबाट मुक्त हुनको लागि कवि सम्पूर्ण जनतालाई विद्रोहमा सहभागी हुन उत्प्रेरित गर्दछन् । शासकहरूको अन्याय र अत्याचार सहेर बस्न नहुने भन्दै उनले सवै एकजुट भएमा महान क्रान्ति संभव हुने धारणा राख्दछन् । त्यस्तो क्रान्तिले सम्पूर्ण जाली पापीलाई सेलाउने र देश द्रोहीलाई पाखा लगाउने कुरामा कवि विश्वस्त छन् । क्रान्ति विना परिर्वतन असम्भव भएको हुँदा अझै एउटा क्रान्ति गर्नैपर्ने कवि शर्मा उदघोष गर्दछन् ।

अन्य प्रगतिवादी कविहरूले जस्तै नारायणप्रसाद शर्माले पनि आफ्ना कवितामा श्रमजीवी जनताका दुःख पीडाहरूप्रति सहानुभूति दर्शाउँदै उनीहरूको जीवनस्तर उकास्न शासन व्यवस्थामा नै परिवर्तन गर्नुपर्ने धारणा राख्दछन् । वर्गीय संघर्षलाई सशक्त रूपमा

अघि बढाउँदै सर्वहारा जनताको अधिनायकत्त्व स्थापना गर्न एकजुट हुनुपर्ने आवश्यकता छ । त्यसैगरी जीवनका निराशा, कुण्ठा, उदासिनता र कुरूप पक्षप्रति घुणाभाव दर्शाउँदै परिवर्तनशील र आशावादी रहन सबैलाई उत्प्रेरित गर्दछन् । उनले साहित्यलाई बुद्धि विलासको साधन नबनाई सामाजिक परिवर्तनको सशक्त माध्यम एवम् चेतना प्रवाहको भरपर्दो साधनको रूपमा व्याख्या गर्दछन् । उनका रचनामा अभिव्यक्त जीवनवादी, परिवर्तनकारी, क्रान्तिकारी प्रखर स्तरका कारण उनी एक सशक्त प्रगतिवादी कविका रूपमा नेपाली साहित्यमा स्थापित भएका छन् ।

**ग) राष्ट्रियता**

प्रगतिवादी कविहरूले आफ्ना रचनामा देशप्रति अगाध स्नेहको भावना व्यक्त गर्दै राष्ट्रियतालाई सबल र सुदृढ बनाउनुपर्छ भन्ने स्वर गुञ्जाएका छन् । सामन्तवादी - पूँजीवादी राजनैतिक शक्तिहरूले देशको हितभन्दा वैयक्तिक स्वार्थका निम्ति साम्राज्यवादी तथा विस्तारवादी शक्तिसँग साँठगाँठ गरेको ऐतिहासिक सन्दर्भमा नै प्रगतिवादी कविहरूले राष्ट्रप्रेमको भावनालाई अभिव्यक्ति दिएका छन् (भण्डारी, २०५५:१४७) । सामन्तवादी-पूँजीवादी राजनीतिक शक्तिहरू आफ्नो स्वार्थका निम्ति राष्ट्रिय स्वाधिनता र स्वाभिमानलाई बन्धक राख्न पनि पछाडि हट्दैन । यस्तो परिस्थितिमा राष्ट्रिय एकता र स्वाधिनतालाई बचाउने पक्षमा प्रगतिवादी कविहरू प्रखर रूपमा खराब प्रवृत्तिको विरोध गर्दै सबैलाई राष्ट्रिय स्वाधिनता र राष्ट्रको अस्तित्त्व जोगाउन आह्वान गर्दछन् । कवि नारायणप्रसाद शर्माले पनि आफ्ना कविताहरूमा राष्ट्रप्रतिको असिम श्रद्धा दर्शाउँदै राष्ट्रियताकै पक्षमा आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । आफ्नो राष्ट्र र राष्ट्रियतालाई प्राणभन्दा पनि प्यारो सम्झने राष्ट्रवादी कवि शर्माले देशको लागि बलिदान दिने शहीदहरूको प्रशंसा गर्नुको साथै राष्ट्र बनाउन अगाडि सर्ने कर्मठ युवाहरूको मनोबललाई उच्च बनाउने काम पनि गरेका छन् । उनका राष्ट्रप्रेमको अभिव्यक्ति भएका यस्ता कविताहरूमा राष्ट्रको लागि हरेक नागरिकमा निस्वार्थ भावना हुनुपर्ने उच्च, उदात्त, आदर्श प्रस्तुत भएको पाइन्छ । राष्ट्रप्रेमलाई नै मुख्य केन्द्रमा राखेर उनले सम्पूर्ण सर्वहारा जनताको उन्मुक्तिको लागि प्रगतिशील चेतना प्रवाहित गरेका छन् ।

प्रस्तुत कविता संग्रहमा संकलित कवि शर्माका राष्ट्रियतालाई विषयवस्तु बनाएका केही कविताहरू यसमा संकलित छन् । शहीद नोट हैन है शीर्षक कवितामा कविले राष्ट्र र जनताको मुक्तिका लागि आफ्नो जीवन अपर्ण गर्ने महान शहीदहरूप्रति श्रद्धाभाव प्रकट

गरेका छन् । उनले त्यस्ता शहीदहरूले देखाएको बाटोमा हिँडन समस्त जनता तथा राजनैतिक दलका नेताहरूलाई पनि सुझाव दिएका छन् । शहीद प्रतिको उनको अगाध आस्था एवम् श्रद्धा यसरी प्रकट भएको छ ।

शहीद क्रान्ति यज्ञ हो स्वयं हुने समर्पण
अशान्तिको विरोधमा गरेर प्राण तर्पण
बलेर क्रान्ति यज्ञमा ऊ लाख वर्ष बाँच्दछ
अमर शहीदको कथा विशाल विश्व गाउँछ ।

(शहीद नोट हैन है, १५-१८ पंक्ति) ।

राष्ट्र र जनताप्रति जुन समर्पण भावना शहीदमा हुन्छ, त्यो अन्य सामान्य व्यक्तिमा भेट्न असम्भव छ । शहीदहरू आफ्ना तुच्छ व्यक्तिगत महत्वकांक्षाबाट माथि उठेर समग्र राष्ट्र र जातिको मुक्ति र परिवर्तनका निम्ति सदा प्रयत्नशील रहन्छन् । उनीहरूकै बलिदानी एवं त्यागको कारणले परिवर्तन संभव हुन्छ । उनीहरू क्रान्तिमय यज्ञ हुन् जसले अशान्तिको विरोध गरेर आफूलाई यहि क्रान्तिमा तर्पण गर्दछ । भौतिक रूपमा शहीद यस जगतमा जीवित नरहेपनि उसको महान बलिदानकै कारणले उसले लाखौं वर्षसम्म मान्छेहरूको अर्न्तहृदयमा बास पाइरहन्छ । त्यस्ता अमर शहीदलाई विशाल विश्वले मुक्तकण्ठले प्रशंसा गर्दै उनको महत्त्व र महिमाको कथा गाउँदछ ।

नेपाली जनताहरूले प्रजातन्त्र ल्याउनको लागि लामो समय संघर्ष गरेको इतिहास हाम्रा सामु खुलस्त छ । निरंकुश एकतन्त्रिय स्वेच्छाचारी शासनका विरूद्ध लड्दालड्दै कति मान्छेहरू शहीद बने । कति अङ्गभङ्ग भए र कतिको घरबार विनाश भयो । यसरी संघर्ष र प्रयत्नबाट प्राप्त प्रजातन्त्र सबै जनताका निम्ति समस्या समाधानको माध्यम बन्न नसक्दा कवि शर्मा निकै चिन्तित देखिन्छन् । उनले **शिशुप्रजातन्त्र विरामी छ** कवितामा प्रजातन्त्र पक्षमा र दलीय स्वार्थले अन्धो भएका कथित राजनेताहरूको विपक्षमा यसरी टड्कारो अभिव्यक्ति दिएका छन् :-

प्रजातन्त्रको बच्चाको अपहरण गर्ने
षडयन्त्र बढिरहेछ
फेरि अन्धकारको कालो पर्दाभित्र

प्रजातन्त्र थुनिने विभीषिका छ

देख्छु शिशु प्रजातन्त्र विरामी छ ।

(शिशु प्रजातन्त्र विरामी छ, ४९-५३ पंक्ति) ।

ठूलो बलिदानीबाट प्राप्त भएको प्रजातन्त्र राष्ट्रद्रोहीहरूको षडयन्त्रका कारण असमयमै अपहरित हुन लागेको सम्भावित दुर्घटना प्रति कविले सबैलाई सचेत गराएका छन् । नेपालमा प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गर्ने राजनेताहरूकै कमजोरीका कारण प्रजातन्त्र खतरामा परेको हो । कवि शर्माले नेपाली राजनीतिमा मौलाउँदै गएको दलिय स्वार्थ लगायतका अन्य खराब प्रवृत्तिहरूप्रति औंला ठडयाउँदै राष्ट्रिय एकतालाई बलियो बनाउन सबै राजनैतिक पार्टीका नेताहरूलाई आग्रह गरेका छन् । राष्ट्रिय एकता र राष्ट्रप्रेमको पवित्र भावनाबाट मात्रै प्रजातान्त्रिक व्यवस्था मौलाउन सक्छ भन्ने उनको धारणा रहेको छ । हिमाललाई पनि लाक्षणिक रूपमा प्रस्तुत गर्दै त्यसलाई नेपाली स्वाभिमान र कहिल्यै नझुक्ने गौरवका रूपमा प्रस्तुत गरेका छन् । म हिमाल हुँ शीर्षक कवितामा कवि शर्माले राष्ट्रियताको भावना यसरी प्रकट गरेका छन् :-

म हिमाल हुँ

मैले झुक्नु जानेको छैन

मैले झुक्नुपर्दा विश्व झुक्नुपर्छ

अनि यो सृष्टि नै थर्कमान हुन्छ

महाप्रलय हुनसक्छ

कसैले कसैलाई झुकाउन खोज्दा नै

क्रान्ति भएर ज्वाला निस्केका हुन्

संघर्षका झिल्का फैलेका हुन् ।

ठूला ठूला परिवर्तन भएका हुन्

(म हिमाल हुँ, ३१-३९ पंक्ति) ।

सगरमाथाको देश भनेर चिनिने हाम्रो राष्ट्र नेपाल विश्वमा एउटा स्वतन्त्र मुलुकको रूपमा परिचित छ । हाम्रा पुर्खाहरूले विस्तारवादी अंग्रेजसँग राष्ट्रियता र स्वाधिनताको रक्षाका निम्ति गरेको महान् संघर्ष र लडाईंको इतिहास सबैका सामु छर्लङ्ग छ । आफ्नो राष्ट्र

र राष्ट्रियतालाई जीवनभन्दा प्यारो ठान्ने नेपालीहरूको उच्च स्वाभिमान उल्लेखनीय पक्ष हो । यही महान गौरवगाथा र उच्च स्वाभिमानलाई लाक्षणिक रूपमा दर्शाउने क्रममा कवि शर्माले यहाँ हिमालसँग तुलना गर्दै राष्ट्रप्रेमको उत्कृष्ट भाव सम्प्रेषण गरेका छन् ।

प्रगतिवादी कवि नारायणप्रसाद शर्मा राष्ट्रियतालाई मात्र कोरा आर्दशको रूपमा व्याख्या नगरेर त्यसलाई मूर्त रूपमा सर्वहारा जनतासँग जोडदै आफ्ना कवितामा कलात्मक ढंगले वर्णन गरेका छन् । राष्ट्रियताका सवैभन्दा प्रिय व्यक्ति यदि कोही छन् भने निम्नबर्गीय सर्वहारा जनताहरू नै हुन् । उनीहरूको राष्ट्रप्रतिको अगाध श्रद्धा एवम् समर्पण नै साँचो राष्ट्रप्रेम हो । सामन्तवादी पूँजीवादी राजनैतिक शक्तिहरूले प्रदर्शन गर्ने राष्ट्रप्रेमको स्वाङ सही अर्थमा साँचो राष्ट्रप्रेम नभएर देखावटी मात्र हो । उनीहरू नै राष्ट्रियता र राष्ट्रिय स्वाधिनतालाई बन्धक राख्नपनि पछाडि नहटेका घटनाहरूले उनीहरूको असली चरित्र उदाङ्गो पारिदिएको छ । तसर्थ कवि शर्मा कर्मठ राष्ट्रवादी निम्न वर्गीय जनताहरूबाटै राष्ट्र र राष्ट्रियता सुरक्षित हुने विश्वास प्रकट गर्छन् । उनले आफ्ना रचनामा तिनै मजदुर, किसान, भरिया आदिले राष्ट्रप्रति इमान्दार भएर शुद्ध भावनाले योगदान दिएको चर्चा गरेका छन् । राष्ट्रघाती शक्तिहरूबाट राष्ट्र र राष्ट्रियतालाई जोगाउँदै यसलाई अझ सुदृढ एवम् सबल बनाउन उनले समस्त राष्ट्रप्रेमी नागरिकहरूसँग आग्रह गरेका छन् ।

**घ) मानवतावाद**

सामान्य अर्थमा आफ्नो जाति, राष्ट्र तथा भौगोलिक सीमाहरूको निर्धारित घेराबाट माथि उठेर एउटा मान्छेले अर्को मान्छेप्रति दर्शाउने उच्च उदात्त प्रेम नै मानवतावाद हो । प्रगतिवादी कविहरू मानतावादलाई अलि भिन्न अर्थमा व्याख्या गर्दछन् । प्रगतिवादको मानवतावाद पूँजीवादी मानवतावाद नभएर सर्वहारा वर्गको मुक्ति नै प्रगतिवादको मानवतावाद हो (बराल, २०५२:१४) । निजी सम्पत्ति र व्यक्तिवादको आदर्शमा स्थापित बुर्जुवा मानवतावाद भन्दा भिन्न सर्वहारा मानवतावादले मान्छे माथि हुने अन्याय असमानता, थिचोमिचोलाई निषेध गर्दछ (भण्डारी, २०५५:१६२) । कवि नारायणप्रसाद शर्मा पनि एक प्रगतिवादी कवि भएका हुनाले उनले आफ्ना रचनामा प्रस्तुत गरेको मानवतावाद सर्वहारा मानवतावाद हो । त्यसैले उनले पनि समाजका कमजोर निमुखा र गरिव जनताहरूको पक्षमा आफूलाई उभ्याउँदै शोषक सामन्तहरूले उनीहरूमथि गरेको थिचोमिचो र अमानवीय व्यवहारको कडा रूपमा विरोध गरेका छन् ।

प्रस्तुत संग्रहमा संग्रहित उनका केही कविताहरूमा मानवतावादी चिन्तन टड्कारो रूपमा प्रकट भएको देखिन्छ । सामाजिक समानता, उच्च मानवीय व्यवहार र विश्वबन्धुत्त्वको भावनालाई आत्मसाथ गर्दै अगाडि बढन चाहने कवि शर्माले समाजमा उपल्लो वर्गले तल्लो वर्गमाथि गर्ने हेयको तुच्छ व्यवहार र भेदभावलाई निडर भएर विरोध गरेका छन् । बलियो राष्ट्रले कमजोर राष्ट्रप्रति देखाएको तुच्छ व्यवहारलाई पनि शर्माले कडा रूपमा विरोधी स्वर गुञ्जाएका छन् । **ऐटम बममा पर्ने लाई मेरो तर्पण** शीर्षक कवितामा उनले शक्तिको भण्डारका रूपमा चिनिने अमेरिकाको कडा रूपमा विरोध दर्शाएका छन् । एटम बमले मरेका हजारौं निर्दोष जापानी जनताहरूप्रति प्रेमको भावना दर्शाउँदै सहानुभूति प्रकट गरेका छन् । उनले आफूलाई तिनै जापानीहरूको पक्षमा उभ्याएका छन् । बेकसुर मारिएका जापानी जनताहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेर उच्च मानवीय आर्दश प्रदर्शन गरेका छन् । विश्वमा शान्ति समृद्धि र समानताको अपेक्षा राख्ने शर्माले जापानको हिरोसीमा र नागासाकीमा भएको कहालीलाग्दो ऐटम बमको घटनालाई यसरी आफ्ना कवितामा अभिव्यक्त गरेका छन् :

जापानी नानीहरूको सराद गरेर
सिक्ने कुरा यहि हो
अणुमुक्त भावी संसारको रटना
आजको मान्छेको शंखघोष हो
व्यक्तिको क्षणिक स्वार्थमा
उसको मिथ्या अंहममा
हिरोसीमा र नागासाकीको कथा नदोहोरियो् ।
ऐटम बममा परेर मर्नेहरूलाई
मेरो तर्पण यहि हो ।

(ऐटम बममा पर्नेलाई मेरो तर्पण, ५६-६४ पंक्ति) ।

शाक्तिले उन्मत्त भएर अमेरिकाले जापानमाथि गरेको आक्रमण कुनै पनि अर्थमा तर्कसंगत हुन सक्दैन । सन १९४५ मा उसले जापानको हिरोसिमा र नागासाकीमा बम खसाल्दा हजारौं जापानी जनताहरू निर्दोष बालबालिकाहरू अकालै मृत्युको शिकार बन्न बाध्य भए । मानव जातिका इतिहासमा यो क्रूर कहालीलाग्दो घटना कहिले नभेटिने

कलंकको रूपमा रहिरहने छ । कवि शर्माले अमेरिका र यसको विस्तारवादी, हेपाहा, अमानवीय, क्रूर प्रवृत्तिको आलोचना गर्दै जापानी नानीहरूप्रति  असिम श्रद्धा व्यक्ति गरेका छन् । उनले अणुमुक्त विश्वको कामना पनि गरेका छन् । त्यसैगरी यस्तो कहालीलाग्दो घटना भविष्यमा कहिल्यै नघटोस् भन्ने प्रार्थना पनि गरेका छन् । समग्रमा उनले विश्वका सवै मानिसहरूको बीचमा विश्वबन्धुत्त्वको भावना प्रगाढ हुँदै जाओस् भन्ने चाहना राखेका छन् ।

लामो संघर्ष र बलिदानीपछि स्थापित भएको प्रजातान्त्रिक शासन व्यवस्थामा पनि मान्छेको अवस्था माथि उठ्न नसकेकोमा कवि चिन्तित एवम् संवेदनशील देखिन्छन् । सत्ता र शक्तिको दुरूपयोग गर्ने राजनेताहरूलाई मातेको मान्छेको रूपमा व्याख्या गर्दै त्यस्ता मातेका मान्छेहरूले गरेका अमानवीय व्यवहारको उनले कठोर आलोचना गरेका छन् । मानवीय संवेदनालाई महत्त्वपूर्ण पक्ष मान्ने कवि शर्माले मान्छेको जीवनका कथा र व्याथालाई आफ्ना कवितामा यसरी चित्रण गर्दछन् :

युग  युग बित्यो
मान्छेको कथा उस्तै छ
जीवनको व्यथा उस्तै छ
मातेको मान्छे झन मातेको छ
के फरक छ र ?
अस्ति हुकुम चलाउँथ्यो
हिजो निर्दलको डंका पिट्थ्यो
आज पनि
माखाको पित्त जत्रो सानो चित्तले
प्रजातन्त्रको ध्वाँस देखाउँछ !

मानवसभ्यताको इतिहासले आरोह अवरोहको लामो श्रृङ्खला पार गरिसकेको छ । आज पनि धेरै मान्छेहरू छन् जसको अवस्था पहिलेकै जस्तै दयनीय र नाजुक छ । त्यस्ता मातेका मान्छेहरूको दारुण अवस्थाले कवि शर्मालाई निकै नै संवेदनशील बनाएको छ र उनीहरूप्रति मानवीय संवेदना दर्शाएका छन् । शासन गर्ने राजनेताहरूको प्रवृत्ति समय र

सभ्यताको विकाससँगै परिवर्तन नभएकोमा उनको गुनासो छ । प्रजातन्त्रको नाममा स्वेच्छाचारिता प्रर्दशन गर्ने माखाको पित्तजत्रो लज्जास्पद अमानवीय व्यवहार प्रर्दशन नगर्न उनी खवरदारी गर्दछन् ।

कवि शर्मा जातिय संस्कृति र राष्ट्रको भौगोलिक सीमाबाट विस्तारित भएर विश्वका मानवहरूले भोगीरहेका समस्याहरूप्रति पनि ध्यान आकृष्ट गर्दछन् । उनले विश्वमा फैलिएको उपनिवेशवाद, धार्मिक, संर्कीणता र शक्तिशाली राष्ट्रहरूको स्वेच्छाचारी रवैयाको सशक्त रूपमा विरोध गर्दछन् । उनको दृष्टिमा विश्वका सम्पूर्ण निर्दोष निम्न वर्गीय जनताहरूले एकै किसिमको उत्पीडन भोगेका छन् । अतः उनी विश्वका जनताहरूलाई यसरी नरभक्षकहरूका विरूद्धमा एकजुट हुन आह्वान गर्दछन् :

बाघहरू रक्षक हैनन भक्षक हुन्

अफ्रिकाको रङ्गभेद

इज्राइलको यहुदीवाद

शेष रहेको उपनिवेशवाद

भक्षकहरूको गाथा हो

यसकै सिको गर्ने सद्धामहुसेन

एउटा सानो बाघ हो

विश्वका जनता हो

नरभक्षीहरूलाई खेद

शान्तिकामी जनता हो

तृतीय विश्व युद्धलाई रोक ।

(सबै बाघ मान्छेको रगत पिउँछन्, ४१-५१ पंक्ति) ।

मानवीय संवेदनालाई बुझ्न नसक्ने निर्दयी क्रूर शासकहरूलाई बाघको रूपमा चित्रण गर्दै तिनीहरूलाई मान्छेको रक्षक नभई भक्षक हुन् भनिएको छ । अफ्रिकाको रङ्गभेद, इज्राइलको यहुदीवाद र अझैपनि भाषिक साँस्कृतिक रूपमा जीवित रहेको उपनिवेशवाद त्यस्ता भक्षक निकृष्ट क्रियाकलापको गाथा हो । उनले विश्वका सम्पूर्ण जनताहरूलाई मान्छेको रगत पिउने यस्ता हिंस्रक बाघहरूको विरूद्ध प्रतिरोध गर्न उत्साहित तुल्याउँछन् ।

यस्ता नरभक्षिहरूलाई खेद्नु पर्ने दायित्त्व शान्तिकामी जनताको हो भन्ने उनको धारणा रहेको छ । शान्तिकामी जनताहरूले नै तृतीय विश्वयुद्धलाई रोक्ने सामार्थ्य राख्दछन् र उनीहरुकै सत्प्रयासमा विश्वभर शान्ति फैलिन सक्छ भन्ने कवि शर्माले अपेक्षा राखेका छन् ।

यसरी नारायणप्रसाद शर्माका कविताहरूमा प्रयुक्त विषयलाई अध्ययन गर्दा मूल रूपमा माथि उल्लेख गरिएका विषयवस्तुहरू नै सघनरूपमा प्रयोग भएको पाइन्छ । त्यसका अलावा उनले आंशिक रूपमा आफ्ना कवितामा प्रकृतिको विविध पक्षको चित्रण व्यापक रूपमा नभइ फाटफुट तवरले प्रकट भएको देखिन्छ । मूलतः प्रगतिवादी विचारबाट प्रभावित र उत्प्रेरित उनले समाजका थिचोमिचो, भेदभाव, कुसंस्कार आदिलाई आफ्ना कवितामा चित्रण गर्दै परिवर्तनको स्वर उठाएका छन् । राष्ट्र र राष्ट्रियताप्रतिको उनको चिन्ता प्रभावकारी ढंगमा उनका कवितामा प्रकट भएका छन् । निम्नवर्गीय स्वाभिमानी जनताहरू नै राष्ट्रका सबैभन्दा भरपर्दा सेवक हुन् भन्ने उनको ठम्याइरहेको छ । आफ्नो राष्ट्र र जातिलाई अगाध श्रद्धागर्ने उनले स्वजाति र स्वदेशको प्रशंसामा आफ्ना सन्तुलित भावहरू पोखेका छन् । यसको साथै विश्वबधुत्त्व र मानवतावादप्रति सतत् आस्था राख्दै उनले विश्वभरि शान्ति कायम राख्न सबैलाई आग्रह गरेका छन् । हिंसा र विध्वंसको विरोध गर्दै उनले शक्तिशाली राष्ट्रहरूले कमजोर राष्ट्रहरूमाथि गरेको हस्तक्षेप र थिचोमिचोको निडर भएर विरोध गरेका छन् । मानवतावाद उनका कविताको उल्लेखनीय विषयवस्तुमध्ये एक हो । विश्वको कुनै पनि ठाउँका मान्छेहरू थिचोमिचोमा परेको उनी देख्न सक्दैनन् । त्यसको तीव्र विरोध गर्दै शोषक र उत्पीडक माथि उनी धाबा बोल्दछन् । सर्वहारा मानवतावादी चिन्तन भएका शर्माले सर्वहारा वर्गले वर्षौदेखि सहँदै आएको अन्याय र अत्याचारका जञ्जिरहरू जसरी भएपनि चुँडाल्नै पर्छ भन्ने क्रान्तिकारी सोंच राख्छन् । सामाजिक परिवर्तनका निम्ति साहित्य रचना गरिनुपर्छ भन्ने मान्यता राख्ने शर्माले आफ्ना रचनामा राजनीति, दर्शन र जीवनजगतका विविध पक्षलाई सशक्त रुपमा प्रस्तुत गरेका छन् । कला कलाका लागि भन्ने साहित्यिक मान्यताको उनले विरोध गर्छन् र साहित्य सामाजका लागि र परिवर्तनका निम्ति भन्ने प्रगतिवादी विचारधाराबाट प्रेरित हुँदै समाजमा समानता, समृद्धि र शान्ति स्थापना गर्नको लागि वर्गीय संघर्ष गर्नैपर्छ भन्ने मान्यता राख्दछन् । समग्रमा प्रगतिवादी कवि शर्माले समाजका निम्न वर्गीय मानिसका पीडा, चित्कार र दयनिय स्थितिलाई चित्रण गर्दै परिवर्तनका निम्ति त्यस्ता वर्गका मान्छेलाई अगाडि बढ्न उत्प्रेरणा

दिन्छन् । आधुनिकताको नाममा विकास हुँदै गएको पाश्चात्त्य संस्कृति प्रति व्यङ्ग गर्दै आफ्नै जातिय संस्कृतिमा उनी आस्था राख्दछन् । सामन्तवादी पूँजीवादी व्यवस्थाको विरोध गर्दै समाजवादी व्यवस्था निर्माणको लागि समाजका तल्लो वर्गहरू नै जुर्मुराउनुपर्ने आवश्यकता देख्दछन् ।  कवि शर्माले वर्गीय संघर्षलाई केन्द्रविन्दुमा राख्दै समतामूलक समाज निर्माणका निम्ति पुरातन व्यवस्था, संस्कृति र प्रवृत्तिलाई भत्काउनै पर्ने द्वन्द्वात्मक भौतिकवादी चिन्तनमा विश्वास गर्दछन् ।

### ४.१.१.४ संरचना

साहित्यका अन्य विधाहरू जस्तै कविताको पनि आफ्नै किसिमको संरचना हुन्छ । संरचना दुई किसिमका हुन्छन् । आन्तरिक र बाह्य । वस्तुतः कविता कृतिको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति पनि हो र कविताको विधा उपविधागत आयामसँग पनि यो बाह्य संरचना सम्बन्धित हुने गर्दछ (त्रिपाठी र अन्य २०५४: १८) । कविता कृतिको आन्तरिक संरचना चाँहि त्यस कृतिमा अँगालिएको कथनपद्धतिका माध्यमबाट थालिन्छ र सिधै कवि कथन, आख्यानीकरण र नाटकीकरणका सुक्ष्म वा स्थूलप्रक्रिया पनि कथन पद्धतिकै भेद हुन् (त्रिपाठी र अन्य, पूर्ववत) । यहाँ कवि नारायणप्रसाद शर्माका प्रस्तुत संग्रहमा संकलित फुटकर कविताहरूको संरचनाको अध्ययन गर्दा प्रस्तुतीकरण, आयाम, छन्द, लय र अलङ्कार र प्रतीक र बिम्ब प्रयोगका दृष्टिले अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको छ ।

#### क) प्रस्तुतीकरण

कवि नारायणप्रसाद शर्माले कविकथन र कविनिबद्ध वक्तृकथनलाई माध्यम बनाएर आफ्नो भाव वा विचारहरू प्रभावकारी ढंगले संप्रेषण गरेका छन् । कवि कथनलाई माध्यम बनाइएको प्रस्तुतीमा प्रथम पुरुष ‘म’ पात्रको साथै ‘हामी’ पात्रको प्रयोग भएको देखिन्छ । प्रथम पुरुष ‘म’ दृष्टिविन्दु बनाएर भाव वा विचार प्रस्तुत गरिएको उनको कविता ‘म हिमाल हुँ’ यहाँ उल्लेखनीय छ :–

म हिमाल हुँ

उज्जवल छु

विशाल छु

राजाहरूको राज पर्वतराज हुँ

जहाँ पहिलो घाम झुल्कदा

रत्न वैभव टल्कन्छन्

सृष्टिको बिहानमा जहाँ

साम गान गुन्जित हुन्छन् ।

(म हिमाल हुँ, ७-१४ पंक्ति) ।,

यसैगरी द्वितीय पुरुष 'तिमी'लाई सम्बोधन गरिएको कविताहरू यस संग्रहमा संकलित छन् । ति मध्ये **स्रष्टाहरूको संझनामा** कविताका केही हरफहरू यहाँ प्रस्तुत गरिएको छ :–

आकाशका अनन्त तारा झैँ

शहीदका पंक्तिमा चम्कने तिमी

जीवन र मृत्युको दोसाँधमा

त्रिशङ्कु झैँ झुण्डिएका हामी

टिप्न सक्दैनौँ दीप्तिमान नक्षत्रलाई

(सष्ट्राहरूको संझनामा, १-६ पंक्ति) ।

माथिका पंक्तिहरूमा आफ्ना दिवंगत पत्रकार मित्र भोला खनालको संझना गरिएको छ । राष्ट्र र जनतालाई सुसूचित गराउँदै शाहादात प्राप्त गरेका भोला खनाल एक शहीद हुन् यहाँ उनको महान त्यागको प्रशंसा गरिएको छ ।

कवि शर्माले कविनिबद्धबक्तृकथन ढाँचामा पनि कविता रचना गरेका छन् । त्यस्तो ढाँचामा लेखिएका उनका केही कविताहरुमध्ये **भन पहारा कस्ले दिन्छ** ? शीर्षक कविताको केही अंश यहाँ उल्लेख गरिएको छ :–

पानी भर्ने श्रवण कुमार झैं

बाबुआमा पाल्ने नीम बहादुर

अभिमानी दशरथ झैँ प्रहरीको शिकार भए

दाङमा आयो एउटा बज्र प्रहार

जनआन्दोलनबाट आएको

शहीदको रगतले तिलक भिरेको छ

यहाँ अन्तरिम सरकार !

(भन पहरा कस्ले दिन्छ?, ८-१४ पंक्ति) ।

माथिका पंक्तिहरूमा परिवर्तनका लागि आन्दोलनमा सहभागी निर्दोष नीमबहादुर प्रहरीको गोली लागेर मृत्यु भएको दुःखद घटनाको चित्रण गरिएको छ । सरकारलाई हिंस्रक, क्रूर, तानाशाहाको रूपमा चित्रण गर्दै वीरगति प्राप्त गरेका नीमबहादुरलाई शहीदको उच्च श्रद्धा र सम्मान दिइएको छ । प्रस्तुत संग्रहमा नारायणप्रसाद शर्माले कविकथन र कविनिवद्धकथन दुवै ढाँचालाई अपनाएर रचना गरिएका कविताहरू संग्रहित छन् ।

**ख) आयाम/आकार**

कुनैपनि कवितामा रहेका पंक्ति वा श्लोक र अनुच्छेदको संख्या गणना गर्नु सामान्यतया त्यसको आकार खुट्याउनु हो । उनका कविताहरूको आयामलाई हेर्दा १४ पंक्तिको **नयाँ प्रकाश खै** ? शीर्षक कविता सबैभन्दा सानो आकारको र ७५ पंक्तिको **भन पहरा कसले दिन्छ** ? शीर्षक कविता सबैभन्दा ठूलो आकारको फुटकर कविताका रूपमा यस संग्रहमा समेटिएका छन् । अन्य मध्यम आयामका कविताहरूमा २४ पंक्तिको **कलम बम**, ४९ पंक्तिको बिजुली, ५३ पंक्तिको शान्तिको क्रान्ति, ३६ पंक्तिको मौन अभिव्यक्ति, २८ पंक्तिको समयको नापो आदि रहेका छन् । प्रस्तुत संग्रहमा संकलित कविताहरू आयामका दृष्टिले नत साह्रै बृहत्त अर्थात मध्यम आयामका छन् । यहि मध्यम आयामको संरचनामा कविले आफ्नो भाव र विचारलाई प्रभावकारी ढगंले प्रस्तुत गरेका छन् । यो नै कवि शर्माको एउटा महत्त्वपूर्ण काव्य विशेषता हो ।

**ग) छन्द र लय**

नारायणप्रसाद शर्माका अधिकांश कविताहरू गद्यमै रचिएका छन् । उनले केही कविताहरूमा मात्रै शास्त्रीय छन्दमा रचिएका कविताभन्दा गद्य कविताहरू नै बढी प्रभावकारी रहेकाछन् । शास्त्रीय छन्दलाई पालना गरेर रचिएका उनका केही कविताका कवितांशहरु उदाहरण स्वरूप तल प्रस्तुत गरिएको छ :–

**पञ्चचामर (वार्णिक छन्द)**

युद्ध प्रसाद मिश्र हो अन्त्यको कथा
समष्टिमा अटाउने समस्त विश्वको व्यथा
गरेर क्रान्तिको कुरा स्वयम् छ क्रान्तिकारी जो
छुटेर जेलबाट जोगले न झन प्रचण्ड भो ।

(अनन्तकाल बाँच्ने कवि, पंक्ति १-४) ।

**गद्य कविताको नमूना-**

प्रजातन्त्र शहीदको सपना हो
निष्ठाको अन्तर्मन हो
जनताको ढुकुढुकी जस्तै
त्यो थाहा पाउन सकिन्छ
मान्छेको मुस्कानमा हाँस्न आउँछ ।

(मातेको मान्छे र प्रजातन्त्र, ४५-४९ पंक्ति) ।

नारायणप्रसाद शर्मा छन्दोबद्ध कविताहरूमा भन्दा गद्य कवितामै बढी सफल देखिन्छन् । विचार भाव र कलाका दृष्टिले उनका गद्य कविताहरू नै उत्कृष्ट देखापर्छन् । थोरै संख्यामा लेखिएका छन्दोबद्ध कविताहरू त्यति प्रभावकारी छैनन् । अतः गद्य कवित्त्व नै उनको मुख्य पहिचान हो भन्न सकिन्छ ।

**घ) अलङ्कार, प्रतीक र बिम्ब**

अलङ्कार काव्यलाई सिंगारी त्यसलाई मनोहर एवम् रूचीकर तुल्याउने सुन्दर उपादान हो (ओझा र गिरी, २०५८:३१४) । यो काव्यको सहायक तत्त्वको रूपमा रहेको हुन्छ । अलङ्कार मुख्यतः दुई किसिमका हुन्छन् । शब्दालंकार र अर्थालंकार । यहाँ अर्थालंकारलाई प्रमुख दृष्टि दिएर नारायणप्रसाद शर्माका कवितामा पाइने केही अर्थालंकारका भेदहरूको प्रयोग के कसरी भएको छ भन्ने देखाउन केही नमूनाहरूको रूपमा कविताांशहरूलाई उदृधत गरिएको छ ।

१ उपमा

उपमा अर्थालङ्कार भित्रको एक भेद हो । एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमाको अर्थ हो । (थापा, २०६६:२३८) । नारायणप्रसाद शर्माले आफ्ना कविताको भाव र भाषालाई सन्दर एवम् कलात्मक बनाउनको लागि विभिन्न उपमाहरूको प्रयोग गरेका छन् । उपमा प्रयोग भएको कवितांश यहाँ प्रस्तुत गरिन्छ :-

आकाशका अनन्त तारा झैँ,

शहीदको पंक्तिमा चम्कने तिमी

जीवन र मृत्युको दोसाँधमा

त्रिशङ्कस झैँ झुण्डिएका हामी टिप्न सक्दैनौं ।

तिमीले भेट्न सक्दैनौ दीप्तिमान नक्षत्रलाई

(स्रष्टाहरूको सम्झनामा, १-६ पंक्ति)

यो कवितांशमा शहीद उपमेय आकाशका अनन्त तारा उपमाका रूपमा प्रस्तुत गरेर शहीदको अमरतालाई आलंङकारीक रूपमा चित्रण गरिएको छ ।

२) लोकोक्ति

लोकमा लामो समयदेखि प्रचलनमा आएका विभिन्न किसिमका भनाईहरू हुन्छन् । तिनीहरूलाई कवितामा प्रयोग गर्दा काव्यशोभा बढ्नुको साथै अर्थ सहज संप्रेष्य हुन्छ । लोकोक्ति अलङ्कारमा त्यस्तै लोकोक्तिको प्रयोग गरिएको हुन्छ । लोकोक्तिको प्रयोग भएको एक कवितांश यस्तो छ :

एउटा भूल लुकाउन सय भुल गर्नेहरू हो

चोरलाई बचाउन साधुहरूलाई शूली दिनेहरू हो

अब जनता यमराज बनेर

तिमीहरूलाई दण्ड गर्ने छन्

जनता भीड यमदूत बनेर

तिमीहरूलाई कुम्भीपाक नरकमा हुल्नेछन् ।

(भन पहरा कसले दिन्छ, ४८-५३ पंक्ति) ।

सत्ता र शक्तिको आडमा समाजमा कुकृत्य गरेर पनि आफूलाई भलादमी तथा चरित्रवान देखाउन खोज्ने जाली फटाहाहरूप्रति लोकोक्तिको माध्यमबाट व्यङ्ग्य गर्दै मान्छेको चेतनामा परिवर्तन आएको सन्दर्भलाई माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

**३) रुपक**

उपमेयमा उपमानको आरोप नै रूपक हो (थापा, २०६६, २३९) । रूपक अलङ्कारमा एक वस्तुलाई अर्को वस्तुसँग नछुट्टिने वा अन्तर नहुने गरी प्रस्तुत गरिन्छ । रूपक अलङ्कार प्रयुक्त भएको कविताको एक कवितांश यस प्रकार छ ।

स्वतन्त्रताको झुल्के घामले

यो जन्मै जीवन रमाएको छ ।

नवजात प्रजातन्त्रको आयु

आज नब्बे दिन मात्र भएको छ ।

(शिशु प्रजातन्त्र विरामी छ, ११-१४ पंक्ति) ।

माथिको कवितांशमा स्वतन्त्रतालाई झुल्के घामका रूपमा र प्रजातन्त्रलाई नवजात शिशुको रूपमा व्याख्या गरिएको छ । त्यसैले यसमा रूपक अलङ्कार प्रकट भएको छ ।

कवि नारायणप्रसाद शर्माले आफ्ना कविताहरूलाई आलङ्कारिक र लाक्षणिक एवम् गहन भावयुक्त बनाउनका लागि विभिन्न किसिमका बिम्बहरूको प्रयोग गरेका छन् । उनका कविताहरूमा विशेषगरी प्राकृतिक बिम्बहरूको आधिक्यता भेटिन्छ । जस्तै : अन्धकारको कालो पर्दा, जंगली जन्तु, सुन्दर हरियाली, रमणीय पृथ्वी, पुष्प गुच्छाहरू, सुकेको रूख, झरना, पूर्णिमाको जून, घाँसका मूठा, केराका पात, आकाशका तारा, घनघोर वर्षा, आँधी तुफान, ढकमक्क कमल आदि प्राकृतिक बिम्बका उदाहरण हुन् । त्यस्तै सामाजिक साँस्कृतिक क्षेत्रबाट टिपिएका बिम्बहरूमा - सलहको चौतारो, फलामको चिउरा, रक्तबिजहरू, यातनाका बन्चरा, भ्रमको प्याला, मुठीको माखो, कर्मको खल्ती, गरिबीको महासागर, मातेको मान्छे, महलको पिञ्जरा, गौप्राणी आदि रहेका छन् । बिम्बहरू प्रयोग भएको उनको एक कवितांश यहाँ उदाहरणको रूपमा प्रस्तुत गरिन्छ :–

वर्षने पानीको रिमझिम जस्तो
मेरो कविताको व्याथामा
भाव र कला छुट्टिन्न
गरिबीको महासागरको
साना साना टापुका
सम्पन्न बुद्धिजीवीको भावभाषा
मलाई आउँदैन ।

(कविसँग विद्रोह, ३९-४६ पंक्ति) ।

कुनै अदृश्य, अप्रस्तुत विषयको सट्टामा काम लिनका निम्ति प्रयुक्त वस्तु, चिन्ह वा संकेत प्रतीक हो (जोशी, २०५४: ७७) । प्रतीकले कुनै घटना, भाव, व्यक्ति, विषय र विचार वा क्रियाकलापलाई पनि प्रतिबिम्बन गरेको हुन्छ । कवि नारायणप्रसाद शर्माले कतिपय कविताहरूमा प्रतीकहरूको प्रयोग गरेर भावलाई गहन र सघन बनाएका छन् । उनका कविताहरूलाई अवलोकन गर्दा हिमाल, बाघ, नोट (पैसा), बिजुली, तिर्थयात्री, कलमबम, श्रवणकुमार, पुतली, वाणहरू, कसाई आदि प्रतीकहरूको प्रयोग भएको देखिन्छ । प्रतीक प्रयोग भएको एक कवितांशलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :-

म हिमाल हूँ
करूणामा पग्लेर जीवनजल बनिदिन्छु
(अप एप ससर्जादौ)
सृष्टिको भूल तत्त्व पानी बनिदिन्छ
झरना नद नदी बन्दै
समुन्द्र बनी दिन्छु
रत्नागर्भा बसुन्धरा माटो हुँ म सिर्जनाको मोती फल्छु
म अन्न ब्रहम हूँ
विश्वको पालना गरिदिन्छु ।

(म हिमाल हुँ, १५-२४ पंक्ति) ।

उपर्युक्त कवितांशमा विभिन्न शब्दहरू प्रतीकात्मक रूपमा प्रयुक्त भएका छन् । यहाँ हिमाल शब्दले कविको सत्य र न्यायप्रतिको दृढ आस्थालाई प्रकट गरेको छ । त्यस्तै झरना, नदी, समुन्द्र जस्ता प्रतीकहरूले जीवनको गतिशीलता र सिर्जनाको स्रोतलाई लाक्षणिक रूपमा अभिव्यक्त गरेका छन् ।

**ङ) भाषाशैली**

कवितामा प्रयुक्त हुने भाषा सरल, सरस र सुवोध हुनु आवश्यक छ । भाषाशैली कविताको कलापक्ष हो । जसले भावपक्षलाई प्रभावकारी रूपमा सम्प्रेषण गर्दछ । कवि नारायणप्रसाद शर्माले सरल, सरस र सुबोध भाषाको प्रयोग गरेर कविता रचना गरेका छन् । सहज सम्प्रेष्य भाषाको प्रयोग नै कवि शर्माको उल्लेखनीय काव्य विशेषता हो । उनका कविताहरू सामान्य पाठकका निम्ति पनि बोधगम्य भएका छन् । उनले कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको स्वाभाविक र अर्थपूर्ण रूपमा प्रयोग गरेका छन् । उनका कवितामा बैभव, सृष्टि, बसुन्धरा, बालवृद्ध, साक्षात, हृदय, दृष्टि सहिष्णुता, स्वतन्त्रता, रक्षक हिंस्रक, नरभक्षी, अंणु, शंखघोष, गतिशील, यन्त्रणा, दीप्तिमान, अस्त्र, श्रद्धान्जली, रक्तबीज जस्ता तत्सम शब्दहरू र ढुङ्गा, कसाई, झगडा, हाकिम, खरानी, फूलहरू, खुलासा, भण्डावाल, सरदार, आन्दोलन, चौतारो, खबर, बजार, छाती, बैशाख, थैली जस्ता तद्भव शब्दहरू र टेक्निकल कायर, बात, बहादुर, एक्सरे, थर्मामिटर, गाना, मेशिन, लोडसेडिङ, एभरेष्ट, सिनेमा ,सुपरपावर आदि शब्दहरूको अर्थपूर्ण प्रयोग भएको देखिन्छ । यसका अतिरिक्त कवि शर्माले फरर, लरक्क, थरर, ढकमक्क, धमाधम, पुत्पुताउने, फटाफट, भ्याप्प, झिर्लिकझिर्लिक जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कविताको लय पक्षलाई सबल तुल्याएका छन् ।

कवि शर्माले मूलतः आफ्ना कवितामा वर्णनात्मक शैलीलाई नै प्रयोग गरेको देखिन्छ तापनि उनका कतिपय कविताहरूमा इच्छा, प्रश्न, चित्र, व्यङ्ग्यात्मक प्रस्तुतिहरू पनि शैलीका रूपमा प्रयोग भएका छन् । उनले प्रयोग गरेका यी विविध शैलीलाई केही कवितांशहरू उद्धृत गरेर उनको प्रस्तुतिगत शैलीलाई चिनाउने प्रयास गरिएको छ :

**क) प्रश्नात्मक शैली**

फूलजस्तो कविता कि बज्र जस्तो कविता ?
मन जस्तो कविता कि खेल जस्तो रमिता ?
भन कविता कस्तो हुन्छ ?
के हुन्छ कविता के हुन्न कविता

(कविता कस्तो हुन्न ? १-४पंक्ति) ।

**ख) चित्रात्मक शैली**

ऊ टाढा टाढा शहरमा
आकाशमा तारा झै बिजुली चम्किरहेछन्
गाउँको अन्धकार चिरेर
गाउँले महिलाहरू बनपातको तर्खर गरिरहेछन्
हेर उता शहरमा मोटर थर्किरहेछन्
बानी परिसके नरनारीहरू
घैँटो बोकेर खोल्सामा पानी भर्न हिँडिरहेछन् ।

(गाउँबाट शहर हेर, १-७ पंक्ति) ।

**ग) व्यङ्ग्यात्मक शैली**

जर्जबुश ठूला बाघ हुन्
ठूलो गर्जन गर्छन्
सद्धाम हुसेन साना बाघ हुन्
सानो गर्जन गर्दछ
आखिर दुवै बाघ हुन्
सोझा सोझालाई के फरक छ ?
जर्जबुशका लोलुप आँखा

खाडीका सबै तेल भण्डारतिर छन्
सद्धाम हुसेनका क्रूर पञ्जा
कुवेतका तेल भण्डारमा गडेका छन् ।

(सबै बाघ मान्छेको रगत पिउँछन् , २२-३१ पंक्ति) ।

**घ) वर्णनात्मक शैली**

६ अगस्त १९४५ को बिहानी
बिछौनामै थिए हजारौं नानी
सुखद् निदमा मीठो कल्पनामा
अकस्मात प्रचण्ड विस्फोट भयो
पृथ्वी थररर काँपिन
काली नीली कालरात्रि बनिन्
फेरी आगाको मुस्लो बनिन्

(ऐटम बममा पर्नेलाई मेरो तर्पण, १-७) ।

**ङ) इच्छात्मक शैली**

तिम्रो परिवेशमा ठूलो होड होला
अभिव्यञ्जनाको नयाँ नयाँ प्रयोग होला
तिमी प्रयोगको नबाँचीदेऊ
मेरो व्यथाले गाउँघर बनपाखा
भञ्ज्याङ र चौराली
रनवन रन्काउनुछ
मेरो छटपटीको झिलिङ्गोले
अपराध जति
जम्मै खरानी पार्नु छ ।

(कविसँग विद्रोह, ४७-५५ पंक्ति) ।

उल्लेखित कवितांशहरूमा कवि नारायणप्रसाद शर्माले विभिन्न किसिमका शैलीहरूलाई अपनाएर आफ्नो भावना र विचारको अभिव्यक्ति दिएका छन् । पहिलो कवितांशमा उनले कविता के हो वा के होइन भन्ने विषयलाई प्रश्नात्मक शैलीको माध्यमबाट प्रस्तुत गरेका छन् । त्यस्तै गरी दोस्रो कवितांशमा गाउँ र शहरको चित्रात्मक वर्णन गरेर ति दुईका बीचका भिन्नतालाई केलाएका छन् । कविले तेस्रो कवितांशमा आफूलाई शक्तिशाली ठान्ने क्रूर शासकहरूका अमानवीय व्यवहारहरू माथि हिंस्रक प्राणी बाघलाई प्रतीक बनाएर प्रखर व्यङ्ग्य गरेका छन् । ऐतिहासिक घटनाहरूलाई कवितात्मक अभिव्यक्ति दिने क्रममा उनले चौथो कवितांशमा सन् १९४५ अगस्त ६ मा अमेरिकाले जापानमाथि गरेको ऐटम बमको आक्रमणलाई वर्णनात्मक रूपमा लिपीबद्ध गरेका छन् । पाँचौ कवितांशमा कवि शर्माले समाज परिवर्तनको प्रवल इच्छा व्यक्त गरेका छन् । यसका लाग उनले समाजका सम्पूर्ण विकृतिहरूलाई खरानी बनाएर मात्र नयाँ संस्कार र संस्कृति स्थापना गर्न सकिन्छ भन्ने प्रवल आकंक्षा देखाएका छन् । यसरी नारायणप्रसाद शर्माका कविताहरूको भाषाशैलीमाथि दृष्टि दिंदा सरल र सरस शब्दमा बोधगाम्य शैली अपनाएर कविताहरू रचना गरेको देखिन्छ । उनले तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग गरेर भाव र विचारलाई स्वभाविक रूपमा कलात्मक वाणी दिएका छन् ।

**च) निष्कर्ष**

नारायणप्रसाद शर्मा नेपाली साहित्यमा प्रगतिवादी कविका रूपमा प्रतिष्ठित छन् । मूलतः गद्य कविता मै कलम चलाएका छन् र फाटफुट रूपमा केही पद्य कविताहरू पनि रचना गरेका छन् । उनी पद्य कवितामा त्यति सफल देखिदैनन् । जति गद्य कविका रूपमा प्रचलित छन् । प्रस्तुत **मातेको मान्छे र प्रजातन्त्र** शीर्षक कविता संग्रह भित्रका कविताहरू समसामयिक नेपाली समाज, संस्कृति, राजनीतिका साथै विश्वमा घटेका विभिन्न किसिमका घटनाहरूको सटिक र सशक्त अभिलेखका रूपमा रहेका छन् । उनका कविताका शीर्षकहरू सुबोध र आकर्षक हुनुका साथै प्रतीकात्मक र व्यञ्जनात्मक पनि छन् ।

कवि शर्माले मूलतः नेपाली समाजका विविध पक्षहरूलाई आफ्नो कविताको विषयवस्तु बनाएका छन् । यस क्रममा उनले नेपाली समाजमा व्याप्त गरिवी, असमानता, पछौटेपन, अज्ञानता, अन्याय, अत्याचार आदिलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्दै समतामूलक समृद्ध

समाजको तीव्र आकंक्षा अभिव्यक्त गरेका छन् । वगर्ससंघर्षलाई निकै महत्वका साथ प्रस्तुत गर्दै उच्च वर्गीय शोषक सामन्तहरूले फैलाएका खराब प्रवृत्तिहरूको टड्कारो बिरोध गरेका छन् । कविता मार्फत प्रगतिवादी विचार र दर्शन सरल रूपमा प्रस्तुत गर्न उनले कविकथन र कविनिबद्धवक्तृकथन लाई माध्यमको रूपमा प्रयोग गरेका छन् । जसरी प्रस्तुत गरेको भएपनि मूलतः उनले प्रगतिवादी विचारधारालाई नै केन्द्रमा राखेर कविताहरू सिर्जना गरेका छन् ।

विचार र दर्शनलाई सम्प्रेषण गर्ने सन्दर्भमा उनले कविताको भाषाशैलीमा पनि विशेष ध्यान दिएका छन् । उनका कविताहरू साहित्यशास्त्रका विद्वान र वरिष्ठ समालोचकका निम्ति मात्र नभएर सामान्य पाठकका निम्ति पनि सहज र बोधगम्य छन् । छोटाछोटा सरल शब्दहरूको प्रयोगले उनका कविताहरू नेपाली जनमानसमा सजिलै बुझ्नसक्ने किसिमका भएका छन् । उनले वर्णनात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक आदि शैलीलाई अनुसरण गरेर कविताहरूको रचना गरेका छन् ।

समग्रमा कविताहरू विचार र दर्शनले मात्र मुक्त नभई सहज सम्प्रेष्य र सरल भाषाशैलीका कारण पनि सुन्दर बनेका छन् ।

### ४.१.२ पत्रकारिताः मेरो मनोयोग को विश्लेषण

प्रस्तुत कृति पत्रकारिताः मेरो मनोयोग कवि एवम् पत्रकार नारायणप्रसाद शर्माले अफ्नो साहित्ययात्रा र पत्रकारिता यात्राका दौरानमा देखेको भोगेको अनुभव र अनुभूतिहरूको कवितात्मक अभिव्यक्ति हो । कृतिको शीर्षकबाट नै यो प्रष्ट हुन्छ कि यस संग्रहभित्र रहेको अधिकांश कविताहरू पत्रकारिता क्षेत्रसँग सम्बन्धित छन् । वि.सं. २०६८ सालमा प्रकाशित भएको यस कृतिमा ३६ वटा कवितात्मक अभिव्यक्तिहरू संकलित रहेका छन् । सबैजसो कविताहरूमा पत्रकार एवं कवि शर्माको वैयक्तिक जीवन र पत्रकार एवं साहित्यिक व्यक्तित्त्व कुनै न कुनै रूपमा प्रकट भएकै छन् । पत्रकारिता क्षेत्रमा जीवनको लामो समय व्यतित गरेका निकै अनुभवी एवं बरिष्ठ पत्रकार शर्मा पत्रकारिताले समाजको विकासमा पुऱ्याएको महत्त्वपूर्ण योगदानलाई आफ्ना कवितात्मक अभिव्यक्तिका माध्यमबाट जनमानस समक्ष प्रस्तुत गरेका छन् । उनको पत्रकार व्यक्तित्त्व अन्य व्यक्तित्त्व भन्दा निकै प्रखर र उच्च रहेको सहजै अनुमान गर्न सकिन्छ । पत्रकारहरूको प्रतिष्ठित संस्था प्रेस काउन्सिलको अध्यक्ष जस्तो गरिमामय पदमा आसिन रहेर नेपाली पत्रकार र पत्रकारिताको विकास एवम्

उन्नयनका निम्ति उनले लिएको अग्रसरता उल्लेखनीय रहेको छ । आफू पत्रकारिता क्षेत्रसँग आबद्ध रहेको हुँदा त्यस क्षेत्रका राम्रा नराम्रा दुवै पक्षहरूलाई उनले विभिन्न कवितात्मक अभिव्यक्तिका माध्यमबाट विश्लेषण गर्ने प्रयत्न गरेका छन् । यस संग्रहमा संकलित उनका विभिन्न शीर्षकका कवितात्मक अभिव्यक्तिहरूलाई विभिन्न कविता तत्त्वको आधारमा यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.२.१ शीर्षक चयन

यस संग्रहभित्र संकलित कविताहरू सबैजसो कविताहरू पत्रकारिताक्षेत्रका अनुभव र अनुभूतिहरूका कवितात्मक अभिव्यक्ति नै हुन् । ती कवितात्मक अभिव्यक्तिहरूका शीर्षकहरू सरल र सहज संप्रेष्य नै छन् । कवि नारायणप्रसाद शर्माले एक शब्दको शीर्षकदेखि लिएर वाक्यको तहसम्मको भाषिक एकाइलाई कविताको शीर्षक बनाएका छन् । यस संग्रहमा रहेका समाचार मन, तिर्थस्थल जस्ता एक शब्दे शीर्षक राखिएका कवितात्मक अभिव्यक्ति रहेका छन् । त्यसैगरी क्रान्तिको दूतहरूसित, शून्यबाट थालनी, एक्लो मान्छे, जून टिप्ने सपना, निष्ठा बोकेको पत्रकार जस्ता शब्दसमूह पनि कविताका शीर्षकका रूपमा प्रयुक्त भएका छन् । असल पत्रकार कस्तो ? जस्तो वाक्य पनि यहाँ कवितात्मक शीर्षक बनेको देख्न सकिन्छ । प्रस्तुत संग्रहमा संकलित कविताका शीर्षकहरू सजिलै बुझ्न सक्ने किसिमका र कविताका विषयवस्तुसँग संगति राख्न सक्ने किसिमका छन् । लोकजीवनमा प्रचलित शब्दहरूलाई नै शर्षिक बनाएर कविता रचना गर्नु र कविताको कलापक्ष भन्दा विचारपक्षमा बढी ध्यान दिनु कवि नारायणप्रसाद शर्माको कविता लेखनको उल्लेखनीय विशेषता बनेको छ । उनी जीवन र जगतको चित्रणमा कलात्मक जादूगरि नभइ यथार्थपरक शैली अपनाएर आफ्नो विचारलाई विश्वासनीय र सत्यको नजिक पुऱ्याउने अभिष्ट राख्दछन् । नारायणप्रसाद शर्माका कवितात्मक शीर्षकहरू कलात्मक एवम् आलंकारिक नभइ सरल, सरस र सुबोध रहेका छन् ।

### ४.१.२.२ विषयवस्तु

प्रस्तुत कृति पत्रकारिता क्षेत्रसँग सम्बन्धित रहेर लेखिएको हुँदा यसमा विषयगत विविधता र व्यापकताको अपेक्षा गर्न सकिदैन । यस संग्रहका सबैजसो कविताहरू पत्रिकारिता क्षेत्रका अनुभव र अनुभूति हुन् । त्यसैले संकलित कवितात्मक अभिव्यक्तिहरू कवि नारायणप्रसाद शर्माको पत्रकार व्यक्तित्त्वले देखे भोगेको जीवनजगत र समाजका विभिन्न क्षेत्रहरूमध्ये एक पत्रकारिता क्षेत्रको महिमा, स्वस्थ आलोचना र यसको महत्त्वका बारेका वर्णन, विश्लेषण हुन् ।

पत्रकारिताको औपचारिक अध्ययन नगरेतापनि नारायणप्रसाद शर्मा नजानिदो ढंगले पत्रकारिता क्षेत्रमा आकर्षित भए । विभिन्न महान् व्यक्तिहरूको जीवनी, तिनले गरेको पत्रकारिता आदिबाट निकै प्रभावित र प्रेरित भएर यस क्षेत्रमा लाग्ने उत्कट आकंक्षा जागेको अनुभवलाई यसरी अभिव्यक्त गर्छन् –

मलाई पत्रकारिताको कक-नन कसैले गराएन
तालिम पनि पाइनँ
ऋषि कार्ल मार्क्सको पत्रिकाको कथा पढेको थिएँ
त्यसले युरोपमा भुइँचालो ल्याएको थियो रे !
शासकहरूले सहेनन् मार्क्सको कलमलाई
देशनिकाला गरियो मार्क्सलाई
किन हो, त्यो पढेर मेरो मुटु कामेन
म बरु रोमाञ्चित भएँ ।

(प्रेरणाका स्रोतहरू, पंक्ति ४-१०) ।

महान व्यक्तिहरूको जीवनसंघर्षलाई प्रेरणाको स्रोत बनाएर साहित्ययात्रा र पत्रकारिता क्षेत्रमा हामफालेका नारायणप्रसाद शर्मा जस्तोसुकै कठिन परिस्थितिमा पनि हतास र निराश नभई अनवरत रूपमा आफ्नो कर्मयोगमा जुटिरहे । उनको यो संघर्षशील जीवनकथा नयाँ पुस्ताका पत्रकार र साहित्यकारका निम्ति उत्प्रेरणाको गतिलो पाठ बनेको छ ।

पञ्चायतकालीन कष्टकर समयमा पत्रकारिता गरेर जनताहरूलाई सु-सुचित गर्न निकै नै चुनौतिपूर्ण कार्य थियो त्यस्तो प्रतिकूल परिस्थितिमा पनि नारायणप्रसाद शर्माले

निर्भयताका साथ पत्रकारिताको बाटोमा लुखुरलुखुर हिंडिरहे । तत्कालीन समयमा पत्रकारहरूले भोग्नु परेको बाधा व्यावधान र प्रशासनको दमनलाई कवि यसरी अभिव्यक्त गर्दछन् –

समाचारको स्रोत चिठीपत्र मात्रै

या रेडियो मात्रै

विकट क्षेत्रको साधनहीन पत्रकार

कहिले अलपत्रकारजस्तो

कहिले अल पत्रकारजस्तो

कहिले अलपत्र कारजस्तो

त्यसमा पनि पञ्च सरकारको कुदृष्टि

अञ्चलाधिश र सीडीओको वक्रदृष्टि

धन्य त्यसबेलाको पहिलो पत्रकारिता सृष्टि ।

(शून्यबाट थालनी, पंक्ति ३५-४३) ।

समाचारका साधनहरूको आशातित विकास नभएको अवस्थामा पत्रकारिता गर्नु फलामका चिउरा चपाउनु जत्तिकै कठिन थियो । अर्कोतिर पञ्चायतिशासनको कुदृष्टि र तिनका नाइकेहरू अञ्चलाधिश र सिडिओको हैकमवादी प्रवृत्तिका कारण पत्रकारहरू पटक-पटक प्रताडित हुनपरेको तीतो अतित माथिका कवितांशमा सशक्त ढंगले अभिव्यक्त भएको छ ।

पत्रकारितालाई नै आफ्नो जीवन सम्झने वरिष्ठ पत्रकार शर्माको पत्रकारिता जीवन उनको वैयक्तिक जीवन जस्तै विविध आरोह अवरोह युक्त नागवेली यात्रा पार गर्दै अघि बढेको देखिन्छ । पत्रकारिताप्रतिको उनको प्रेम, आस्था र श्रद्धा सगरमाथा जत्तिकै उच्च र अटल रहेको छ । सञ्चारको विकासकै कारण नेपाली समाजमा राजनैतिक र सामाजिक परिवर्तन द्रुतत्तर गतिमा हुनसम्भव भएको हो ।

यस अर्थमा समाज परिवर्तनको निम्ति पत्रकारिता क्षेत्रले खेलेको भूमिका प्रशंसनीय छ । सूचना क्रान्तिकै कारण विशाल विश्व आज एउटा गाउँ जस्तो बन्न पुगेको छ । विश्वको एउटा कुनामा घटेको घटना अर्को कुनाको मान्छेले छिटो थाहा पाउन सम्भव

भएको छ । यस्तो सूचना क्रान्ति जनताको निम्ति सहयोगी हुन्छ वा हुँदैन भन्नेमा संसय व्यक्त गर्नुको साथै पत्रकार शर्मा सम्पूर्ण पत्रकारहरूलाई सचेत हुँदै जन पक्षिय पत्रकारिता गर्न यसरी आग्रह गर्छन् –

विश्व थर्काउने सूचनाक्रान्ति

जनतामा पुगेर भ्रान्ति बन्छ कि

क्रान्तिको अमृतपान गर्ने अधिकार

परजीवी जन्तुले लिन्छ कि

सावधान पत्रकारहरू !

कसैले बाटो छेक्छ कि !

(प्रेस काउन्सिलमा पहिलो उदघोष, पंक्ति, ५१-५६)

उपर्युक्त कवितांशहरूमा अभिव्यक्त भाव पत्रकार शर्माको चिन्ता र चासो आजको समयमा निकै सान्दर्भिक छ । जनतालाई सुसूचित गराउने जनअधिकारका पक्षमा वकालत गर्ने पत्रकारिता क्षेत्र पैसा र शक्तिको बलमा राष्ट्रधात गर्नेहरूको लागि उपयोगिताको साधन बन्न पनि सक्छ । तसर्थ उनले पत्रकारहरूलाई आफ्नो पेशामा मर्यादित रहँदै कुनै पनि किसिमको प्रलोभनमा नफस्न सचेत गराएका छन् ।

पत्रकार शर्माले यस संग्रहमा संकलित कविताहरूमा आफ्नो पत्रकारिता जीवनको शुरूवातदेखि लिएर व्यक्तिगत जीवनका सुख दुःखहरू, समाजमा व्याप्त असमानता, अन्याय अत्याचारको साथै सञ्चार क्षेत्रले पुऱ्याएको योगदान र यस क्षेत्रमा देखिएका खराब प्रवृत्तिलाई पनि उदाङ्गो पारिदिएका छन् । आजको समयमा संख्यात्मक रूपमा जति-जति सञ्चार गृहहरूको विकास भएको छ त्यतिकै स्तरमा सञ्चारकर्मीहरूमा पेशागत मर्यादा, आदर्श र त्यागको विकास हुन सकेको छैन । नेपाली सञ्चार माध्यममा विभिन्न किसिमका विकृतिहरू रहेकै छन् । जसले गर्दा यो क्षेत्रप्रति जनताको विश्वास कमजोर बन्दै गएको अनुभव हुन्छ । त्यस्तो विकृति र विसंगतिप्रति व्यङ्ग्य गरिएको एक कवितांश यस्तो छ –

आजको मिडिया पशुपतिको मन्दिर जस्तै

हेर्दा दिव्य र भव्य

तर भुँईका जनतालाई

कौवालाई बेल पाकेजस्तै

आफूले चौरासी व्यञ्जन खाएर

त्यसको बास्ना बाँडेजस्तै

सूचनामा क्रान्ति आयो

लगानी गर्नेलाई सत्र पऱ्यो

आवाजहीन आवाज अलपत्र रहयो

पत्रकारिताको धर्म के हो ?

अब सबैले सोच्नुपऱ्यो

(प्रेस काउन्सिलमा पहिलो उदघोष, पंक्ति ५७-६७)

प्रविधि र साधनस्रोतको विकासले आजको नेपाली मिडिया निकै भव्य र समृद्ध भएको छ । यसको रूपरङ्ग र आकारप्रकारमा अतुलनीय परिवर्तन भएको छ तर जनपक्षिय पत्रकारिता अझै पनि प्रभावकारी बन्न नसक्दा पत्रकारिताको विकास र समृद्धि हक अधिकार विहिन जनताका निम्ति सहयोगी बन्न सकेको छैन । नेपाली मिडियामा लगानी गर्ने र कालो धनलाई सेतो बनाउन उद्यत रहने जाली फटाहाहरूले नै नेपाली मिडियालाई नियन्त्रण गरेको देख्दा कवि विक्षुप्त हुन्छन् र त्यस्ता प्रवृतिका विरूद्धमा जाग्नै पर्ने शंखघोष पनि गर्छन् ।

पत्रकार नारायणप्रसाद शर्माले मूलतः पत्रकारिता क्षेत्रलाई केन्द्रमा राखेर सिर्जना गरेका यस संग्रहभित्रका कवितात्मक अभिव्यक्तिहरूमा पत्रकारिताको साथै समाजका राजनीतिक आर्थिक सामाजिक र साँस्कृतिक पक्षहरू पनि अप्रत्यक्ष रूपमा कविताका कथ्य भएर अभिव्यक्त भएका छन् । उनले आफ्नो पत्रकारिता जीवनको चर्चा गर्ने सन्दर्भमा व्यक्तिगत र पारिवारिक जीवनका सुख दुःखका सन्दर्भहरूलाई पनि यहाँ उल्लेख गरेका छन् । त्यसैगरी समाजमा देखिने विकृति विसंगतिलाई घृणा गर्दै समतामूलक, सभ्य र सुन्दर समाजको निर्माणमा लाग्न सबैलाई आग्रह गरेका छन् । समग्रमा यस संग्रहभित्र रहेका कविताहरू नेपाली समाजको मूलतः पत्रकारिता र यसका अतिरिक्त अंशमा राजनीतिक, सामाजिक, साँस्कृतिक पक्षहरूको स्पष्ट चित्र बनेर अंकित भएका छन् ।

### ४.१.२.३ विचार वा भावको स्थिति

प्रस्तुत पत्रकारिताः मेरो मनोयोग कृतिमा नारायणप्रसाद शर्माको पत्रकार व्यक्तित्त्व कवितात्मक रूपमा प्रभावकारी ढंगले अभिव्यक्त भएको छ । जीवनको लामो समय पत्रकारिता क्षेत्रमा बिताएका शर्मा पत्रकारिता र यसले समाजमा पुऱ्याएको योगदानलाई मुक्तकण्ठले प्रशंसा गर्दछन् । उनका शिक्षक, लेख र समाजसुधारक व्यक्तित्त्व भन्दा पनि पत्रकार व्यक्तित्त्व निकै नै लोकप्रिय र उच्च रहेको छ । पञ्चायतकालिन कठोर समयमा यस क्षेत्रमा लागेका उनी विविध आरोह अवरोह पार गर्दै प्रेस काउन्सिलको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त भएर आफ्नो क्षमता, अनुभव र बौद्धिकतालाई भरपुर रूपमा प्रयोग गर्दै यस क्षेत्रको उन्नययनका निम्ति आजपनि प्रयत्नशील रहिरहेका छन् । सादा जीवन उच्च विचारका उदाहरणीय व्यक्तित्त्व पत्रकार शर्मा नयाँ पुस्ताका निम्ति उत्प्रेरणाका स्रोत बनेका छन् ।

यस कृतिमा पत्रकार शर्माले आफूले पत्रकारिता शुरू गर्दाको संघर्षशील समयको वर्णनदेखि लिएर प्रजातन्त्र पुनःस्थापना पछि विकसित बन्दै गएको पत्रकारिता क्षेत्रको संक्षिप्त इतिहास कवितात्मक शैलीमा प्रस्तुत गरेका छन् । पत्रकारिता क्षेत्रलाई केन्द्रविन्दुमा राखेर उनले समाजका अन्य पक्षहरूलाई यस कृतिमा उल्लेख गर्न बिर्सेका छैनन् । उनले विभिन्न सन्दर्भमा नेपाली समाजको आर्थिक साँस्कृतिक, राजनैतिक, सामाजिक आदि पक्षहरूको चित्रण गरेका छन् । प्रेस काउन्सिलको उच्च पदमा आसिन रहेका उनि पत्रकारहरूको यस साझा संगठन प्रति गर्व महशुस गर्दै यो मर्यादित संस्थाको गौरवलाई जोगाइराख्न सबैको सहयोगको यसरी अपेक्षा गर्दछन् –

संसारमा निकै सम्मानित संस्था मानिन्छन्
प्रेस काउन्सिलहरु
स्वतन्त्र, स्वायत्त, सम्मानित र बेदाग मानिन्छन्
पत्रकारहरूले यसमाथि गौरव गर्छन्
द्रष्टा, स्रष्टा, श्रोता, भोक्ता सबैले विश्वास गर्छन्
यो गजुरलाई कुनै हजुरले धुमिल पार्न सक्तैनन्
यसलाई त्यस्तै मर्यादित संस्था बनाउन
हामीलाई सबैको सहयोग प्राप्त होस्

हामीलाई सावधान पार्न

सबैका औंला ठाडा भइरहून् ।

(अबको प्रेस काउन्सिलः ११८-१२७ पंक्ति)

संसारमा निकै सम्मानीय संस्था मानिने प्रेस काउन्सिल स्वतन्त्र स्वायत्त र सम्मानित संस्था हो । द्रष्टा, स्रष्टा, श्रोता आदिले विश्वास गरेका कारण यसको गौरब चुलिएको छ । यसको गौरबलाई जोगाइराख्नको निम्ति कवि एवं पत्रकार शर्मा सबैको सहयोगको अपेक्षा गर्छन् । उनी आफ्नो गुणगान गाउने भन्दा कमी कमजोरी औल्याइदिने र सधै खवरदारी गर्ने सिर्जनशील देशभक्त मनहरूप्रति निकै विश्वास गर्छन् । त्यस्ता रचनात्मक सुझाव र आलोचनालाई मनन् गर्दै आफू पत्रकार र पत्रकारिता क्षेत्रको निम्ति जीवनपर्यन्त संघर्षशील रहने दरिलो विश्वास प्रकट गर्छन् ।

## ४.१.२.४ प्रस्तुतीकरण

नारायणप्रसाद शर्माले यस संग्रहमा संकलित कवितात्मक अभिव्यक्तिहरूमा कविकथन र कविनिबद्धवक्तिकथन दुवैशैलीको प्रयोग गरेका छन् । कविकथनका माध्यमबाट प्रस्तुत गरिएका कवितामा उनले प्रथम पुरूष 'म' पात्रका साथै 'हामी' पात्रको पनि प्रयोग गरेको देखिन्छ । 'एक्लो मान्छे' शीर्षकको कविताको शुरूको अनुच्छेदमा 'म' पात्रका माध्यमबाट यसरी आफ्नो भावना अभिव्यक्त गरेका छन् –

म मान्छे खोजिरहन्छु

आफ्नै खजाना भर्न

म साथी खोज्दै हिँड्छु

यो दुनियाँ सजाउन

म आफन्त पहिल्याउँछु

आफ्नै मनको बह पोख्न

(एक्लो मान्छे : १-६ पंक्ति)

त्यसैगरी प्रथम पुरूष 'हामी' को प्रयोग भएको एक कवितांश यहाँ उदाहरणका रूपमा उद्धत गरिएकोछ –

हामी जलस्रोतका धनी

अन्धकारमा गर्जन गर्छौं

रित्ता गिलास ठटाएर प्यास मेट्छौँ

हामी चौथो अङ्गको मर्म बुझ्दैनौँ

बादलविनाको वर्षा खोज्छौँ ।

(नेपाल प्रेस इन्स्टिच्युटः १०९-११३ पंक्ति)

कविले प्रथम पुरूषिय 'म' र 'हामी' को माध्यमबाट कवि कथनात्मक शैलीमा आफ्नो मनका निजात्मक अनुभूतिहरूलाई हृद्धयस्पर्शी ढंगले प्रस्तुत गरेका छन् ।

कवि शर्माले कविनिबद्धवक्तृकथनका माध्यमबाट आफ्नो भावना व्यक्त गर्दा द्वितीय र तृतीय पुरूषको प्रयोग गरेको भेटिन्छ । कविनिबद्ध कथनशैलीको प्रयोग भएको एक कवितांश यस्तो छ –

नमीठो कुरा पनि मीठो गरी लेख्न सिक

वाचन गर्न सिक

मान्छेभित्र जहर पनि छ

मान्छेभित्र अमृत पनि छ

त्यो निस्कन्छ बाणीबाट

सावधान पत्रकार !

तिम्रो विवेक तिमीसँगै छ ।

विवेकलाई बन्धक नराख

बल्ल समाचार बन्छ ।

(समाचारः २४-३३ पंक्ति)

उपर्युक्त कवितांशमा कवि शर्माले पत्रकारहरूलाई आफ्नो विवेक प्रयोग गरेर कुरूप र तीतो कुरालाई पनि मीठो शब्दमा लेख्न आग्रह गरेका छन् । पत्रकारिता रहरको खेल नभएर दायित्त्वयुक्त कठिन कर्म भएको हुँदा हरेक पत्रकार इमान्दार, मर्यादित विवेकशील र निर्भिक भएर प्रस्तुत हुनु आजको युगको आवश्यकता हो भन्ने उनी ठान्दछन् ।

नारायणप्रसाद शर्माले आफ्नो मनका भावना जीवनका अनुभव र आफूले बोध गरेको यथार्थलाई कवितात्मक ढाँचामा अभिव्यक्तगर्दा कविकथन र कविनिबद्धवक्तृकथन दुवै

ढाँचाको प्रयोग गरेका भेटिन्छ । उनका धेरैजसो कविताहरू कविकथन ढाँचा प्रयोग गरी रचिएका छन् र ती कविताहरू अपेक्षाकृत हृद्धयस्पर्शी र सहजबोधगम्य छन् ।

## ४.१.२. ५ भाषाशैली

भाषिक शिल्पका दृष्टिले नारायणप्रसाद शर्माका यस सङ्ग्रहका कविताहरू सरल र सरस खालका रहेका छन् । उनले जनमानसले सजिलै बुझ्नसक्ने झर्रा नेपाली शब्दहरूका साथै सुवोध तत्सम शब्दहरू, लोकमा प्रचलित तद्भव शब्दहरू र आगन्तुक शब्दहरूको समेत प्रयोग गरी रचनालाई सुन्दर बनाएका छन् । यस संग्रहमा प्रयुक्त कर्कश, वृक्ष, दृष्य, प्रदुषित, सृष्टिक्रम, अनाशक्तयोग, तृष्ण, भूकम्प जस्ता तत्सम शब्दहरू रहेका छन् । कतैकतै उनले 'स्वदेशो भुवनत्रयम' 'विश्व पुष्टं ग्राम अस्मिन्नातुरम' 'यत्र विश्वं भवत्येक नीडम्' जस्ता संस्कृतका सूक्तिहरूलाई प्रयोग गरी कविताका भावपक्षलाई निकै सबल बनाएका छन् । त्यसैगरी यस संग्रहमा पाना, दाम्लो, गाँठो, गहिराइ, आँखा, घाँस, खतरा जस्ता तद्भवपरक शब्दहरू पनि प्रयोग भएका छन् । त्यस्तै किसिमले इन्स्टिच्यूट, फ्रेन्च, मिसन, ग्लोबलभिलेज, प्रोफेसन, भिजन जस्ता आगन्तुक शब्दहरूको स्वाभाविक र सन्तुलित प्रयोगले रचनाको शोभा नै बढाएको आभाष हुन्छ ।

कवि नारायणप्रसाद शर्माले विभन्न किसिमका अनुभव र अनुभूतिलाई विभिन्न भाषाशैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । यस संग्रहमा वर्णनात्मक, निजात्मक, इच्छात्मक र प्रश्नात्मक आदि शैलीहरूको माध्यमबाट कवितात्मक अभिव्यक्तिले प्रस्तुतिको विविधता पाएको देख्न सकिन्छ ।

**क) वर्णनात्मक शैली:**

प्रेस काउन्सिलमा

मैले पहिलो उदघोष गरेँ-

लोकतान्त्रिक गणतन्त्र नेपालको

प्रेस काउन्सिलको प्रथम बैठकमा

यसरी स्वागत गर्न पाउनु

मेरा लागि अत्यन्तै सुखद अवसर हो ।

(प्रेस काउन्सिलमा पहिलो उदघोष, १-६ पंक्ति)

**ख) निजात्मक शैली**

म नाउ झैं छु ढल्पल

विचारको तरङ्ग छ

विवादले भरङ्ग भै

म खोज्छु शान्तिसौरभ

(फोहोरको डङ्गुरमाथि, १-४ पंक्ति)

**ग) प्रश्नात्मक शैली**

के हो प्रेसजगत् ?

के हो यसको गुरुत्तर दायित्व ?

आजको 'मिडिया'

हाम्रो विवेकमा अडिएको छ कि?

सत्ता र पूँजीको या कुनै अदृश्य दबाबमा छ कि ?

(अबको प्रेस काउन्सिल १-७ पंक्ति)

**घ) व्यङ्ग्यात्मक शैली**

कमाउने घमाउने

एक्लै रमाउने

घुसघुसे

अहङ्कार बोकेको

आफूलाई बेचेको

अथवा बिकेको थाहा नपाएको

संवेदनाहीन

चिन्तनहीन

लेखेरै ठूलो बन्ने पत्रकार

कस्तो पत्रकार

(यी पत्रकार, यो पत्रकारिताः १-१० पंक्ति)

यसरी विविध शैलीको प्रयोग गरी नारायणप्रसाद शर्माले निजात्मक अनुभूति र जीवन भोगाईका विविध पक्षहरूलाई कलात्मक र चित्ताकर्षक बनाएका छन् । मूलतः सरल र सरस भाषाशैलीको प्रयोगले पाठकको मन जित्न सफल शर्माले कविताको भाव सुहाउँदो शैलीको प्रयोग गरेर रचनालाई सुन्दर बनाएका छन् ।

### ४.१.२.६ निष्कर्ष

वरिष्ठ पत्रकार एवम् साहित्यकार नारायणप्रसाद शर्माको लामो पत्रकारिता यात्राको कवितात्मक अभिलेखको रूपमा प्रकाशित प्रस्तुत कृति पत्रकारिताः मेरो मनोयोग एक उल्लेखनीय महत्त्वपूर्ण कृति हो । साहित्य र पत्रकारितालाई समानन्तर रूपमा अघि बढाइरहेका अथक साधक शर्माले आफ्नो पत्रकारिता यात्राका विविध आरोह अवरोहहरूलाई सुललित कवितात्मक अभिव्यक्तिका माध्यमबाट यस पुस्तकमा प्रस्तुत गरेका छन् । मूलतः पत्रकारिता क्षेत्रसँग सम्बन्धित यस सङ्ग्रहका अधिकांश रचनाहरूमा उनको पत्रकार जीवन नेपाली पत्रकारिताको विकास, नेपालको राजनैतिक सामाजिक परिवर्तनमा यसले पुऱ्याएको योगदान आदि प्रतिबिम्बित भएका छन् । त्यसको साथै अन्य केहि रचनाहरूमा सामाजिक, साँस्कृतिक, राजनैतिक र आर्थिक आदि पक्षहरू पनि प्रकट भएका छन् ।

आफ्नो लामो पत्रकारिता यात्राको व्याख्या-वर्णन गरिएको यस संग्रहका रचनाहरूमा उनले पत्रकारिता क्षेत्रमा देखिएका सबल र दुर्बल दुवैपक्षहरूलाई तटस्थ भएर प्रस्तुत गरेका छन् । उनका रचनाहरू नयाँ पिंढीका पत्रकारहरूका निम्ति पठनीय, मननयोग्य र उत्प्रेरक रहेका छन् । आफ्ना रचनाहरूमा निजात्मक अनुभव र अनुभूतिहरूलाई कलात्मक रङ्गले रङ्गाएर प्रस्तुत गर्न कुशल साहित्यकार शर्माले जीवन भोगाईका सुखद दुःखद क्षणहरूलाई उत्प्रेरणामा बदल्दै सधैंभरि मान्छेलाई जीवनप्रति आशावादी हुन हौस्याइरहन्छन् ।

भाषिक सरलता र सरसताका कारण यस सङ्ग्रहका सबैजसो रचनाहरू सहज संप्रेष्य र सुबोध रहेका छन् । कवितात्मक अभिव्यक्तिमा पनि सूक्ष्म आख्यानलाई प्रस्तुत गर्दै भावलाई सबैले बुझ्ने बनाउनु उनको लेखकिय विशेषता नै बनेको छ । समष्टिमा प्रस्तुत सङ्ग्रहले एकातिर रचनाकारको पत्रकारिता यात्राको इतिहासलाई लिपीवद्ध गरेको छ भने अर्कातिर जीवन भोगाइका विविध वैयक्तिक अनुभव र अनुभूतिलाई हृदयश्पर्शी ढंगले प्रस्तुत गरेको छ ।

पत्रकारिता क्षेत्र र साहित्यसिर्जनामा अनवरत साधनरत नारायणप्रसाद शर्मा काठमाडौं बाहिर रहेर पनि राष्ट्रियस्तरको प्रतिभाको रूपमा आफूलाई स्थापित गर्न सक्ने सशक्त व्यक्तित्त्व हुन् । फुटकर कविता, खण्डकाव्य, निबन्ध, समालोचना र अनुवादनमा कलम चलाएका उनी प्रगतिवादी साहित्यिक फाँटका एक सङ्घर्षशील अथक योद्धा हुन् । साहित्य र पत्रकारिता क्षेत्रमा उनको निरन्तरता, लगनशीलता र समर्पण साँच्चिकै अद्वितीय मानिन्छ । उनी वर्तमान समयमा पनि उत्तिकै जोश र उत्साहका साथ आफ्नो कर्म क्षेत्रमा खटिरहेका देखिन्छन् । उनको यस्तो कर्मशील जीवनशैली सबैका निम्ति उत्प्रेरणा बनेको छ ।

उनका कृतिहरूको अध्ययन पछि यो निष्कर्ष निकाल्न सकिन्छ कि उनी जनमानसले बुझ्न सक्ने सरल र सरस भाषामा साहित्य सिर्जना गर्ने एक प्रगतिवादी साहित्यकार हुन् । उनी साहित्यमा कला भन्दा विचारलाई बढि महत्त्व दिने सर्जक हुन् । नेपाली समाजको यथार्थपरक चित्रण गर्दै सामाजिक परिवर्तनको नारा धन्काउने उनी समाजका निम्नवर्गीय हेपिएका, सीमान्तकृत र गरिव जनताको पक्षमा कलम चलाउने जनवादी स्रष्टा हुन् । समाजका शोषक, सामन्तहरू प्रति तीखो व्यङ्ग्य गर्दै उनले आफ्ना रचनाहरूमा शोषणरहित, समतामूलक समृद्ध समाजको परिकल्पना गरेका छन् । शर्मा मार्क्सवादमा आस्था राख्दै वर्गविभाजित समाजमा शोषित, पीडित वर्गको पक्षमा र शोषक, पीडक वर्गको विपक्षमा दह्रोसँग उभ्भिदै सर्वहारा जनतालाई एकजुट भएर अन्याय र अत्याचारका विरूद्ध लड्न प्रोत्साहित गर्दछन् । उनका सबैजसो कृतिमा समाज परिवर्तनको यही प्रगतिवादी चिन्तन प्रखर रूपमा अभिव्यक्त भएको देखिन्छ ।

## ४.२ नारायणप्रसाद शर्माका खण्डकाव्यहरूको विश्लेषण

नारायणप्रसाद शर्मा नेपाली साहित्यका प्रखर एवम् सिर्जनशील व्यक्तित्वको रूपमा स्थापित छन् । उनका खण्डकाव्यहरू नेपाली साहित्यमा देखिएका अन्य खण्डकाव्यका ढाँचा अन्तर्गत नै देखिन्छन् । उनले नेपाली साहित्यका क्षेत्रमा अथक योगदान दिएका छन् । कविताको लघु रूप फुटकर कविता र बृहत्त रूप महाकाव्यको बीचमा रहने मध्यवर्ति रूपलाई खण्डकाव्य भनिन्छ । (त्रिपाठी र अन्य, २०५४:५४ पृ.) । यसैगरी नेपाली खण्डकाव्यको बनावट (ढाँचा) तीनप्रकारको हुन्छ । पहिलो ढाँचा (वनावट) मा आख्यानीकरण दोस्रोमा कुनै स्थान, प्रसङ्ग, घटना र तेस्रो ढाँचामा प्रयोगवादी वा लामो खालका कविता पर्दछन् । पहिलो ढाँचा अन्तर्गत मुनामदन र गौरी पर्दछन भने दोस्रो ढाँचा अन्तर्गत ऋतुविचार र आगो र पानी खण्डकाव्य पर्दछन त्यस्तै तेस्रो ढाँचा अन्तर्गत लेक र सूर्यदान पर्दछन् । त्यसैगरी नारायणप्रसाद शर्माका खण्डकाव्यहरू पनि पहिलो र दोस्रो ढाँचा अन्तर्गत नै संरचित छन् । खण्डकाव्यमा कथानक पात्र वा चरित्र, भाषाशैली, वातावरण र जीवन दृष्टिले प्रमुखता दिइएको हुन्छ । (थापा, २०४७, ३३ पृ.) । नारायणप्रसाद शर्माका खण्डकाव्यहरूको विश्लेषण गर्ने क्रममा खण्डकाव्यमा यिनै तत्वहरूलाई आधार बनाएर विश्लेषण गरिएको छ ।

### ४.२.१ जेलदर्शन खण्डकाव्यको विश्लेषण

#### ४.२.१.१ संक्षिप्त परिचय

वरिष्ठ कवि एवम् साहित्यकार नारायणप्रसाद शर्माको प्रथम कृतिका रूपमा वि.सं. २०२२ सालमा **जेलदर्शन** प्रकाशित भएको थियो । शर्माले यसको दोस्रो संस्करण वि.सं २०४० सालमा प्रकाशित गरेका छन् । वि.सं २०१६ देखि २०१९ सालसम्म जेलको यातना भोगाईका क्रममा शर्माले यो खण्डकाव्यको रचना गरेका हुन् ।

### ४.२.१.२ शीर्षक

**'जेलदर्शन'** खण्डकाव्य कवि नारायणप्रसाद शर्माको प्रथम कृति हो । उनले आफूले भोगेको जेलको पीडा र त्यहाँको वस्तुस्थिति अध्ययनबाट सो खण्डकाव्यको संरचना गरेका छन् । जेलजीवनको बेला उनीभित्र नयाँ सोंच र कल्पनाको उत्पत्ति भएको कुरा पनि यसमा उनले व्याख्या गरेका छन् । उनको तीनवर्षे जेल बसाईंका क्रममा रचित पहिलो कृति भएकोले यसमा उनको पूर्ण लगाव रहेको छ । कवि शर्माले जेलमा भोगका अनेक यातना र त्यहाँ उनका मनमा चलेका वैचारिक द्वन्द्वले पनि यस खण्डकाव्यमा स्थान पाएका छन् । जेलमा घटेका विविध कुराहरूलाई शर्माले स्तरीय कवितात्मक शैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । यसै हुनाले यसको शीर्षक पनि **जेलदर्शन** उपयुक्त भएको छ साथै सोही खण्डकाव्यको मूल कथ्यलाई पनि यस शीर्षकले समात्न सकेको छ । यसरी यसको शीर्षक सार्थक रहेको हामी पाउन सक्छौँ ।

### ४.२.१.३ बाह्य संरचना

कवि शर्माको प्रथम एवम् चर्चित कृति **जेलदर्शन** द्वादश तरङ्गमा विभाजित छ । यस खण्डकाव्यमा कवि शर्माले सर्गलाई तरङ्ग नामाकरण गरेका छन् । **जेलदर्शन** खण्डकाव्यमा मात्रिक छन्दको नजिकको स्वतन्त्र लय र गद्य लयको प्रयोग गरिएको छ । तर अन्तिम द्वादश तरङ्गमा भने गद्य र स्वतन्त्र लय दुवैको संमिश्रण भएका पंक्तिपुञ्जहरू भेटिन्छन् । त्यस अघिका पंक्तिपुञ्जमा भने चतुष्पदी र स्वतन्त्र गद्य लयका पंक्तिपुञ्ज भेटिन्छन् । यस खण्डकाव्यमा प्रथम तरङ्गमा ८० पंक्तिपुञ्ज, द्वितीय तरङ्गमा १७ पंक्तिपुञ्ज, तृतीय तरङ्गमा ९ पंक्तिपुञ्ज, चतुर्थ तरङ्गमा १२ पंक्तिपुञ्ज, पञ्चम तरङ्गमा १३ पंक्तिपुञ्ज, षष्ठ तरङ्गमा २० पंक्तिपुञ्ज, सप्तम तरङ्गमा १८ पंक्तिपुञ्ज, अष्टम तरङ्गमा २७ पंक्तिपुञ्ज, नवम तरङ्गमा २२ पंक्तिपुञ्ज, दशम तरङ्गमा ५१ पंक्तिपुञ्ज, एकादश तरङ्गमा १२ पंक्तिपुञ्ज, द्वादश तरङ्गमा ३९ पंक्तिपुञ्ज गरी जम्मा ३२० पंक्तिपुञ्ज रहेका छन् । प्रथम, षष्ठ, अष्टम, दशम, द्वादश तरङ्गमा प्रयुक्त ३ वटा पंक्तिपुञ्ज समेत गरी जम्मा २१४ वटा पंक्तिपुञ्ज चतुष्पदी आकारका मात्रिक छन्दका नजिकका छन् भने द्वितीय, तृतीय, चतुर्थ, पञ्चम, सप्तम, नवम्, एकादश, द्वादश तरङ्का ३६ पंक्तिपुञ्ज लगायतका जम्मा १०६ वटा पंक्तिपुञ्ज गद्य लयका देखिन्छन् । **जेलदर्शन** खण्डकाव्यको प्रथम तरङ्गमा सबभन्दा लामो ३२० पंक्तिको छ भने सबभन्दा छोटो पंक्तिपुञ्जको षष्ठ तरङ्ग ८० पंक्तिको छ ।

### ४.२.१.४ कथावस्तु/आख्यान

कवि नारायणप्रसाद शर्माले **जेलदर्शन** खण्डकाव्यमा आफूले भोगेको जेलको यातनाको साथै ००७ सालदेखि २०१६ सालसम्मको आफ्नो जीवनकथा पनि विस्तृत रूपमा व्यक्त गरेका छन् । शर्माले जेलभित्रको बसाईंका क्रममा भोगेका पीडाको साथै उत्पन्न भएको वैचारिक द्वन्द्वलाई पनि यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । जेलभित्र कैदीहरू माथि गरिने पाशविक यातनाको पनि सजीव चित्र प्रस्तुत गर्नुको साथै तत्कालीन शासकहरूले आफ्नो शक्तिको बलमा निरीह निहत्था जनतालाई दिने अनेकन यन्त्रणा प्रति कटु आलोचना गरेका छन् । सत्ताका लागि गरिने नीच प्रवृत्तिका कार्यदेखि लिएर न्यायका लागि लडिने लडाईं पनि कविका नजरबाट टाढा रहेका छैनन् । साथै शक्तिशाली राष्ट्रहरूले कमजोर राष्ट्रमाथि गरेका आततयी हमलाहरूको विरोध गर्दै अन्तराष्ट्रिय मानवताका पक्षमा पनि शर्माले यस खण्डकाव्यमा दऱ्हो वकालत गरेका छन् ।

यसैगरी दाङ जिल्लामा भएको किसान आन्दोलनलाई पनि कविले आफ्नोपनको साथै स्थानीयताको चहक दर्शाएका छन् । कविले **मलाई दाङको माया लाग्छ** भन्दै आञ्चलिक प्रेमको पनि अनुपम अभिव्यक्ति प्रकट गरेका छन् । यो खण्डकाव्य कुनै आख्यानसूत्रमा आबद्ध नभई चिन्तन प्रधान खण्डकाव्यका रूपमा रहेको छ । यसरी यस खण्डकाव्यमा आदि, मध्य र अन्तको क्रम मिलेको देखिदैन तैपनि यसको क्षीण कथावस्तुलाई मिलाएर प्रस्तुत गर्न खोजिएको छ ।

जेलमा प्रशासनको क्रूर तनावको अवस्था रहेको र त्यहाँ पारिवारिक सहयोगको कुनैपनि सहानुभूति काम नलाग्ने हुँदा कवि शर्माले पीडालाई दबाउनको लागि कविताको सिर्जना गरेका छन् । कविताको माध्यमबाट शर्माले राणाशासनको अन्त्यपछि जेलजीवन भोग्दा सम्मको बैचारिक द्वन्द्वहरू प्रस्तुत गरेका छन् । वि.सं. २००७ सालपछि देशले राणा शासनको चक्रव्यूहबाट त मुक्ति पायो तर सर्वसाधारण जनताको जीवनस्तरमा कुनै सुधारको संकेत नै देखिएन भन्ने कुरामा कवि सहमत छन् । यसको समाधानको लागि कवि सत्यार्थ प्रकाशको पक्षमा उभिन्छन् तर यसले पनि गरिव, निमुखा र सर्वसाधारण वर्गको उत्थान हुन सकेन तसर्थ कवि शर्मा मार्क्सवादी चिन्तनतर्फ मोडिए । जहाँबाट शर्माको राजनीतिक मोडको पनि थालनी भयो र यसैलाई आधार बनाएर कवि शर्माले सर्वहारा, निमुखा र गरीब जनताको पक्षमा आवाज उठाउने प्रयत्न थाले । यसले गर्दा शर्मा गरीब तथा सर्वहाराका नेता (प्रियपात्र) को रूपमा स्थापित भए । तत्कालीन सामन्तहरूलाई भने

यस कुराले शान्त रहन दिएन र तत्काल थुनुवा पूर्जी काटेर उनलाई जेल चलान गऱ्यो । उनलाई जेलमा अनेकन कठोर यातना दिइयो र जीवनमरणको दोसाँधमा पुऱ्याइयो । त्यस्तो बेलामा कविका मनमा बैचारिक द्वन्द्वको आँधी चल्न थाल्यो र संसारप्रति कविको आक्रोशित आवाज गुञ्जन थाल्यो । संसार शक्तिको पछि लागेको र संसारले शक्तिकै स्तुती गरेको देख्दा कविको अन्तस्करणमा शक्ति र कविका बीचमा वैचारिक द्वन्द्व चल्न थाल्यो । तथापि यस द्वन्दमा कविको जीत र शक्तिको हार भयो । कविले शक्तिको आडमा गरिने शोषण दमनको तीव्र विरोध गर्दै शक्तिका पुजारीहरूलाई तीखो व्यङ्ग्य प्रहार गरेका छन् । कविले शक्तिलाई अत्याचारको प्रतीक र मानिसहरू शक्तिका उपासक बनेदेखि मानवताको ह्रास हुँदै गएको ठानेका छन् । कवि शर्मा आर्थिक प्रलोभनमा पर्ने व्यक्ति थिएन उनी त सर्वहारा वर्गको लागि डटेर लडने निमुखा, किसान, सर्वहाराका कवि थिए । उनीभित्र डटेर लडने सामार्थ्य कवित्त्व नै हो । कवि शर्मा सदैव पूँजीवादको विरोध गर्ने त्यस्ता व्यक्ति हुन् उनको भनाइमा धनमा अत्याचार र दानवीय प्रवृत्ति लुकेको छ  धनमा दरिद्रता र लालाचाको भाव लुकेको छ त्यसैले जो लक्ष्मीभक्त छ त्यो मानिसमा सधै संकुचित भावना पैदा हुन्छ भनेर भन्न चाहन्छन् । शर्मा लक्ष्मीभक्त पनि बन्न चाहदैनन् साथै कीर्तिभक्तपनि बन्न चाहदैन । राजनीतिसँगको अर्न्तद्वन्द्वको प्रसङ्गमा कविले सत्ताका लागि गरिएका जघन्य अपराधहरूको विरोध गरेका छन् र शान्तिका लागि लडिएका राजनैतिक युद्धको समर्थन गरेका छन् । कविले जीवनलाई नियतिको खेल नठानी यसलाई चेतनाले डोऱ्याउनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । मानिस चेतना भएको प्राणी भएकाले रमाइलो र स्वतन्त्र संसार देखिपछि ऊ गुफामा रम्न चाहदैन भन्ने मान्यता पनि उक्त खण्डकाव्यमा व्यक्त गरिएको छ । कवि शर्माले जेलका सम्बन्धमा मौलिक चिन्तन पनि यस खण्डकाव्यमा व्यक्त गरेका छन् । आफूले भोगेका जेलभन्दा अझ कठोर दमनकारी जेल त मान्छेको मनलाई ठानेका छन् र मान्छे स्वार्थी नीच र पथभ्रष्ट पनि यहि मनको कारणले बन्दछ भन्ने ठहर कविको रहेको छ । मान्छेलाई परिवार, राष्ट्र, जाति र वर्गको जेलले सदैव घेरेको हुन्छ । यस्तो विस्तृत जेलजगत्मा मानिस विरलै बच्न सक्छ वा वस्तुसत्यको बोध भएपछि मानिस यो जेलबाट मुक्त हुन्छ भन्दै यस खण्डकाव्यमा कवि शर्माले मानिसले जिउनको लागि संघर्ष गर्नुपर्छ र निराश नभई जिउने कला सिक्नुपर्छ भन्ने सन्देश दिइएका छन् । अन्त्यमा शोषण, दमन, दैन्य, अभाव र विषमताको अन्त्य हुनेछ अनि जीवन सुखमय बन्नेछ र हृदयपक्षको विजय हुनेछ भन्ने आत्मविश्वासका साथ भविष्यको सुनौलो दिनको प्रतिक्षा गर्दै खण्डकाव्य टुङ्ग्याइएको छ ।

कवि नारायणप्रसाद शर्मा मानवतावादी कवि भएकोले मानवतावादका नाममा भएका अमानवीय प्रवृत्तिमाथि पनि दृष्टि पुऱ्याएका छन् । अमेरिका शक्तिसम्पन्न राष्ट्र भएपनि त्यहाँ भए गरेका अन्याय अत्याचारको कविले खुलेर विरोध गरेका छन् । साथै हिटलर मुसोलिनले शक्तिको उन्मादमा गरेका दानवीय प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

दूध चुस्ने बाच्छालाई दाम्लाले कसेर
उसको नैसर्गिक अधिकार लुछेर
उल्टो मानवताको पाठ पढाउँछौ
यदि तिम्रो मानवता यस्तै छ भने
मेरो प्रथम प्रहार उसैमाथि हुनेछ ।
एक कट्टर ब्राह्मणलाई
शुद्रबाट सेवा लिनुमा मानवता छ
अमेरिकी गौराङ्गलाई
निग्रोलाई पृथक राख्नुमा दास तुल्याईनुमा मानवता छ ।
हिटलर र मुसोलिनीको योजनामा
उनका सेनापतिहरूका विचारमा मानवता छ ।

(जेलदर्शन १८ पृष्ठ)

माथिको कवितांशमा खण्डकाव्यकार नारायणप्रसाद शर्माले बाहिरी रूप एउटा देखाउने र यथार्थमा भिन्न कार्य गर्ने क्रूर निरंकुश शासकहरूको खास चरित्रलाई उदाङ्गो पारिदिएका छन् । मान्छेको लागि सबैभन्दा मूल्यावान कुरा नैसर्गिक हक र मानवीय स्वतन्त्रता हो । शान्तिप्रेमी र स्वतन्त्रताप्रेमी जनताको स्वतन्त्रतामा अंकुश लगाएर निरंकुशता थोर्पन खोज्ने शासकहरूप्रति कवि शर्मा निकै नै आक्रामक देखिन्छन र तिनैमाथि आफू विद्रोहको पहिलो प्रहार लक्षित गर्ने अठोट लिएका छन् । बाहिर देखाउनको लाीग मानवता र स्वतन्त्रताका कुरा गर्ने तानाशाही शासकहरू चिल्ला मीठा कुरा गरेर जनतामा भ्रम मात्र छर्ने गर्छन भन्ने आशय प्रस्तुत पंक्तिमा अभिव्यक्त भएको छ ।

प्रस्तुत जेलदर्शन खण्डकाव्य मूलतः खण्डकाव्यकार शर्माको जेलजीवनका विविध किसिमका अनुभवहरूको कलात्मक एवम् यथार्थपरक अभिव्यक्ति हो । त्यसका अतिरिक्त उनले नेपाली समाजका विविध पक्षहरूलाई पनि विभिन्न सन्दर्भमा उल्लेख गरेका छन् ।

दाङ जिल्लामा जन्मिएका कवि शर्माले आफ्नो निजात्मक अभिव्यक्तिलाई मातृभूमि प्रतिको श्रद्धासँग पनि अत्यन्त कलात्मक ढंगले संयोजन गर्दै प्रस्तुत गरेका छन् । उनी पहिले दङ्गाली र त्यसपछि मात्र नेपाली भएर बाँच्न चाहन्छन् । जातिप्रेम र राष्ट्रप्रेमको टड्कारो अभिव्यक्ति यस खण्डकाव्यको अर्को उल्लेखनीय विशेषता हो । मातृभूमिको अगाध प्रेम र श्रद्धा काव्यको मुख्य कथानकसँग अन्तर्निहित भएर प्रकट भएको छ । आफु जन्मेको दाङ जिल्ला, त्यहाँको प्राकृतिक सुन्दरता, सामाजिक परिवेश, दङ्गाली जनताहरूको जीवनशैली र अन्य पक्षहरूलाई पनि कविले यस काव्यमा समेटने प्रयास गरेका छन् । आफू जन्मेको हुर्केको दाङ जिल्लाप्रति कवि यसरी नतमस्तक भएर हार्दिक श्रद्धा व्यक्त गर्दछन् ।

दाङ जस्ता जिल्ला नभए

नेपाललाई कसले चिन्छ ?

व्यक्ति नै नभए समाज केको बन्छ

बिना जन्मदाता को जन्मन्छ

पानी बिना के नदी बग्छ

तवै त कार्य भन्दा कारणमा बढता नजर बग्छ

यसैले मलाई दाङको माया लाग्छ ।

(जेलदर्शन : पृष्ठ ८०)

अंश अंशबाट समष्टि बनेजस्तै देशका कुनाकाप्चा जिल्ला, प्रदेश आदिको सुन्दरताले नै देशलाई समग्रतामा चिनाउँछ र व्यक्ति-व्यक्ति मिलेर समाज बनेजस्तै विविध किसिमका समाजको एकिकृत रूप नै विशाल राष्ट्र हो । जसरी जन्म दिने आमाको महत्त्व र महिमा हरेक मानवका लागि अतुलनीय हुन्छ त्यसरी नै आफू जन्मेर हुर्केको जन्मभूमिको महत्त्व उल्लेखनीय हुन्छ । कवि शर्माले पनि आफ्नो जन्म जिल्ला दाङप्रति असीम श्रद्धा र प्रेम

दर्शाएका छन् । मातृभूमि प्रतिको श्रद्धा र सम्मानको उच्च उदात्त आर्दश प्रस्तुत पंक्तिहरूमा प्रकट भएको पाइन्छ ।

### ४.२.१.५ विचार वा भावको स्थिति

कवि नारायणप्रसाद शर्माले **जेलदर्शन** खण्डकाव्यमा आफूले जेलको यातना भोग्दा आफ्ना मनमा उत्पन्न भएका विचार र भावलाई यहाँ अभिव्यक्त गरेका छन् । आफू तानाशाहको कब्जामा परेको बेलामा पनि शर्मा निडर तवरले देश र जनताको उन्मुक्तिको लागि विद्रोही स्वर गुञ्जाउन सफल भएका छन् । राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा देखिएका मानवीय मूल्यको ह्रासतर्फ दृष्टि दिंदै मानवतावाद, प्रगतिवाद जस्ता कुरामा जोड दिएका छन् । शर्माले समाजमा शोषण दमन जस्ता कुराको धेरै चलखेल बढेपछि  जेल बनेको धारणा पनि व्यक्त गर्छन् साथै समाजबाट यस्ता विकृति, विसंगतिलाई हटाउनु सकेमा जेलको आवश्यकता नै नपर्ने विचार पनि कवि प्रकट गर्छन् । मानवमानवका बीचमा देखिएका विभाजन रेखालाई मेटाउन सकेमा मात्र सफल समाज निर्माण हुने कुरामा शर्मा विश्वस्त छन् । यस खण्डकाव्यमा कवि शर्मा पूर्वीय र पाश्चात्य दर्शन, इतिहास, राजनीति, संस्कृति र कानूनका गम्भिर अध्येताका रूपमा प्रस्तुत भएका छन् । यही अध्ययनशील क्षमताले गर्दा कविले आफूलाई गतिशील एवम् तर्कशील व्यक्तित्त्वका रूपमा उभ्याएका छन् । साथै शक्ति लक्ष्मी र कीर्तिसँगको वैचारिक द्वन्द्वमा उल्लेखित विचारहरू पढ्दा उनको अध्ययनशील क्षमताको मूल्याङ्कन गर्न सहजै सकिन्छ । शर्माले यस खण्डकाव्यमा व्यक्तिगत स्वार्थ र पारिवारिक बन्धनबाट मुक्त हुँदै सामूहिक भावनामा जोड दिनुपर्छ भन्ने प्रगतिवादी विचारलाई आधार बनाएका छन् ।

कवि नारायणप्रसाद शर्माले जेलदर्शन खण्डकाव्यमा थुप्रै सुन्दर विचारलाई खेलाएका छन् । यस खण्डकाव्यमा पारिवारिक प्रेमको स्मरण, जेलयातनाको मर्मस्पर्शी वर्णन र शोषण, दमन, अन्याय अत्याचारप्रति आक्रोश अनि दबिएका र ठगिएका जनताहरूप्रति सहानुभूति प्रकट भएका भावहरू भएको पाइन्छ । यसका साथै कवि शर्माले आफ्नो जन्मथलो र कर्मथलो दाङको अगाध स्नेह युक्त भाव प्रकट गरेका छन् –

मलाई मेरो दाङ प्यारो लाग्छ

जहाँ मेरा दौँतरी छन् , मितेरी छन्

स्कूलका सहपाठी छन्

जन्म दिने बाबु र आमा छन्

मेरो नशा नशामा दाङको रस परेको छ

मेरो मस्तिष्कमा दङ्गाली तत्त्व परेको छ

तबै त ठाउँ निकै रमाइलो लाग्छ

यसैले मलाई दाङ्गको माया लाग्छ

(जेलदर्शन, पृ.७८)

नारायणप्रसाद शर्माले जेलको कालकोठरीमा निकै कष्टपूर्ण जीवन बिताउँदा पनि आफ्नो जाति र जन्मभूमि प्रतिको आस्था र विश्वासलाई अलिकति पनि डगमगाउन दिएनन् । हरेक राष्ट्रप्रेमी व्यक्तिमा जस्तै उनमा पनि आफू जन्मेको मातृभूमिप्रति असीम माया र श्रद्धा छ । त्यसैले जेलको कष्टकर वातावरणमा पनि आफ्नो सुन्दर मातृभूमि सम्झेर आफूलाई जीवनलाई सधैँ उत्साहित बनाई रहेका छन् ।

### ४.२.१.६ पात्र वा चरित्र

पात्रले कथावस्तुलाई गति प्रदान गर्दछ । कथानको सम्पूर्ण घटना पात्रमा केन्द्रित भएको हुन्छ । जेलदर्शन खण्डकाव्य कुनै ऐतिहासिक पौराणिक र सामाजिक कथानक नभई कवि स्वयम्कै आत्मगाथा हो । प्रशासनको कठोर यातना पाएको बेला कविको पीडित अन्तस्करणबाट उब्जिएका शब्दचित्रहरू जेलदर्शनमा चित्रित भएका छन् (शर्मा, दोस्रो संस्करणको भूमिका : **जेलदर्शन**, पूर्ववत्) । त्यसैले यस खण्डकाव्यमा एक मात्र म पात्रको प्रयोग गरिएको छ । त्यो म पात्र कवि शर्मा नै हुन् र कविले आफूले जेलजीवनमा भोगेका पीडा कष्टको साथै त्यस समयमा उत्पन्न द्वन्द्वलाई यसमा व्यक्त गरेका छन् । शर्माले आफ्नो मानसपटलमा चलेको द्वन्द्वलाई व्यक्त गर्ने क्रममा शक्ति, लक्ष्मी र कीर्तिले पीडित कविले सबैलाई परास्त गरी आफू सफल भएका छन् । साथै यस खण्डकाव्यमा कविले शक्ति, लक्ष्मी र कृति जस्ता काल्पनिक पात्रहरुको प्रयोग गरेका भएपनि यी पात्रहरू कविकै अन्तस्करणमा उत्पन्न बैचारिक द्वन्द्वकै प्रतिफल हुन् । त्यसैले खण्डकाव्यमा एक मात्र म पात्रलाई अर्थात कविलाई नै यस खण्डकाव्यको चरित्र मान्न सकिन्छ । **म** पात्रका

अभिव्यक्तिमा ऊ सामान्य गाउँले पात्रको रूपमा नभई पढेलेखेको देखिन्छ । ऊ विश्व दर्शन राजनिति, कानून इतिहास आदि विविध विषयसँग परिचित छ । ऊ यथास्थितिलाई परिवर्तन गर्न चाहने पात्र हो । त्यसैले **म** पात्रलाई परिवर्तन रूचाउने गोलो पात्रका रूपमा लिन सकिन्छ ।

### ४.२.१.७ वातावरण/परिवेश

खण्डकाव्यमा कथानकलाई सशक्त र पारदर्शी बनाउनका लागि वातावरण/परिवेशको प्रमुख भूमिका हुन्छ (थापा, पूर्ववतः५७) । जेलदर्शन खण्डकाव्य वि.सं. २०१६-१९ सालको बीचमा जेलमा लेखिएको हो तसर्थ यस खण्डकाव्यमा तत्कालिन राजनीतिक परिवेशले प्रमुख भूमिका खेलेको कुरा प्रष्ट झल्किएको छ । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात नारायणप्रसाद शर्माले किसान र सर्वहारा जनताको पक्षमा रहेर काम गरेका र उनकै नेतृत्वमा दाङमा किसान सङ्घर्ष पनि चर्किएको थियो । तत्कालीन शासकहरूलाई शर्माको यस्तो कार्यप्रति असैह्य व्यवहार सिर्जना भयो र ति फटाहाहरूले शर्मालाई जेल चलान गराए । यसैले दाङ घोराहीको जेललाई नै कविले यस खण्डकाव्यको बाह्य वातावरण बनाएका छन् र त्यही वातावरण/परिवेशमा रहेर शर्माले जेलदर्शन खण्डकाव्यको रचना गरेका छन :–

हेर, ऊ बन्दुक धारी फौजी,
रोज खडा छन् ढोकामा
गऱ्यो कसैले गडबड मात्रै
ताता गोली छातीमा ॥

(जेलर्दशन, पृ. ५)

प्रस्तुत खण्डकाव्य कवि शर्माको कष्टकर जेलजीवनको एक कलात्मक ऐतिहासिक अभिलेख भएको हुँदा त्यसमा दाङको जेल र त्यस वरिपरिको वातावरण परिवेशका रूपमा चित्रित भएको छ । पञ्चायतकालमा जेलको रूग्न अवस्था र प्रहरीले कैदीमाथि गर्ने क्रूर दमनको यहाँ जीवन्त चित्रण गरिएको छ । आफ्ना कैदी मित्रहरूसँग पनि मन खोलेर कुरा गर्न नपाइने निकै कठीन अवस्था थियो । बन्दुकले सुसज्जित प्रहरीहरू विवेकान्ध थिए र कैदीहरूका सानातिना असन्तुष्टिहरूलाई पनि बन्दुककै भरमा दमन गर्ने अभ्यास गर्दथे ।

आफू जेलमा बस्दा बोल्न पाउने न्यूनतम मानवीय स्वतन्त्रता नपाएको जर्जर भयावह परिस्थितिको दृष्टान्तको रूपमा प्रस्तुत श्लोक उद्‌धृत भएको छ ।

### ४.२.१.८ लय तथा अलङ्कार विधान

लय तथा अलङ्कार विधान खण्डकाव्यको लागि चाहिने आवश्यक तत्त्व हो । भावनाको आख्यानीकरणको लागि लय तथा अलङ्कार विधानको विशेष भूमिका रहेको देखिन्छ । यस खण्डकाव्यमा कवि शर्माले दुई प्रकारको मुक्त लयको प्रयोग गरेका छन् । मात्रिक छन्दको नजिकको स्वतन्त्र चतुष्पदी लय र गद्य लयमा यो खण्डकाव्य रचिएको छ । दुवै लयका उदाहरण यहाँ दिइएकोछ :–

हेर जगतको जीवन चङ्गा

मिल्यो-मिल्यो सब माटोमा

क्रूर लहडी चुँड्यो छिनाल्यो

राक्षसी आफ्नो हाँसोमा

(जेलदर्शन, १३ पृष्ठ)

जीवनको फटाक र

तीखो वाण प्रहार

कविले जब पायो

मूर्खको सामु सज्जन झैँ खिसियो

घायल झैँ रन्थनियो

उता जीवन सिंह झैँ गर्जन्थ्यो ।

मानवताको लेक्चर गर्थ्यो

अर्कातिर कविताको मुटु धर्क्यो

(जेल दर्शन, १७ पृष्ठ)

माथिको पहिलो श्लोकमा द्वितीय पंक्तिको अन्तिम वर्ण 'मा' चौथो पंक्तिको अन्तमा पनि पुनरावृति भएर अन्त्यानुप्रास सिर्जित हुन पुगेको छ । यस्तो अन्त्यानुप्रासले कविताको गेयात्मक पक्षलाई सबल बनाई कवितामा संगीत उत्पन्न गरेको छ । त्यसैगरी दोस्रो पंक्तिमा

'म' वर्ण चार ठाउँमा दोहोरिँदा कविताको लय थप सशक्त बनेको छ । त्यसै गरी यसमा रूपक अलंकारको माध्यमबाट जीवन र चंगाको बीचमा अभेद्य समानता देखाएर स्वतन्त्र प्राप्तिको उत्कट अभिलाषा व्यक्त गरिएको छ ।

मुक्त लयको दृष्टान्तको रूपमा रहेको उल्लेखित दोस्रो श्लोकको तेस्रो पंक्तिको अन्त्यमा आएको 'यो' वर्ण चौथो, पाँचौं छैठौं, सातौं र आठौं पंक्तिको अन्त्यमा पनि दोहोरिएको हुँदा अन्त्यानुप्रास सिर्जित भएको छ । गद्य कवितामा पनि यस्तो सबल अन्त्यानुप्रास हुनुले कवितालाई निकै लयात्मक बनाएको छ । यसैगरी यसमा उपमा अलङ्कारको प्रयोग गरेर कविले आफूलाई सज्जनसँग तुलना गरेका छन् र निडर जीवनलाई जंगलको निर्भिक प्राणी सिंहको उन्मुक्त गर्जनसँग साम्यता देखाएका छन् । यस अर्थमा प्रस्तुत खण्डकाव्यमा लय अलङ्कार आदि काव्यात्मक उपकरणहरूको प्रभावकारी संयोजन भएको छ भन्न सकिन्छ ।

### ४.२.१.९ जीवनदृष्टि/उद्देश्य

रचनाकारले देखे-भोगेका अनुभवलाई विश्वासनीय ढङ्गमा चित्रण गरी पाठकसमक्ष पुऱ्याउन आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु नै रचनाको उद्देश्य वा जीवनदृष्टि हो । कवि शर्माले पनि आफूले जेलमा भोगको पीडा, जीवनमा आएका बैचारिक मोडहरू र समाजमा विद्यमान थिचोमिचो र वर्गीय विषमता जस्ता कुराहरूलाई कलात्मकताका साथ पाठक समक्ष पुऱ्याउने उद्देश्य राखेका छन् । कविले लक्ष्मी र कृतिको बीचमा भएको बैचारिक द्वन्द्व देखाएका छन् । धर्मको नाममा भएका विकृति र बिसंगतिको चिरफार गर्दै त्यसबाट उत्पन्न वितृष्णाको प्रसङ्ग जोडेका छन् । तत्कालीन अवस्थामा सामन्तहरूको समर्थन नगरी सर्वहारा वर्गको पक्षमा लेख्ने र बोल्ने कार्य गरेकोमा प्रशासनको कुदृष्टि पर्न गएको उल्लेख गर्दै बहुदलीय व्यवस्थाले सर्वसाधारणको स्तरोन्नति हुँदैन । यसको लागि समाजवादी व्यवस्थाको आवश्यकता रहेको कविको अर्को उद्देश्य मान्न सकिन्छ । प्रगतिवादलाई निराशाको विरूद्ध आशा, अँध्यारोका विरूद्ध उज्यालाका पक्षमा आवाज उठाउने सौन्दर्य सिद्धान्तका रूपमा लिइन्छ (बराल, : २८) । यस खण्डकाव्यमा कवि शर्माले जेलको यातनाबाट जीवनमरणको अवस्थामा पुगेको समयमा उनीभित्र अलिकति निराशा भाव पैदा भएको देखिन्छ । शक्ति लक्ष्मी र कीर्तिले मात्र कवि सन्तुष्ट हुदैनन् तापनि वैचारिक सङ्घर्षमा कविले ती सबैलाई पराजित गरेपछि पुनः कवि आशावादी देखिन्छन् । भविष्यमा सत्यको जीत हुनेछ भन्ने कुरामा कवि विश्वस्त देखिएका छन् ।

कुनै दिन शोषण, दमन, अन्याय, अत्याचार र वर्गीय विषमता जस्ता कुराहरूको अन्त्य भई मानवताको विजय हुनेछ भन्ने कुरा कविले यस खण्डकाव्यमा दृढताका साथ व्यक्त गरेका छन् । यसरी वर्तमानमा जस्तोसुकै पीडा, कष्ट भोग्नु परेपनि भविष्यको सुनौलो दिन ल्याउन हामी सबै आशावादी बन्दै लाग्नुपर्छ भन्ने प्रगतिवादी सन्देश दिनु कविको उद्देश्य मान्न सकिन्छ ।

नेपालीको फूलबारीमा
एकदिन तिमी पनि हाँसौला
ग्लानिका यी बादल फाली
सूर्य बनी तिमी चम्कौला ।

(जेलदर्शन, प.ष्ठ ८९)

माथिका पंक्ति (श्लोकहरूमा ) कवि शर्माले तानाशाह क्रूर शासकको एकदिन अन्त्य हुनेछ र नेपाली जनताको फूलबारीमा खुसीको क्षण मुस्कुराउँनेछ, रिस राग र वैरभाव त्यागी सबै सर्वहारा वर्गले सुखको लामो सास फेर्ने अठोट पनि गर्दछन् । त्यसपछि त नेपालीको फूलवारीमा बादल हैन सूर्यको ताप फैलिन्छ भन्नेमा दृढ विश्वासमा कवि आशावादी रहेका छन् ।

### ४.२.१.१० भाषाशैली

**जेलदर्शन** खण्डकाव्यको भाषा सरल, सरस र सुबोध छ । कवि नारायणप्रसाद शर्माले यस खण्डकाव्यमा तत्सम, तदभव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग गरेका छन् । यस खण्डकाव्यमा कतै-कतै कवि शर्माले संस्कृतका निकै गहकिला श्लोकहरूलाई जस्ताको तस्तै उद्धृत गरेका छन् । यसले काव्यको शोभा बढाएको छ र कविले भन्न खोजेका कुराहरू सटिक रूपमा प्रकट भएको छ । अन्यत्र भने तत्सम र तद्भव शब्दहरूको प्रयोग भएका छन् जसले काव्यलाई सरल र सुवोध बनाएको छ ।

देशभक्त नेपालीहरूको सर्वस्व हर्ने
बर्बर दमन अत्याचार गर्ने
हाम्रा शहीदहरूको प्राण लिने
१०४ वर्षसम्म दरवारी षडयन्त्र चलाई राज गर्ने

राणाहरूको राज छुटे पनि

उनको पोजिसन चोखै छ ।

(जेलदर्शन, पृ. ३३)

उल्लिखित कवितांशमा सर्वस्व, अत्याचार, प्राण जस्ता तत्सम शब्दहरू बर्बर दमन चोखै जस्ता तद्भव शब्दहरू र शहिद, पोजिसन जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरी समाजमा अन्याय अत्याचार गर्ने शासकहरूको शासन परिवर्तन भएपछि पनि हैसियत नबदलिएको तीतो यथार्थ चित्रण गरेका छन् । त्यसैगरी यस खण्डकाव्यमा कैदी, फौजी, महल, शानदार जस्ता आगन्तुक शब्दहरू पाइन्छन् । साथै संसार, वैभव चिन्ता, पीडित जीवन, नमस्ते, विवेक, शून्य, प्रेम, दूर, स्वागत, मृत्यु, अमर, संसार जस्ता तत्सम शब्दहरूको आधिक्यता पाइन्छ । कवि नारायणप्रसाद शर्माले आफूले भोगेको जेलको पीडा कष्टको वर्णन गर्ने क्रममा शर्मा विभिन्न प्रकारका शैलीहरूको प्रयोग गरेका छन् । ती मध्ये यहाँ वर्णनात्मक, व्यङ्ग्यात्मक, प्रश्नात्मक र इच्छात्मक शैलीको प्रयोग भएका केही पंक्तिपुञ्जहरू प्रस्तुत गरिएको छ :–

**क) वर्णनात्मक शैली**

प्रकृतिको भण्डार ठूलो छ

तैपनि साँचो लुटिएको छ

दूधको धारा वगेको छ

तर भाइको मुख थुनिएको छ

मर्नुलाई मैले जीवन भनेको छैन

किन हो जिउने हक दिइएको छैन ।

कसैले मृत्युलाई जितेको छैन

तैपनि अजम्मरी झैँ गर्न छोडेको छैन

वसन्तको बहार आइ रहन्छ

तर बन मासेर हबेली सिर्गान छुटेको छैन

तिमीलाई न चिनेको पनि हैन

केवल नोकर बन्न सकेको छैन ।

(जेलदर्शन, पृ. २५)

**ख) व्यङ्ग्यात्मक शैली**

बोकालाई मन्साएरः देवीको भाकल गरेर
खुकुरीको धारमा
शान्तिको बास देख्दैमा
शान्ति आउने भए
बुझ्यौ, खुनीहरूको पूजा हुन्थ्यो ।

(जेलदर्शन, पृ. १९)

**ग) प्रश्नात्मक शैली**

सिनेमाको नटखट छोडेर
हाम्रो दृष्य हेर्ने को ?
हामी त पौरुषका खिलौना रे
हाम्रो सतीत्त्वको अस्तित्त्व सम्झने को ?

(जेलदर्शन, पृ. ४७)

**घ) इच्छात्मक शैली**

बरु म फलामको नेल भिँरुला
तर तिम्रो नेल भिर्ने छैन
बरु म आजीवन कैदी बनुँला
तिम्रो कैद कदाचित पर्ने छैन
मलाई मेरी कविता प्रिय छन्
उनको उपासना बस्छु

(जेलदर्शन, पृ. ३७)

कवि नारायणप्रसाद शर्माले जेलदर्शन खण्डकाव्यमा विविध प्रकारका भाषाशैलीहरूको प्रयोग गरेर आफ्नो निजी चिन्तन र बैचारिकताको कलात्मक ढंगले परिचय दिएका छन् । यस्तो खालको निखार ल्याउनु नै कवि शर्माको उच्च वैशिष्ट्य ठान्न सकिन्छ ।

### ४.२.१.११ निष्कर्ष

कवि नारायणप्रसाद शर्माले आफ्नो जीवनकालका पीडा र व्यथाको साथै जेलजीवनमा भोगेका यातना अनि आफ्ना मनमा उब्जिएका वैचारिक तरङ्गहरूलाई **जेलदर्शन** खण्डकाव्यमा जस्ताको तस्तै समाविष्ट गरेका छन् । **जेलदर्शन** खण्डकाव्य कवि शर्माको पहिलो र उत्कृष्ट काव्य हो । कविले जेलको सन्त्रासमय, क्रूर अनि संवेदनशील वातावरणमा रहेर पनि मानवीय मूल्यको ह्रास सत्तालिप्सामा लागेका मानवप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै सचेत रहेको कुरा पनि यस काव्यमा प्रष्ट पारेका छन् । साथै यस काव्यमा शर्मा सचेतक संघर्षशील र जुझारू तवरले उभिएका छन् । कविले यस खण्डकाव्यमा सर्वहारावादी विश्वदृष्टि लिएतापनि उनी मूलतः पूँजीवादी विषमता र समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचारका विरूद्धमा खरो रूपमा उत्रिएका छन् । कवि नारायणप्रसाद शर्माले यस खण्डकाव्यमा विविध प्रसङ्गका माध्यमबाट समाजमा रहेका दमनकारी नीति, अन्याय, थिचोमिचो र वर्गीय विषमताको विरोध गर्दै प्रगतिवादी चेतको विगुल फुकेका छन् । साथै मानव मानवबीचको वर्गभेदको अन्त्य गर्दै यस्ता क्रियाकलापको भर्त्सना गर्दै मानवीय एकतामा जोड दिएका छन् ।

कवि नारायणप्रसाद शर्माको **जेलदर्शन** खण्डकाव्य झिनो आधारमा संरचित छ । यस खण्डकाव्यको संरचनामा आदि, मध्य र अन्त्यको क्रम मिलाएको छैन । यो खण्डकाव्य पूर्वभागबाट प्रारम्भ नभई मध्यभागबाट आरम्भ भएको छ तैपनि शर्माको वैयक्तिक अनुभव, चिन्तन र अनुभूति सरल र कलात्मकताले भरिएको छ । यसरी उक्त खण्डकाव्यमा कविले आफ्नो तन मनले सिंचित गरी यसलाई चहकिलो बनाएका छन् । साथै लय भाव र विचारले आफ्नो कवित्वलाई सिँगारेका छन् । उनले यसरी तलका पंक्तिबाट केही कुरा व्यक्त गर्न चाहन्छन् :–

कविको हृदयमा कविताको वास छ
उसको मनोराज्य रसिलो छ
कवि र कविताको संगम छ ।

नदी र थोपाको मिलन छ ।

कवि बोल्यो कि कविता बोल्यो

बुझ्न मलाई मुस्किल छ ।

(जेलदर्शन, ) ।

माथि उल्लेखित पंक्तिहरूमा कवि नारायणप्रसाद शर्माले कविताको मर्मअनुसारको काव्यमान्यता प्रकट गरेका छन् । साथै कवि र कविताका बीचमा गाढा प्रेम रहेको कुरा प्रकट गरेका छन् । कवि र कविताको संगम कविको हृदयलाई मानेका छन् । यस पंक्तिमा वस्तुमयता भन्दा वैयक्तिकता बढी झल्किएको पाइन्छ । यसरी **जेलदर्शन** खण्डकाव्य प्रगतिवादी विचारलाई अनुसरण गरी रचित मानवतावादी भावनाले ओतप्रोत भएको काव्य हो । यसलाई नेपाली साहित्यको प्रगतिवादी खण्डकाव्यको दर्जा दिन सकिन्छ ।

## ४.२.२ हिमाली रत्न खण्डकाव्यको विश्लेषण

कवि नारायणप्रसाद शर्माको गीति खण्डकाव्य **हिमाली रत्न** वि.सं. २०१९ सालमा रचना भएको हो । यो खण्डकाव्य पनि शर्माले नै रचना गरेका र प्रकाशन चाहिं वि.सं. २०३५ सालमा प्रतिभा प्रेस दाङबाट भएको हो । यो खण्डकाव्य प्रकाशन र लेखनका दृष्टिले शर्माको दोस्रो कृति हो । यसरी शर्माको लेखनयात्रा निरन्तर अगाडि बढिरह्यो ।

### ४.२.२. १. शीर्षक

**हिमाली रत्न** खण्डकाव्यमा रत्ने नामको एउटा पहाडी ठिटोलाई प्रमुख पात्रको रूपमा उभ्याई आख्यानलाई अघि बढाइएको छ । सुरूमा रत्ने अशिक्षित पात्रको रूपमा प्रस्तुत भएको र खण्डकाव्यको अन्त्यसम्ममा कविले रत्नेलाई शिक्षित सचेत र क्रान्तिकारी व्यक्तित्त्व भएको अनि सामान्त विरोधी आन्दोलन गरेर समाजलाई उन्मुक्ति दिन सक्ने हिमाली रत्नका रूपमा उभ्याएका छन् । अन्त्यसम्ममा सामन्तहरूको विरूद्धमा जुझारू तवरले क्रान्ति गर्ने रत्नेको प्रणका साथ खण्डकाव्य टुङ्ग्याइएको छ । यस खण्डकाव्यमा रत्नेले धेरै संघर्ष गरेर सचेत नागरिकको रूपमा स्थापित भएको र सोही चेतना ग्रहण गरेको रत्ने नै **हिमाली रत्न** बन्न गएको छ र खण्डकाव्यको शीर्षक पनि यसैलाई आधार मानेर हिमाली रत्न राखिएको छ । यसरी यस खण्डकाव्यको शीर्षक र कथानकबीच अन्तसम्बन्ध रहेको छ ।

### ४.२.२. २ बाह्य संरचना

कवि नारायणप्रसाद शर्माको **हिमाली रत्न** खण्डकाव्यमा सर्गलाई लिस्नो नामाकरण गरिएको छ । यस खण्डकाव्यको बाह्यसंरचना १८ सर्गमा विभक्त छ । यस खण्डकाव्यले कविताको मध्यम आकार प्राप्त गरेको छ । यस खण्डकाव्यमा पहिलो सर्गमा ६५ श्लोक दोस्रोमा २५ श्लोक, तेस्रोमा ५५ श्लोक चौंथो सर्गमा ४८ श्लोक, पाँचौ सर्गमा ६४ श्लोक, छैठौंमा ३६ श्लोक, सातौंमा ६१ श्लोक, आठौंमा ५४ श्लोक, नवौंमा ३७ श्लोक, दसौंमा ३५ श्लोक, एघारौंमा ४० श्लोक, बाह्रौंमा ६५ श्लोक तेह्रौंमा ४० श्लोक, चौधौंमा ३४ श्लोक, पन्धौंमा ३१, सोह्रौंमा ३२ श्लोक र सत्रौं सर्गमा ४३ श्लोक र अठारौं सर्गमा ३६ श्लोक गरी जम्मा ८०१ श्लोक छन् । श्लोक संख्याका दृष्टिले सबैभन्दा लामो सर्ग पहिलो र बाह्रौं रहेका छन् । जसमा ६५ श्लोक छन् भने सवभन्दा छोटो सर्ग दोस्रो रहेको छ जसमा २५ श्लोक छन् । उक्त खण्डकाव्य रत्नेको जीवनकथामा आधारित छ । यसमा रत्नेको जीवनका विविध पाटाहरूको चित्रण गरिएको छ ।

### ४.२.२. ३ आख्यान/कथानक

कवि नारायणप्रसाद शर्माले आफ्ना रचनाहरूमा सामाजिक विषयवस्तुलाई आधार बनाएका छन् । **हिमाली रत्न** खण्डकाव्य पनि सामाजिक कथानकमा आधारित छ । कवि शर्माले यस खण्डकाव्यमा पहाडी भेगको निम्न वर्गीय नेपाली समाजको कारुणिक कथालाई जस्ताको तस्तै उतारेका छन् । साथै ग्रामीण समाजका अशिक्षित जनताहरू त्यहाँका जाली फटाहाहरूबाट कसरी ठगिएका छन् भन्ने कुरातर्फ पनि खण्डकाव्यमा शर्माले छर्लङ्ग्याएका छन् । साथै दडाली जमिन्दारहरूबाट दाङका थारूहरूमा गरिएको शोषण दमन अनि अन्याय अत्याचार जस्तो स्थानीय समस्याहरूलाई पनि यस खण्डकाव्यमा समाविष्ट गरिएको छ । यसरी खण्डकाव्यमा शर्माले मध्यपश्चिमाञ्चलको स्थानीय प्रचलनको पनि टड्कारो पुष्टि गरेका छन् । राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरिएको कुरा पनि यस खण्डकाव्यमा चर्चा गरेका छन् । पश्चिम नेपालको नेपालगञ्जका व्यापारीबाट सर्वसाधारण जनता ठगिएको कुरा पनि खण्डकाव्यमा चर्चा गरेका छन् । शर्माले नेपाल लगायत अन्तर्राष्ट्रिय घटना र विषयलाई पनि यसमा समावेश गरेका छन् । प्रथम र द्वितीय विश्वयुद्धको साथै काला र गोरा जाति बीच बढेको तनावको पनि यस खण्डकाव्यमा उल्लेख गरेका छन् । यसरी स्थानीय राष्ट्रिय स्तरका विसंङ्गति र शोषणको चित्र प्रस्तुत गर्ने काम यस खण्डकाव्यमा गरिएको छ ।

हिमाली रत्न खण्डकाव्यमा विविध विषयवस्तुलाई प्रकाशमा ल्याउनको लागि शर्माले दाङको पहाडी भेगको निम्न वर्गीय पात्र रत्नेलाई प्रमुख पात्र बनाई आख्यानलाई अघि बढाएका छन् । यस खण्डकाव्यको संक्षिप्त कथानकको तल चर्चा गरिएको छ ।

रत्ने पहाडी भेगको एउटा गरिब परिवारमा जन्मिएको बाबुआमाको एक्लो सन्तान हो । आर्थिक विपन्नताले गर्दा ऊ पढ्न लेख्नबाट बञ्चित भएको छ । घरको समस्या समाधान गर्नको लागि साथीभाइसँग मिलेर खयर काटने काममा लाग्यो तर त्यहाँ ठेकेदारले कामदारलाई शोषण गरेको आफ्नै आँखाले देखेपछि ऊ ठेकेदारसँग असन्तुष्ट भएर घरमै बस्ने निधो गऱ्यो । त्यतिबेलासम्म ऊ जवान भैसकेको थियो । यसैक्रममा रत्ने र बसन्ती विवाहबन्धनमा बाँधिए केही समय घरमा बिताएपछि रत्ने बसन्तीलाई लिएर कामको खोजीमा दाङको बजारतर्फ लाग्यो त्यहाँ उसले ईंटा, ढुङ्गा बोक्ने काम पायो तर नराम्रो साथीको संगतमा फस्यो र जुवातास खेल्ने जस्तो कुलतमा फस्यो । जुवा हारेको निहुँमा स्वास्नीलाई समेत कुट्नपुग्यो र ऊ भाग्यो । बसन्ती त्यसपछि घर (हर्नोक) फर्की । घरमा बसन्तीले दुइजनाको बीचमा भएको सबै वृतान्त बताई । उता रत्नेले आफूले गरेको गल्तीको क्षमायाचनाको खवर घरमा पठाएर ऊ नेपालगञ्जतर्फ लाग्यो ।

रत्नेको पीरले घरमा बाबुआमा चिन्तित भए तर त्यसै मौकामा त्यहाँ साहू मुखिया रत्नेले तिर्नुपर्ने ऋण असुल गर्न आए । रत्नेका बुवाले भएको जायजेथा सबै दिएर साहूको ऋण चुक्ता गरे । अब घरमा गरीखाने ठाउँ केही थिएन भएको सम्पत्ति सबै साहू तिर्दै सकियो । रत्ने परदेशिएको खबर धेरैसम्म नआएपछि उसकी आमा पुत्रवियोगले त्यस संसारबाट बिदा लिइन् । उनको काजक्रियाको लागि रत्नेका बाबुले त्यही साहूसँग बीस रुपैया ऋण लिए त्यसबापत वसन्तीलाई त्यहाँ नोकर्नी बस्नुपर्ने भयो । त्यसपछिका वसन्तीका दिनहरू कष्टकर तरिकाले बित्दै गए । तैपनि वसन्तीले रत्नेलाई भूल्न सकेकी छैन । आफ्नो मनको पीडालाई दबाएर साहूको दासी बन्दै वसन्तीका दिन वित्दै थिए । वसन्ती जवान थिई । उता साहूको छोरा पढाइ सकेर घर फर्कियो । ऊ वसन्तीको यौवनमा मुग्ध भयो र उसले वसन्तीको चरित्रमा हात हाल्ने सम्मका कार्यमा सक्रियता देखाउँदै गयो । वसन्तीको सतीत्त्व डगाउने धृष्टता गर्दै वसन्तीको पछि लाग्न थाल्यो । तर वसन्तीले कडा शब्दमा जवाफ दिई र उसलाई निरुत्तर बनाई त्यसपछि साहूको छोराले नोकर्नीलाई हेपेर वसन्तीको चरित्र लुट्ने आँट गरी वसन्तीलाई झम्ट्यो । वसन्तीले उसलाई सजिलै परास्त गरी । लज्जित रूप लिएर साहूको छोराले आफ्नो बाबुसँग उल्टो वसन्तीको चरित्रमा खोट

देखाई उसलाई घरबाट निकाल्न पठायो । यस्तो दुर्व्यवहार देखेर रत्नेका बाबुले पनि प्राण त्याग गरे त्यसपछि बेसाहारा बन्न पुगेकी वसन्ती माइततर्फ लागि र त्यही दु:खसुखले दिन काट्न थाली । केही समयपछि रत्नेले वसन्तीलाई चिठी पठायो । यसले वसन्तीमा केही राहतको अनुभूती प्रधान गऱ्यो । यसले गर्दा वसन्ती आफ्नो प्रियतमसँग भेट हुने मिठो यादमा रमाउन थाली ।

स्वास्नीलाई कुटेर विदेशीएको **रत्ने** नेपालगञ्ज पुग्यो र त्यहाँको शहरिया भेषभूषा र भाषाले रत्नेलाई चकित पाऱ्यो । ऊ त्यहाँ खाना खान नपाई भोकभोकै बस्नु पर्ने सम्मको अवस्था भोग्न बाध्य भयो । भोक शान्त पार्नको लागि ऊ भिक्षा माग्न एउटा बुढीको पसलमा गयो त्यहाँ उसले भेली र चिउरा प्राप्त गऱ्यो र पेटको ज्वाला शान्त पाऱ्यो तर त्यसै बुढीले उसलाई चोरको आरोप लगाई पुलिसको जिम्मा लगाई दिई । ऊ जेल पऱ्यो । जेलमा उसले साक्षर बन्ने अवसर पायो । जेलमा शंकरचन्द नामका परोपकारी व्यक्तिले रत्नेको साक्षरतामा सहयोग गर्नुको साथै शोषण दमनका विरूद्धमा सचेत समेत गराए । जेलबाट रत्ने ६ महिनापछि छुट्यो र घरको दु:ख सम्झेर ऊ घरतर्फ नलागी भारततर्फ लाग्यो । रेलमा उसले कप्तान बीर थापासँग परिचय गऱ्यो उनले रत्नेलाई मलाया लाने निधो गरे । रत्नेले कप्तानसँग रेलमा थुप्रै जिज्ञासा प्रकट गऱ्यो । कप्तानले पनि साम्राज्यवादी गोराहरूले मलायामाथि गरेको बर्बर दमनको सविस्तार सुनाए । यस्तै गरी नेपाली वीरहरू गोराहरूको सिपाही बनी लड्न थालेको कुराहरू पनि रत्नेलाई जानकारी गराए । यसका साथै नेपालीहरूलाई विदेशिन बाध्य बनाउने आफ्नै देशका सामन्तहरू नै हुन् यिनले गरिव सर्वहारालाई झन गरिबीको चक्रव्यूहमा फसाउँछन् भन्ने खालका व्यवहारिक कुराहरू पनि रत्नेले कप्तानको मुखबाट सविस्तार सुन्यो । रत्नेले कप्तानको मुखबाट विविधखाले कुराहरूको साथै वर्गीय दुस्मनका विरूद्ध पनि सचेत गराउने काम गरे । यस्तै खालका गफगाफ गर्दागर्दै ती दुवै मलाया पुगे र त्यहाँ पुगेपछि रत्नेले कप्तानले भने झैं गोराहरूको दमनप्रतिको अनुभव बटुलीहाल्यो । यसका अलावा रत्नेले प्रथम र द्वितीय विश्वयुद्धको बारेमा कप्तान थापासँग प्रश्न अगाडि राख्यो । यसको पनि बीर थापाले उसलाई जानकारी गराए । कप्तान थापाले रत्नेलाई पनि मलायाली सैनिकमा भर्ती गरिदिए । उनीहरू दुवैजना दश वर्षसम्म सँगै काम गरे यसै सिलसिलामा मलायामा गुरिल्ला युद्ध भयो । युद्धको क्रममा जङ्गलको बाटो हिंड्दै जाँदा कप्तान बीर थापालाई सर्पले डस्यो । उनी आफूले देशको मुक्तिका लागि केही गर्न नसकेकोमा पश्चाताप व्यक्त गर्दै मृत्यु वरण गर्न पुगे । कप्तानको

मृत्युले रत्नेको मनमा गम्भीर चोट पर्‍यो । उसले मलाया छोडी आफ्नो देशमा फर्किएर बीर थापाको इच्छालाई पुरा गर्ने अठोटका साथ स्वदेश फर्कन्छ ।

रत्ने रेलको यात्राबाट घर फर्किन्छ उसले त्यहाँ नेपाली व्यापारीसँग नेपालको स्थितिको बारेमा सोध्छ । व्यापारीले वि.स. २००७ सालदेखि २०१७ सालसम्मको नेपालको राजनैतिक स्थितिको बारेमा अवगत गरायो । यसरी रत्ने रेल यात्रा सकेर पैदल हिडेर आफ्नो गाउँ हर्नोक पुग्छ । ऊ गाउँमा पुगेपछि आफ्नो घर भएको ठाउँमा गयो । तर त्यहाँ उसको घर थिएन । त्यसपछि ऊ बास्तविकता बुझ्न जेठाबुबाको घर गयो । जेठी आमाबाट बास्तविकता बुझेपछि उसले कान्छा साहूसँग बदला लिने दृढ अठोट गर्‍यो । आफ्नो घरबार छिन्न भिन्न बनाइदिने शोषकमाथि जसरी भएपनि जाइलाग्ने र दासताबाट सदाका निम्ति मुक्त हुने रत्नेको क्रान्तिकारी विद्रोही मनोदशा प्रस्तुत गरेर खण्डकाव्यको कथानक टुङ्ग्याइएको छ । आपत्विपत्बाट कायर र निराश नभइ दृढताका साथ अन्यायी अत्याचारीसँग लड्न तयार बनेको रत्नेको सवल मनोवल सम्पूर्ण शोषित पीडित जनताको निम्ति उत्प्रेरणा बन्न पुगको छ ।

कवि शर्माले **हिमाली रत्न** खण्डकाव्यमा कथानकलाई यथार्थको धरातलबाट कति बाहिरिन दिएका छैनन् । यो खण्डकाव्य तत्कालीन परिवेशको ज्वलन्त र जीवन्त प्रमाण हो । रत्ने र वसन्तीको भेटघाट नभई कथानक टुङ्गिएको छ । रत्ने जस्ता अनेकौं युवाहरू समाजलाई परिवर्तन गर्न उद्यत रहेको तर सामन्तवादीहरूले तिनीहरूको इच्छा पुरा हुन नदिएको यथार्थ स्थितिको यहाँ इंगित गरिएको छ ।

कवि शर्माको **हिमाली रत्न** खण्डकाव्य स्पष्ट र यथार्थ कथानक भएको खण्डकाव्य हो । उनको भाषाशैली सरल र सरस भएको हुनाले सामान्य पाठकले पनि यसलाई सजिलै बुझ्न सक्छन् । यसको थप विशेषता भनेको वर्णन र पूर्वीय र पाश्चात्य दर्शनको चर्चा अनि नेपालको वस्तुस्थितिको बयान पनि रहेको छ । साथै हिमाली रत्न खण्डकाव्यले मौलिक र कविकल्पित कथानकलाई अँगालेको छ । स्थानीय समस्या र त्यहींका पात्र, परिवेश आदिको संयोजन गरेर तयार पारिएको यस कथानकले कवि शर्माका सिर्जनशील मस्तिष्कको परिचय दिन्छ । यिनै विविध विशेषताले युक्त हिमाली रत्नको कथानक पनि कवि शर्माको एक प्राप्तिका रूपमा रहेको छ । यसरी कवि नारायणप्रसाद शर्माले सामाजिक यथार्थको धरातलमा आधारित रहेर उक्त खण्डकाव्यको कथानकको सिर्जना गरेका छन् ।

### ४.२.२.४ विचार र भावको स्थिति

कवि नारायणप्रसाद शर्माको **हिमाली रत्न** खण्डकाव्य मूलतः विचारलाई महत्त्व दिई लेखिएको खण्डकाव्य हो । यस खण्डकाव्यले समाजमा भएका विकृति र विसंगतिलाई अन्त्य गर्ने चेतना फिजाँउने प्रयत्न गरेको छ । त्यसका निम्ति प्रगतिवादी चिन्तनको सहारा लिंदै सामाजिक परिवर्तनको पक्षमा कवि उभिएका छन् । साथै कविले पूर्वीय र पाश्चात्य दर्शनसँग सम्बन्धित केही कुराहरूलाई पनि आफ्नो काव्यमा स्थान दिएका छन् । यिनीहरूमा पनि केही कमजोरी रहेको संकेत गरेका छन् । आफू व्यवहारिक भौतिकवादी भएको दाबी गरेका छन् । तत्कालीन सामाजिक परिवेशमा खुलेर व्यवहारिक भौतिकवादको पक्षमा लाग्न नसकेको कुरामा कवि सहमत छन् । कवि शर्माले शोषण, दमन, थिचोमिचो, भ्रष्टाचार, पछ्यौटेपन आदिलाई समाप्त पार्नको लागि मार्क्सवादी दर्शनमा आधारित प्रगतिवादलाई पछ्याएका छन् ।

**हिमाली रत्न** खण्डकाव्यमा आफ्नो विचारलाई काव्यात्मक रूप दिन कविले विभिन्न भावहरूलाई पनि संप्रेषण गरेका छन् । यस क्रममा उनले आमा-छोराबीचको बात्सल्य प्रेम, पति-पत्नीबीचको हार्दिक प्रेम तथा कप्तान र सिपाहीबीचको आत्मीय प्रेम आदिलाई भावुकताका साथ अभिव्यक्त गरेका छन् । यसरी कविले रत्नेको आर्थिक विपन्नता अनि उसका परिवारले भोगेका पीडा रत्नेका बाबुआमाको मृत्यु, वसन्तीलाई लाञ्छना लगाइएको कुरा आदिको मार्मिक रूपमा वर्णन गरेका छन् । हिमाली रत्न खण्डकाव्यमा सत् र असत्पात्रको बीचमा देखिएका फरकपनको पनि वर्णन गरिएको छ । कतिपय ठाउँमा राष्ट्रप्रेमको प्रसङ्ग पनि उल्लेख गरिएको छ । कवि नारायणप्रसाद शर्माले कविता विधाको प्रमुख तत्व मानिने भावपक्षलाई विचारपक्षसँग समायोजन गरेका छन् । साथै शर्माका रचनामा विचार निर्देशित भावका छल्का ठाउँ ठाउँमा छल्छलाएका देखिन्छन् ।

क्रान्तिको ज्वाला दन्केर यहाँ शासन डढायो ॥
उज्यालो भयो बिहान जस्तै नेपाली रमायो ।
फलामेबार भाँचिएपछि स्वतन्त्र मान्छे भो ॥
क्रान्तिको फल यही हो दाजु यो ठूलो कुरा हो ।

(हिमाली रत्न, पृ.६१)

उल्लेखित श्लोकमा राणाशासनको अन्त्यका लागि नेपाली जनताले गरेको क्रान्तिको स्मरण गर्दै २००७ सालको प्रजातन्त्र जनताका निम्ति उज्यालो बिहानीजस्तो रमणीय भएको भाव व्यक्त गरिएको छ । त्यसैगरी निरंकुश शासनका विभिन्न बन्देजहरू फलामे बारसँग तुलना गर्दै ती बारहरू भाँचिएपछि जनता स्वतन्त्र वातावरणमा उन्मुक्त हाँसो हाँस्न सकेका थिए र मौलिक हक अधिकारको प्रयोग गर्दै अघि बढ्न सम्भव हुनु क्रान्तिकै फल थियो भन्ने गहन भाव कलात्मक काव्यात्मक शैलीमा अभिव्यञ्जित भएको छ ।

**हिमाली रत्न** खण्डकाव्यभित्र मान्छेका विविध अवस्थाका अनेकौं भाव, राष्ट्रप्रेम, प्रकृतिप्रेमजस्ता भावात्मक विषयवस्तुलाई कवि शर्माले सहज रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । यसैले त हिमाली रत्न खण्डकाव्यमा विचारपक्ष र भावपक्ष दुवै प्रवल रहेका छन् ।

## ४.२.२.५ पात्र/चरित्र

**हिमाली रत्न** खण्डकाव्यमा १२ जना मञ्चीय पात्रको प्रयोग गरिएको पाइन्छ भने अन्य थुप्रै पात्रहरू नेपथ्यमा आएका पनि भेटिन्छन् । रत्ने, उसका बुबा र आमा, उसकी श्रीमती वसन्ती, सोमे, ठेकेदार, कान्छा साहूको छोरो, शङ्करचन्द नेपालगञ्जकी पसले बुढिया, कप्तान वीर थापा र व्यापारी यस खण्डकाव्यमा मञ्चीय रूपमा आएका छन् । रत्नेका साथीहरू, खयर काट्ने मजदुर लगायतका मलायाका सिपाही नितान्त गौण भूमिका भएका पात्रहरूको पनि यस खण्डकाव्यमा कवि नारायणप्रसाद शर्माले उपस्थिति गराएका छन् । यस खण्डकाव्यमा प्रमुख वा सहायक पात्रको क्रमशः परिचय दिइएको छ ।

### रत्ने

रत्नबहादर **हिमाली रत्न** खण्डकाव्यको पुरुष पात्र हो । यसका साथै ऊ यस खण्डकाव्यको प्रमुख पात्र वा नायक पनि हो । ऊ एक जवान पात्र हो । प्रारम्भमा रत्ने अनुकुल चरित्रको रूपमा खण्डकाव्यमा देखिएको छ । विस्तारै ऊ प्रतिकूल चरित्रको बन्न गएको छ । अन्त्यतिर ऊ पुनः अनुकूल प्रवृत्ति भएको चरित्रको रूपमा नै आएको छ । रत्नेको चरित्रलाई कवि शर्माले यस खण्डकाव्यमा वर्ग चरित्रको रूपमा प्रयोग गरेका छन् । रत्नेले अशिक्षित, निम्न वर्गीय पहाडी भेगका नेपालीहरूको चरित्रको प्रतिनिधित्त्व गरेको छ । रत्ने जस्ता अशिक्षित र गरिबीको मारमा हुर्किएका पात्रहरूले ठूलाबडाहरूबाट ठगिएको थाहा नपाउने, निरक्षर चरित्रको रूपमा उपस्थित भएको देखिन्छन् । पहिले विभिन्न खालका

दु:ख, हण्डर र ठक्कर खाँदै गएको रत्नेमा विस्तारै चेतनाको अंकुरण हुँदैजान्छ र उसमा विद्रोही स्वरको शुरूवात हुन्छ । सुरूमा ऊ खयर काट्ने काम गर्छ त्यसमा ऊ आफू ठेकेदारबाट शोषिएको थाहा पाउँछ र काम छोडेर घरमै बस्छ । घरमा बसेर गुजारा नचल्ने देखि उसले श्रीमतिलाई लिएर कामको खोजीमा दाङको ईंटाभट्टामा मजदुरी गरेको देखिन्छ । यस क्रममा ऊ कुसंगतमा फस्न पुग्छ र श्रीमतीसँग झगडा गरी कुटेर नेपालगञ्जतिर लाग्छ । नेपालगञ्जमा चोरीको अभियोगमा रत्ने जेल परेको र जेलमा साथीसंगतले साक्षार बन्ने अवसर प्राप्त गरेको कुरा पनि उक्त खण्डकाव्यमा उल्लेख गरिएको छ । समाजमा विद्यमान शोषण दमन अन्याय अत्याचार जस्ता कुराहरूको बारेमा सचेत बन्दै वर्गीय दृष्टिले समाजलाई हेर्ने प्रगतिवादी सोंचको बारेमा पनि जेलमा धेरै अनुभव बटुलेको देखिएको छ । जेलबाट छुटेर रत्ने १० वर्ष मलायामा सेनाको जागिर खाएर घर फर्किएको कुराको वर्णनको साथै ऊ पहिला भन्दा चलाख चरित्रको रूपमा देखिएको छ । यसरी खण्डकाव्यको उत्तरार्धतिर रत्ने पहिलेभन्दा धेरै चलाख अनि परिवर्तित समाजको कल्पना गर्न सक्ने सचेत चरित्रको रूपमा देखिएको छ । उसले गाउँदेखि शहर हुँदै मलायासम्म पुगेर संघर्षशील जीवनको चिनारी दिएको छ । साथै रत्नेमा नयाँ कुरा सिक्ने इच्छाका साथै त्यसलाई ग्रहण गर्ने क्षमता पनि रहेको छ । साथै रत्ने यस खण्डकाव्यमा गतिशील चरित्रको रूपमा उभिएको छ । साथै यो खण्डकाव्यमा रत्नेकै पारिवारिक कथालाई समेटेर कथानक निर्माण भएको छ । अनि रत्नेको चरित्रलाई आदिदेखि अन्त्यसम्म डोऱ्याइएको छ । रत्ने यस खण्डकाव्यमा प्रमुख पात्र वा नायकका रूपमा उभिएको छ । खण्डकाव्यको शीर्षक पनि यसकै नामसँग जोडिएकोले पनि रत्नेलाई नायक मान्न थप सघाऊ पुगेको छ ।

**बसन्ती**

बसन्ती **हिमाली रत्न** खण्डकाव्यकी नायिका हो । ऊ पनि यस खण्डकाव्यमा गतिहीन चरित्रको रूपमा आएकी छ । उसको स्वभावमा एकरूपता पाइनु पनि उसको चारित्रिक विशेषता मान्न सकिन्छ । ऊ अशिक्षित भएर पनि समय परिस्थितिसँग जुध्न सक्ने नारी पात्रको रूपमा देखिन्छे । रत्नेले दु:ख गरेर कमाएको पैसा कुलतमा परेर खर्च गर्न थाल्दा उसले रत्नेलाई आग्रह गर्छे । रत्नेले उसलाई रिसाएर घरै छोडेर हिँडे पनि ऊ पतिको सत्मा रहेकी र आफ्नो कर्तव्यबाट कत्ति पनि डगमगाएकी छैन । उक्त खण्डकाव्यमा ऊ उच्च उदात्त चिन्तनका साथमा अघि बढिरहेकी छे । उसले आफ्नो मनमा अनेकन तर्क वितर्क गर्ने क्रममा यस्तो पनि भन्छे "साहूको चलन नचलेको भए गरिबले परदेशिनु पर्ने

थिएन होला । साथमा रुपियाँ नहुनेले जुवा नखेलेको भए यो दुःख भोग्नुपर्ने थिएन होला ” भन्ने जस्ता विचारहरू यस खण्डकाव्यमा भएका छन् । ऊ चरित्रवान नारी भएरै होला उसलाई आफ्नो पतिले जतिसुकै बिछोडको चोट दिएपनि पतिलाई गर्ने कर्तव्यबाट कत्ति पनि चुकेकी छैन बसन्तीको रत्नेप्रतिको पवित्र भावना यस खण्डकाव्यको ठाउँठाउँमा व्यक्त भएको पाइन्छ । यसकारण बसन्तीलाई आदिदेखि अन्त्यसम्म अनुकुल प्रवृत्तिको चरित्रको रूपमा पाइन्छ ।

### ठेकेदार

**'हिमाली रत्न'** खण्डकाव्यमा ठेकेदार सहायक चरित्रको रूपमा देखिन्छ । यो पात्र खण्डकाव्यमा दोस्रो सर्गमा मात्र देखिएको छ । ठेकेदार गरिबको रगत र पसिना चुसेर आफूले मोज गर्ने भारतीय फटाहाहरूको वर्गगत चरित्रको रूपमा यस खण्डकाव्यमा देखिन्छ । पश्चिम नेपालको एक ठाउँमा खयरको ठेक्का लिएको र सोही ठाउँमा रत्ने पनि काम गर्न गएको हुन्छ । त्यहाँ उसले त्यो ठेकेदारले कामदारहरूलाई ठग्ने गरेको वृतान्त पनि यस खण्डकाव्यमा देखाइएको छ । ठेकेदारले कामदारको चरित्रलाई यस खण्डकाव्यमा प्रतिकूल प्रवृत्तिको रूपमा दर्शाइएको छ । त्यसैले ठेकेदार सहायक चरित्रको रूपमा देखिन्छ । ऊ अरुलाई दुःख दिने परपीडक पात्रको रूपमा यस खण्डकाव्यमा स्पष्ट पारिएको छ ।

### कान्छा साहू

कान्छा साहू '**हिमाली रत्न**' खण्डकाव्यमा महत्त्वपूर्ण एवम् प्रतिकूल प्रवृत्तिका चरित्र भएका पुरूष पात्र हुन् । रत्नेको पारिवारिक जीवनमा पीडा थपिदिने काम कान्छा साहुले गरेको कुरा यस काव्यमा देखाइएको छ । रत्ने विदेश गएको मौका पारी कान्छा साहू ऋण असुल गर्नको लागि रत्नेको घरमा गएको र रत्नेको सबै जायजेथा लिएर उसका बाबुआमालाई घरवारविहिन बनाएको कुराको पनि यहाँ उल्लेख गरिएको छ । रत्नेकी आमाको मृत्यु पश्चात बीस रूपैयाँ ऋण दिई बसन्तीलाई नै नोकर्नीका रूपमा घरमा बस्न बाध्य बनाएको घटना अनि सोही बेलामा मौकाको फाइदा उठाउँदै कान्छा साहूको छोराले बसन्तीको चारित्रिक हत्या गर्ने सम्मका दुष्कार्यको पनि कवि शर्माले यहाँ प्रष्ट तवरले व्यक्त गरेका **छन् ।**

### कप्तान वीर थापा

कप्तान वीर थापालाई **'हिमाली रत्न'** खण्डकाव्यको बौद्धिक पात्रका रूपमा उभिएका छन् । यिनकै प्रेरणाबाट रत्नेले धेरै कुरा सिकेको र उनकै सहयोगबाट ऊ मलायासम्म पुगी त्यहाँ जागिर खाएको वृतान्त पनि यस खण्डकाव्यमा उल्लेख गरिएको छ । कप्तान वीर थापामा नेपाल र भारतको इतिहासका ज्ञाता भएका र नेपालीहरूलाई गोर्खा भर्ती केन्द्रमा भर्ना भई गोराहरूको सिपाही बन्नु पर्ने स्थितिको बारेमा पनि यस खण्डकाव्यमा उनले रत्नेलाई जानकारी दिएका छन् । कप्तान वीर थापाले स्वदेशमा रोजगारी नपाएर विदेशिन बाध्य भएका वीर स्वाभिमानी चरित्रको प्रतिनिधित्त्व गरेका छन् । यिनलाई प्रथम र द्वितीय विश्वयुद्धको बारेमा पनि जानकारी भएको स्पष्ट गरिएको छ । यिनले रत्नेलाई मलायामा लगेर भर्ती गराएर सहयोगी भाव दर्शाएका छन् । यिनको साथमा रत्ने १० वर्ष मलायामा बिताएको र उनको मृत्यु पश्चात् यिनकै चाहनालाई पूर्ण गर्ने क्रममा ऊ स्वदेश फर्किएको कुरा पनि यस खण्डकाव्यमा उल्लेख गरिएको छ । यस खण्डकाव्यमा उनी अनुकूल प्रवृत्ति भएका र गतिहीन स्वभाव भएका चरित्रका रूपमा उभिएका छन् । उनको उपस्थितिविना हिमाली रत्न खण्डकाव्य अपूर्ण रहन्छ त्यसैले उनलाई खण्डकाव्यमा सहायक चरित्रको रूपमा लिइएको छ ।

### शङ्करचन्द

शङ्करचन्दलाई पनि **'हिमाली रत्न'** खण्डकाव्यको सहायक पात्रका रूपमा लिन सकिन्छ । रत्नेलाई आपत्कालीन अवस्थामा आफ्नो सम्पर्कमा ल्याएर उसलाई शिक्षित बनाउने शोषण दमनका विरूद्धमा सचेत गराउने काम शङ्करचन्दबाट नै भएको कुरा पनि कवि नारायणप्रसाद शर्माले यस खण्डकाव्यमा प्रष्ट पारेका छन् । सर्वहारा जनताका पक्षमा बोल्ने र काम गर्नेलाई जेलजीवन भोग्नुपर्ने तत्कालीन परिस्थितिलाई चिनाउन पनि यस पात्रको प्रयोग उक्त खण्डकाव्यमा गरिएको छ । उनको उपस्थिति यस खण्डकाव्यको एउटा सर्गमा मात्र पाइए पनि उनले अनुकुल प्रवृत्तिको मार्ग बटुल्ने प्रयास गरेका छन् । यस खण्डकाव्यमा शङ्करचन्द मानवतावादी एवम् मार्क्सवादी र परोपकारी चरित्रको रूपमा उभिएका छन् । अन्य चरित्रको तुलनामा यिनी शिक्षित सहयोगी र सामूहिक भावना भएको पात्रको रूपमा देखिएका छन् ।

**बूढा/धर्ती**

खण्डकाव्यमा कतै बूढा र कतै धर्तीको रूपमा प्रयोग गरिएका चरित्र रत्नेका बाबु हुन् । शर्माले रत्नेका बाबुलाई समाजका सामन्तहरूको कुटनैतिक चालचलनबाट सचेत रहने पात्रको रूपमा खण्डकाव्यमा उपस्थिति गराएका छन् । रत्नेका बाबु (बूढा) ले सामन्तहरूले सर्वसाधारण जनताहरूलाई झूठो तमसुक लेखेर खेतवारी हत्याउने प्रवृति प्रति परिचित भएर नै होला । उनले कान्छा साहूलाई तमसुक नलेखी भएको जायजेथा नै सबै दिएका छन् । उनी यस खण्डकाव्यमा स्वाभिमानी चरित्रको रूपमा देखिएका छन् । साथै आफ्नी निर्दोष बुहारी (वसन्ती) लाई चरित्रदोष लगाएको सहन् गर्न नसकी उनले आत्महत्या गरेको कुरा पनि खण्डकाव्यमा उल्लेख गरिएको छ ।

**बूढी**

कवि नारायणप्रसाद शर्माले रत्नेकी आमालाई बूढी नामाकरण गरेका छन् । यिनी आफ्नो सन्तान रत्नेप्रतिको स्नेहलाई थाम्न नसकी चिन्तै चिन्ताले मृत्युको मुखमा पर्छिन । आफ्नो सन्तानप्रति अगाध माया र ममता राख्ने समस्त महिलाहरूको प्रतिनिधि पात्रको रूपमा यिनी उपस्थित भएकी छिन् । यिनको मृत्युपश्चात रत्नेको घर झन तहसनहस भएको छ ।

**सोमे**

कवि नारायणप्रसाद शर्माले सामेलाई यहाँ गौण पात्रका रूपमा उपस्थित गराएका छन् । सामे पनि यस खण्डकाव्यको वर्गगत चरित्रको रूपमा आएको छ । ठूलावडाहरूले आफ्ना घरमा काम गर्न बसेका व्यक्तिमाथि गर्ने अन्यायको उद्घाटन गर्न यस चरित्रको प्रयोग गरिएको छ । रत्ने दाङबाट घरतर्फ नलागी नेपालगञ्जतिर लाग्नुमा सोमेको दुःखद कथाले पनि काम गरेको कुरा यस खण्डकाव्यमा वर्णन गरिएको छ ।

**व्यापारी**

'हिमाली रत्न' खण्डकाव्यमा कवि शर्माले २००७-२०१७ सम्मको नेपालको राजनीतिक स्थितिको विश्लेषण गर्ने काम व्यापारीका माध्यमबाट गरेका छन् । व्यापारी पेशाले व्यापारी भएपनि उसले जनताका पक्षमा रहेर राजनैतिक विश्लेषण गरेको छ र ऊ जनताको पक्षमा रहेको पात्रको रूपमा यस खण्डकाव्यमा उल्लेखित छ । वि.सं. २००७

सालको राजनैतिक परिवर्तनपछि पनि सर्वसाधारण जनताको जीवनस्तरमा कुनै परिवर्तन नआएको साथै नेपालमा विकास निर्माणको काम हुन नसकेको र ठूलावडाहरूले सर्वसाधारणलाई दबाएको साथै सामन्तहरूले पदका लागि गरेको तत्कालीन अवस्थाको बारेमा प्रकाश पार्ने काम व्यापारीले गरेको छ ।

**कान्छा साहूको छोरो**

यो पात्र प्रस्तुत खण्डकाव्यको गौण पात्र हो । तापनि यसको परपीडक अमानवीय प्रवृत्तिले खण्डकाव्यमा यसले कामवासनाबाट बसिभूत भएर सोझी बसन्तीको चरित्र हत्या गर्ने दुष्प्रयास गर्छ । शिक्षित भएर पनि आफ्नो खराब पारिवारिक पृष्ठभूमि र वातावरण एवम् सामन्ती सोंचका कारण बसन्ती जस्ती निरीह एवम् निर्दोष चेली माथि दुर्व्यवहार गर्दछ । बसन्तीको दृढ अठोट र सत्‌चरित्रका साम‍ु ऊ पराजित हुन्छ र आफ्नो बाबुलाई गुहार्न पुग्छ । यो यस खण्डकाव्यको खल् पात्र हो जसले सज्जनहरूका निम्ति अवरोध सिर्जना गरिदिएर उनीहरूलाई प्रताडित बनाएको छ ।

**४.२.२.६ परिवेश**

**हिमाली रत्न** खण्डकाव्यको परिवेश दाङ जिल्लाको पहाडी गाउँ हर्नोकबाट सुरू भएर दाङको शहर अनि नेपालगञ्ज बजार हुँदै भारत र मलायासम्म घटेका घटनाहरूको वर्णनमा विस्तारित भएको छ । यसले वि.सं. २००७ सालदेखि २०१७ साल सम्मको पहाडी भेगका नेपालीहरूको आर्थिक सामाजिक स्थिति, जीवनशैली र अन्य विविध पक्षको चित्रण गरेको छ ।

त्यसको साथै २००७ सालदेखि २०१७ सालसम्म सर्वसाधारण जनताले प्रजातन्त्रको फल उपभोग गर्न नपाएको तीतो सत्यलाई पनि आन्तरिक परिवेशका माध्यमबाट उजागर गरेको छ । यसरी जनताले रगत पसिना बगाएर ल्याएको प्रजातन्त्रको उपभोग गर्न नपाउनुमा तत्कालीन स्वार्थी शासन व्यवस्था नै मुख्य दोषी थियो भन्ने प्रष्ट हुन आउँछ ।

सर्वसाधारण जनताको गरिबी, दुःख, व्यथा र पीडालाई नजिकबाट अनुभूत गरेका खण्डकाव्यकार शर्माले मूल रूपमा पहाडी भेगका निम्न वर्गका जनताको ग्रामीण जीवनशैली र वस्तुस्थितिलाई प्रमुखताका साथ यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । गाउँका वनजंगल,

भिरपाखा, खोला-नदी, गोरेटो सा-साना झुप्राहरू आदिको चित्रण खण्डकाव्यको परिवेशका रूपमा प्रस्तुत भएका छन् :-

हिमाली मूल पाएर शीतल पानी बगेको ।
वमको धुवाँ न आई विशुद्ध हावा लिएको ॥
शान्तिको फूल तैपनि नपाई फूल वैलन्छ ।
विश्वका जम्मै मित्रलाई कोसेली लगी बाटनै छ ॥
पवित्र मिठो हावाले मनको मैलो उडाऔँ ।
पेटले माग्छ एकमाना बनेर आर्से बिग्रे छौँ ॥

(हिमाली रत्न पृ. २)

हाम्रो देशको ग्रामीण पहाडी भेगमा प्रकृति प्रदत्त स्वच्छ पानी, शितल शुद्ध हावा, विविध किसिमका वनस्पति र फूलहरूको सुन्दरताले ग्रामीण जीवन प्राकृतिक रूपमा सुन्दर स्वस्थ र पवित्र छ भन्ने चित्रण माथिका कवितांशमा गरिएको छ ।

कवि शर्माले प्राकृतिक सुन्दरताले भरिपूर्ण पहाडी भेगका गाउँहरूमा एकातिर प्रशस्त प्राकृतिक सम्पदाको उपलब्धता प्रस्तुत गरेका छन् भने अर्कातिर गाउँका सिधासाधा निश्छल मानिसहरू कसरी शोषक सामन्तहरूबाट थिचिएका छन् र पिल्सिएका छन् भन्ने क्रूरपक्षलाई पनि खण्डकाव्यमा निकै महत्त्वका साथ उठाएका छन् । यस क्रममा दाङ जिल्लाका मिहिनेती र शोषित थारूहरूको जीवनगाथाको झल्को यहाँ प्रस्तुत गरेका छन् :

इलम यहाँ के छ र ? जागीर कस्ले दिन्छ र ॥
थारूका छोरा कमारा बेइलमी कै लस्कर ॥

दाङका आदिवासी धर्तिपुत्र थारू जाति लामो समयदेखि आफ्नै भूमिमा धूर्तहरूको दास बन्न विवश भए । ति अनपढ परिश्रमी थारूका छोराहरू देशमा उद्योग व्यवसायको विकास हुन नसक्दा अर्काको घरमा नोकर बन्न अभिशप्त भए ।

प्रस्तुत खण्डकाव्यमा दाङ जिल्लाका विभिन्न गाउँहरू घोराही बजारदेखि लिएर नेपालगञ्ज हुँदै मलायाका केही स्थानहरू रत्नेको जीवनयात्राका क्रममा वर्णित भएका छन् । पहिलो पटक रत्ने नेपालगञ्ज पुग्दा ऊ त्यहाँको फराकिलो सम्म मैदान र पसलहरू देखेर

अचम्म मान्दछ । गाउँमा जन्मेको हुर्केको उसका लागि नेपालगञ्जको सहर विस्मय बन्दछ । नेपालगञ्जको परिवेशलाई काव्यमा यसरी चित्रण गरिएको छ –

नेपालगञ्ज पुगेर आँखाको पर्दा खुले झैं ।
मैदान मात्र फैलेको संसार गोलो पाटी झैं ॥
पहाड मात्रै नेपाल होइन रछ नेपाली ।
नेपालगञ्ज यै भन्छ रत्नेले यहाँ बुझ्यो कि ॥
दरवार जस्ता घर छन् बजारै रमझम छन् ।
भारते वस्तु भाउले दुकान सारा टम्मै छन् ।

(हिमाली रत्न, पृ. २३)

गाउँको भीर पाखा र कुना कन्दरालाई संसार सम्झेको रत्ने जव नेपालगञ्ज आइपुग्छ तव नेपाल भनेको साँघुरो गाउँ मात्र नभएर फराकिलो सहर पनि रहेछ भन्ने बोध गर्दछ । गाउँमा खरले छाएका साना-साना झुपडीहरू मात्र देखेको ऊ सहरमा दरबार जस्ता ठूला-ठूला महल देखेर अचम्म मान्दछ । त्यस्तै बजारको व्यापार र रमझमले उसको मन तान्दछन् ।

प्रस्तुत खण्डकाव्यमा कवि शर्माले गाउँको शान्त सुन्दर वातावरण देखि लिएर सहरको रमझमपूर्ण परिवेशका साथै मलाया युद्धको भयभीत परिवेशलाई पनि निकै सटिक रूपमा चित्रण गरेका छन् । परिवेशको यथार्थ चित्रणले खण्डकाव्यको कथ्यलाई वास्तविकतासँग तादम्य बनाएको छ ।

### ४.२.२.७ लय, छन्द, रस तथा अलङकार विधान

कवि शर्माको 'हिमाली रत्न' खण्डकाव्य सरल, ललित शब्दचयन र अन्त्यानुप्रासीय लयविधानले गर्दा गेयात्मक बनेको छ । शर्माले धेरै जसो श्लोकमा अन्त्यानुप्रास मिलाएका छन् । यसको साथै नेपाली भाषामा देखिएका सेलो, झ्याउरे र सवाई जस्ता लोक छन्दको प्रयोग गरी खण्डकाव्यमा नौलोपन थपेका छन् । परम्परावादी साहित्यको इतिहासमा हिमाली रत्न खण्डकाव्यले नेपालीपन, सामाजिक परिवर्तनको चाहना राख्दै विद्रोही स्वर गुञ्जाएको कुरा व्यक्त भएको पाइन्छ । रत्नेको कारूणिक कथानकको वर्णनले काव्यमा करूण रसको स्थिति सिर्जना भएर काव्य सरस बन्न गएको छ । साथै शर्माले काव्यमा रूपक, उपमा,

अर्थालङ्कार र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग गरेका छन् । जसले गर्दा खण्डकाव्य लयात्मक बनेको छ । अन्त्यानुप्रास मिलाइएको श्लोकको उदाहरण निम्न छ ।

केवल झण्डा नारामा भाषण गर्ने कलामा ॥

फरक भयो नेपाल दुःख छ पला पलामा ॥ १४

फागुन सात यस्तै भो ग्रहण लाग्यो क्रान्तिमा ॥

लुछा र चुंडी चलेको जनता परे भ्रान्तिमा ॥ १५ ॥

(हिमाली रत्न पृष्ठ, १५)

माथिको श्लोकमा द्वितीय चतुर्थ पाउका बीच अन्त्यानुप्रास मिलेर कविता लयात्मक बनेको छ । अन्त्यानुप्रासको कुशल सम्मिलनले कवितालाई लयात्मक बनाउँदै श्रुतिमधुर बनाएको छ ।

त्यसैगरी प्रस्तुत खण्डकाव्यमा अलङ्कारहरूको प्रयोगले काव्यको भावलाई अलंकृत गर्दै सुनमा सुगन्ध भरेका छन् । अलङ्कार प्रयोग भएको सुन्दर उदाहरण यहाँ प्रस्तुत छ :

हर घडी अधेरी झैं जगत यो कतै ।

प्रतिपल उजेली झैं जगत यो कतै ।२।

(हिमाली रत्न पृष्ठ, ६४) ।

माथिका सुन्दर कवितांशमा मान्छेको जीवन भोगाइका सुख र दुःखको अनुभूतिलाई आलांङ्कारिक रूपमा प्रस्तुत गरिएको छ । दुःखको बेलामा संसार अंधेरी रात जस्तै हुन्छ र सुखको समयमा हरेक घडी बिहानको उज्यालो प्रभात जस्तै प्रतीत हुन्छ भन्ने मान्छेको अनुभूतिलाई कलात्मक ढंगले अंकन गरिएको छ । उपमाको सुन्दर प्रयोग भएको उपर्युक्त कवितांशमा दुःखको समयमा देखेको जगतलाई कालो अंध्यारोसँग र सुखको अवस्थामा देखिने संसारलाई उजेलीसँग समानता देखाएर जीवनको यथार्थलाई प्रकट गरिएको छ ।

लोक छन्दमा रचिएको प्रस्तुत खण्डकाव्यमा कविले झ्याउरे सेलो र सवाई जस्ता लोकछन्दको प्रयोग गरेर विषयवस्तु र शैलीका बीचमा राम्रो समन्वय प्रस्तुत गरेका छन् । ग्रामीण जीवनको चित्रण गरिएको र गाउँलेहरूको कथाव्यथा प्रस्तुत गरिएको खण्डकाव्यको

कथ्य लोकछन्दमा हुनु काव्यको एउटा सबल पक्ष हो । प्रस्तुत काव्यमा प्रयुक्त छन्दहरूको उदाहरण तल केही कवितांशहरूको माध्यमबाट दिने प्रयास गरिएको छ :

क) झ्याउरे : लोक जीवनको चित्रणमा निकै स्वाभाविक मानिने यो छन्द ३+२, ३+२ र ३+३ को संरचनामा बाँधिएको हुन्छ ।

लुछा र चुँडी उधुम चल्यो बिजेता रमायो ।

कानुनी घेरा घेरेर सधैं शोषण चलायो ।७

(हिमाली रत्न पृष्ठ, ४५)

ख) सेलो : आठ, आठ अक्षरमा विश्राम हुने लयात्मक लोक छन्दलाई सेलो भनिन्छ । यस खण्डकाव्यमा पनि कविले सेलो छन्दको कुशल प्रयोग गरेका छन् ।

अतृप्त हाम्रो कल्पना लागेर सधैं साथमा ।

भोलिका हाम्रा सपना जांगर दिन्छन हामीमा । २८

(हिमाली रत्न पृष्ठ, ३)

ग) सवाईः चौध अक्षरको लयात्मक लोक छन्द 'सवाई' को पनि हिमाली रत्न खण्डकाव्यमा प्रयोग गरिएको छ । जसको उदाहरण यस प्रकार छ :

घर खाने खेत खाने बारी पनि खाने ।

चिन्ता दिई जहरको बाबु आमा खाने ।२९।

(हिमाली रत्न पृष्ठ, ६६)

### ४.२.२.८ उद्देश्य/जीवनदृष्टि

नारायणप्रसाद शर्माले आफ्ना विचार र अनुभवलाई कृतिका माध्यमबाट पाठकसमक्ष पुऱ्याउनु नै उक्त खण्डकाव्यको उद्देश्य हो । वास्तवमा हिमाली रत्न खण्डकाव्यमा नेपालमा विद्यमान वर्गीय विषमता शोषण भ्रष्टाचार, जालझेल चाकरी, चाप्लुसी एवम् दमनकारी नीतिनियमको चित्रण गर्दै पाठकसमक्ष पुऱ्याउनु कविको उद्देश्य रहेको छ । समाजमा रहेका विषमता, वर्गीय शोषणको यथार्थतालाई आख्यानमा उतार्दै समाजको स्थितिबोध गराउनु र

खण्डकाव्यको प्रमुख पात्रलाई नयाँ युग ल्याउने क्रान्ति गर्ने हिमाली रत्नको रूपमा स्थापित गर्नुले यही कुरालाई पुष्टि गर्न खोजेको छ । दङाली थारूहरूको समस्याहरूलाई उठाउँदै त्यहाँका समानन्तहरूप्रति व्यङ्ग्य गर्नुले पनि समाज परिवर्तनको चाहनालाई नै थप बल पुऱ्याएको देखिन्छ । चोर फटाहाहरू कानुन मिच्दै हिंड्ने र सोझासाझा जनतालाई नियम कानून लाग्ने अनि जेल पर्नुपर्ने नियमप्रति कविले आवाज उठाएका छन् । यसलाई पनि कविको उद्देश्य मान्न सकिन्छ ।

यसरी कविले समाज परिवर्तनको चाहना र अन्याय अत्याचारको विरोध गर्दै समाजवादी चिन्तनलाई मुख्य जीवनदृष्टि बनाएका छन् । पाश्चात्य जगतमा भौतिक जगतले उन्नति गरेको तर हार्दिक पक्ष कमजोर भएको र पूर्वीय जगतमा हार्दिक पक्षको विकास भएपनि भौतिक पक्ष निकै पछि परेको कुरालाई पनि शर्माले उक्त खण्डकाव्यमा यसरी समेटेका छन् :-

जीवन मृत्यु त्याग र सेवा पूर्वले सिकायो
इलम कला भौतिक मेवा पश्चिम चलायो । १०।
ज्ञानको ज्योति पूर्वमा फैल्यो सन्तोष सिकायो
भोगको राँको पश्चिमतिर उन्नति चलायो ।११।

(हिमाली रत्न पृष्ठ, ४५)

### ४.२.२.९ भाषाशैली

**हिमाली रत्न** शर्माले सरल र सरस भाषामा लेखेको खण्डकाव्य हो । यस खण्डकाव्यमा नारायणप्रसाद शर्माले तत्सम, तद्भव र आगन्तुक र नेपाली झर्रा शब्दहरूको प्रयोग गरेका छन् । यसका अलावा शर्माले स्थानीय भाषिकाको पनि केही मात्रामा प्रयोग गरेका छन् । यसमा क्रान्ति, मानव, विश्व, दर्शन, शासक आदि तत्सम शब्दहरूको प्रयोगाधिक्य पाइन्छ । उनले तत्सम, तद्भव र नेपाली झर्रा शब्दहरूको प्रयोग श्लोकमा उचित तवरले गरेका छन् ।

नारायणप्रसाद शर्माले उक्त काव्यमा स्थानीय भाषिकाहरू चाकी (जाँतो) आटो (ढिँडो भन्दा केही मोटो मकैको खाना) बजारे (बजारका) भारते (भारतका) आस्कोट (इस्टकोट)

घुर्रो (भिर वा वनको घाँस) भो (भयो) जुगको (युगको) जस्ता शब्दको प्रयोग देखिन्छ । त्यस्तै 'ले लो भैया' दरबाजा खोलो, जस्ता हिन्दी भाषाका शब्दहरू पनि भेटिन्छन् ।

हिमाली रत्न खण्डकाव्य मूलतः वर्णनात्मक शैलीमा केन्द्रित काव्य हो । यसक्रममा कविले प्रश्नात्मक, इच्छात्मक अनि चित्रात्मक शैलीको पनि अबलम्बन गरेका छन् । यि माथिका शैली प्रयोग गरेका केही उदाहरण तल प्रस्तुत गरिएको छ ।

**क) वर्णनात्मक शैली**

नेपालगञ्ज पुगेर आँखाको पर्दा खुले झैं ।
मैदान मात्र फैलेका संसार गोलो पाटी झैं ।१।
पहाड मात्रै नेपाल होइन रछ नेपाली ।
नेपालगञ्ज यै भन्छ रत्नेले यहाँ बुझ्यो कि ।२।
दरबार जस्ता घरछन् बजारे रमझम छन् ।
भारते वस्तु भाउले दुकान सारा टम्म छन् ।३।

(हिमाली रत्न पृष्ठ, २३)

**ख) चित्रात्मक शैली**

भाङग्राको गादो पारेर खुर्पेटो एउटा भिरेर ॥
इलम गर्न हिँडेको जहान पाल्न भनेर ॥१॥
खयर काट्ने वनमा टहरा लागे लसकर ॥
पेटको दाना जुटाउने मजुराहरू लडेर ॥२॥

(हिमाली रत्न पृष्ठ, ७)

**ग) प्रश्नात्मक शैली**

साग र सिस्नो कहाँको मासु र माछा कहाँको ?
छाप्राको बास कहाँको सैनिक क्याम्प कहाँ को ?
लले र लाले कहाँको सिनेमा कहाँ कहाँको ?
नेपाल कहाँ कहाँको मलाया कहाँ कहाँको ।२२।

(हिमाली रत्न पृष्ठ, ४३)

**घ) इच्छात्मक शैली**

"समुन्द्र पारी तरूँला गोराको सैनिक बनूँला ॥
साहुको रिन तिरूँला लाहुरे नाम कमाउँला ॥ ५८॥

(हिमाली रत्न पृष्ठ, ५)

यसरी कवि नारायणप्रसाद शर्माले हिमाली रत्न खण्डकाव्यमा विभिन्न खालका शैलीको छिटफूट प्रयोग गरेपनि उनी वर्णनात्मक शैलीमा बढी केन्द्रित भएका छन् ।

### ४.२.२.१० निष्कर्ष

कवि नारायणप्रसाद शर्माले **हिमाली रत्न** खण्डकाव्य वि.सं. २००७-२०१७ सालको परिवेशमा रचेको मार्मिक कृति हो । तत्कालीन नेपालको परिवेशलाई गहिरिएर अध्ययन गरेका शर्माले उक्त कृतिमा निखारताका साथ लेखनशैली अघि बढाएका छन् । हिमाली रत्न काव्यमा समाजका विद्यमान शोषण, दमन, अनि विभेदकारी नीति नियमलाई नै केन्द्रित बनाइएको छ । यस खण्डकाव्यमा कलात्मक पक्षको तुलनामा विचारपक्ष बढी सशक्त रूपले देखिएको छ । खण्डकाव्यको प्रमुख पात्र रत्नेलाई कविले जीवन्त पात्र बनाउन सकेका छैनन् । कप्तान थापासँग दशवर्षसम्म मलायामा समय बिताउँदा घर फर्कन नचाहने रत्ने कप्तानको मृत्युपश्चात घर फर्कने विचार गरी फर्कन्छ पनि । रत्ने साक्षर बन्नुको श्रेय शङ्करचन्दलाई जान्छ तर उसले लामो समय कप्तानसँगै बिताएको देखिन्छ । कप्तान वीर थापा उक्त खण्डकाव्यमा कतै मार्क्सवादी त कतै समन्वयवादीका रूपमा देखिएका छन् । उनकै संसर्गमा दशवर्ष बिताएको रत्नेमा पनि दुवैखालको चारित्रिक विशेषता पाउन सकिन्छ । खण्डकाव्यमा जीवनको एक पक्षको वा कुनै एक अंशको चित्रण गरिएको हुन्छ । हिमाली रत्न खण्डकाव्यमा कविले करिब करिब रत्नेको जीवनलाई नै समेटेका छन् । रत्नेको बाल्यकालदेखि नै खण्डकाव्य प्रारम्भ गरिएको छ । रत्नेले गाउँमा गरिबीको कारण धेरै संघर्ष गरेको र जवान भई विवाह गरेको प्रसङ्गलाई समेट्दा सम्म पनि खण्डकाव्यको निश्चित गोरेटो नबनिसकेको प्रतीत हुन्छ । रत्ने दाङमा मजदुरी गर्न गएको बेला स्वास्नी पिटेपछि मात्र कथानक अघि बढेको छ । यसपछि भने रत्ने लामो समय सम्म विदेशिएको छ । यस काव्यले समयान्वतितर्फ त्यति दृष्टि पुऱ्याएको भने पाइदैन । कविले यस खण्डकाव्यमा विसंगतिलाई प्रयोग गर्ने क्रममा पात्रको संख्या अलि बढी बनाएका छन् त्यसैले कथानक लामो हुन गएको छ ।

कवि शर्मा लयका दृष्टिले सचेत र सफल देखिन्छन् । उनले सरल र सरस भाषामा पाठकको रूची अनुसार कलम चलाएका छन् । नेपाली लोक लयको प्रयोग गरी जनभाषाको सम्मान गर्नुको साथै खवरदारी समेत गरेका छन् । उनले सर्गलाई लिस्नो नामाकरण गरेका छन् । आफ्नो स्थान वरिपरिका स्थानीय समस्यालाई पनि खण्डकाव्यमा उठाएका छन् । त्यसैगरी समाजमा विद्यमान अनेक प्रकारका शोषण, अन्याय, अत्याचार जस्ता कुराहरूको विरोध गरेका छन् ।

देश विदेशमा हुने गरेका अन्याय अत्याचारको पनि कविले खुलेर विरोध गरेका छन् । त्यसैले हिमाली रत्न खण्डकाव्यलाई गीति लोकलयमा संरचित आख्यान भएको प्रगतिवादी खण्डकाव्यको वर्गमा राख्न सकिने देखिन्छ ।

### ४.२.३ सवारीकोट खण्डकाव्यको विश्लेषण

### ४.२.३..१ संक्षिप्त परिचय

**'सवारीकोट'** नारायणप्रसाद शर्माको एउटा उत्कृष्ट कृति हो । शर्माले उक्त काव्यमा आफू सानै छँदाको इतिवृतान्त सवारीकोटको सम्झनामा वर्णन गरेका छन् । शर्माले तत्कालीन समयको चालचलन परम्परागत कुराहरूको बारेमा चाखलाग्दो वर्णन गरेका छन् । सवारीकोटे राजाले पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा आत्मसमर्पण गरेको कुरा पनि यस काव्यमा वर्णन गरेका छन् ।

नारायणप्रसाद शर्माले उक्त काव्यमा इतिहासको सूक्ष्म चित्रण गर्दै आफ्नो गाउँ सेरोफेरोको सम्यक रूपबाट प्रकृति-चित्रण, वातावरणको वर्णन, सामाजिक भेद वर्गभेद, शोषण उत्पीडनका कथा व्यथाका बारेमा वर्णन गरेका छन् । आफूले भोगेको सवारीकोट-दाङको मात्र होइन पूर्खाहरूको गाउँघरको स्थिति त्यहाँको परिवेशको पनि यसमा चर्चा गर्नुको साथै आफूले विताएको शैशवकालको बयान गर्दै काव्यमा विषयवस्तुलाई प्रौढताका साथ उठाएका छन् । अन्धविश्वास एवम् कुसंस्कारको जालोले भरिएको समाजमा हुर्कनुपरेको त्यो बेलाको स्मरण गर्दै कविले उक्त काव्यमा अनेकौं गुनासाहरू पनि व्यक्त गरेका छन् । दाङका रैथाने थारूहरू तथा पुन मगरहरूको श्रम शोषण गरी आफू मोटाउने शोषकहरूको चित्रण निर्भिक भएर सर्वाङ्ग गरेका छन् । कवितामा शर्माले आफ्नो शैशवीय लीलाको चित्रण प्रकृति र वातावरणका तस्विर अनि अर्कोतर्फ गरिव, किसान वर्ग र कमैयाहरू प्रति गरिने अन्याय-अत्याचारको दयनीय कथा त्यहाँ भेटिन्छ । साथै काव्यमा छन्द, अनुप्रास र भाव राम्रो छ । गहिरिएर हेर्दा काव्यमा विभिन्न अलंकार, व्यङ्ग्य, ध्वनीहरू पनि रहेका छन् । काव्यमा शर्माले शैशव, प्रकृति, वातावरण भूगोल र इतिहास आदि जे होस त्यहाँ शुरूदेखि अन्त्यसम्म कुनै न कुनै कोणबाट हाम्रो विषमतायुक्त समाजको चित्रण गरेका छन् । काव्यका पाना पानामा यहि विषमताको चित्रण, यसैका विरूद्ध आक्रोशका आवाज र करूणाका आद्राव प्रकटीकरण पनि काव्यमा पाइन्छन् ।

नारायणप्रसाद शर्माले सवारीकोटको शीतल हावा वर पीपलको सौन्दर्य छहारीको वर्णन अनि दाङको टन्टलापुर घाममा हिलो धूलो र किराहरूको डसाइ लगायतका त्यहाँको प्रकृतिको रमणीय छटा एवम् आँधी-बेहेरी, बाढी-पहिरोको वर्णन पनि गहकिलो रूपमा प्रकट गरेका छन् । शर्माले आफूले भोगेका पीडाहरूलाई सम्झिएर आफ्नो मार्मिक बेदना पनि

प्रस्तुत गरेका छन् । कहिले बालसुलभ, निर्दोषी श्रमशील सोझा, सज्जनहरूका संगतमा गतिशील हुँदै उत्साहित बन्न पुगे भने कहिले क्रूर शोषक दृष्टहरूको कुचक्रमा फस्नुपरेको पीडाको पनि यस काव्यमा वर्णन गरेका छन् ।

### ४.२.३.१ शीर्षक

प्रस्तुत खण्डकाव्य **'सवारीकोट'** को मुख्य विषयवस्तु दाङ जिल्लाको पहाडी गाउँ सवारीकोट रहेको छ । कवि नारायणप्रसाद शर्माले आफ्नो बाल्यकाल बिताएको यस ठाउँसँग गहिरो आत्मीयता गाँसिएको छ । कविले सवारीकोटको प्रकृति, जनजीवन संस्कृति आदि विविध पक्षलाई खण्डकाव्यमा कलात्मक ढङ्गले चित्रण गरेका छन् । खण्डकाव्यको मुख्य कथ्य नै सवारीकोट बनेको छ । अतः काव्यको वर्णित विषयवस्तु र शीर्षकका बीचमा अर्थपूर्ण समन्वय रहेको हुँदा खण्डकाव्यको शीर्षक सवारीकोट सार्थक बनेको छ ।

### ४.२.३.२ बाह्य संरचना

**सवारीकोट** अनुष्टुप छन्दमा रचिएको सानो आयामको लघु काव्य हो । जम्मा १९२ श्लोकहरूमा संरचित यो काव्य २२ पृष्ठसम्म तन्किएको छ । मुख्य पात्रको रूपमा कवि आफै प्रस्तुत भएर आफ्नो जन्मस्थलको महिमा गान गाइएको यो खण्डकाव्यमा पात्रहरूको बहुलता नभएको कारण आयाम पनि संक्षिप्त बनेको छ ।

### ४.४.२.३.३ कथावस्तु / आख्यान

**सवारीकोट** त्यो स्थानको नाम हो जहाँ कवि नारायणप्रसाद शर्माको बाल्यकाल बित्यो । त्यहाँका हावा हुरी पानी आदिले कविलाई पालनपोषण गरेका छन् । त्यसैले त कविले त्यो ठाउँलाई आमासँग तुलना गरेका छन् । तत्कालीन परिवेशमा सवारीकोट सानो वाईसे-चौबिसे राज्य थियो । जहाँ सवारीकोटे राजाले राज्य गर्दथे । त्यहाँ दशैंको बेलामा टिका जमरा कोटमा चढाएर मात्र ग्रहण गर्ने चलन थियो । दाङका पुन, मगर र थारूहरू कोटाले र दडौरेमा पर्दथे । दाङ उर्वर र वासस्थानको लागि आकर्षक ठाउँ थियो । चिसो हावा, पानी अनि खुल्ला मैदान भएको हुँदा बाठाहरूको आँखा सो ठाउँमा पर्नु स्वाभाविक थियो । जातिभेद र वर्गभेदको पनि व्याप्तता थियो । माथिल्ला जातका भनाउँदाले तल्ला जातका मानिसलाई हेप्ने, दवाउने अनि श्रम शोषण गर्ने कार्य त त्यहाँ सामान्य नै थियो । भित्रभित्रै गरिबका चेलीवेटीको शोषण गर्ने अनि बाहिर साधु बन्ने प्रवृत्ति पनि सामन्तहरूमा

मौलाएको थियो । निरक्षर र सोझा तल्ला जातिले आफूमा आएको गरिवी र पछौटेपनालाई साँस्कारिक एवम् भाग्यको खेल सम्झन्थे । यस्ता खालका सँस्कार र सँस्कृतिले समाजमा झ्याङ्गिने अवसर पाएका थिए । सवारीकोटको बास अनि दाङको गाँस गर्नुपर्ने परिस्थितिबाट पनि शर्मा परिचित छन् । त्यतिबेला दाङमा औलो र शीतको त्रास थियो । शर्माले पनि यस्तै खालका परिस्थितिका सामना गर्दै आफ्नो शैशवकाल विताएका कुरा पनि उक्त काव्यमा उल्लेख भएको छ ।

नारायणप्रसाद शर्माले सवारीकोटको चर्चा गर्दा त्यसभित्र आफ्नो जन्मस्थान वर्गदीको पनि चर्चा गरेका छन् । जुन समाजमा शर्माको जन्म भयो त्यो समाज पनि रूढीवादी संस्कार अनि जातिय विभेदको जालोले जेलिएको थियो । मुखिया पटवारी ठूला ठालुले हेप्ने प्रवृतिबाट शर्माको परिवारले पनि कष्टकर जीवन बिताउनु परेको तीतो अनुभव शर्माले यस काव्यमा व्यक्त गरेका छन् । आफू सानो छँदा ठूला वडाका छोराले शर्मालाई हेपेको कुरा स्मरण गर्दै उनमा ठूला वर्गप्रतिको विराग सहज बन्न पुग्यो । त्यो समाज ब्राह्मण, थारू र मगरको वस्ती थियो । ब्राह्मणले सँस्कृत पढ्थे भने थारूहरू निरक्षर नै हुन्थे । धनी र गरीव वीचको दुरी भयानक नै थियो । भावनाका सोझा जनतामा चेतनाको दियो भने बल्न सकेको थिएन ।

सवारीकोटको डाँडोमा खेल मैदान रहेको अनि लाखे नाच हेर्दाको नौलो अनुभूति पनि शर्माले प्रकट गरेका छन् । दाङमा प्रकृतिको बास भएको अनि त्यो फाँटलाई आँखाले हेर्न नभ्याउने कुराको साथै सवारीकोटबाट दाङको सम्पूर्ण दृष्यावलोकन सजिलै गर्न सकिन्थ्यो । त्यहाँ बबै नदी, बालीम खोलो, कटुवा खोलो, सिस्ने खोलाले दाङको शोभा बढाउनुको साथै त्यहाँको जमिन हराभरा बनाएका कुराको वर्णन रूप्से अनि इन्द्रेणी पनि कोटबाट प्रष्ट देखिएका कुराको पनि वर्णन गरिएको छ । कविले बाल्यकालमा देखे भोगेका यि दृष्य र परिस्थितिको बारेमा धेरै बुझ्न सक्ने बेला भएको थिएन तैपनि उनले अलिअलि अनुभव र अनुभूति भने संगालेका थिए । देश र राष्ट्रको बारेमा बुझ्न सक्ने क्षमताको विकास नभैसकेको तर राम्रो नराम्रो छुट्टाउने क्षमताको भने विकास भएको थियो । समाज बाहिर राम्रो देखिए पनि भित्रभित्रै घीनलाग्दो थियो । शोषकहरूले गरीबवर्गलाई अति नै शोषण गरेको पनि यहाँ पाउन सकिन्छ । उनीहरूलाई सबै अधिकारबाट वञ्चित गरिएको थियो । थारू जातिहरू चलाख र बाठा नहुनाले नै पर्वतेहरूको हरूवा चरूवा बस्नुपर्ने नियम पनि स्थापित हुन पुग्यो । त्यो सबै सामन्तको जालझेल थियो । थारूहरूले नै रगत

पसिना बगाएर उब्जाइएका खेतीबालीमा शोषकले बाँडफाँड गर्थे । सोझा थारूहरूको राज्य खुस्काई गोर्खालीले आफ्नो अधिनायत्त्व कायम गरे अनि थारूहरूको अगुवालाई चौधरीको पगरी दिए । पटवारी जमिन्दार, विर्ताबार अघि बढदै गए भने लाटा सोझा थारूहरू पिछडिंदै गए । पहाडीहरूमा एकता थियो तर थारूहरू गरीब भैकन पनि उनीहरूमा एकता थिएन । त्यसैकारण झन हेपिने दबिने प्रवृत्तिको विकास भयो ।

यतिमात्र होइन अझ शिक्षाको कुरा गर्दा त झनै विभेदको स्थिति कायम थियो । बाहुनले मात्र वेद पढ्ने चलन थियो अन्य जातले शिक्षाबाट वञ्चित हुने नियम बनेको थियो । नारी र पुरुषबीचको असमानता पनि उत्तिकै थियो । त्यो बेलाको समाजलाई शर्माले आदिम सभ्यतासँग तुलना गरेका छन् ।

पहिलेको समयलाई इतिहास सम्झदै शर्माले नयाँ समाजमा ज्ञान विज्ञान फैलिएको चर्चा गरेका छन् । कविले राणाशासनको अचाक्ली एवम् धर्तिपुत्र थारूहरूलाई शोषण गरी कमाएको लूटको धन सम्पत्तिको पनि चर्चा गरेका छन् । कोटको स्वाभिमानले सबैको शिर उँचो बनाएको साथै नदनदीले पनि हाम्रो शोभा बढाएको चर्चा गरेका छन् । साथै हाम्रा नदनदी अनि वनस्पति देशमा सदुपयोग गर्न नसक्दा अन्य देशले कम मूल्यमा लिने र त्यसबाट मनग्ये फाइदा लिने प्रवृत्ति प्रति कवि क्रोधित भएका छन् । त्यो सवारीकोट सबै कुराले सम्पन्न भैकन पनि अधिकार विहिन बनेको छ । त्यसभित्रका रत्नलाई उपयोग गर्न नसक्नु त्यहाँका मानवको कमजोर पक्ष देखिएको छ । रूढीग्रस्त समाजको प्रभावले गर्दा नै धार्मिक एवम् छुवाछुतको प्रथाले पनि प्रश्रय पाएको अनि भगवान भरोसा ठान्ने प्रवृत्तिले गर्दा स्तरोन्नति हुन सकेको थिएन । नातावाद र कृपावादको हालीमुहाली थियो । कविलाई आफ्नो बाल्यकालको संस्कार सिकाउने कोटप्रति असाध्यै मोह जाग्दछ । कविले यस्तो भाव व्यक्त गर्छन् – जुन ठाउँले धेरै संस्कार र सँस्कृतिका पाठ पठायो केही गर्न सिकायो अनि त्यसकै प्रेरणाले यो ठाउँसम्म आइपुग्न सहयोग गऱ्यो त्यसलाई कसरी विर्सन सकिन्छ ।

यसरी मानिसमा फैलिएको नराम्रो विकृति र विसंगति प्रति कवि भावकु बन्दै आफ्नै ठाउँमा भएका प्रकृतिका भण्डारलाई नष्ट गरेर आफ्नो स्वार्थसिद्ध गर्ने मानवप्रति तीखो व्यङ्ग्य प्रहार गरको छन् । हराभरा दाङ विस्तारै मानववस्ती सँगसँगै उजाड मरूभूमि बन्न पुग्यो । जलस्रोतको अभाव नहुने ठाउँमा जलविहिन हुने शंका पैदा हुन थाल्यो । यसरी दाङ र कोटका जनताको बीचमा वैमनस्यको खाडल सिर्जना हुन पुग्यो । कोटका जनताले पनि एकता कायम गरी ठूलो सभा सम्पन्न गरे र वनजङ्गलको संरक्षण गर्ने अभियानमा जुटे ।

धनी र गरिब बीचको खाडल पनि झन वृद्धि भयो । ठूलालाई चैन र सानालाई ऐन त्यहाँ लागु हुन थाल्यो । यसरी कविले काव्यको बीचमा पहिलेको जङ्गली युगको पनि वर्णन गरेका छन् । तत्कालीन समाजका यस्ता खालका विकृति, विसंगतिको फलस्वरूप कवि शर्मामा द्वन्द्ववादी, भौतिकवादी एवम् प्रगतिवादी चिन्तनको विकास भएको हो भन्न सकिन्छ । वर्गीय रचनाभित्र सामान्ती प्रथाको विकास भएको कुरा पनि यहाँ देख्न सकिन्छ ।

यसरी **'सवारीकोट'** काव्यमा शर्माले 'म' पात्रलाई प्रयोग गरेका छन् । 'म' पात्रले भोगेका अनुभूतिलाई जस्ताको तस्तै काव्यमा उतारेका छन् । यो काव्य शर्माको निखारिएको एवम् उत्कृष्ट ठहरिन्छ । अनुष्टुप छन्दको प्रयोगले काव्यलाई झनै रसिलो बनाएको छ ।

### ४.२.३.४ विचार र भावको स्थिति

कवि नारायणप्रसाद शर्माले **'सवारीकोट'** मूलतः आफ्नो प्रियस्थल दाङको पहाडीभेग 'सवारीकोट' प्रति असिम श्रद्धा प्रकट गरेर लेखिएको एक उत्कृष्ट रचना हो । हरेक व्यक्तिलाई आफ्नो जन्मभूमिप्रति अटुट माया र सम्झना हुन्छ । कवि शर्माले पनि आफ्नो प्रिय स्थलको विविधको पक्षको बारेमा चर्चा गरेका छन् । आफ्नो यो काव्य 'सवारीकोट' प्रति समर्पण गरेको उद्घोष गर्ने कविले त्यहाँको माटो, हावापानी, बोटविरुवा, पशुपंछी आदिलाई पनि जीवन्त ढंगले काव्यमा उनेका छन् ।

कवि शर्मा आफ्नो शैशवकालका अमूल्य पलहरू यहि सवारीकोटकै प्रकृतिमा खुशीसाथ विताए । बाल्यकालको त्यो अविस्मरणीय सम्झनाले कविलाई अहिले पनि आहलादित बनाउँछ । आफ्नो बाल स्मृतिलाई उनी यसरी शब्दमा व्यक्त गर्दछन् :-

सवारीकोटले हेर्छ मलाई झलझली अझै
दाङैबाट हेर्छु सम्झनामा पहेली झैं ॥
मेरो शैशवको हाल त्यतै छ अझ अङ्कित
पढ्दा हाँसो र आँसुको अनौठो भाव मिश्रित ॥
माथि आकाशमा तारा सृष्टि सौन्दर्य हेर्दथे
तोरी धान पहेलिमा दाङमा दङ्ग पर्दथे ॥
म सानो चुलबुले केटो धर्ती आकाश चार्दथें
सवारीकोट त्यो मञ्च त्यसैमा म रमाउँथे ॥

(सवारीकोट, पृष्ठ ४)

बाल्यकालको चुलबुले ठिटो हुँदा कविको मन मस्तिष्क 'सवारीकोट' का वन जंगल, चउर, खोलानालामा दौड्दै र साथीहरूसँगै खेल्दै फुरुङ्ग हुन्थ्यो । त्यो बाल्यकालको संझना कविलाई अहिले पनि झल्झली आइरहन्छ । दाङको फाँटमा लहलहाउँदो पहेंलो धान र तोरीका फूलहरू देखेर कवि दङ्ग पर्दथे । उनको शैशवकालको संझना हाँसो र आँसुको मिश्रण भएर काव्यमा अभिव्यक्त भएको छ । त्यो स्मृति पढ्दा उनी अहिले पनि कहिले निकै भावुक र कहिले निकै रोमाञ्चित हुन्छन् ।

मातृभूमिप्रति असीम माया र श्रद्धा प्रकट गरेर लेखिएको यस काव्यमा खण्डकाव्यकार शर्माले सवारीकोटको सुन्दर प्रकृतिको मात्रै वर्णन नगरेर त्यस पहाडी भेगमा विद्यमान कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, सामाजिक, आर्थिक असमानता र गरीब दुःखी जनताले भोगेको शोषण र दमनलाई पनि निकै महत्त्वका साथ छर्लङ्ग पारेका छन् । नारायणप्रसाद शर्मा प्रगतिवादी कवि भएकाले उनको मुख्य दृष्टि शोषित पीडित जनताहरूको दुःख, गरिबी, भोक, रोग शोक आदिमा परेको छ । यस काव्यमा पनि उनले तिनै गरिब निमुखा जनताहरूको पक्षमा र शोषक सामन्तहरूको विरूद्धमा आफूलाई सशक्त रूपमा उभ्याएका छन् । समाजमा व्याप्त लैङ्गिक, जातिय साम्प्रदायिक विभेदको विरोध गर्दै मानवीय मूल्य र मर्मबोध गर्न सबैलाई उत्प्रेरित गराएका छन् । तत्कालीन समयमा ग्रामीण समाजमा व्याप्त सामन्ती संस्कारका कारण समाजका सबै जातजातिले एकै किसिमको उन्नति गर्न नसकेको कविको बुझाई रहेको छ । तत्कालीन सामाजिक संरचना सन्दर्भमा कवि यस्तो धारणा राख्दछन् :

वर्गीय रचनाभित्र सामन्ती रचना बन्यो
चर्किएको द्वन्द्व युद्ध आँखैले पनि देखियो ॥
भाग्यको खेल मानेर सहन्छ कुन ताडन ?
सहनै संभबै छैन चर्को वर्ग विभाजन ॥
दाङ कोट भनेको त नाम को भेद मात्र हो
यहाँको सभ्यता भन्नु दुवैको चलखेल हो ॥

(सवारीकोट पृष्ठ, २२)

कवि शर्माले आफू बाँचेका समाजमा अन्यायी सामन्ती संस्कार र चर्को वर्ग विभाजन नजिकैबाट देखेर भोगे । अतः उनी सवारीकोटलाई नामको भेद मात्र ठान्दछन् । त्यहाँको सभ्यता तिनै शोषक सामन्तहरूको चलखेलबाट अघि बढेको देख्दछन् । भाग्यमा विश्वास गर्ने अन्धविश्वासी सोंचकै कारण सोझा, निरक्षर गरीब गाउँलेहरू शोषण र दमनको जाँतोमा पिंधिनु परेको यथार्थ पनि यहाँ प्रकट गरेका छन् ।

### ४.२.३.५ पात्र वा चरित्र

प्रस्तुत खण्डकाव्यको प्रमुख पात्र कवि स्वयं हुन् । उनको संस्मरणका रूपमा यस काव्यको कथ्य संरचित भएको छ । यो कविवद्धप्रौढोक्ति शैलीमा रचिएको लघु आकारको खण्डकाव्य भएको हुँदा यसमा बहुल पात्रको अपेक्षा गरिएको छैन । कथ्यको विकाससँगै विभिन्न सन्दर्भमा विभिन्न पात्रहरू नेपथ्यमा उपस्थित देखिन्छन् । कविले आफ्नो आत्मसंस्मरणात्मक अनुभूतिलाई थोरै कल्पनामा घोलेर कलात्मक काव्यात्मक अभिव्यक्ति दिएका थिए । काव्यमा कवि दर्शक, पर्यवेक्षक र भोक्ताको रूपमा उपस्थित छन् । उनले देखेको भोगको सवारीकोट सरल भाषामा सरस रूपमा काव्यमा वर्णित भएको छ । शैशवकालको अविस्मरणीय स्मृतिको वर्णनको साथसाथै यस काव्यमा कविले त्यहाँको सामाजिक संरचना जीवनशैली र सभ्यतालाई पनि समेटेका छन् ।

### ४.२.३.६ परिवेश

**सवारीकोट** खण्डकाव्यमा मुख्य रूपमा दाङ जिल्लाको पहाडी भेग सवारीकोट र दाङ उपत्यकाका अन्य केही भाग र त्यसको साथै राणाकालीन समयमा नेपाली समाजमा व्याप्त शोषण, दमन र विभेदका विभिन्न घटनाहरू पनि संक्षिप्त रूपमा कविले त्यहाँको सुन्दर प्रकृतिलाई मुक्त कष्ठले प्रशंसा गर्दै ती प्राकृतिक सम्पदाकै साथ पाएर मानवजीवन सभ्यताको मार्गमा अगाडि बढेको ठान्दछन् । ती प्राकृतिक सम्पदाको वर्णनमा कवि यसरी भाव व्यक्त गर्दछन् :

पहरा छहरा हाम्रा आधार भूत सम्पत्ति
कत्रो सौन्दर्यले पूर्ण लतावृक्ष वनस्पति ॥
हिमालका गुफाभित्र ज्ञानको ज्योति बल्दछ
विश्वले मानि आएको सभ्यताको मुहान छ ॥

सवारीकोट पृष्ठ, १३)

पूर्वीय सभ्यता विश्वमै चिनिएको विशिष्ट सभ्यता हो । यहि सभ्यताको प्रभावमा नेपाली जनजीवन अगाडि बढ्दै आएको मानिन्छ । ऋषि महर्षिहरूले तपस्या गरेर ज्ञान प्राप्त गरेको हाम्रो नेपाल भूमि अध्यात्मिक दृष्टिले अत्यन्त पवित्र स्थल मानिन्छ । भौगोलिक रूपमा सानो भएपनि यहाँको अद्‌भूत प्राकृतिक सौन्दर्य विश्वमै अद्वितीय मानिन्छ । कवि यस्तो प्राकृतिक सुन्दरताले भरिपूर्ण भूमिको पुत्र हुन पाएकोमा गौरबबोध गर्दछन् ।

प्रस्तुत काव्यमा प्राकृतिक पर्यायवरणका अतिरिक्त सवारकिोटको सामाजिक वातावरण र वस्तुस्थिति पनि परिवेशका रूपमा प्रयोग भएका छन् । हुनेखाने र नहुनेहरूका बीचको विषमतालाई कविले यसरी उल्लेख गरेका छन् :

हुने खानेहरूका जो अग्ला महल देखिए
पहाडकै कर्मी दाइहरूकै सिर्जना थिए ॥
यथार्थले सिर्जिएको मनो विज्ञानयुद्ध यो
अर्को पनि चलेके छ मान्छे सुध्रन्न के भयो ?

(सवारीकोट, पृष्ठ, १९)

धर्तिमा आफ्नो सीप र श्रम पोखेर नयाँ सिर्जना गर्ने धर्तिपुत्रहरू लामो समयदेखि अन्यायमा पर्दै आएका छन् । गाउँका टाठा बाठाहरूले यस्ता श्रमजीविहरूको श्रम शोषण गरेर आफू समृद्ध बनेका छन् । नेपाली समाजमा देखिने शोषण दमनको यहि रूपलाई माथिका कवितांशमा उल्लेख गरिएकोछ ।

संक्षिप्त आयामको प्रस्तुत खण्डकाव्य कुनै एक स्थान विशेषको बारेमा केन्द्रित भएको हुँदा यसमा परिवेशको व्यापकता भेटन सकिन्न । परिवेशको चित्रण सरल सरस र कलात्मक हुनुको साथै यथार्थपरक पनि देखिन्छ ।

### ४.२.३.७ लय तथा अलङ्कार विधान

आख्यान र कवित्त्व सँगसँगै प्रवाहित हुने खण्डकाव्यमा लय, अलङ्कार आदि काव्यात्मक उपकरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । लयले खण्डकाव्यमा भावनाको आख्यानीकरणलाई सहज सम्प्रेष्य बनाउँछ । यस खण्डकाव्यमा अनुष्टुप छन्दको प्रयोग

भएको हुँदा बद्ध लयको अनुसरण भएको देखिन्छ । बद्ध लय पालना भएको एक कवितांश उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिन्छ –

सवारी कोटको डाँडो मैदान तुल्य थ्यो

लाखेको नाच नाच्दैमा मन मेरो रमाउँथ्यो ॥

(सवारीकोट, पृष्ठ, ६)

उपर्युक्त कवितांशको दुवै पंक्तिको अन्त्यमा 'थ्यो' को पुनरावृति भएर अन्त्यानुप्रासको प्रभावकारी पालना भएको देखिन्छ । यस्तो अन्त्यानुप्रासको प्रयोगले कविताको गेयात्मक पक्षलाई सवल बनाउँदै सांगितिक झंकार सिर्जना गर्छ जसको कारण कविता श्रुतिमाधुर्य बन्न गई पाठकको मनलाई आहल्लादित तुल्याउँछ । कविले आफ्नो जन्मभूमि र बाल्यकालको मीठो सम्झनालाई रसिलो ढंगले माथिका पंक्तिहरू मार्फत अभिव्यक्त गरेका छन् । अन्य रचनाहरू जस्तै यस खण्डकाव्यमा पनि कविले छन्दको सफल निर्वाह गर्न सकेका छैनन् । उनी केही ठाउँमा छन्दको नियम पालना गर्न चुकेका छन् । यो त्रुटि सहृद्रयी पाठकका निम्ति भोजनमा ढुङ्गा लागेजस्तो अनुभव हुन्छ ।

खण्डकाव्यकार शर्माले आख्यानलाई कलात्मक ढंगले प्रस्तुत गर्ने सन्दर्भमा विभिन्न किसिमका अलंकारहरूको प्रयोग गरेर काव्यीक सौन्दर्य सिर्जना गरेका छन् । अलंकार प्रयोग भएको एक कवितांश यहाँ प्रस्तुत गरिन्छ :

मान्छे स्वयं सम्पत्ति हो हात खुट्टा  दिमागको

बाहिरै खोज्न हिंड्दो छ कस्तुरी मृग झैं अहो ।

( सवारीकोट, पृष्ठ, १४)

मान्छेमा अन्तर्निहित अथाह शक्तिको उल्लेख गरिएको उपर्युक्त कवितांशको पहिलो पंक्तिमा मान्छे नै सम्पत्ति हो भनेर रूपक अलंकारको प्रयोग भएको छ भने दोस्रो पंक्तिमा आफूमा अन्तर्निहित सुगन्धको रहस्य थाहा नपाउँदा त्यसको खोजीमा भौँतारिएको कस्तुरीसँग मानवीय स्वभावलाई तुलना गरिएको हुँदा उपमा अलंकारको प्रयोग भएको छ । यी अलङकारका अतिरिक्त यस खण्डकाव्यमा स्वभाववोक्ति, लाकोक्ति जस्ता अलङ्कारहरूको पनि प्रयोग भएको भेटन सकिन्छ । यसरी विभिन्न किसिमका अलङ्कारहरूको प्रयोगले काव्यको शोभा बढाउनुको साथै भावलाई सरस र चमत्कारी पनि बनाएका छन् ।

### ४.२.३.८ उद्देश्य/जीवनदृष्टि

कुनैपनि कृतिको रचना गर्दा रचनाकारले उक्त कृति रच्नुको निश्चित उद्देश्य अवश्य राखेको हुन्छ । कला कलाका लागि भन्नेहरूले साहित्यिक रचनाको उद्देश्य मानसिक आनन्दसँग जोडेर हेरेपनि प्रगतिवादी सर्जकहरू साहित्य जीवन र समाजका निम्ति रचिन्छ भन्ने मार्क्सवादी मान्यतामा विश्वास गर्छन् । कवि नारायणप्रसाद शर्माले यस खण्डकाव्यको माध्यमबाट आफ्नो जन्मस्थल दाङ जिल्लाको पहाडी भेग सवारीकोटको महिमागान गर्दै त्यसप्रति असीम श्रद्धा र भक्ति प्रकट गरेका छन् भने अर्कातिर तत्कालिन नेपाली समाजमा विद्यमान पुरातन परम्परा, कुरीति, आर्थिक समाजिक असमानता विभिन्न किसिमका विभेद आदिलाई यस खण्डकाव्यमा उदाङ्गो पारिदिएका छन् । प्रगतिवादी कवि शर्मा समाजमा हुने त्यस्ता असमानता, शोषण दमन र अन्याय अत्याचारको विरोध गर्दै श्रमजीवी जनताले भोगेका दुःख पीडामा सहानुभूति दर्शाउँदै समतामूलक भेदभाव रहित समृद्ध समाजको निर्माणका निम्ति सम्पूर्ण जागरूक जनताहरूलाई आह्वान गर्दछन् । यस काव्यमा सवारीकोटको प्राकृतिक सुन्दरताको मात्र चित्रण गरिएको छैन् । त्यहाँका भोक रोग र शोकले आक्रान्त जनताहरूको कारूणिक अवस्थालाई पनि निकै महत्त्वका साथ प्रस्तुत गरिएको छ । नेपाली समाजमा व्याप्त वर्गविभाजनलाई नजिकैबाट देखेका भोगेका कवि शर्माले त्यस्तो वर्गविभाजनको विरोध गर्दै वर्गविहीन सुन्दर समाजको कल्पना गरेका छन् । आफूले देखेको भोगेको सवारीकोटको वास्तविक चित्र कवि यसरी प्रस्तुत गर्दछन् :

दाङ कोट मिलाएर यहाँको सभ्यता बन्यो
कोही भूदास जस्ता छन् कोही मालिक बन्न गो ॥
वर्गीय रचना भित्र सामन्ती रचना बन्यो
चर्किएको द्वन्द युद्ध आँखैले पनि देखियो ॥
भाग्यको खेल मानेर सहन्छ कुन ताडन ?
सहनै संभव छैन चर्को वर्ग विभाजन ॥
दाङ कोट भनेको त नाम को भेद मात्र हो
यहाँको सभ्यता भन्नु दुवैको चलखेल हो ॥

(सवारीकोट पृष्ठ, २२)

### ४.२.३.९ भाषाशैली

**सवारीकोट** खण्डकाव्यको भाषा सरल र सरस छ । यहि भाषिक सरलता र सरसताका कारण खण्डकाव्य सहज बोधगम्य बनेको छ । खण्डकाव्यकार नारायणप्रसाद शर्माले यस खण्डकाव्यमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको स्वाभाविक प्रयोग गरी काव्यको आख्यान र कवित्व दुवैलाई सुललित रूपमा अघि बढाएका छन् । यस खण्डकाव्यमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' प्रजा, अभ्युदय, अनमोल, शैशव ब्राह्मण, प्रकृति, चक्रव्यूह, ज्योति, चिन्तनाधार, मत्स्यन्याय जस्ता तत्सम शब्द र शब्दसमूहको प्रयोग गरिएको छ । त्यसैगरी बाठा, हुनेखाने चिनीपानी, मालिक, छत, लुलो, बाहुन छेऊँ, बाजे, निधार जस्ता तद्भव शब्दहरूको स्वाभिाविक प्रयोग भेटिन्छ । यसका अतिरिक्त लाठी, सिङ्की, मालामाल, छुचा, छतरी, गुद्री जस्ता झर्रा शब्दहरूको प्रयोगले लोक जीवनको चित्रणलाई स्वाभाविक तुल्याएका छन् । त्यसैगरी झलझली लुटुपुटु ढुनुमुनु, ढलिमलि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले अभिव्यक्तिमा लयात्मकता आर्विभाव भएको छ ।

यस खण्डकाव्यमा कवि शर्माले वस्तुस्थिति, घटना, अतितको स्मरण आदि विभिन्न सन्दर्भमा विविध किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । यस खण्डकाव्यमा प्रयुक्त भाषाशैली र तिनका उदाहरण स्वरूप केही कविताांशहरू तल प्रस्तुत गरिन्छ :

क) वर्णनात्मक शैली

कृषि प्रधान यो दाङ हली थारू छँदै थिए
सुनौला धानका बाला गहुँ तोरी मकै भए ॥
हलो जातिदिने थारू थारू हो भार वाहक
दाङकोट मात्रै हैन कोयलाबास र पाटन ॥

(सवारीकोट, पृष्ठ ९)

ख) व्यङग्यात्मक शैली

पसिना पिउनु हुन्छ थारू मगर पुनको
तर भान्सा छुनै हुन्न तिन्ले बाहुन जातको ॥
यिनकै तरूनी चेली राख्छन् अधर चुस्दछन्

लुकेर जेसुकै गर्छन् साधु बाहिर बन्दछन् ॥

(सवारीकोट, पृष्ठ २)

ग) प्रश्नात्मक

यौटा भेद सधैं घोच्थ्यो वर्ग भेद पनि थियो

त्यो भेदको मर्म जानी सोच्ने बुद्धि कहाँ थियो ?

गर्भैमा अभिमन्युले युद्ध विद्या सिके भने

हामी केही सिके हौंला कोट के गरी विर्सने ?

(सवारीकोट, पृष्ठ ३ र १६)

यसरी कवि शर्माले विभिन्न शैलीको प्रयोग गरेर विविध सन्दर्भलाई निजी अनुभूति र कलात्मक रङ्ग रोगन लेपन गरी चित्ताआकर्षक बनाएका छन् ।

### ४.२.३.१० निष्कर्ष

कवि आफू जन्मिएको र हुर्किएको सवारीकोट प्रति सधैंभरी श्रद्धाले नतमस्तक हुन्छन् । जन्मस्थलप्रतिको माया र मोह उनी जति-जति टाढा जान्छन् त्यति त्यति प्रगाढ बन्दै जान्छ । बाल्यकालका अविस्मरणीय तीता मीठा क्षणहरूको सम्झना र जन्मभूमिको मायाको परिणाम हो **सवारीकोट** । कवि शर्माले मूलतः यस काव्यमा आफू जन्मेको र हुर्केको सवारीकोटको भौगालिक, सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको चित्ताकर्षक चित्र प्रस्तुत गरेका छन् । यसको साथसाथै त्यस समाजमा रहेको वर्ग विभाजनका कारण उत्पन्न आर्थिक सामाजिक असमानता, शोषण, दमन र अन्याय, अत्याचारलाई पनि यथार्थपरक ढंगले काव्यमा चित्रण गरेका छन् ।

कवि शर्माले जाति प्रेमको प्रबल भावबाट ओतप्रोत भएर यस खण्डकाव्यको रचना गरेका देखिन्छन् । सवारीकोटका वनजंगल, नदीनाला, ढुङ्गामाटो, पशुपंछी, वनस्पती आदि कविको मानसपटलमा बारम्बार नाचीरहन्छन् र उनलाई बाल्यकालको रोमाञ्चक अतीत तर्फ पुऱ्याउँछन् । उनले सवारीकोटको सुन्दर प्रकृति र हावापानीको मात्र चित्रण नगरी त्यहाँ जीवन गुजारा चलाइरहेका विभिन्न कसिमका जातजातिका मान्छेहरूको जीवनशैली, संस्कार र सभ्यतालाई पनि काव्यमा समेटेका छन् । प्रगतिवादी कवि हुनुका नाताले समाजमा व्याप्त

कुप्रथा र कुसंस्कारको आलोचना गर्दै उनले वर्गविहीन सुन्दर समाजको परिकल्पना पनि गरेका छन् । त्यस्तो समाज श्रमजीवी जनताहरूको जीवनस्तरमा परिवर्तन नआएसम्म निर्माण हुनसक्दैन । अतः उनी सामाजिक बेथिति र विकृतिलाई निर्मूल पारेर कर्मशील किसान, मजदुर, श्रमिकहरूको उत्थान हुने न्यायपूर्ण समाज बनोस भन्ने कामना पनि गर्छन् ।

जन्मभूमिप्रतिको असीम माया र श्रद्धा खण्डकाव्यको मूल विषयवस्तु बनेको छ । जातिप्रेम र राष्ट्रप्रेमको उच्च उदात्तभावले ओतप्रोत यस खण्डकाव्यमा कवि शर्माले जन्मदिने आमा र जन्मभूमिको महिमा गाएका छन् । सवारीकोटमा आफूले विताएको बाल्यकाल संझदा कवि अहिले पनि हर्षले गदगद् र मानसिक रूपमा रोमाञ्चित हुन्छन् । उनको जन्मभूमिप्रतिको पवित्र श्रद्धा र भक्ति यसरी प्रकट भएको छ :

म जन्मेको थलो प्यारो सवारीकोट दाङ हो
त्यही हिलो र माटोमा टुसाएको म पुष्प हो ॥
कसको मन महान् हुन्न स्वदेशैमा रमी बसी
जननी जन्मभूमिस्व स्वर्गदपि गरीयसी ॥

(सवारीकोट पृष्ठ, १)

### ४.२.४ टेबिल गफ काव्यको विश्लेषण:

### ४.२.४.१ परिचय

**टेबिल गफ** नारायणप्रसाद शर्माको वि.सं. २०२८-०२९ सालतिर रचना गरेको एक काव्य हो । मूलतः राजनीतिक विषयवस्तुमा लेखिएको उक्त काव्यमा सिक्कम भारतमा विलय भएपछि त्यस घटनाले नेपाली राजनीतिमा सिर्जना गरेको तरङ्गलाई आलोचनात्मक रूपमा चित्रण गरिएको छ । यसमा श्रीमान क, ख, ग, घ, ङ, च र छ जस्ता अमूर्त पात्रहरूका बीचमा भएको बहसलाई उक्त काव्यमा प्रस्तुत गरिएको छ । केही पात्रहरूले भारतको विस्तारवादी नीतिको समर्थन गर्दै उसलाई प्रजातन्त्रको मसिहा ठान्दछन् भने अन्य केही पात्रहरूले राष्ट्रिय स्वाधिनतालाई उच्च महत्त्व दिंदै भारतीय हस्तक्षेपको आलोचना गरेका छन् । यसका साथै कवि स्वयम् पनि राष्ट्रिय एकता र स्वाधिनताको पक्षमा बोलेका

छन् । गद्य लयमा लेखिएको यस काव्यले ऐतिहासिक घटनालाई आलोचनात्मक रूपमा प्रस्तुत गरेर सम्पूर्ण नेपाली जनतालाई राष्ट्रको अस्तित्त्व रक्षाका निम्ति एकजुट भई अघि बढन् पनि आह्वान गरेको छ । भिन्न भिन्न पात्रहरूका भिन्न वैचारिक चिन्तन प्रस्तुत गरेर अन्तमा कविले जन्म दिने आमा र जन्मभूमिको रक्षा र समृद्धिका निम्ति हामी सबै एक भएर लाग्नुपर्ने प्रखर राष्ट्रवादी स्वर सम्प्रेषण गरेका छन् ।

**टेबिल गफ** मध्ययुगीन अर्थतन्त्रबाट मालामाल हुनेहरू र पुगेस पुगेस हेने शिक्षित युवाहरूबीच चलेका बहस हो । यस गफमा कवि बाहेक सातजना पात्रहरूको उपस्थित छ । जुनबेला भारतले सिक्किमलाई सहराज्यको घोषणा गऱ्यो । पूर्वी पाकिस्तानमा आफ्ना सैनिक पठाएर बंगलादेश नामको पृथक राष्ट्रको घोषणा गऱ्यो । त्यतिले मात्र नपुगी उसको विस्तारवादी नीति नेपालमा फैलाउने चेष्टा गर्न थाल्यो । सोही बेलामा उठेका मानसिक तर्कनाहरूले यहाँ स्थान पाएका छन् । यहाँ केही युवाहरु भारतीय नीतिको पक्षमा र केही विपक्षमा उभिएर काव्यात्मक बहस गरेका छन् । यसमा भएका गफहरू बडो आवेगपूर्ण लाग्दछन् । कविले आफ्नो काव्यात्मक प्रस्तुति र शिष्ट अभिव्यक्ति मार्फत त्यो आवेग मत्थर पारेका छन् । पात्रहरूको संख्या अलि बढी भएको कारणले पाठकलाई अलिक अप्ठ्यारो महशुस हुनसक्छ । यसरी यो टेबिल गफलाई काव्यात्मक रूपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### ४.२.४.२ शीर्षक

प्रस्तुत खण्डकाव्य टेबिल गफको मुख्य विषयवस्तु भनेको विभिन्न पात्रहरूबीच चलेको बैचारिक बहस हो । जुन बहस भारतीय विस्तारवादी नीतिको पक्ष अनि विपक्षमा गरिएको छ । कवि नारायणप्रसाद शर्माले काव्यात्मक प्रस्तुति र शिष्ट अभिव्यक्तिमार्फत अन्य देशहरूलाई आफ्नो देशमा गाभेको अनि त्यसले नेपाललाई पनि पञ्जामा पार्न खोजेको अनुभव प्रस्तुत गरेर काव्यको शीर्षकलाई सार्थक बनाएका छन् । जसले काव्यको विषयवस्तु र शीर्षकका बीचमा अर्थपूर्ण समन्वय रहेको साथै शीर्षक टेबिल गफ सार्थक बनेको छ ।

### ४.२.४.३ बाह्य संरचना

राजनैतिक विषयवस्तुमा आधारित टेबिल गफ लघु आयामको खण्डकाव्य हो । अर्मूत पात्रहरूको सिर्जना गरी तिनीहरूका बीचमा भएको राजनैतिक बहसलाई यहाँ खण्डकाव्यकारले प्रस्तुत गरेका छन् । पच्चीस पृष्ठमा संरचित यस खण्डकाव्य मुक्त गद्य

लयमा रचिएको हुँदा यसको संरचनागत पक्षलाई त्यति प्रष्टताका साथ उल्लेख गर्न अप्ठयारो भएको छ । लघु आयामको यस खण्डकाव्यका कुनै अनुच्छेद साह्रै छोटा र कुनै अनुच्छेद साह्रै लामा छन् । परिपुष्ट आख्यान नभएको यस खण्डकाव्य पात्रको विचारोत्तेजक भावहरू समेटिएको वैचारिक बहस जस्तो बन्न गएको छ ।

### ४.२.४.४ आख्यान/कथावस्तु

कवि नारायणप्रसाद शर्माले लेखेका थुप्रै उत्कृष्ट कृतिहरूमध्येका एउटा टेबिल गफ पनि हो । जुन काव्यमा बीसौं शताब्दीको उत्तरार्धपछि कलम समाउने कविमा समतामूलक समाजको निर्माण र प्रजातान्त्रिक आदर्शप्रति समपर्ण हुने चाहना प्रशस्त अभिव्यक्त भएको पाउन सकिन्छ । यस काव्यमा रहेको कथावस्तु दुई तिरबाट ठूला राष्ट्रहरू (भारत र चीन) ले हाम्रो सानो देश नेपाललाई चेप्पामा पारेर उनीहरूले गरेको प्रगतिको बारेमा चर्चा गरिएको छ । बीसौं शताब्दीको उत्तरार्धसम्म पनि नेपालले पिछडिनु परेको तीतो अनुभवको साथै आर्थिक विषमताले जेलिएको कुराको पनि काव्यमा वर्णन गरिएको छ । यस्तै यस्तै विश्वव्यापी शोषणमूलक काल चेतनाको सापेक्षतामा कविले कलम चलाउँदै आएको पाइन्छ ।

यस टेबिल गफ काव्यमा सातजना पात्रहरू रहेका छन् । बहसको शुरूमा श्रीमान 'क' ले भारतको विस्तारवादी नीतिको समर्थन गर्छ र भन्छ सिक्किमको विकासको निम्ति भारतमा मिल्नु आवश्यक छ । भारतको आश्रय लिएकोले नै यसले सुरक्षित महशुस गर्न सक्छ । श्रीमान 'क' को कुरा सुनेपछि श्रीमान 'ख' ले पनि समर्थन जनाउँदै भन्छ नेपाल पनि त एउटा राज्य हो खै त ? नेपालको आवश्यक तत्त्व, खै यसले विकास गरेको यतिकैमा 'क' बोल्छ र भन्छ विपी बाबुले सिक्किमयात्रा गरेपछि भन्नु भयो बंगालको विजय भन्नु नै हाम्रो पचास प्रतिशत विजय हो । यसरी नै विजयको श्रृङखला शुरू हुन्छ । फेरी 'ख' बोल्छ हामी तराईवासीको त झनै विकास भएको छैन । नेपालमा हाम्रो क्षेत्रको सही प्रतिनिधित्त्व नै भएन भन्नेबेला नेपालको मुटु तराई तर विकासमा सधैं पछि रहेको छ । श्रीमान 'ख' को कुरासुनेपछि श्रीमान 'ग' ले विजयको गर्व गर्दै बोल्न थाल्यो । उसले विदेशीको विकास, समृद्धि अनि शिक्षाको कुरालाई यहाँ जोड्न पुग्छ तर विदेशीमुलुकको तुलनामा आफू कमजोर भएको अनि अघि बढ्नुको लागी जे गर्न पनि तयार हुने विचार व्यक्त गर्छ । भारत र अमेरिका शक्तिशाली भएका गफ मात्र नगरी ज्यानको बाजी थापी अघि बढेकोले गर्दा हो । यतिकैमा श्रीमान 'घ' ले उदारभावले मौनता भङ्ग गर्दै भन्छन् - खम्पाले बाजी मार्दा

नेपालको हार हुने अभिलाषा प्रकट गर्छ । यो कुरा सुनेर 'ग' जङ्गिदै भन्छ - खम्पाले बाजी मार्दा त तिब्बत बाजीमा आउँछ अनि नेपालले मुक्ति पाउँछ र प्रजातन्त्रको उदय हुन्छ । यसपछि ' ख' भन्छ सिक्कमको नौलो नौलो घटना नेपालको पूर्वपीठिका हो । यस तर्कले 'ङ' लाई असैहय हुन्छ र भन्न थाल्छ यसरी नेपालको हार जीतको कुरा गर्न र नेपाललाई होच्याउन तपाईहरूलाई लाज लाग्दैन । के तपाईहरूमा जातिय अभिमान छैन । नेपाल आमाको सन्तान भएकोमा गर्व छैन । आफै देशको महत्त्व नबुझ्नेले आज सिक्किमको महत्त्व कसरी बुझ्नसक्ने त ? जंगबहादुरको पालादेखि नेपाललाई बन्धक बनाएर राख्ने प्रवृत्ति हावि भयो तर समयको प्रवाहसँगै बन्द ढोका खुले । त्यसैले हामी स्वतन्त्र र स्वाभिमान बन्न चाहन्छौं । तिम्रा हात खुट्टा हामीतिर नफाल अनि तिम्रो विस्तारको जाल नहाल भन्दाभन्दै श्रमिान 'च' बोलीहाले राष्ट्र, भाषा, भेष, जाति सबै पेट आघाएपछिका कुरा हुन् । धेरै नेपाली भोका नाङ्गा छन्, अज्ञानको अन्धकारमा छन् तिनको समाधान गर्न सकेमात्र बल्ल राष्ट्रको अस्तित्त्व रहन्छ । भारी बोक्ने भरिया, हलो बोक्ने किसान, फलाम पिट्ने कामीहरू, लुगा सिउने दमाइहरू ती गाइने मगन्तेले राष्ट्र, भाषा, भेष जाति कसरी बुझ्छन् ? नेपालको पैसा विदेशमा लगेर उडाउने, शहरको रमझममा भुल्नेहरू, रासलिलामा रम्नेहरूले नेपालको राष्ट्रियता बुझेर पनि बुझपचाउँछन् । यसरी मौकावादीहरूले मुक्ति आन्दोलनको तर्केछाहरू शोषणविहीन समाजको निर्माण जस्ता कुराहरूलाई मालिकका गोडामा चढाइदिन्छन् । यसरी भएको वर्गभेदको जालो नहटाएसम्म देश अघि बढ्न सक्दैन । जतिसुकै राष्ट्रिय अखण्डता र सार्वभौमिकताका थोत्रा भाषण गर्नेले पनि संस्कृति र सभ्यतालाई सलाम गरेर भाग्छन् अनि तमाम जयचन्द्र च्याङ्काइसेकहरू, सिक्किमका काजीहरू भाइमाथि रजाईं गर्न बाहिरका वाघहरू बोलाउँछन् । आफू स्यालसम्म बन्न पछि नपर्ने दुष्टहरूप्रति व्यङ्ग्य गर्छन् ।

यतिकैमा श्रीमान 'क' ले प्रतिरोध जनाउँदै बोल्छन् - त्यसोभए आजका शिक्षितहरू, हुनेखाने भद्र हुँ भन्नेलाई गलहत्ति दिनुपऱ्यो । नेपालको प्रगतिमा नअटाउनेहरू आफै बिलाउँछन् । नेपालको सिर्जनामा रमाउनेले नेपाली ईंटा, ढुङ्गा, सिमेन्ट बनेर यसैमाटोमा मिल्छन् । श्रीमान 'घ' भन्छन् - राष्ट्रनिर्माणमा राष्ट्रिय दृष्टि चाहिन्छ, राष्ट्रियता सबैको प्यारो र मौलिक हुन्छ  भारत र चीन दुवै हाम्रा  मित्रहरू हुन् यिनीहरूसँग मित्रवत व्यवहार गर्नु नै हाम्रो पहिचान हो । निडर भएर रहन सकौं अन्यथा पाकिस्तान र भियतनामले जस्तो दुर्गति भोग्नुपर्ला । यतिकैमा श्रीमान 'ख' बोल्छ र भन्छ भारत विना हामी बाँच्न सक्दैनौं र चीनसँग पनि हामीले धेरै आधार लिनुपर्छ । भारत र चीन नभएर नेपालले आवश्यक पर्ने

चीजदेखि विलासिताका वस्तुहरूबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । दैनिक आवश्यकताका चीज अनि विलासका चीजहरू दुवै देशबाट नआए नेपाल बाँच्न र रहन सक्दैन् । यसैले हामी भारत र चीनको शरणमा पर्नुपर्छ । 'ख' को यस्तो जवाफ सुनेपछि श्रीमान 'च' जोशिदै भन्छ- नेपाल कसैको धर्मपुत्र होइन यो आफ्नै पहिचानमा रहन सक्छ । कसैसँग भिक्षा माग्नु जरूरी छैन । प्रजातन्त्र र राष्ट्रियता कसैसँग सापटी लिने किन्ने र भिक्षा माग्ने कुरा होइनन् । यिनीहरूमा कसैको हक दावी लाग्दैन । जतिसुकै ठूला राष्ट्रहरूमा पनि यी दुवै चीजको आवश्यकता पर्छ । शक्ति सम्पन्न र विपन्न राष्ट्रहरूको बीचको शक्ति युद्धको कारण कमजोर झन कमजोर र बलियो झन बलियो बन्ने प्रवृत्ति बढेको पनि देख्न सकिन्छ । यो कुरा सुनेर श्रीमान 'घ' बोल्दै - नेपाललाई कसैले पनि हेप्ने, दबाउने प्रवृत्तिबाट टाढै बसे हुन्छ अनि दुई ढुङ्गाबीचको तरूलको रूपमा स्थापित पनि गर्न नखोज । फेरी राष्ट्रहरू कसरी रहन्छन् । सबैका आफ्नै खालका स्वार्थ छन् नपाउने पाउन खोज्छन् भने पाउनेहरू जमाउन खोज्छन् ।

यहाँ साना ठूलाबीचको विभेद कायमै छ । नेतृत्वको होडमा परजीवी किराहरू तर्सन्छन्, गरिबमाथि धोखाको करूणा छरेर प्रजातन्त्र भनी छल गर्छन् । नेपालमा अमेरिकी क्षेप्यास्त्र र भारतीय सैनिक चाहिन्छ । नेपालका नेताहरूमा हीनताको भावना छ । भारतीय करोडपतिहरू नेपालको पसिना लुटेर विलासमा जिउँछन् । यस्तो कुरा सुनेर श्रीमान 'क' 'ख' 'ग' लाई सैहय भएन र गर्जनको भावमा बोल्न थाले तानाशाहा जनताका शत्रु हुन् यिनले नै देशलाई विनाश तिर लैजान्छन् । अब श्रीमान 'छ' ले भन्न थाले वास्तवमा शोषक जाली फटाहाहरूले नै देशलाई समाप्त पार्न लागेका र स्वतन्त्रताको लागि जनताको हक अधिकार हनन् गर्न पछि नपर्ने पूँजीवादी, विस्तारवादीहरू देश मास्ने षडयन्त्रमा समेत सामेल भएका छन् । यस्ता राष्ट्रघातीलाई पाखा लगाएर भोका नाङ्गा जनताको हक अधिकार दिलाउनुपर्छ अबको नेपालमा सबैले आफ्नो पसिनाको मोल पाउनेछन् अब सबै जातजातिले अन्यायको विरोध गर्दै नयाँ युग ल्याउने प्रण गर्नुपर्छ । त्यसैले संघर्ष होइन समन्वय, बहुमत हैन सर्वसम्मत, जुठो हैन मौलिक चिन्तन, शोषण हैन समर्पणको नीति लिएर अघि बढ्नुपर्छ भन्दै टेबिल गफको अन्त्य भयो ।

खण्डकाव्यको निष्कर्षको रूपमा कविको भावाभिव्यक्ति उल्लेखनीय रहेको छ । **'बादेबादे जयते तत्त्वबोध'** भनेझैं लामो वादविवाद र वहसबाट नै साँचो कुरा निकाल्न सकिन्छ तर यस काव्यमा उपस्थित भएका केही पात्रहरू आफ्नो वैचारिक चिन्तन र आदर्श

भन्दा पनि पिछलग्गू र आत्मसमर्पणवादी प्रवृत्तिबाट ग्रस्त भएका हुँदा राष्ट्रविरोधी अभिव्यक्ति दिन पनि पछि हट्दैनन् । जसले जस्तो तर्क गरेपनि बहुसंख्यक नेपाली जनताहरू रोग, भोक र शोकबाट प्रताडित भएका तीता यथार्थप्रति धेरै कम मान्छेको दृष्टि पुग्ने गरेको छ । कवि शर्मा जनताले भोगेको त्यो दुःख कष्टलाई निकै गम्भिरताका साथ बोध गर्छन र राजनीतिको नाममा चर्का-चर्का भाषण गर्ने, खोस्रा दर्शन छाँट्ने स्वार्थी राजनेताहरू प्रति व्यङ्ग्यहरूलाई यसरी कर्तव्यको पाठ सिकाउँछन् :

जतिसुकै दर्शन छाँटियोस्
जत्रोसुकै सिद्धान्तको फलाको होस्
जस्तोसुकै घोषणा होस्
भाषण होस्
नारा लागोस्
इतिहासको मोड अर्कोतिर छ ।
आजको युग जनताको युग छ ।
यहाँ परिवर्तन चाहिएको छ ।
त्यो व्यवस्था सफल हुनेछ
त्यो नेता अजेय हुनेछ
जसले जनतालाई आफ्नो नेता मान्नेछ
जनवाणी देववाणी भन्नेछ ।

(टेबिल गफ, पृष्ठ २४-२५)

### ४.२.४.५ विचार वा भावको स्थिति

भारतको विस्तारवादी र हस्तक्षेपकारी नीतिलाई हेर्ने विभाजित नेपाली दृष्टिकोण यस काव्यमा प्रकट भएको छ । कसैले सिक्कम भारतमा गाभिनुलाई सिक्किममा प्रजातान्त्रिक स्वतन्त्रता फस्टाउने दृष्टिबाट हेरेका छन् भने कसैले स्वतन्त्र अस्तित्त्व भएको सिक्किमलाई आफूमा गाभ्न भारतको विस्तारवादी सोचको परिणाम हो भन्ने अर्थमा बुझेको स्वाङ्ग पार्नका निम्ति यो काव्य चोटिलो व्यङ्ग्य भएर प्रस्तुत भएको छ । कविले नेपालमै जन्मेर हुर्केर आफ्नै जन्मभूमिप्रति घात गर्न खोज्ने देशद्रोही व्यक्तिहरूको नियतलाई पनि

निर्भिक रूपमा यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । चर्को राजनीतिक वहस प्रस्तुत भएको यस काव्यले आफ्नो राष्ट्र र जातिलाई उपेक्षा गर्ने स्वार्थी प्रलोभनकारी व्यक्तिहरूको वास्तविक नियत उदाङ्गो पारिदिएको छ । जनताको अज्ञानता र पछौटेपनलाई आफ्नो स्वार्थपूर्तिको अवसर ठान्ने देशद्रोहीहरूले विदेशीको हस्तक्षेप र घृणालाई पनि निर्लज्ज भएर सहन्छन् र उनीहरुसँगै साख्खै हुन खोज्ने प्रति कवि शर्मा यसरी व्यङग्य गर्छन् -

देशको अज्ञानता र दरिद्रतामा
उनको पछौटेपनमा
व्यङ्ग्य गरेर अट्टहास गर्दारहेछन् ।
नेपालीलाई पहाडी जङ्गली भनेर
विदेशीसित साख्खै हुँदारहेछन् ।
यस्ता अल्लारे मनमौजीहरू
जनताको विद्रोही आगो देखे भने
सानोतिनो इन्क्लाव सुने भने
बाहिरका बाघ भालु चितुवाको शरण गुहार्छन् ।
'आधिआधि तंकमंक' भन्छन्
यही हो यिनको राष्ट्रियता ।
(टेबिल गफ, पृष्ठ २४)

### ४.२.४.६ पात्र/चरित्र

विभिन्न पात्रहरूका बीचमा भएको राजनैतिक वादविवाद र वहसलाई प्रस्तुत गरिएको यस काव्यमा कविका अतिरिक्त सात अमूर्तपात्रहरू उपस्थित छन् । ती पात्रहरूको चरित्र उनीहरूको अभिव्यक्तिबाट प्रकट भएको छ । कविले पात्रहरूको नामाकरण गर्दा जनमानसमा सुनिने स्वाभाविक नामभन्दा पनि श्रीमान क, ख, ग जस्ता अस्वाभाविक र अमूर्त नामहरू प्रयोग गरेका छन् । ती पात्रहरूलाई संक्षेपमा यहाँ चिनाउने प्रयास गरिएको छ ।

**पात्र 'क'**

यो पात्र भारतको विस्तारवादी नीतिप्रति झुकाव राख्दछ र त्यस्तो नीतिको समर्थन पनि गर्दछ । ऊ सिक्किम भारतमा विलय हुनु आवश्यक थियो भन्ने ठान्दछ । सिक्किम भारतमा गाभिनु सिक्किमको विकासका लागि सुखद अवसर हो भन्ने रूपमा व्याख्या गर्दछ ।

**पात्र 'ख'**

यो पात्र भारत परास्त चिन्तन बोकेको पात्र हो । भौतिक समृद्धिलाई मात्र राष्ट्रको पहिचान मान्ने ऊ आर्थिक रूपमा गरिब नेपाललाई राष्ट्र भन्न पनि हिचकिचाउँछ । यो पात्र राष्ट्रिय एकताको कुरा नगरी तराईबासीको पक्षमा मात्र बोलेर नेपालीहरूको बीचमा क्षेत्रीय भेदभावको खाडल सिर्जना गरेको छ । भारतको पराधिनतालाई नेपालीले सहनु भन्दा अर्को विकल्प नभएको आत्मसमर्पणवादी चिन्तन राख्दछ ।

**पात्र 'ग'**

यो पात्रले पात्र 'ख' को दास मानसिकताको समर्थन गर्दै उत्तरमा चीनको प्रतिकार गर्ने खम्पा रहेको र दक्षिणमा अंग्रेजी शिक्षा पाएका तराईवासीहरू रहेको हुँदा बीचमा रहेको नेपाल संसदीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नका लागि जे पनि गर्न तयार रहेको धारणा राख्दछ ।

**पात्र 'घ'**

यो पात्र स्वतन्त्र अस्तित्त्वयुक्त जीवन बाँच्न चाहने निर्भिक पात्र हो । यसले हाम्रा दुवै छिमेकी मुलुकहरू चीन र भारतसँग समदूरीको सम्बन्ध कायम गरेर आफ्नो राष्ट्रिय अखण्डतालाई जोगाउनुपर्ने राष्ट्रवादी धारणा राख्दछ ।

**पात्र 'ङ'**

यो एक सशक्त देशभक्त पात्र हो । यसले राष्ट्रिय अखण्डता र स्वतन्त्रतासँग कुनै पनि अवस्थामा सम्झौता गर्न नसकिने प्रखर राष्ट्रप्रेमको भाव प्रकट गर्दछ । आफ्नो राष्ट्रको अस्तित्त्व, भाषा, संस्कृतिलाई विर्सने र अपमान गर्नेलाई ऊ आत्मघाती राष्ट्रघाती ठान्दछ । नेपाल भौगोलिक रूपमा सानो र पिछडिएको मुलुक भएपनि यसको आफ्नै स्वतन्त्र-अखण्ड

अस्तित्त्व भएको हुँदा हामीले आफ्नो राष्ट्रप्रति गर्व गर्नुपर्ने राष्ट्रवादी चिन्तन यस पात्रले अभिव्यक्त गरेको छ ।

**पात्र 'च'**

यो पात्र निम्नवर्गीय श्रमजीवी जनताको पक्षमा उभिएको छ । भाषणमा प्रजातन्त्र र राष्ट्रिविकासका फूलबुट्टे कुरा गर्नेहरूप्रति खासै विश्वास गर्दैन । बहुसंख्यक जनताहरू भोक, रोग र शोकबाट प्रताडित भएका हुँदा राष्ट्रका राजनेताहरूले सर्वप्रथम तिनीहरूका आधारभूत आवश्यकताहरू पूरा हुने अवस्था सिर्जना गर्नुपर्छ भन्ने यथार्थलाई यस पात्रले स्पष्ट रूपमा सबैका सामु राख्दछ । यो पनि एक राष्ट्रप्रेमी पात्र हो ।

**पात्र 'छ'**

यो राष्ट्रप्रेमको भावनाले अनुप्रणित पात्र हो । यसले भोका नाङ्गा गरिबहरू र श्रमजीवी किसान ज्यामीहरूलाई नै राष्ट्र ठान्दछ । ऊ राष्ट्रलाई चार किल्ला भित्रको भूगोलका रूपमा नभई विविध भाषा र संस्कृतिले युक्त जातिहरूको समाष्टिका रूपमा चित्रण गर्दछ । यिनै जातजातिको समृद्धि नै राष्ट्रको समृद्धि हुने हुँदा ऊ जनताको अवस्था सुधार गर्न सबै राष्ट्रप्रेमी एकजुट हुर्नु मान्यता राख्दछ ।

यस काव्यको अन्त्यमा काव्यका अरु पात्रहरूको वादविवाद सुनेपछि कवि बोलेका छन् । उनको अभिव्यक्ति काव्यको निचोडको रूपमा प्रकट भएको छ । कविले काव्यको अन्त्यमा हरेक पात्रले बोलेका अभिव्यक्तिहरूलाई संप्लेषण गरेका छन् । उनको संप्लेषणात्मक धारणा राष्ट्रविरोधीका निम्ति चोटिलो व्यङ्ग्य र देशभक्त जातिप्रेमीहरूका निम्ति उत्साहको प्रेरणाश्रोत बनेको छ ।

### ४.२.४.७ परिवेश

टेबिल गफ खण्डकाव्य घटना र स्थानविशेषको वर्णन भन्दा पनि पात्रहरूको वार्तालापमा केन्द्रित भएको हुँदा यसमा परिवेशले व्यापकता र विविधता पाएको छैन । यसमा अप्रत्यक्षरूपमा भारतको सिक्किम, चीन, खम्पा, हङकङ, लाओस, भियतनाम र कम्बोडिया आदि पात्रहरूको विचार प्रकटिकरणका सन्दर्भमा उल्लेख भएका छन् ।

#### ४.२.४.८ लय, अलङ्कार तथा रस विधान

**टेबिल गफ** मुक्त गद्य लयमा लेखिएको लघु आयामको खण्डकाव्य हो । पात्रहरूको बहसको माध्यमबाट प्रखर वैचारिक चिन्तन प्रकट भएको यस खण्डकाव्यमा कविको प्रखर चेतना अभिव्यक्त भएको छ । तर्कपूर्ण विचार अभिव्यक्ति काव्यको अर्को उल्लेखनीय पक्ष मान्न सकिन्छ । कविको समाजबोध र राष्ट्रिय चिन्तन यस काव्यमा सशक्त रूपमा प्रस्फुटित भएको छ । यो काव्य काव्यात्मक कलाका दृष्टिले भन्दा पनि विचार पक्षका दृष्टिले सशक्त देखिन्छ । यति हुँदाहुँदै पनि कविले यस काव्यमा विभिन्न अलङ्कार तथा रसको सहज स्वाभाविक प्रयोग गरेर काव्यको शोभालाई उच्च तुल्याएका छन् । मुक्त गद्य लयमा लेखिएको यस काव्यमा कतैकतै अन्त्यानुप्रासको संयोजनले काव्यात्मक सांगितिक स्वर झङ्कृति भएको अनुभव गर्न सकिन्छ । बद्ध लयमा जस्तो अत्यानुप्रासको संयोजनले यसको गेयात्मक पक्षलाई प्रखर बनाएको छ । जुन तलको कवितांशमा पनि देख्न सकिन्छ :

नेपाललाई सात ताल्चाभित्र हुले
तर सबै समयको प्रवाहमा बगे
नेपालका बन्दढोका खुले ।
हामी खुलेआम घोषणा गर्छौं
हामी आफै सास फेर्न सक्छौं
हाम्रो मुखमा नली नहाल
हामी आफै हिड्छौं
तिम्रो हातखुट्टा हामीतिर नफाल
हामी स्वतन्त्र छौं
तिम्रो विस्तारको जाल नहाल

(टेबिल गफ, पृष्ठ ६)

उपर्युक्त कवितांशमा अन्त्यानुप्रासको नियमित र पूर्ण संयोजन नदेखिएपनि आंशिक पुनरावृत्तिले कवितामा संगितात्मकता थपेको छ । पहिलो पंक्तिको अन्तिम शब्द 'हुले' र तेस्रो पंक्तिको 'खुले' का बीचमा समान ध्वनिको पुनरावृत्ति भएको देखिन्छ त्यसैगरी चौथो र पाँचौं पंक्तिका अन्तिम शब्दहरू 'गर्छौं र 'सक्छौं' का बीचमा पनि केही समानता देखिन्छ ।

त्यसैगरी छैठौँ, आठौँ र दशौँ पंक्तिका अन्तिम शब्दहरू 'नहाल', 'नफाल' र नहालका बीचमा समान ध्वनिको पुरावृत्ति हुनुले कविताको लयलाई सुमधुर बनाएको छ ।

काव्यमा विभिन्न विम्ब प्रतीकहरूको प्रयोगले यसको काव्यात्मक शोभा बढाउनुका साथै लाक्षणिक अर्थ आविर्भाव भएर भावलाई पनि सशक्त बनाएको छ । त्यस्तो लाक्षणिक भाव प्रकट भएको एक कवितांश उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिन्छ –

यी परजीवी कीराहरू

सधैं तर्सन्छन्

नेतृत्त्वको होड गर्छन्

गरिबमाथि धोखाको करूणा छरेर

प्रजातन्त्र भनी छल गर्छन् ।

यिनको तार खोर हुन्छ

समुन्द्रपार सम्म

यिनीहरूको मन पनि बडो तीब्रगामी हुन्छ ।

बङ्गाल, अफगान सिक्किम, भुटान

आजभोलि इथियोपिया पुग्छ

यिनी चील जस्तै चिली पुग्छन् ।

(टेबिल गफ, पृष्ठ १५-१६)

माथिको कवितांशमा 'परजीवी कीराहरू' बिम्बको प्रयोग गरी जनताको रगत र पसिना चुस्ने स्वार्थी र अवसरवादी राजनेताहरूप्रति व्यङ्ग्य गरिएको छ । त्यसैगरी 'चीलजस्तै चिली पुग्छन' भन्ने अभिव्यक्तिमा उपमाको प्रयोग गरी कथित राजनेताहरूको घुमफिर गर्ने शैली, स्वाभिमान र स्वविवेकबाट च्यूत भएको आत्मसमर्पणवादी सोंच र चिन्तनलाई पनि उदाङ्गो पारिएको छ । बिम्ब र उपमा जस्ता काव्यात्मक उपकरणहरूको प्रयोगले उल्लेखित कवितांश निकै लाक्षणिक बन्न पुगेको छ ।

## ४.२.४.९ उद्देश्य

प्रगतिवादी कवि नारायणप्रसाद शर्माले आफ्ना रचनाहरूमा समाज परिवर्तनको तिव्र आकांक्षा प्रकट गरेका छन् । यस टेबिल गफल काव्यमा पनि तत्कालिन पंचायतकालीन नेपाली समाजको विभाजित मनस्थिति र सोंचलाई यहाँ विभिन्न पात्रहरूको वादविवाद एवम् वहसका माध्यमबाट प्रस्तुत गरिएको छ । कुण्ड-कण्ड पानी मुण्ड-मुण्ड विचार भनेझैं यस काव्यका केही पात्रहरू राष्ट्रविरोधी चिन्तनबाट ग्रसित हुँदै शक्तिशाली मुलुकका सामु आत्समर्पण गर्न पछि हट्दैनन् भने केही पात्रहरू राष्ट्रप्रेमको उच्च उदात्त चेतनाले जागृत भएर व्यक्ति र जाति भन्दा पनि राष्ट्र सर्वोपरि हो भन्ने प्रखर देशभक्तिको भाव व्यक्त गर्दछन् । वादविवादको अन्त्य भएपछि काव्यको निष्कर्षको रूपमा कवि स्वयं बोलेका छन् । समाजमा चलिरहने चिन्तनको वहसलाई छर्लङ्ग पार्नु कविको काव्य लेखनको उद्देश्य रहेको कुरा उनी यसरी अभिव्यक्त गर्दछन् :

म मान्छेको विविधतामा<br>
चिन्तनको बहुविधामा<br>
आदर्शको<br>
भिन्नतामा<br>
जीवनको स्पन्दनमा<br>
दङदास पर्छु ।<br>
त्यसैले मान्छेको रागविराग नै<br>
मेरो कविता बन्छ<br>
उत्थान र पतनको भूँमरीमा<br>
मेरो कलम हुर्रिएको हुन्छ ।<br>
वादे वादे जायते तत्त्ववोधमा<br>
मेरो पनि सही छाप पर्छ

(टेबिल गफ, पृष्ठ २२)

### ४.२.४.१० भाषाशैली

नारायणप्रसाद शर्मा आफ्ना रचनाहरूलाई कलाप्रधान भन्दा पनि विचारप्रधान बनाउन उद्यत गरेका देखिन्छन् । समाजपरिवर्तन र जनजागरणको प्रखर चेतना अभिव्यक्त भएका उनका कृतिहरूमा प्रयुक्त भाषाशैली सरल, सरस, तार्किक र सहज संप्रेष्य रेहेको छ । उनले यस काव्यमा पनि तत्सम, तदभव र झर्रा नेपाली शब्दहरूको स्वाभाविक र सन्तुलित प्रयोग गरी काव्यलाई सुबोध र सार्थक तुल्याएका छन् । काव्यमा कविले प्रथम पुरुषिय शैलीमा आफ्नो विचारलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । विभिन्न पात्रहरूबीचको वैचारिक वहसमा केन्द्रित यो काव्यको भाषाशैली सशक्त संप्रेष्य छ । यस काव्यमा वादे-वादे जायते तत्यबोध, मुण्ड-मुण्ड विचार जस्ता सुक्तिमय भनाईहरू उद्धत गरी विचारलाई पाठकमाझ विश्वसनीय बनाउने प्रयास गरिएको छ । त्यसका साथै विभिन्न अनुकरणात्मक शब्दहरूको प्रयोगले परिवेश र घटनाको वर्णन निकै प्रभावकारी बन्न गएको छ । यस काव्यमा कहिले वर्णनात्मक, इच्छात्मक, प्रश्नात्मक र व्यङ्ग्यात्मक आदि विविध भाषाशैलीको प्रयोगबाट विभिन्न पात्रहरूको भिन्न मनोदशा र भिन्न विचारलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरेका छन् ।

### ४.२.४.११ निष्कर्ष

टेबिल गफ काव्य ऐतिहासिक घटनालाई आधार बनाएर त्यसका सम्बन्धमा प्रस्तुत भएका विभिन्न किसिमका फरक विचारहरू समेटिएको काव्य हो । सिक्किम भारतमा गाभिएपछि त्यस घटनाले नेपाल लगायत अन्य मुलुकहरूमा एक किसिमको राजनीतिक बहसको तरङ्ग सिर्जना गऱ्यो । भारतको यस्तो विस्तरवादी र हस्तक्षेपकारी रवैयाको पक्ष र विपक्षमा नेपाली बौद्धिक वर्गहरू पनि विभाजित भए । कसैले सिक्किम भारतमा गाभिनुलाई सिक्किममा भारतको विकास र विस्तार हुने दृष्टिले विश्लेषण गरे भने कसैले स्वतन्त्र सिक्किमको स्वपहिचान गुमेको अर्थमा व्याख्या गरे । नेपाली बौद्धिक वृत्तमा देखिएको विभाजित वैचारिक चिन्तन तत्कालीन समयको तीतो यथार्थ थियो । काव्यमा प्रस्तुत गरिएको वैचारिक वहसले मूलतः दुई किसिमको विचारधारालाई प्रकट गरेको छ । एकथरी मानिसहरू आफ्नो जाति र राष्ट्रको पक्षमा निर्भिक भएर उभिएका छन् भने अर्काथरी मानिसहरू आफ्नो स्वार्थ र फाइदाको लागि राष्ट्रिय अखण्डता र स्वपहिचानलाई गुमाउन पनि तयार देखिन्छन् । कवि शर्माले काव्यको अन्त्यतिर राष्ट्र जोगाउनको लागि सबै

नेपालीमा राष्ट्रिय एकता र मेलमिलापको भावना हुनैपर्ने कर्तव्यबोध गराएका छन् । आफूलाई राजनेता भन्नेहरूले राष्ट्र र जनताको पक्षमा भन्दा विदेशी शक्तिहरूको चम्चा र गोटी बनेकोमा राष्ट्रप्रेमी कवि निकै आक्रोशित हुन्छन् र त्यस्तो पराधिन दासत्त्वयुक्त प्रवृतिलाई त्याग्न आग्रह गरेका छन् । राजनीतिक विचार र दर्शनको महिमा गान गाऊने बुद्धिजीवीहरूले सिद्धान्तको कुरा मात्र गर्ने र श्रमजीवि जनताहरूले भोगेको दुःख, पीडा र अभावप्रति कुनै दृष्टि नपुऱ्याएको देख्दा उनी त्यस्ता आडम्बरी बुद्धिजीविहरूप्रति पनि चोटिलो व्यङ्ग्यवाण प्रहार गर्छन् ।

प्रस्तुत काव्यले मुख्यरूपमा राष्ट्रभक्त र राष्ट्रविरोधी दुई किसिमका व्यक्तिहरूको वहसलाई प्रस्तुत गरेर सबै नेपाली जनतामा राष्ट्रको अस्तित्त्व जोगाउन सदैव सचेत र सजग भैरहनुपर्ने आवश्यकताबोध पनि गराएको छ । छिमेकी मुलुकमा घटित राजनीतिक घटनाले नेपालमा सिर्जना गरेको तरङ्ग काव्यमा निकै रोचक शैलीमा प्रस्तुत गरिएको छ । कविले छिमेकी मुलुक भएर पनि अन्य मित्र देशहरूको अस्तित्त्व स्वाधिनता र स्वपहिचानमा गिद्धे दृष्टि लगाउने भारतको निर्लज्ज हस्तक्षेपकारी नीतिको सशक्त विरोध गरेका छन् ।

### ४.२.५ अर्न्तद्वन्द्व खण्डकाव्यको विश्लेषण

#### ४.२.५.१ परिचय

कवि नारायणप्रसाद शर्माको साहित्यिक कृति अन्तर्द्वन्द्व खण्डकाव्य तेस्रो कृतिको रूपमा वि.सं. २०४३ सालमा प्रकाशित भएको हो । तत्कालीन प्रशासनले यो कृति प्रकाशनमा ल्याउँदा धेरै तनाव सिर्जना गरेर अनुमति नदिएकोले यसले पूर्णता पाएको छैन तैपनि शर्माले निडर भएर आफ्नो रचनालाई प्रकाशमा ल्याएका छन् ।

#### ४.२.५.२ शीर्षक

गरिब निमुखा एवम् सर्वहारा जनताहरूले बिताएको प्रताडित एवम् नारकीय जीवनको कसरी अन्त्य गर्ने साथै यसबाट कसरी उन्मुक्ति दिलाउने भन्ने विषयमा कविको मनमा चलेको अन्तर्द्वन्द्व खण्डकाव्यमा केन्द्रित रहेको छ । राणा शासनदेखि पञ्चायती व्यवस्थाका तानाशाहाहरूले शासन व्यवस्था परिवर्तन भएपनि जनताप्रति गरेको क्रूर एवम् दानवीय प्रवृत्तिको यस खण्डकाव्यमा खुलेर विरोध गर्नुपर्छ भन्ने कुरामा विषयवस्तु केन्द्रित रहेको छ । शासन व्यवस्था परिवर्तन भएपनि सर्वसाधारण जनताको जीवनस्तर माथि उठ्न

नसकेको यथार्थतालाई पनि यसमा प्रष्ट पारिएको छ । प्रत्येक व्यवस्थाका सकारात्मक र नकारात्मक पक्षका बीचको द्वन्द्व कविका मनमा चलेका कुरा यसमा व्यक्त गरिएका छन् । यसरी यिनै विषयवस्तुलाई समेट्न सक्ने अर्न्तद्वन्द्व एक शब्दे शीर्षकको छनोट कविले गरेका छन् ।

## ४.२.५.३ बाह्य संरचना

अन्तर्द्वन्द खण्डकाव्य सात खण्डमा संरचित छ । यसमा प्रत्येक खण्डलाई अलग अलग शीर्षक दिएर कविले नयाँ नयाँ प्रयोग गरेका छन् । यसको प्रथम खण्डमा ३० अनुच्छेद छन् । यसको प्रथम खण्डलाई विचारप्रवाह शीर्षक दिइएको छ । दोस्रो खण्डलाई सामाजिक खड्को नामाकरण गरिएको छ । यसमा २२ अनुच्छेद छन् । तस्रो खण्डलाई राणातन्त्र शीर्षक दिइएको छ । यस खण्डमा १३ अनुच्छेद छन् । चौथो खण्डलाई प्रजातन्त्र शीर्षक दिइएको छ र यस खण्डमा १८ अनुच्छेद छन् । पाँचौ खण्डलाई कम्युनिज्म शीर्षक दिइएको छ र यस खण्डलाई १३ अनुच्छेद छन् । छैठौं खण्डलाई पञ्च नामाकरण गरिएको छ र यसमा २० अनुच्छेद रहेका छन् । अन्तिम सातौं खण्डलाई नौलो जीवनरेखा शीर्षक दिइएको छ र यो खण्ड १९ अनुच्छेद र ४९ पृष्ठमा संरचित भएको देखिन्छ । अनुच्छेदका दृष्टिले विचार प्रवाह नामक खण्ड (प्रथम) सबभन्दा लामो र राणातन्त्र र कम्युनिज्म शीर्षकका दुवै खण्ड १३-१३ अनुच्छेदका छोटा खण्डका रूपमा पाइन्छन् ।

## ४.२.५.४ कथावस्तु

कवि नारायणप्रसाद शर्माले अर्न्तद्वन्द्व खण्डकाव्यमा मानिस, समाज राणातन्त्र, प्रजातन्त्र, पञ्च र पञ्चायती प्रजातन्त्रलाई नै खण्डकाव्यको विषयवस्तु बनाएका छन् र यिनीहरूको सम्बन्धमा कविले आफ्नो मनमा उब्जेका भावनाहरूलाई व्यक्त गरेका छन् । उक्त खण्डकाव्य कुनै एउटा कथानकमा केन्द्रित नभई कविको चिन्तनमा आधारित रहेको देखिन्छ । यस खण्डकाव्यमा कुनै व्यक्ति विशेषका जीवनका घटनाहरू नभएर नेपालको इतिहासमा आएका विभिन्न मोडका परिवर्तनहरूको श्रृङ्खलाबद्ध वृतान्त उल्लेख गरिएको छ । कवि शर्माले फरक-फरक विषयमा आफ्नो चिन्तनलाई कलात्मक बनाएका छन् । यसरी राणाशासन देखि पञ्चायती व्यवस्थाका ती कालरात्रीको बारेमा यस खण्डकाव्यको कथावस्तुको रूपमा रचना गरेका छन् ।

## विचार प्रवाह

अर्न्तद्वन्द खण्डकाव्यमा कविले चिन्तन गर्नु मानिसको गुण हो भन्ने कुरालाई स्वीकार गर्दै मानवको सम्बन्धमा आफूले गरेका चिन्तनहरू व्यक्त गरेका छन् । यस खण्डमा कवि शर्माले मानिसका विविध वैचारिक दृष्टिको प्रवाहपूर्ण तवरले वर्णन गरेका छन् । मानिसलाई असल खराब दुवै खालको प्रवृत्तिको रूपमा लिँदै पहिले अज्ञानताबाट पीडित थियो पछि अल्पज्ञानले पीडित भयो अहिले ज्ञानले पीडित छ र भोलि मानिसलाई विवेकले डोऱ्याउनु पर्ने अवस्था सिर्जित हुनेछ भन्ने आशय यस खण्डमा व्यक्त गरिएको छ । कविले सधैँभरि सर्वसाधारण जनताको पक्षमा वकालत गरिरहेको वा मानिसमाथि गरिने पाशविक व्यवहार कविलाई सह्य नभएकोले र अन्धकारको युगमा पनि आफू जनताको पक्षमा रहेको तर जनता भन्ने यति सचेत नदेखिएकोमा कवि चिन्तित छन् । यस्तै यहाँ दुईथरी मानवमध्ये एकथरी त्यस्ता छन् जसले विना चिन्तन शून्य खोज्छन् त्यस्ता मानवप्रति कविले व्यङ्ग्य गर्दै विसंगतिपूर्ण जीवनका बारेमा पनि चर्चा गरेका छन् । यसका साथै यस खण्डमा कविले सत्यकै पक्षमा उभिने विचार व्यक्त गरेका छन् । यसरी यो खण्डलाई टुङ्ग्याइएको छ ।

## सामाजिक पाटो

अन्तद्वर्न्द्व खण्डकाव्यमा सामाजिक पाटो खण्डमा कविले मानिसलाई समाजको चेतावनीको रूपमा प्रस्तुत गरेका छन् । यस खण्डमा शर्माले मानिसको जन्म -मृत्यु गुण अवगुणबाट समाजमा के कस्तो प्रभाव पर्छ साथै मानिस भित्र रहेका चारित्रिक विशेषताको बारेमा पनि यस खण्डमा चर्चा गरेका छन् । देशको नीति नियम बनाउने मानिसहरू नै तानाशाहा र भ्रष्ट भएकोमा कवि असन्तुष्टि व्यक्त गर्छन् । शान्तिवादीहरू अशान्ति हिंसाको चक्रव्यूहमा परिणत भएकोमा पनि यहाँ विरोध प्रकट गरिएको छ । यस खण्डमा समाजका गन्यमान्य तथा प्रतिष्ठित व्यक्तिहरू सर्वसाधारण जनताहरूलाई भऱ्याङ बनाई कुर्सीमा पुग्ने तर उक्त स्थानमा पुगेपछि व्यक्तिगत स्वार्थ, लोभ र मोहमा परेर तिनै सर्वसाधारण जनताहरूलाई शोषण, दमन गर्ने ठूला वडा भनाउँदाहरू प्रति आक्रोश व्यक्त गरिएको छ । यसको विरोधमा कवि शर्माले पहल गरेपनि अन्य जनताहरूले साथ नदिएकोले यो प्रयास बालुवामा पानी हाले जस्तै भएको शर्माको अभिव्यक्ति रहेको छ ।

## राणातन्त्र

यस खण्डमा कवि नारायणप्रसाद शर्माले निरंकुश जहाँनिया स्वार्थी राणाशासनको उल्लेख गरेका छन् । यस खण्डमा शर्माले १०४ वर्ष लामो राणा शासनका नाइके जंगवहादुरको साथै पंचायती व्यवस्थाका नाइके पृथ्वीनारायण शाहको चरित्रको उल्लेख गरेका छन् । कविले ती दुवैजना प्रभावशाली रहेको कुरा पनि यसमा समाविष्ट गरेका छन् । पृथ्वीनारायण शाहले नेपालको एकिकरण गरे अनि जंगबहादुरले पनि राणा शासनको नियमबद्ध सुत्रपात गरे त्यसैकारण ती दुवैलाई विशिष्ट व्यक्तिको रूपमा उल्लेख गर्न सकिन्छ । यो खण्ड राणातन्त्र भएकोले यसमा राणा शासनको शुरूदेखि अन्त्यसम्मका वा १०४ वर्षसम्मको लामो जहाँनिया राणा शासनको बारेमा उल्लेख गरिएकोछ । यस शासन व्यवस्थामा भएका नराम्रा गतिविधीहरूको उल्लेख्य वर्णनले यस बेलाको शान्तिलाई शर्माले मसानघाटको शक्तिसँग तुलना गरेका छन् । राणा शासन व्यवस्थामा चाकरी चाप्लोसी गर्नेले मात्र पद र पैसा प्राप्त गर्थे निष्पक्ष र निस्वार्थी जनताहरूले भने भोक भोकै मनुपर्ने अवस्था थियो । सर्वसाधारण जनताहरू आफ्नो भाग्य तथा धर्मप्रति विश्वास गर्दथे भन्ने कुराको चर्चा कविले यस खण्डमा गरेका छन् ।

## प्रजातन्त्र

कविले यो खण्डमा वि.सं. २००७ साल पश्चात देशमा आएको प्रजातन्त्रको बारेमा चर्चा गरेका छन् । प्रजातन्त्र आएपनि जनताको जीवनस्तरमा सुधार नआएको कुराको कवि शर्माले यस खण्डमा चर्चा गरेका छन् । राणा शासनमा झैं प्रजातन्त्र आएपछि पनि ठूलावडाकै चलखेल शुरू भएको र ठूलाबडाहरू पद र प्रतिष्ठाको लागि आपसमा लड्ने गरेको प्रसंग पनि उठाइएको छ । कवि शर्माले प्रजातन्त्रको कुरा उठाउदा अमेरिकाको प्रसङ्ग पनि उठाएका छन् । राजनीतिको नाममा भ्रष्टहरूले फोहरी खेल खेलेको, पैसाको दुरुपयोग गरेर चुनावी माहोल धमिल्याएको प्रसङ्ग पनि कविले यहाँ उल्लेख गरेका छन् जुन प्रजातन्त्रमा राष्ट्रियता र सार्वभौमिकताको नामोनिसाना रहदैन त्यो प्रजातन्त्र नभई फटाहा र शोषकको फाइदाको निम्ति फलदायी चिजको रूपमा रहेको वर्णन गरिएकोछ । अन्त्यमा पैसा र रक्सीमा प्रजातन्त्रलाई नविकाई यसलाई आफ्नै राष्ट्रको धर्तीमा हुर्काउनुपर्छ र प्रत्येक नेपालीले प्रजातन्त्रको उपभोग गर्न पाउनुपर्छ भन्ने राष्ट्रवादी मान्यता ओकल्दै कवि शर्माले यस खण्डलाई विट मारेका छन् ।

## कम्युनिष्ट भावधारा (कम्युनिज्म)

कवि नारायणप्रसाद शर्माले यस खण्डमा शोषित पीडित जनताका पक्षमा पूर्व र पश्चिमका दार्शनिकहरूले व्यक्त गरेका करूणाहरू र तिनीहरूले देखाएका सद्भावबाट जनताहरूको समस्याहरू समाधान नभएको पनि उल्लेख गरेका छन् । सामाजिक विषमताको अन्त्य केवल मार्क्सवादी दर्शनले गर्न सक्ने कुराको चर्चा पनि यस खण्डमा गरिएको छ । पौराणिक विषयलाई पनि यस खण्डमा समाविष्ट गरिएकोछ । कविले मार्क्सको उल्लेख गर्दै मार्क्सको मान्यतालाई समर्थन गरेका छन् । मार्क्सले व्यक्तिगत पूँजीलाई दासताको मूल कारण ठानी सर्वहारा क्रान्तिलाई नै मुक्ति मार्गको रूपमा औल्याउँदै अघि बढेका कुरालाई यस खण्डमा वर्णन गरिएको छ । आफूलाई मार्क्सका चेला ठान्ने तर आपसमा लड्ने कम्युनिष्टहरूप्रति तीखो व्यङ्ग्य गरेका छन् । मार्क्सको साझा सम्पत्तिमा सबैको हक बराबर भएको कवि कुरा प्रति विस्वश्त छन् । धनी र गरिवका सन्तानले समान हक अधिकार पाएमा दुवै समान तहमा पुग्न सक्ने मान्यता प्रकट गरिएको छ । संसारमा भएका ऐन, कानून च्यातिदिने र मान्छेलाई स्वतन्त्र छाडिदिने हो भने वर्गीय विषमता ध्वस्त हुन्छ र अवसरवादी एवम् जाली फटाहाहरू सबै खतम हुन्छन् भन्ने कुरालाई कविले यस खण्डमा प्रष्ट पारेका छन् । यसरी यो खण्डलाई टुङ्ग्याइएको छ ।

## भ्रष्ट पञ्च

यस खण्डमा कविले पंचायतिकालका पञ्चहरूको गुणदोष केलाउँदै पञ्चायती व्यवस्थाका सकारात्मक र नकारात्मक पक्षको उल्लेख गरेका छन् । वि.सं २०१७ सालमा राजा महेन्द्रको व्यक्तित्त्वले नेपालमा पञ्चायती व्यवस्था आएको कुरा उल्लेख गरिएको छ । पञ्चायती व्यवस्थामा कुनै सैद्धान्तिक दर्शन नभएको अनि यो व्यवस्था ल्याउँदा कसैको बलिदानी नरहेको कुरा पनि प्रष्ट रहेको छ । पञ्चहरू पनि दुई खालका भित्र र बाहिरका थिए । त्यहिबेलाको भूमिसुधार कार्यक्रमको ऐतिहासिक घटनालाई पनि यस खण्डमा उल्लेख गरेको छ । भूमिसुधारले सामन्तहरूको जमिनमा अङ्कुश लगाएपनि किसान र सर्वहाराहरूको समस्यालाई सुल्झाउन नसकेको कुरा पनि यसमा प्रकट गरिएको छ । पञ्चायती व्यवस्थामा नातावाद, कृपावाद, घूस र भ्रष्टाचार जस्ता कुराहरूलाई रोक्न नसकेकाले नै जनताको जीवनस्तर झनझन जटिल बन्दै गएको र यसैकारणले पञ्चायती

व्यवस्थाको अन्त्य भएको धारणा यस खण्डमा प्रकट गर्दै कवि नारायणप्रसाद शर्माले यस खण्डलाई टुङ्ग्याएका छन् ।

## नौला जीवनरेखा

यस खण्डमा कवि शर्माले मान्छेको बारेमा आफ्ना मनमा उब्जेका विचारहरू व्यक्त गरेका छन् । यस खण्डलाई अन्तर्द्वन्द्व खण्डकाव्यको उपसंहार खण्डका रूपमा प्रस्तुत गरिएको छ । मान्छे आचारणबाट जाँचिन्छ, त्यस्तै सिद्धान्त व्यवहारबाट जाँचिन्छ भन्ने विचारलाई यस खण्डमा प्रष्ट पारिएको छ । यदि मानव महानताको शिखरमा पुग्नु छ भने ऊ आफ्नो लक्ष्यमा अडिग रहनुपर्ने कुरामा जोड दिएका छन् । कसैलाई परिचय दिनु पर्दा कुनै पेशा नजनाई दलको सक्रिय कार्यकर्ता बन्नुपर्ने स्थितिको कवि भर्त्सना गर्दछन् । साथै हामीले नौलो विचारधारालाई अवलम्बन गरी आफ्नो राष्ट्र र राष्ट्रियतालाई बचाएर बाँच्न सिकौँ अनि सवैले कर्म गरौँ कसैको पसिनालाई शोषण नगरौँ एकता गरेर बाँच्न सिकौँ भन्ने भावनाका साथ कविले यस खण्ड अनि अन्तर्द्वन्द खण्डकाव्यको पनि अन्त्य गरेका छन् ।

## ४.२.५.५ परिवेश

अन्तर्द्वन्द खण्डकाव्य वि.सं. २०४३ सालमा पञ्चायतीकालीन वातावरणमा लेखिएको खण्डकाव्य हो । उक्त खण्डकाव्यमा कवि शर्माले आफ्नो सुत्ने कोठालाई खण्डकाव्यको बाह्य वातावरण बनाएका छन् र आफ्नो मनभित्र चलेका वैचारिक द्वन्द्वलाई यसमा समेटेका छन् । कवि देशको शासन व्यवस्थादेखि चिन्तित भएर उनलाई निद्रा नलाग्नेसम्मको अवस्था आएको कुरालाई यसमा समेटेको छ । खण्डकाव्यको शीर्षक नै अन्तर्द्वन्द्व भएकोमा त्यो शीर्षक सार्थक छ । कवि शर्माले राणा शासनदेखि पञ्चायती व्यवस्थालाई कालो रातको संज्ञा दिएका छन् । यस समयमा कविको मनमा चलेको विचारका तरङ्गहरू नै यस खण्डकाव्यको आन्तरिक परिवेशभित्र समेटिएको देखिन्छ । यस खण्डकाव्यको कथानक चिन्तनप्रधान रहेको छ र परिवेश चाँहि कविको आन्तरिक तरङ्गको रूपमा चित्रित गरिएको छ । अभिव्यक्तिको स्वतन्त्रता बन्देज भएको कष्टकर पञ्चायती कालमा कविले काव्यमा मूर्त र बाह्य परिवेश भन्दा पनि मनोदशालाई विशेष महत्त्व दिएर प्रस्तुत गरेका छन् –

जति संसार फराकिलो छ
उति मान्छे साँघुरोमा पर्छ

जहाँ झण्डा गाडिन्छन्

त्यहाँ तिनको सलाम गर्नुपर्छ ।

(अन्तर्द्वन्द्व, पृ. ९३)

### ४.२.५.६ विचार वा भावको स्थिति

कवि नारायणप्रसाद शर्माले अर्न्तद्वन्द्व खण्डकाव्य पनि विचारप्रधान काव्यको रूपमा सिर्जना गरेका छन् । कवि शर्माले यस खण्डकाव्यमा मानिसलाई नै चिन्तनशील प्राणीका रूपमा लिएका छन् र मानवमा हुनपर्ने केही मान्यतालाई पनि यसमा समाविष्ट गरेका छन् । कविले राणशासनदेखि हालसम्म आफ्ना मनमा खेलेका मनोद्वन्द्वलाई यस काव्यमा उल्लेख गरेका छन् । उनले राणातन्त्र, प्रजातन्त्र, कम्युनिज्म र पञ्चायतका विशेषता एवम् विसङ्गतिलाई नै यस खण्डकाव्यका विषयवस्तु बनाएका छन् । साथै शर्माले त्यस समयका शोषण दमन, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता अमानवीय प्रवृत्तिहरूको विरोध गर्दै नैतिकता, राष्ट्रियता र सामाजिकताका पक्षमा बुलंद आवाज उठाएका छन् ।

कविले आफ्नो काव्यमा विचार र भावको मिश्रण गरेका छन् । अन्तर्द्वन्द्व खण्डकाव्यमा कविले श्रमजीवी जनताप्रति स्नेह र श्रद्धा प्रकट गर्दै सधैँभरि जनतालाई शोषण गरेर आफ्नो स्वार्थपूर्ति गर्ने शोषक र शासकवर्गप्रति सदैव खुलेर विद्रोह गर्ने कवि शासन व्यवस्था प्रतिको असन्तुष्टि यसरी पोख्दछन् –

मल्ल-युद्ध हुन लाग्यो नेतानेताको

लक्ष्य बन्यो पद र प्रतिष्ठाको

राणातन्त्र गए पनि

उसको सामाजिक बनौट गएन

बोलीमा फरक परे पनि

मनमा पुरानै संस्कार छुटेन ।

(अर्न्तद्वन्द्व पृष्ठ, ७३)

जनताको लामो सङ्घर्ष र बलिदानीबाट आएको प्रजातन्त्रमा पनि नेताहरू अप्रजातान्त्रिक हुँदै आफ्ना व्यक्तिगत स्वार्थमा लिप्त भएकोमा कवि चिन्तित देखिन्छन् । निरङ्कुश राणातन्त्र हटेपनि नेपाली समाजको सामाजिक संरचना पुरातन सोंच र

चिन्तनबाट ग्रसित भएको कटु यथार्थलाई यहाँ कवि शर्माले छर्लङ्ग्याएका छन् । प्रजातान्त्रिक नेता भनाउँदाहरू चिल्ला कुरा गरेपनि व्यवहारतः उनीहरू राणाशासकहरू जस्तै व्यक्तिकेन्द्री, निर्दयी र गैरजिम्मेवार बन्दै गएकोमा कवि उनीहरूप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दछन् ।

## ४.२.५.७ पात्र वा चरित्र

कवि नारायणप्रसाद शर्माले पहिलो खण्डकाव्य जेलदर्शनमा जस्तै उक्त खण्डकाव्यमा पनि 'म' पात्रको प्रयोग गरेर यसलाई अघि बढाएका छन् । कविले आफैं चरित्रको भूमिका निर्वाह गरेर खण्डकाव्यको सकारात्मक पाटोलाई समातेका छन् । अन्तर्द्वन्द्व खण्डकाव्यमा 'म' चरित्र सर्वसाधारण जनको पक्षमा हक र अधिकारको लागि वकालत गर्दै राष्ट्रवादी चरित्रको रूपमा उभिएको छ । 'म' पात्र पूर्वीय र पाश्चात्य दर्शन अनि मान्यताको अध्येता एवम् नेपालको राजनैतिक वृत्तको पनि ज्ञाताको उक्त खण्डकाव्यमा प्रस्तुत भएको छ । राष्ट्रियता, मानवतावाद एवम् सर्वहारा जनताको भावना बोल्ने तथा सामूहिक भावले ओतप्रोत भएको कुरामा विशेष जोड दिने 'म' पात्रको स्पष्ट विचार यहाँ झल्किएको छ ।

## ४.२.५.८ लय तथा विम्ब प्रतीक

नारायणप्रसाद शर्माको **'अन्तर्द्वन्द्व'** खण्डकाव्य गद्य लयमा लेखिएको काव्य हो । यसमा कविले गद्य लयको प्रयोगलाई सफलतापूर्वक प्रस्तुत गरेका छन् । यसैगरी शर्माले खण्डकाव्यमा सामाजिक, प्राकृतिक, पौराणिक आदि विविध क्षेत्रका बिम्ब प्रतीकहरूको प्रयोग सफलताका साथ गरेका छन् । कविले प्रयोग गरेको गद्य लयको उदाहरण स्वरूप एक कवितांश तल प्रस्तुत गरिएको छ –

हामी बाँचौं राष्ट्रियतालाई बचाएर

हामी बाँचौं अन्तराष्ट्रियतालाई बल दिएर

(अन्तर्द्वन्द्व, पृष्ठ ९४)

माथिको कवितांशमा 'एर' दुई वर्ण पहिलो, दोस्रो, तेस्रो र चौथो पंक्तिको अन्त्यमा दोहोरिन गई अन्त्यानुप्रासको निर्वाह भएको छ । त्यसै गरेर पाँचौ छैंठौ र आठौं पंक्तिको अन्त्यमा भोगेर, सहेर र मिटेर जस्तो उस्तै-उस्तै स्वर भएका वर्णहरूको प्रयोग गरी अन्त्यानुप्रासको कुशल संयोजन गरिएको छ ।

नारायणप्रसाद शर्माले आफ्ना अन्य काव्यहरूमा जस्तै यस खण्डकाव्यमा पनि विभिन्न किसिमका बिम्ब र प्रतीकहरूको प्रयोग गरी काव्यको भावलाई आलाङ्कारिक बनाउँदै कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । बिम्ब, प्रतीक प्रयुक्त भएका कवितांशहरूका नमूना स्वरूप यहाँ प्रस्तुत गरिएका छन् :–

क) राजा उशीनरले आफ्नो मासु पनि दिए
ज्ञानी दधीचिले आफ्नो हाड पनि दिए
राजा रघुले सर्वस्व दान गरे ।
पूर्वमा झैं पश्चिममा पनि सन्त जन्मे
महर्षि ईशा दया र
मायाका अवतार थिए
रावर्ट, अरबौं र फुरिए
धेरै धेरै समाजवादी भए ।
तर जतिजति दया र मायाको प्रचार भयो
उति उति मान्छे लोभी र स्वार्थी बन्दै गयो ।
जतिजति बैभव बढ्यो
उतिउति एक्लै थुपार्ने बानी बस्यो ।
धनको महिमा भयो
मान्छे कुरीती र कुसंस्कारको दास भयो ।
(अन्तर्द्वन्द्व, पृष्ठ ७९-८०)

ख) हरेक क्रान्तिको आत्मा कठोर बिद्रोही हुन्छ
यसको लक्ष्य महापरिवर्तन हुन्छ ।
क्रान्ति सानोतिनो मुद्दा हैन
सानोतिनो कुटपिट हैन
यसको नैतिकता बलिदान हो
यसको आदर्श मानवता हो

यसको गन्तव्य मुक्ति हो
शताब्दियौं सम्मका बन्दढोका खुले
त्यो आँधीबेहोरीले बिउँझायो
संमोहनको नशा कता बिलायो ?
जनसाधारणको मन खलबलायो ।

(अन्तर्द्वन्द पृष्ठ ७१)

माथिको पहिलो कवितांशमा राजा उशीनर, ज्ञानी दधीचि, राजन रघु जस्ता पौराणिक प्रतीकहरूको माध्यमबाट पूर्वीय सभ्यताको समर्पण एवम् परोपकारको आदर्श प्रस्तुत गरिएको छ । त्यस्तै ईशा, रावण अरवौं र फुरिए जस्ता प्रतीकहरूको माध्यमबाट पाश्चात्य सभ्यताको प्रशंसा गरिएको छ । त्यसैगरी दोस्रो कवितांशमा क्रान्तिको आत्मा, आँधिबेहोरी बन्दढोका जस्ता बिम्बहरूको प्रयोग गरी कविताको भावलाई कलात्मक ढङ्गले सशक्त रूपमा अभिव्यक्त गरिएको छ ।

## ४.२.५.९ उद्देश्य/जीवनदृष्टि

कवि नारायणप्रसाद शर्माले अर्न्तद्वन्द्व खण्डकाव्यमा मानवतावादी जीवनदृष्टि व्यक्त गरेका छन् । त्यो मानिस महान हुन्छ जसले महान विचार लिन्छ भन्ने विचार व्यक्त गर्दै सबैलाई उच्च भावनाकै समर्थनमा लाग्न प्रेरित गर्नु पनि शर्माको उद्देश्य हो । त्यसैगरी व्यक्तिगत स्वार्थमा होमिएका ठूला एवम् संभ्रान्त वर्गप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै सामूहिक भावनामा जोड दिनु पनि कविले उद्देश्य भित्र समावेश गरेका छन् । मानिस चिन्तनशील प्राणी हो उसमा रहेको चिन्तन गर्ने गुण भएकाले सवै सर्वहारा नेपालीको भलाईको निम्ति नेपाली आफैले सोचेर अघि बढ्नुपर्छ भन्ने कुरामा जोड दिनु पनि कविको उद्देश्य मान्न सकिन्छ । त्यस्तै शर्माले वर्तमान अवस्थामा देखिएका विकृति विसंगति एवम् विकृतिहरूलाई कोट्याउँदै सर्वसाधारणको खुशीमा प्रजातन्त्रको आभास मिल्नुपर्छ भन्ने मानवतावादी भावना अघि सार्नु पनि शर्माको उद्देश्य देखिन्छ । हामी नेपाली आपसमा मिलेर सदभाव बटुलेर पवित्र मनले अघि बढेमा अनि नैतिक स्वावलम्बी र देशप्रेमी भएर बाँचौं भन्ने भावना व्यक्त गर्नु पनि कविको उद्देश्य रहेको कुरा कविले यसरी व्यक्त गरेका छन् :–

एउटा नेपाली भएर बाँच्नलाई
साझा व्यहोरा चाहिँदो रहेछ
त्यसैले राष्ट्र आँखाको नानी हो
संसारलाई हेर्ने हो भने ।
मलाई नेपालीको जीवनरेखा खिंचुजस्तो लाग्छ
जसबाट हामी आफूलाई नाप्न र दाँज्न सकौँ
जहाँ सुकै घुमे पनि
आफ्नो परिचय दिन सकौँ ।

(अन्तर्द्वन्द्व, पृष्ठ ९४)

## ४.२.५.१० भाषाशैली

'अन्तर्द्वन्द्व' खण्डकाव्यमा कवि नारायणप्रसाद शर्माले तत्सम, तद्भव शब्दको प्रयोग गरेका छन् । शर्माले प्रयोग गरेका तद्भव शब्दहरूको प्रयोगले भाषा सरल र सुबोध बन्न गएको छ । यस खण्डकाव्यमा शर्माले उखान टुक्काहरू जस्तैः ताकपरे तिवारी नत्र गोतामे, घाँटी हेरी हाड निल्नु, सरकारी काम कहिले जाला घाम, शोक न सुर्ता भोक न भकारी, सबै जोगी मरुन् मेरै तुम्बा भरुन सरकारी काम कहिले जाला घामको प्रयोग गरेर आफ्नो अभिव्यक्तिलाई सशक्त बनाएका छन् । आफूभित्र भएको भाषिक दक्षतालाई प्रष्ट पारेका छन् । अन्य खण्डकाव्यमा भन्दा यसमा शर्माले स्थानीय भाषिकाको कम प्रयोग गरेका छन् । यस खण्डकाव्यमा कविले प्रथम पुरूष, एकवचन, 'म' कै कथनलाई अँगालेका छन् । यो खण्डकाव्य वर्णनात्मक भाषाशैलीमा केन्द्रित छ र कुनै कुनै ठाउँमा प्रश्नात्मक एवम् इच्छात्मक वाक्यहरूको स्वाभाविक प्रयोग भेटिन्छ । शर्माले आफ्ना भनाइहरूलाई उदाहरण गर्ने प्रवृत्तिलाई पनि अवलम्बन गरेको पाइन्छ । उनले यस खण्डकाव्यमा प्रयोग गरेका भाषाशैलीलाई यहाँ प्रस्तुत गरिएको छ :–

**क) वर्णनात्मक शैली**

डार्विनले भने जस्तै
जो जति शक्तिशाली हुन्छ
ऊ जति नै दीर्घजीवी बन्छ
कमजोरको विजय
प्रकृतिको छनौट यस्तै छ
नियम र कानुनको परिबन्दमा
सामान्य जीवन दिनहुँ घिसिँडो छ ।

(अर्न्तद्वन्द, पृष्ठ ६८)

**ख) प्रश्नात्मक शैली**

के म आफ्नो हत्या आफै गरूँ ?
आफ्नो विचार आफै मारूँ ?
सधैं आफ्नो कसिङ्गर बनूँ ?
पैटू मौकावादी बनूँ ?
कति दिन सत्यमा पर्दा हालूँ ?

(अन्तर्द्वन्द, पृष्ठ ५९)

**ग) इच्छात्मक शैली**

हामी बाँचौं राष्ट्रियतालाई बचाएर
हामी बाँचौं अन्तराष्ट्रियतालाई बल दिएर
हामी बाँचौं स्वतन्त्र भएर
हामी बाँचौं कसैको पसिना नपिएर
हामी बाँचौं नैतिक जीवन भोगेर
हामी बाँचौ भाइभाईको घच सहेर ।

(अर्न्तद्वन्द, पृष्ठ ५९)

### ४.२.५.११ निष्कर्ष

कवि नारायणप्रसाद शर्माले 'अर्न्तद्वन्द्व' खण्डकाव्यमा मानिस समाज र राणाशासनदेखि वर्तमान अवस्थासम्मको राजनैतिक स्थितिका बारेमा आफ्ना मनभित्र चलेका बैचारिक द्वन्द्वलाई समावेश गरेका छन् । यसका साथै नेपालको इतिहासका केही पक्ष र कवि स्वयंका जीवनगाथाको पनि हल्का स्पर्श पाउन सकिन्छ । शर्माको यस खण्डकाव्यलाई अध्ययन गर्दा यसमा हार्दिकता भन्दा बौद्धिकताको नै प्रवलता पाइन्छ । यसमा शर्माको लेखनी कलात्मक पाराले बढेको छ । यस काव्यमा शर्मा नेपालको राजनीतिको विश्लेषणकर्ताको नजिक जान खोजेको आभाष पाइन्छ । भाषा प्रयोगमा पनि शर्माले अन्य खण्डकाव्यको तुलानामा अन्तर्द्वन्द्वमा निखार ल्याएर उच्च लेखनलाई प्रस्तुत गरेका छन् वा उनको भाषाप्रयोग उच्च देखिएको छ । यो खण्डकाव्यलाई मानवतावादी भावनामा प्रगतिवादी दृष्टि झाँङ्गिएको खण्डकाव्य मान्न सकिन्छ ।

## ४.३ नारायणप्रसाद शर्माका निबन्ध कृतिहरूको विश्लेषण

नारायणप्रसाद शर्मा निबन्धकारका रूपमा पनि चर्चित व्यक्तित्त्व हुन् । निबन्धका विषयमा थुप्रै निबन्धकारले आ-आफ्ना धारणा व्यक्त गरेका छन् । प्रसिद्ध विद्वान मोन्तेनले निबन्धलाई आत्मप्रकाशको प्रयत्न मानेका छन् । त्यस्तै देवकोटाले निबन्धमा अभिव्यक्तिलाई प्रमुख स्थान दिंदै व्यक्तित्त्वको प्रकाशनलाई मान्यता दिइएको पाईन्छ साथै देवकोटाले निबन्धका विषयीगत र विषयगत गरी दुई भेद स्वीकारेका छन् । त्यसैगरी निबन्धलाई साहित्यिक र साहित्येतर गरी दुई प्रकारमा बाँडेको पनि पाइन्छ । निबन्धका भेदलाई नियालेर हेर्दा त्यहाँ आत्मपरक र वस्तुपरक निबन्धको पनि त्यतिकै बाहुल्यता भेटिन्छ । शर्माका निबन्ध पनि यस्तैखालका निबन्ध अन्तर्गत पर्दछन् । उनका निबन्धहरूको विषयवस्तु, कथनकला र भाषाशैलीको विश्लेषण गरेर निबन्धगत विशेषता पहिल्याउन सकिन्छ । उनको वि.सं. २०६३ सालमा प्रकाशित भएको निबन्धकृति **फर्केर हेर्दा**को बारेमा यहाँ चर्चा एवम् विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ४.३.१ 'फर्केर हेर्दाको' विश्लेषण

**'फर्केर हेर्दा'** नारायणप्रसाद शर्माको वि.सं. २०६३ सालमा प्रकाशित कृति हो । यस कृतिमा कवि शर्माका विभिन्न विषयका ३४ थान निबन्धहरू रहेका छन् । यस निबन्धकृतिमा शर्मा शैक्षिक, सामाजिक, राजनैतिक साथै राष्ट्रियताका सवाललाई पनि स्थान दिएका छन् ।

यस संग्रहमा संग्रहित निबन्धहरू सबै मार्मिक छन् । खासगरी 'फर्केर हेर्दा' मा शर्माले आफ्नो ७५ वर्षको जीवनयात्राको महत्त्वका साथ गरिएको विश्लेषण रहेको छ । यस कृतिमा अन्याय नसहने र आफ्नो अडानमा अडिग रहने लेखकका वैयक्तिक गुणहरू पनि समाविष्ट भएका छन् । मानवीय जीवनका यथार्थ र समाजमा घटेका विविध घटनाहरूलाई यथार्थपरक ढंगले न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्ने अभिलाषा राख्ने शर्माका निबन्धहरू पनि उनको प्रगतिवादी चेतनाका भावाभिव्यक्ति नै हुन भन्न सकिन्छ ।

### ४.३.१.१ शीर्षक र विषयवस्तु

नारायणप्रसाद शर्माले शैक्षिक, साहित्यिक वैयक्तिक एवम् राजनैतिक साथै समसामयिक राष्ट्रियताका सवाललाई पनि निबन्धमा विषयवस्तु बनाएका छन् । प्रगतिवादी लेखकहरू साहित्यिक कृतिको कलापक्ष भन्दा भावपक्षमा बढी ध्यान दिन्छन् अर्थात कृतिले संप्रेषण गर्ने विचार वा दर्शन उनीहरूको लेखनको प्रमुख उद्देश्य रहने गर्दछ । यस तथ्यलाई आधार बनाउँदा प्रगतिवादी निबन्धकार नारायणप्रसाद शर्मा निबन्धहरूको रचना गर्दा इमान्दार र वस्तुनिष्ठ भएर प्रस्तुत भएका देखिन्छन् । उनका निबन्धहरूका शीर्षकका बारेमा चर्चा गर्दा निबन्धको शीर्षक र त्यसको विषयवस्तुका बीचमा अर्थपूर्ण संगति देखिन्छ । उनले शब्द समूह र अर्थपूर्ण वाक्यलाई नै निबन्धको शीर्षक बनाएका छन् । त्यस्ता वाक्यहरूमा कुनै सामान्यार्थ र कुनै प्रश्नार्थक रहेका छन् । निबन्धको शीर्षक लामो बनाउनु कलात्मक र आकर्षक नदेखिए पनि त्यस्तो शीर्षक सामान्य पाठकका निम्ति सहज बोधगम्य भने अवश्य हुन्छन् ।

निबन्धकार नारायणप्रसाद शर्माले मूलतः नेपाली समाजको विविध पक्षलाई आफ्ना निबन्धमा समेटेका छन् । उनले सामाजिक, राजनैतिक, साँस्कृतिक, आर्थिक र वैयक्तिक आदि पक्षलाई आफ्ना निबन्धमा कुनै न कुनै रूपमा उल्लेख गर्न बिर्सेका छैनन् । यस संग्रहको पहिलो निबन्ध **तपाईको बड्डे कहिले हो ?** मा उनले नेपाली समाजमा विकसित हुँदै गएको पाश्चात्य संस्कार र संस्कृतिलाई आफ्नो नातिको क्रियाकलाप र जीवन शैलीको माध्यमबाट प्रस्तुत गरेका छन् । आजका युवा पुस्ताले नेपाली संस्कार र संस्कृति बिर्सदै गएकोमा निबन्धकार चिन्तित देखिन्छन् । त्यसैगरी संग्रहको दोस्रो **निबन्ध घोकन्ते नबुझन्ते र पिटन्ते शिक्षा प्रणाली** नेपालको परम्परागत एवम् अवैज्ञानिक शिक्षा प्रणालीसँग सम्बन्धित छ । नेपालको शिक्षा प्रणालीका कमी कमजोरीहरू औल्याएको यस निबन्धले पिटेर र

घोकाएर मात्र विद्यार्थीको चेतना विकास गर्न सकिन्छ भन्ने परम्परागत अवैज्ञानिक मानसिकताको विरोध गरेको छ । त्यसैगरी उनका राजनैतिक विषयसँग जोडिएका निबन्धहरूमा **'सात सालको क्रान्ति र भाते ढोङ', किसान आन्दोलनका ती दिनहरू, गोली काण्ड पछिको भयावह स्थिति, बहुदलका बाह्र वर्ष** आदिमा नेपालको राजनैतिक परिदृष्यका विभिन्न घटनाहरू र प्रवृत्तिहरू प्रतिबिम्बित भएका छन् । पत्रकारिताको क्षेत्रमा लामो संघर्ष गरेका पत्रकार एवम् सम्पादक नारायणप्रसाद शर्माले यस क्षेत्रको उन्नयनका निम्ति ठूलो योगदान गरेका छन् । उनको पत्रकार व्यक्तित्त्व साहित्यिक व्यक्तित्त्व भन्दा पनि अझ प्रखर बनेको छ । पत्रकारिता क्षेत्रमा लाग्दा आफूले भोगेका संघर्ष र नेपाली समाजमा त्यस क्षेत्रले पारेको प्रभावका बारेमा पनि उनले आफ्ना निबन्धहरूमा गन्थन मन्थन गरेका छन् । पत्रकारिता क्षेत्रसँग जोडिएका **पंचायती सरकार** र **शुन्यबाट शुरू गरेको प्रेस यसरी भ्याङ्गिनसक्यो** मा उनको पत्रकार व्यक्तित्त्व र यस क्षेत्रको विकासका लागि उनले गरेको कठोर संघर्ष अभिव्यक्त भएको छ । साहित्यका अन्य विधाको तुलनामा निबन्धमा सर्जकको वैयक्तिक पक्ष प्रभावकारी रूपमा प्रकट भएको देख्न सकिन्छ । यस संग्रहमा भएका **'मेरो हीरक जन्मोत्सव' वनारसदेखि कामीको घरसम्म तपाईको बड्डे कहिले हो** ? तीनबर्षे कठोर जेलजीवनबाट मुक्ति र पुनः कालकठोरी जस्ता निबन्धहरूमा उनका वैयक्तिक सुख दुःखका अनुभव र अनुभूतिहरू पोखिएका छन् ।

यसरी हेर्दा निबन्धकार शर्माले आफ्ना निबन्धहरूमा वैयक्तिक, सामाजिक, राजनैतिक, शैक्षिक, साँस्कृतिक पक्षहरूलाई विषयवस्तुको रूपमा समेट्दै नेपाली समाजको यथार्थ चित्रण गरेका छन् । उनले कविता र काव्यमा जस्तै निबन्धमा पनि समाज परिवर्तनको उत्कृष्ट आकंक्षा प्रकट गरेका छन् ।

### ४.३.१.२ कथनकला

प्रस्तुत संग्रह **'फर्केर हेर्दा'** एक आत्मसंस्मरणात्मक निबन्धको सँगालो भएको हुँदा यसमा निबन्धकार शर्माले आत्मपरक कथनकलालाई प्रयोग गरेका छन् । उनले निबन्धमा संस्मरण, वर्णन, आत्मालाप, उद्धरण जस्ता प्रस्तुतीकरणका विविध शिल्पको प्रयोग गरी निबन्धलाई सरल र सुरुचीपूर्ण बनाएका छन् । शर्माले निबन्धमा प्रयोग गरेको कथनकलाका विभिन्न शिल्पको तलका उदाहरणहरू मार्फत पुष्टि गर्न सकिन्छ ।

**क) प्रथम पुरुष एकवचन 'म' को ढाँचाको कथन**

म तपाईहरू हुँ र तपाईहरू म हुनहन्छ ............... म ऋणी छु कृतज्ञ छु । कुनैदिन जेलमा फलामका माला भिर्दा अर्थात नेल भिर्दा संकल्प लिएको थिएँ यही घृणा र तिरस्कारको फलामका मालाको साटो जनताको स्नेहको फूलमालालाई भिर्ने छु ।

(मेरो हीरक जन्मोत्सव, आठौं अनुच्छेद)

**ख) प्रथम पुरूष 'हामी' को ढाँचाको कथन**

अपरिपक्क बुद्धिले गर्दा हामी अगुवा मानिने केशवराज, माणिकलाल रामप्रसाद र म पनि लुतुक्कै गलेर कागज गरेर छुटयौं । शत्रुपक्षले पटके भयो भनेर हाम्रो खिल्ली उडाए तर पनि हामी संघर्षमा लागिरहयौं । कागज गर्नु बेठीक भन्ने कुरा पछि सम्म सम्झिरहयौं ।

(यहाँ रिस परेको मान्छेलाई मार्न बेर गर्दैनन् छैठौं अनुच्छेद)

**ग) आत्मलापको ढाँचा कथन**

अचम्म र खुसीलाग्दो के थियो भने जति जति प्रशासकहरू न्याधिशहरू र केही पञ्चहरूले मलाई दुःख दिन्थे त्यति त्यति युगबोधको लोकप्रियता बढ्थ्यो । चारैतिरबाट सहानुभूतिको लहर चल्थ्यो । त्यतिबेलासम्म घर गृहस्थी पनि मजाले चल्दैथियो ।

(खुसी र पीडाको चक्र, दशौं अनुच्छेद)

**घ) वर्णनप्रधान कथनको ढाँचा**

२७ गते उज्यालो हुनासाथ राजधानी अबीरै अबीरको शहर बन्यो । सडक छिचोल्न गाऱ्हो थियो । बसमा, ट्रकमा, कारमा, मोटरसाइकलमा र कतिपय मानिसका छाती-छातीमा चार तारा अंकित नेपाली काँग्रेसको झण्डा र हँसिया हथौडा अंकित कम्युनिष्ट पार्टीका झण्डा दुईतिर टाँसेर हिँडेका युवकहरू पनि थुप्रै देखिए । २७ गते बेलुकीको नाइट बसमै म दाङको लागि प्रस्थान गरिहालेँ ............... दाङ, प्यूठान, सल्यान सबैतिर विजय जुलुसको समाचार आइरहेका थिए ।

(राता झण्डा र अबीरै अबीरको शहर, तेऱ्हौ अनुच्छेद)

उपर्युक्त उदाहरणहरूको माध्यमबाट निबन्धकार नारायणप्रसाद शर्माले प्रयोग गरेका विभिन्न किसिमका कथनकलाको स्पष्ट ढाँचा वैयक्तिक अनुभव र अनुभूति प्रकट गरेका छन् । त्यसैगरी तृतीय पुरूषको प्रयोग गरी बाह्य जीवनजगतको यथार्थपरक निबन्धहरूलाई वस्तुपरक भन्दा बढी आत्मपरक शैलीले सिंगारेका छन् ।

### ४.३.१.३ भाषाशैली

निबन्धकार नारायणप्रसाद शर्माले निबन्धलेखनमा अत्यन्त सरल भाषाको प्रयोग गरेका छन् । उनले तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको पनि सन्तुलित प्रयोग गरेका छन् । उनका वाक्यहरू कलात्मक र जटिल नभई सरल र सुबोध छन् । उनले आफ्नो विचारलाई तर्कपूर्ण र विश्वासनीय बनाउनका निम्ति विभिन्न किसिमका सुक्ति र उखानटुक्कालाई पनि प्रयोग गरेका छन् । त्यसको साथै निबन्धलाई आकर्षक र प्रभावकारी बनाउन वर्णनात्मक तार्किक शैलीको पनि प्रयोग गरेका छन् । उनले निबन्धमा प्रयोग गरेका विविध शैलीहरूमध्ये केही भाषाशैलीका उदाहरण यहाँ प्रस्तुत गरिन्छ ।

**क) तार्किक शैली**

हामीलाई सत्य ज्ञान दिइएको भए सुकरात भन्दा पहिले बुद्धको नाम आउँदो हो । हेगेलभन्दा बुद्धबाट नेपालको द्वन्द्ववादी बीजको व्याख्या गर्दा हौं र आजको विज्ञान इन्द्रिय ग्राह्य ज्ञानको पदार्थवादी विश्लेषण गर्दा हौं । अपशोच त्यो हुन दिइएन । त्यसैले अहिलेसम्म पनि हामी ठगिएका छौं ।

मार्क्सदेखि बुद्धसम्म, आठौं अनुच्छेद)

**ख) व्यङ्ग्यात्मक शैली**

साथीहरूले मञ्जुरत्न शाक्यलाई वामपन्थी उम्मेदवार भनी विजय गराए, मैले पनि त्यतै भोट दिए । आज सम्झन्छु उनी पदको लागि वामपन्थी जस्तो देखिए पनि वास्तवमा उनी प्रतिगामी कित्ताका पो रहेछन् ।

(जंडयाहा अञ्चलाधीशले झण्डै मलाई गोली हानेको, तेस्रो अनुच्छेद )

**ग) वर्णनात्मक शैली**

२०३६ सालमा जनमत संग्रहको शोषण भयो । त्यसले केही हदसम्म प्रेस स्वतन्त्रताको उपभोग गर्न पनि पाइयो । दल र निर्दल सम्बन्धी सबै समाचार छापिन थाले । परन्तु पछि क्रमशः पञ्च प्रशासनको पकड बढ्दै गयो भने काँग्रेस र कम्युनिष्ट बीच पनि द्वन्द्व बढ्दै गयो ।

(खुसी र पीडाको चक्र, एघारौं अनुच्छेद)

हरेक निबन्धकारले आफ्नो निबन्धमा व्यक्त विचारसँग पाठकलाई सहमत बनाउनको निम्ति तार्किकताको प्रयोग गर्दछ । निबन्धकारको त्यस्तो तार्किकताले पाठकलाई आश्वस्त र सन्तुष्ट बनाउँछ । मार्क्सवादी दर्शन र बुद्धको चिन्तनको गहन अध्यनयको गरेका निबन्धकार शर्माले आफ्ना निबन्धमा दर्शनका कठिन कुराहरूलाई पनि सरल उदाहरण बनाएर प्रस्तुत गरेका छन् । जटिल र दुर्बोध्य विषयलाई पनि सरल र प्रभावकारी ढंगले प्रस्तुत गर्न सक्नु लेखकीय विशेषता नै रहेको छ । उनले जनजिब्रोमा सजिलैसँग प्रयोग हुने झर्रा नेपाली शब्दहरूलाई पनि प्रयोग गरी घटनाको वर्णनलाई स्वाभाविक र सहज संप्रेष्य बनाएका छन् । निबन्धकार शर्माले आफ्ना निबन्धमा व्यङ्ग्यात्मक भाषाशैलीको माध्यमबाट समाजमा विद्यामान विकृति र विसंगतिप्रति व्यङग्यवाण प्रहार गर्दै सुधारको आशा राखेका छन् । समग्रमा निबन्धकार शर्माको भाषाशैली सरल, सरस, तार्किक र सुबोध छ भन्न सकिन्छ ।

## ४.३.१.४ निष्कर्ष

वि.सं. २०६३ सलामा प्रकाशित 'फर्केर हेर्दा' निबन्धसंग्रह नारायणप्रसाद शर्माको आत्मसंस्मरणात्मक गद्य कृति हो । विभिन्न विषयवस्तुका २९ वटा निबन्धहरू संग्रहित भएको यस कृतिका नारायणप्रसाद शर्माको निबन्धकारिताको उत्कृष्ट शिल्प प्रकट भएको देखिन्छ । विविध विषयवस्तुमा रचिएका यी निबन्धहरू संग्रहित भएको यस कृतिमा नारायणप्रसाद शर्माको निबन्धकारिताको उत्कृष्ट शिल्प प्रकट भएको देख्न सकिन्छ । विविध विषयवस्तुमा रचिएका यी निबन्धहरूले यथार्थपरक ढंगले नेपाली समाज संस्कृति, राजनीति, शिक्षा आदिलाई यथार्थपरक ढंगले चित्रण गरेका छन् । निबन्धकारले आत्मसंस्मरणात्मक शैलीमा आफ्नो वाल्यकालदेखि वर्तमान समयसम्मको आफ्नो जीवनयात्राका विविध पाटा र पक्षहरूलाई इमान्दारीपूर्वक प्रकट गरेका छन् । त्यसअर्थमा यो निबन्धसंग्रह निबन्धकार शर्माको वास्तविक जीवनको यथार्थपरक अभिलेख हो भन्न सकिन्छ । प्रगतिवादी निबन्धकार

शर्माले नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गर्दै परिवर्तनको उत्कट आकंक्षा पनि प्रकट गरेका छन् । राष्ट्र संचालन गर्ने मुख्य अंग राजनीतिको महत्त्व र आवश्यकता दर्शाउँदै यस क्षेत्रमा देखिएका खराब आचरण, स्वच्छन्दता, अराजकता र सत्ता लिप्सालाई निर्भिक भएर आलोचना गरेका छन् । उनी आफू पनि कम्युनिष्ट राजनीति संलग्न भएर विभिन्न क्षेत्रमा जनतासँग सहकार्य गरे यस क्रममा उनले केही तीता र केही मीठा अनुभव र अनुभूति संगाले । कम्युनिष्ट पार्टीमा भएका सवल र दुर्वल दुवै पक्ष र प्रवृत्तिलाई इमान्दारीताका साथ प्रस्तुत गर्न पछि हटेका छैनन् । राजनीतिको साथै उनले पत्रकारिताको क्षेत्रमा पनि लामो समय बिताए । उनको पत्रकार व्यक्तित्त्व राजनीतिक र साहित्यिक व्यक्तित्त्व भन्दा निकै उच्च र प्रखर रहेको छ । एकतन्त्रीय पंचायत शासनकालमा जनतालाई सुसूचित र जागरुक बनाउनको निम्ति पत्रकारिताको माध्यमबाट महत्त्वपूर्ण भूमिका खेले । त्यतिबेला शासकहरूको डर धम्कि र चेतावनीलाई समेत बेवास्ता गर्दै र विविध किसिमका अप्ठ्यारा र समस्याहरूसँग जुद्धै जनताको पक्षमा कलम चलाइरहे । उनका निबन्धहरूमा त्यतिबेलाको नेपालमा विकसित हुँदैगरेको पत्रकारिता जगतको तथ्य परक वर्णन भेटन सकिन्छ । राजनीति र पत्रकारिता, शिक्षा, संस्कृति र साहित्यका साथै विविध सन्दर्भपनि उनका निबन्धमा प्रकट भएका छन् ।

समग्रमा प्रस्तुत निबन्धसंग्रह ‘फर्केर हेर्दा’ निबन्धकार शर्माको ७५ वर्षे जीवनयात्राको एउटा उर्जाशील र उत्प्रेरणादायी अभिलेख नै हो भन्न सकिन्छ । उनले निबन्धहरूमा आफ्ना नितान्त वैयक्तिक कुराहरू मात्र नभएर तत्कालिन नेपाली समाजले भोगेका दुःख कष्ट, बाधा व्यावधान, हर्ष, खुशी, समृद्धि र सफलता आदिलाई पनि प्रभावकारी ढंगले प्रस्तुत गरेका छन् । उनका निबन्धहरू समाज अध्ययनका निम्ति राम्रा खुराक बन्न सक्छन् । नेपाली समाज र संस्कृतिको यथार्थ चित्र प्रस्तुत भएका उनका निबन्धहरू पठनीय र अनुकरणीय छन् ।

## ४.३.२ व्यवस्थापिका संसदमा मेरो अनुभूति

### ४.३.२.१ संक्षिप्त परिचय

साहित्यकार नारायणप्रसाद शर्माले कविता, निबन्ध र फुटकर लेख रचनाहरूको माध्यमबाट समसामयिक नेपाली समाजको विश्लेषण गरेका छन् । उनले समाजमा पत्रकार, साहित्यकार, शिक्षक, वामपन्थी बुद्धिजीवी आदि विविध भूमिकामा रहेर देश र जनताको सेवाका खातिर आफूलाई समर्पित गरे । यी परिचयका अतिरिक्त उनी २०६२-६३ को

जनआन्दोलन पश्चात पुनः स्थापित अन्तरिम व्यवस्थापिका संसदको सदस्य पनि भए । उनी ने.क.पा. माओवादीका तर्फबाट संसद सदस्यका रूपमा मनोनित भए । एउटा पार्टीको सिफारिसमा उनी विधायक भएपनि उनले निष्पक्ष र निर्भिक रूपमा जनताका समस्याहरूलाई  संसद समक्ष प्रस्तुत गरेर सरोकारवालाहरूको ध्यान आकृष्ट गरे ।

प्रस्तुत कृति व्यवस्थापिका संसदमा उनले बिताएको अवधि र त्यस अवधिमा उनले देखे भोगेका अनुभव र अनुभूतिहरूको सँगालो मान्न सकिन्छ । वि.सं. २०६६ सालमा प्रकाशित यस कृतिमा शर्माका २३ वटा लघु आकारका लेखहरू र ३ वटा कविताहरू संकलित छन् । मूलतः राजनीतिक विषयवस्तुसँग सम्बन्धित लेखहरूको बहुलता रहेको यस कृतिमा उनको सामाजिक, पत्रकारिता र आंशिक रूपमा साहित्यिक क्षेत्रसँग सम्बन्धित लेखहरू समावेश भएका छन् । आफूले देखेको कुरालाई निर्भिक रूपमा भन्न पछि नहट्ने प्रखर निबन्धकार शर्माले यस संग्रहमा संकलित निबन्धहरूमा पनि नेपाली समाजको यथार्थलाई प्रष्ट रूपमा अभिव्यक्त गरेका छन् । उनको लेखनीका सम्बन्धमा ने.क.पा. माओवादीका अध्यक्ष प्रचण्ड यस्तो धारणा राख्दछन् – "व्यवस्थापिका संसदमा रहँदा विकास भएका राजनीतिक घटनाहरूको सहज विश्लेषण गर्दै रचनामा नारायण गुरूले अन्तरिमकालका सीमा र संभावनालाई केलाउनुभएको छ । संविधानसभाको ऐतिहासिक निर्वाचन र त्यसको परिणामसम्म समेटिएका रचनाहरूको यस संकलनको अध्ययनबाट पाठकहरूलाई नेपाली इतिहासको अत्यन्त संवेदनशील संक्रमणकालको सजीव चित्र दृष्टिगोचर हुने विश्वास मैले लिएको छु ।" (शर्मा, भूमिका:२०६६) प्रचण्डको यस विश्लेषणलाई दृष्टिगत गर्दा निबन्धकार शर्माको लेखनी र त्यसको सामर्थ्य प्रष्ट हुन्छ । नेपाली इतिहासको अत्यन्त संवेदशील र संक्रमणकालीन समयको प्रष्ट चित्र उतारेर निबन्धकार शर्माले सम्पूर्ण पाठकहरूका निम्ति अध्ययन गर्नैपर्ने सामग्री तयार पारिदिएका छन् । आत्मपरक शैलीमा लेखिएका उनका निबन्धहरू कलाभन्दा विचारले बढी ओतप्रोत छन् । यस संग्रहका निबन्धहरूलाई निबन्धगत विविध तत्त्वहरूका आधारमा यहाँ अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.२.२ शीर्षक र विषयवस्तु

कुनै पनि रचना र त्यसको शीर्षकका बीचमा अर्थपूर्ण संगति हुन आवश्यक छ । शीर्षकले रचनाको भावपक्षलाई कुनै न कुनै रूपमा प्रतिविम्बित गरेको हुन्छ । सकेसम्म छोटो मीठो र ओजपूर्ण शीर्षक राख्नु राम्रो मानिन्छ । नारायणप्रसाद शर्माका निबन्धहरूका शीर्षकहरू छोटा मीठा नभई सरल र लामा छन् । ती शीर्षकहरू लामा शब्द समूह र वाक्यका तहमा रहेका छन् । उनका त्यस्ता शीर्षकहरू कलात्मक र ओजपूर्ण नदेखिएपनि सरल र सहज बोधगम्य भने अवश्य छन् । प्रगतिवादी लेखकहरू कलाभन्दा विचारमा बढी ध्यान दिने हुँदा रचनाको विचार वा भावपक्षलाई नै बढी शसक्त बनाउन उद्यत रहन्छन् । यस संग्रहमा उनका सिद्ध दृष्टि र गिद्ध दृष्टिको भेद, रैथानेहरूकै राईदाईं बढी, आवाजहीनको आवाज रेडियो मध्यपश्चिम जस्ता शब्दसमूह शीर्षकको रूपमा प्रयुक्त भएका छन् । शब्दसमूहभन्दा अझ लामा वाक्य तहका शीर्षकहरू पनि प्रयोग भएका देखिन्छन् – 'मैले विवेकलाई बन्धकी राख्नेछैन', देश टुक्रयाउन खोज्नेहरू आफै टुक्रिन्छन्, चुनाव हुन नसक्दाको परिणाम कस्तो होला ? जस्ता सामान्यार्थक र प्रश्नार्थक वाक्यहरू निबन्धका शीर्षक बनेका छन् ।

यस संग्रहमा रहेका धेरैजसो निबन्धहरू राजनीतिक विषयमा नै आधारित छन् । तत्कालीन समयको तरल राजनैतिक अवस्थालाई कसरी व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा निबन्धकार चिन्तित देखिन्छन् र राजनेताहरूलाई दलिय स्वार्थबाट माथि उठेर राष्ट्र र जनताको पक्षमा अघि बढ्न पनि आग्रह गरेका छन् । राजनीतिका अतिरिक्त शर्माले सामाजिक, पत्रकारिता र साहित्यिक क्षेत्रसँग सम्बन्धित साना आयामका लेखहरू पनि संग्रहित गरेका छन् । ती लेख निबन्धमा उनले नेपाली संचारको विकास र यसको जनचेतना फैलाउन खेलेको भूमिकाको बारेमा चर्चा गरेका छन् । त्यसैगरी **राप्ती साहित्य परिषद र स्रष्टा**हरू शीर्षक निबन्धमा समाजमा साहित्यको भूमिकाका बारेमा व्याख्या गरेका छन् । सामाजिक विषयवस्तुसँग सम्बन्धित **फेरिंदैछ नगरपालिकाको अनुहार**, वृद्धाश्रमलाई पवित्र तिर्थस्थलको रूप 'देऔं' जस्ता निबन्धमा उनको सामाजिक चिन्ता र चेतना जुर्मुराएको देख्न सकिन्छ । विविध किसिमका निबन्धहरूको माध्यमबाट नारायणप्रसाद शर्माले नेपाली राजनीतिको चिरफार गर्दै लामो समयदेखि विद्यमान रहेका खराव प्रवृत्तिलाई त्याग्नु साथै नवीन संस्कार र प्रवृत्तिलाई आत्मसात गर्दै स्वाधिन सार्वभौमसत्ता सम्पन्न गणतन्त्रात्मक नेपाल बनाउन देशका सबै पार्टीका राजनेताहरूलाई विशेष आग्रह गरेका छन् । देशको मुख्य अंगको रूपमा रहेको राजनीति अस्थिर कमजोर र प्रदुषित भयो भने अन्य

क्षेत्रहरूमा पनि यसले नकारात्मक असरहरू पार्दछ । अतः देश र जनताको दिगो विकासका निम्ति आदर्शमय एवं आस्थाको राजनीति हुनु आवश्यक छ भन्ने उनी ठान्दछन् । मुख्य केन्द्रको रूपमा रहेको राजनीतिले नै देशको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रलाई निर्देशित गर्दछ त्यसैले राष्ट्रको मेरूदण्डको रूपमा रहेको राजनीतिक प्रणाली सक्षम, सबल, समुन्नत र जनमुखी भयो भने मात्र अन्य क्षेत्रहरूपनि सहजरूपमा झाँगिन र फक्रिन सक्छन् । त्यसैले निबन्धकार शर्मा पुराना राजनीतिक प्रणालीहरूबाट पाठ सिक्दै बहुसंख्यक नेपाली जनताको हित हुने नयाँ राजनीतिक प्रणाली आजको समयको आवश्यकता हो भन्ने यथार्थलाई आफ्ना निबन्धका माध्यमबाट प्रस्तुत गरेका छन् ।

### ४.३.२.३ कथनकला

निबन्धकारले आफ्नो विचारलाई विभिन्न शैलीमा प्रस्तुत गर्दछ । हरेक निबन्धकारले पाठकहरूलाई आफ्नो विचारसँग सहमत गराउन आकर्षक र प्रभावकारी कथनकलाको प्रयोग गर्दछ । निबन्धकार शर्माले आफ्ना निबन्धकारहरूमा मुख्यतः आत्मलाप उद्धरण, संस्मरण जस्ता प्रस्तुतिकरणका विविध कलाको प्रयोग गरेर लेख निबन्धलाई रुचिकर, रोचक सरल र सरस बनाएका छन् । यसका अतिरिक्त उनले कतै, कतै पदक्रम विचलन र आलङ्कारिक कथनको माध्यमबाट अभिव्यक्तिलाई कलात्मक र सुन्दर बनाएका छन् । शर्माले आफ्ना लेख निबन्धहरूमा अवलम्बन गरेको कथनकलालाई स्पष्ट पार्नका निम्ति केही उद्धरणहरू उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ –

**क) प्रथम पुरूष एकवचन 'म' को ढाँचाको कथन**

मलाई थाहा छ, यो मेरो राजनीतिक नियुक्ति हो । यस्तोमा निरन्तरता हुँदैन पनि तथापि जुन दिनसम्म म यहाँ छु, त्यस दिनसम्म म यसैमा समर्पित छु । मेरो प्राथमिकता अर्को छैन । (युगबोधबाट औपचारिक बिदा लिंदा, छैठौं अनुच्छेद)

**ख) प्रथम पुरूष 'हामी' को ढाँचाको कथन**

यो स्वर्णिम विहानीमा निकासद्वार हामीले देखिसकेका छौं ..... त्यसपछिको नयाँ नेपालको निर्माणमा 'मूकं करोति बाचालम्' अर्थात लोकतान्त्रिक गणतन्त्रमा नबोल्नेहरू फेरि बोल्न थाल्नेछन् जसरी आज हामी बोल्दैछौं ।

(आवाजहीनको आवाज रेडियो मध्यपश्चिम, दशौं अनुच्छेद)

**ग) वर्णनप्रधान कथनको ढाँचा**

शहरी अभ्यासमा रिझेभिजेका आफन्तहरूको साथमा म शहरका ठूला व्यस्त बजारतिर लागें । सार्वजनिक यातायातका साधनहरू बडो मुस्किलले पाइन्थे । नयाँ बसपार्कदेखि पुरानो बसपार्क, जावलाखेल, लगनखेल गरी रिङरोड परिक्रमा गर्दा लोलाको खतारा छँदैथियो । मानिस उन्मुक्त ढंगले रमाइरहेका देखिन्थे । रंगिन साँझ मात्र थिएन, रक्सीले मातेका हुल्याहाहरूको जमघट पनि देखिन्थ्यो । (अराजक होलीको खेल र राजनीतिक खेल उस्तै उस्तै, तेस्रो अनुच्छेद)

**घ) आत्मालापको ढाँचाको कथन**

एउटा नागरिकले सांसद सुविधाको उपभोग गरेपछि त्यस व्यक्तिको जनताप्रति पनि दायित्त्व थपिएन र ? भोलि जनताले कामको हिसाब मागेपछि मैले जनतालाई के बुझाउने ? भोज खान गएको भन्न मिल्ला र ? (मैले एक एक दिनको हिसाब जनतालाई के गरी बुझाउने ?, दोस्रो अनुच्छेद)

**ङ) संस्मरणात्मक प्रस्तुति**

......... हामीले धेरै लेख्यौं । त्यो भन्दा कैयौं गुणा धेरै बोल्यौं । सयौं हजारौं उठापट्की गर्‍यौं । अर्काको तिल जति दोषलाई पहाड बनायौं । आफ्नो पहाड जत्रो भूललाई तिल जत्रै पनि देख्यौं ।

(मौनताको सागरमा डुबुल्की मार्दा, सातौं अनुच्छेद)

**च) उद्धरणको ढाँचाको कथन**

“मलाई यतिबेला महान चिन्तक एवं सुधारक गौतम बुद्धको भनाई सम्झना आयो- विषमता र अनैतिकता समाप्त गर्ने हो भने मान्छेलाई कारागारमा राख्नै पर्दैन ।”

(विषमता र अनैतिकता समाप्त भए जेल चाहिन्न, तेह्रौं अनुच्छेद)

“यतिबेला मलाई किशोरकालमा पढेको महाकवि कालिदासको दुईवटा पंक्तिको याद भइरहेको छ –

शैशवेभ्यस्त विद्याना यौवने विषयैषिणाम्

वार्धके मुनिबृत्तीनां यौवने विषयैषिणम्

अर्थात 'जीवनको पहिलो चरणमा गहिरो गरी शास्त्रको अध्ययन गर' ।

(फेरिदैछ नगरपालिकाको अनुहार, सातौँ अनुच्छेद)

माथिका उदाहरणहरूको माध्यमबाट निबन्धकार शर्माले प्रयोग गरेका कथनकलाका विभिन्न ढाँचा र वान्कीहरू स्पष्ट भएका छन् । उनका धेरैजसो निबन्धहरु आत्मपरक शैलीमा भएपनि त्यसमा उनले आफ्नो अर्न्तजगत प्रकटीकरण भन्दा बाहिरी जगतको व्याख्या, वर्णन र विश्लेषण नै बढी गरेका छन् । उनले विभिन्न दार्शनिक र चिन्तकहरूका जीवनोपयोगी अनुकरणीय सुक्तिहरूलाई निबन्धमा उद्धत गरेर आफ्नो विचारसँग पाठकहरूलाई सहमत गराउने प्रयास गरेका छन् । जुन कलात्मक र तार्किक दुवै भाषिक कला भन्दा पनि वैचारिकताले ओतप्रोत छन् । घटनाको वर्णन, आत्मलाप, संस्मरण आदि शैली प्रयोग गरी कथनकलामा विविधता र रोचकता थप्दै निबन्धलाई पठनीय र सुरूचीपूर्ण बनाएका छन् । यस अर्थमा उनका निबन्धहरू सरल भैकन सरस, विचारप्रधान भैकन पनि चित्राकर्षक र मनोरञ्जक छन् ।

## ४.३.२.४ भाषाशैली

कुनैपनि रचना सुन्दर हुनको निम्ति विषयवस्तु र विचार मात्र नभएर त्यसलाई व्यक्त गर्ने भाषाशैली पनि उत्तिकै सुन्दर र प्रभावकारी हुन आवश्यक छ । निबन्धकार नारायणप्रसाद शर्माले सरल र सरस भाषाशैलीको प्रयोग गरेर निबन्धहरूलाई चित्राकर्षक र सहज बोधागम्य बनाएका छन् । उनले तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको सन्तुलित प्रयोग गरेर रचनालाई सुन्दर र सशक्त भावयुक्त तुल्याएका छन् । प्रस्तुत निबन्ध संग्रहमा संकलित निबन्धहरूमा निबन्धकार शर्माले जलस्रोत, श्रम, दृष्टिकोण संकल्प, सशस्त्र, क्रान्ति, निरंकुश, शोषण, स्वतन्त्र, अविस्मरणीय जस्ता सजिलै बुझ्न सकिने तत्सम शब्दहरूको प्रयोग गरेका छन् । त्यसैगरी हल्ला, लोग्नेस्वास्नी, झगडा, खुल्ला, खबर, फराकिलो डाँडो जस्ता तद्भव शब्दहरूको प्रयोग भएको देख्न सकिन्छ । उनले अंग्रेजी र हिन्दी भाषाबाट आएका आगन्तुक शब्दरूलाई पनि स्वाभाविक रूपमा निबन्धमा प्रयोग गरेका छन् । त्यस्ता शब्दहरूमा डिक्टेट, ह्वीप, कम्युनिष्ट, काउन्सिलिङ, मजबुर, एजेण्डा, अपशोच, सर्कसवाला, डलर, प्रेस काउन्सिल, टेन्सन जस्ता जनमानसले सहजरूपमा बुझ्ने शब्दहरूको प्रयोगले रचनालाई क्लिष्ट नभई सुबोध नै बनाएका छन् । त्यसैगरी उनले

आफ्नो अभिव्यक्तिलाई प्रभावकारी र तार्किक बनाउनको निम्ति अंग्रेजी भाषाका "Speech is silver and silence is golden", " Brain is half feeling" जस्ता प्रसिद्ध चिन्तकहरूको भनाइहरूलाई पनि उद्धत गरेका छन् । त्यसैगरी संस्कृत भाषाका, नवैं राज्यं न राजासीन्न दण्डञ्यो नच दाण्डिकः धर्मेणैव प्रजा सर्बे रक्षन्तिस्म, परस्परम् त्यजेत एवं कुलस्यार्थे ग्रामस्थानर्थे कुलं त्यजेत् ग्राम जनपद स्वार्थै आत्मार्थे पृथिवी त्यजेत जस्ता सूक्तिहरूको प्रयोगले भाषाको सुन्दरता बढाउनुको साथै अभिव्यक्तिलाई थप विश्वासनीय र तार्किक पनि बनाएका छन् । यसका अतिरिक्त निबन्धलाई अझ सशक्त बनाउन कतै व्यङ्ग्यात्मक र तार्किक शैलीको प्रयोग भएको पाउन सकिन्छ ।

### क) व्यङ्ग्यात्मक शैली

जुलुस, नारा, सभा गोष्ठी अर्न्तक्रिया धर्नाको त बाढी नै छ तर परिणाम शून्य । भनिन्छ आर्थिक भ्रष्टाचार घटेको छैन । तर वैचारिक, साँस्कृतिक र भावनात्मक भ्रष्टाचार चाहिं सर्वत्र अनुभूती हुन्छ । देशको प्राकृतिक सम्पदामा देशी विदेशी धेरैले आफ्नो हात जगन्नाथ गरेकै छन् ।

(रैथानेहरुको राइँदाइँ, चौथो अनुच्छेद)

### ख) तार्किक शैली

मान्छेको धार्मिक भावना कुनै शास्त्रले मात्रै पनि समाप्त हुदैन । कर्मकाण्डी धार्मिक भावना एउटा कुरो हो तर त्यहाँभित्र दया र करूणा प्रेम र श्रद्धा त्यसको सकारात्मक प्रभावलाई बिर्सन हुन्न । मैले हेर्दाहेर्दै एउटी बुढियाले पशुपतिको प्रसाद भनेर पशुपति बृद्धाश्रमका बृद्धबृद्धाहरूलाई मनग्ने फलफूल लगेर बाँडिन् । त्यसलाई तपाई के भन्नु हुन्छ ? सभ्यता र चिन्तनको विकास हुँदै जाँदा आजको संकीर्ण धर्म भोलि मानव धर्ममा रूपान्तरित पनि त हुनसक्छ ।

(सिद्ध दृष्टि र गिद्ध दृष्टिको भेद, नवौं अनुच्छेद)

### ग) प्रश्नात्मक शैली

के तपाई हामी उसले भनेजस्तै हौँ त ? के हाम्रा विधिविधान, प्रशासन र स्वयम समाज धोका हो छ ? ........ जनआन्दोलनले एघार महिना पार गरीसक्यो । पार गरेर के गर्ने ? स्थिति पहिले भन्दा बढी बिग्रएन र ? .......... त्यसो भयो भने मुलुक कुन भयावह स्थितिबाट गुज्रेला ?

(अराजक होलीको खेल र राजनीतिक खेल उस्तै-उस्तै, पाँचौ र सातौं अनुच्छेद)

उपर्युक्त उदाहरणहरूको माध्यमबाट निबन्धकार शर्माको भाषाशैलीको बान्की र ढाँचा केही हदसम्म बोध गर्न सकिन्छ । उनका निबन्धहरूमा विचारको प्रवलता त छ तर कलात्मक भाषाशैली तर्फ भने त्यति ध्यान दिइएको देखिदैन । उनले आफ्नो तर्कशक्ति प्रयोग गरेर पाठकलाई आफ्नो विचारमा विकृति र विसंगतिको आलोचना गर्ने सन्दर्भमा व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरेका छन् । उनका निबन्धहरूका भाव लाक्षणिक र व्यञ्जनात्मक भन्दा पनि अभिधात्मक नै बढी छन् । समग्रमा उनको भाषाशैली सरल, सरस, अभिधात्मक र तार्किक छ भन्न सकिन्छ ।

## ४.३.२.५ निष्कर्ष

वि.सं. २०६६ सालमा प्रकाशित व्यवस्थापिका संसदमा मेरो अनुभूति निबन्धकार नारायणप्रसाद शर्माका छोटा लेख निबन्धहरूको दोस्रो संग्रह हो । यसमा मुख्य रूपमा नारायणप्रसाद शर्माले व्यवस्थापिका संसदको सदस्यका रूपमा बिताएको समयका अनुभव र अनुभूतिहरू लिपीबद्ध भएका छन् ।

मूलतः राजनीतिक विषयवस्तुलाई नै केन्द्रमा राखेर रचिएका ती लेख निबन्धहरूमा २०६२-६३ सालको जनआन्दोलन पछिको संक्रमणकालीन नेपाली राजनीतिको स्पष्ट चित्र उतारिएको छ । राज्यको विभिन्न क्षेत्रहरूलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्ने राजनीति धेरै कुराहरूको निर्धारक तत्त्व हो । देशको आर्थिक सामाजिक साँस्कृतिक पक्षहरू कुनै न कुनै किसिमले राजनीतिबाट प्रभावित भएकै हुन्छन् । त्यसैले निबन्धकार शर्माले पनि परम्परागत राजनीतिक प्रणालीको विरोध गर्दै जनमुखी नयाँ राजनीतिक प्रणाली निर्माण गर्न आफ्ना निबन्धहरूको माध्यमबाट राजनैतिक दलका नेताहरूलाई आग्रह गरेका छन् । राजतन्त्रको बर्हिगमनपछि हुर्कन थालेको गणतान्त्रिक शासन पद्धति अप्ठयारोमा पर्ने होकी भन्नेमा

निबन्धकार चिन्तित पनि देखिन्छन् । हक अधिकारको नाममा भएका अराजक र विखण्डनकारी नाजायज मागप्रति सचेत रहदैं देशलाई एकजुट र सार्वभौमसत्ता सम्पन्न बनाउँदै नयाँ नेपालको मार्ग चित्र कोर्न आजका राजनेताहरूको पहिलो कर्तव्य हो भन्ने उनी ठान्दछन् ।

निबन्धकार शर्माले राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसंगतिप्रति व्यङ्ग्यवाण प्रहार गर्दै राजनेता, राजनैतिक कार्यकर्ता सर्वसाधारण जनताबाट सुधारको अपेक्षा पनि राखेका छन् । उनले राजनीतिका अतिरिक्त सामाजिक आर्थिक, साँस्कृतिक, सञ्चार र साहित्य क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा पनि निबन्ध कोरेका छन् । उनले नेपाली समाजको राजनैतिक चेतना अभिवृद्धि गर्नको निम्ति सञ्चार क्षेत्रले खेलेको महत्त्वपूर्ण भूमिकाको मुक्तकण्ठले प्रशंसा गरेका छन् र आफू एक बरिष्ठ अनुभवी संचारकर्मी हुनुका नाताले यसमा देखिएका समस्या र खराब प्रवृत्तिलाई औंल्याउन पनि बिर्सेका छैनन् । त्यसका साथै सामाजिक जनजीवन, सामाजिक संस्कार, पाश्चात्य संस्कृतिको प्रभाव र त्यसको अन्धानुकरणको बारेमा पनि आफ्नो विचार प्रकट गरेका छन् ।

समग्रमा यस संग्रहमा संकलित नारायणप्रसाद शर्माका निबन्धहरू विषयवस्तु र विचारका दृष्टिले सशक्त नै छन् भन्न सकिन्छ । भाषाशैलीका सन्दर्भमा उनका निबन्धको भाषाशैली सरल, सरस र सहजबोधगम्य नै छ । सरल भाषाशैलीमा गहन दार्शनिक विचार अभिव्यक्ति गर्न सक्नु उनको निबन्ध लेखनको उल्लेखनीय विशेषता बन्न गएको छ ।

# परिच्छेद पाँच

## ५. उपसंहार

प्रसिद्ध प्रगतिवादी साहित्यकार एवम् पत्रकार नारायणप्रसाद शर्माको जन्म वि.सं १९८८ साल फागुन महिनाको शिवरात्रीका दिन दाङ जिल्लाको वर्गदीमा भएको थियो । बाल्यकालमै मातृस्नेहबाट वञ्चित भएका शर्मा सानैदेखि शान्त एवम् गम्भिर स्वभावका थिए । उनको प्राथमिक शिक्षा संस्कृत पाठशाला घोराहीबाट आरम्भ भएको थियो । संस्कृत साहित्यमा मध्यमा र नेपाली साहित्यमा स्नातकोत्तर तह सम्मको अध्ययन पूरा गरेका शर्मा विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील रहँदै आएका छन् । उनी मूलतः पत्रकारिता र साहित्यका क्षेत्रमा सक्रिय देखिन्छन् ।

बहुआयमिक विशेषताका धनी नारायणप्रसाद शर्मा एक समाज सुधारक, राजनैतिक अभियान्ता प्रगतिवादी पत्रकार र साहित्यकारका रूपमा स्थापित छन् । वि.सं. २००४ सालदेखि नै साहित्य सिर्जना गर्न सुरु गरेका शर्माले औपचारिक रूपमा वि.सं. २०१४ सालमा वनारसबाट प्रकाशित हुने 'सन्देश' नामक पत्रिकामा **'जाग-जाग हे'** शीर्षकको कविता प्रकाशन गरेर आफ्नो साहित्यिक व्यक्तित्त्व सार्वजनिक गरेका छन् । तत्कालिन नेपाली समाजको आर्थिक सामाजिक विषमता, छुवाछुत शोषण-उत्पीडन आदिलाई गहिरोसँग नियालेका शर्मा सानैदेखि नै विद्रोही स्वाभावका भएर देखापरे । त्यसैले उनको साहित्यिक लेखन समाजका निम्न वर्गीय शोषित-पीडित, सोझासाझा जनताको पक्षमा र शोषक सामन्तहरूको विपक्षमा लक्षित हुनपुग्यो । शर्माका हालसम्म जेलदर्शन (२०२२) हिमाली रत्न (२०३५) मातेको मान्छे र प्रजातन्त्र (२०५३) एउटा स्वर सवारीकोट दाङको (२०६०) बुद्धको विश्व चिन्तन (अनुवाद, २०६२) फर्केर हेर्दा (२०६३) व्यवस्थापिका संसदमा मेरो अनुभूति (२०६६) र पत्रकारिता मेरो मनोभूति (२०६६) र पत्रकारिता मेरो मनोयोग (२०६८) जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । विषयगत विविधता, प्रखर प्रगतिवादी स्वर र भाषिक सरलताका कारण उनका कृतिहरू पठनीय र उल्लेखनीय रहेका छन् ।

'जेलदर्शन' साहित्यकार नारायणप्रसाद शर्माले जेलजीवनको समयमा भोगेका दुःख पीडाको यथार्थपरक प्रकटीकरण हो । प्रगतिवादी कवि शर्माले समाजका अन्धविश्वास र

पुरातन सोंचहरू प्रति तीखो व्यङ्ग्य गर्दै समाज परिवर्तनको उत्कट आकांक्षा प्रस्तुत भएको यो काव्य उनको संघर्षशील जीवनको अभिलेख जस्तो बनेको छ ।

हिमाली रत्न एउटा त्यस्तो गीति खण्डकाव्य हो जसले पंचायतकालीन नेपाली समाजमा सामन्तवादी सामाजिक संरचनाको कारण सोझा, निर्दोष निम्नवर्गीय जनताहरूले भोगेको उत्पीडन र असमानतालाई निकै मार्मिक ढंगले प्रस्तुत गरेको छ । लोकलयमा रचिएको यस काव्यले समाजमा विद्यमान अनेक प्रकारका शोषण अन्याय अत्याचारको विरोध गर्दै समतामूलक समाज निर्माणको लागि श्रमजीवी जनताहरूलाई एकजुट हुन उत्प्रेरित गरेको छ ।

वि.सं. २०५३ सालमा प्रकाशित मातेको मान्छे र प्रजातन्त्र साहित्यकार शर्माका गद्य कविताहरूको संग्रह हो । यस संग्रहमा संकलित कविताहरूले प्रजातान्त्रिक अभ्यासका नाममा नेपाली राजनैतिक शासनव्यवस्थामा मौलाएका भ्रष्टाचार, अपारदर्शिता नातावाद जस्ता खराब प्रवत्तिहरूको भण्डाफोर गर्दै भ्रष्ट, अनैतिक र जनविरोधी शासकहरूप्रति व्यङ्ग्यवाण प्रहार गरेका छन् । लाक्षणिक अर्थ बोकेको यस संग्रहको शीर्षक नै निकै व्यङ्ग्यात्मक भएकोले ०४६ साल पछाडिको नेपाली राजनीतिको कुरूप र घीनलाग्दो चित्र प्रस्तुत गर्दै जनतालाई त्यस्ता शासकहरूका विरुद्ध एकजुट हुन आग्रह गरेको छ ।

कवि नारायणप्रसाद शर्माको प्रखर कवित्त्व फुटकर कविताबाट विस्तारित भएर काव्यको मध्यम आयाम खण्डकाव्यमा व्यापकता खोज्दै अघि बढेको देखिन्छ । उनले काव्यमा जीवन जगतलाई स्वाभाविक र विश्वसनीय किसिमले वर्णन गरेका छन् । उनका सवारीकोट, टेबिल गफ र अर्न्तद्वन्द्व नामक तीन काव्यहरूको संकलन एउटा स्वर सवारीकोट दाङको नेपाली साहित्यका क्षेत्रमा एक उल्लेखनीय कृतिका रूपमा स्थापित भएको छ । वि.सं. २०६० सालमा प्रकाशित भएको यस काव्य संकलनमा कविले फरक फरक विषयवस्तुमा आधारित तीन काव्यहरू संकलित गरेका छन् । **सवारीकोट** कविको जन्मस्थल दाङ सवारीकोटको भौगोलिक एवं प्राकृतिक विविधताको कलात्मक वर्णन हो । यस काव्यका माध्यमबाट कविले आफ्नो जन्मभूमि प्रति आगाध माया र श्रद्धा व्यक्त गरेका छन् । त्यसका साथै ग्रामीण समाजमा व्याप्त अन्धविश्वास, पुरातन सोच र चिन्तन, सामन्तवादी सामाजिक संरचनाका कारण जनताले भोगेको विभेद शोषण एवं अन्याय र अत्याचारको मार्मिक ढंगले व्याख्या गरिएको छ ।

प्रस्तुत काव्य संकलनमा संग्रहित दोस्रो काव्य **टेबिल गफ** हो । यस काव्यमा सिक्किम भारतमा गाभिएपछि  त्यस घटनाले नेपाली राजनीतिमा उत्पन्न गरेको तरङ्गलाई मन छुने किसिमले व्याख्या गरिएको छ । सिक्किम भारतमा गाभिएको घटनाका सम्बन्धमा नेपालमा रहेका राजनैतिक विश्लेषकहरूको बीचमा भएका वहस र मतभेदहरूलाई यस काव्यमा विभिन्न पात्रहरूको माध्यमबाट प्रस्तुत गरिएको छ । ती पात्रहरूका अभिव्यक्तिका माध्यमबाट कविले राष्ट्रवादी र राष्ट्रघाती व्यक्तिहरूको असली सोंच र चिन्तनलाई उदाङगो पारिदिएका छन् । अन्त्यमा कविले राष्ट्रवादी कै पक्षमा आफूलाई उभ्याइएका छन्  ।

प्रस्तुत काव्यसंकलनको तेस्रो काव्य अर्न्तद्वन्द्व कविको नेपाली समाज अध्ययनको क्रममा मनमा उत्पन्न विभिन्न तर्कनाहरूको सहज एवं स्वाभाविक अभिव्यक्ति हो । यो काव्यमा अर्न्तद्वन्द्व, सामाजिक चस्को, राणातन्त्र, प्रजातन्त्र, कम्युनिज्म पञ्च र नौलो जीवनरेखा जस्ता विभिन्न उपशीर्षकहरू राखेर कवितात्मक अभिव्यक्ति प्रस्तुत गरिएको छ । यो काव्य अत्यन्त विचारोत्तेजक काव्य हो । यसमा कविको जीवनवादी प्रगतिवादी चिन्तन सशक्त रूपमा प्रवाहित भएको छ । वर्ग विभाजित समाजमा शोषक र शासितहरूका बीचमा कुनै न कुनै रूपमा संघर्ष भैरहन्छ । नेपाली समाजको विकासक्रमलाई हेर्दा पनि राणाशासन कालदेखि आजको लोकतान्त्रिक अभ्याससम्म आइपुग्दा विभिन्न कालखण्डमा वर्गीय संघर्ष उत्कर्षमा पुगेर जनताको आन्दोलनले मूर्त रूप लिएको देखिन्छ । समय गतिशील भएकाले समाज सधैंभरि एउटै अवस्थामा रहिरहन सक्दैन । परिवर्तन समयको माग र आवश्यकता हो । संघर्षका कारण सामाजिक परिवर्तनको कारण सम्भव हुन्छ भन्ने मार्क्सवादी चिन्तन यस काव्यमा सशक्त रूपमा अभिव्यक्त भएको छ ।

नारायणप्रसाद शर्माले पत्रकारिता भन्दा साहित्य सिर्जना पहिले प्रारम्भ गरेको देखिए पनि उनको पत्रकार व्यक्तित्त्व साहित्यिक व्यक्तित्त्व भन्दा प्रवल र भव्यतर देखिन्छ । औपचारिक रूपमा वि.सं. २०३३ सालमा नयाँ युगबोध पत्रिकाको सम्पादक भएर पत्रकारिता शुरू गरेका शर्मा हालसम्म यस क्षेत्रमै क्रियाशील रहेका छन् । दाङ जिल्लामा जनतालाई सुसूचित तुल्याउने उद्देश्यले नयाँ युगबोध साप्ताहिकको प्रकाशन प्रारम्भ गरेका उनले यसलाई विकसित गर्दै दैनिक पत्रिकाको रूपमा प्रकाशन गर्ने अवस्थामा पुऱ्याए । अतः दाङ जिल्लाको पत्रकारितालाई सवल र समुन्नत बनाउनको निमित उनले खेलेको भूमिका निकै महत्त्वपूर्ण र प्रशंसनीय रहेको छ । पत्रकार नारायणप्रसाद शर्मा पत्रकारहरूको गरिमामय संस्था प्रेस काउन्सिलको अध्यक्ष पदमा नियुक्त भएर वर्तमान समयमा पत्रकारहरूको

हकहितका निम्ति प्रभावकारी भूमिका खेलेका छन् । उनको लामो पत्रकारिता यात्राको कवितात्मक अभिव्यक्तिका रूपमा **पत्रकारिताः मेरो मनोयोग** वि.सं. २०६८ सालमा प्रकाशित भएको हो । यस कृतिका माध्यमबाट उनले आफ्नो लामो पत्रकारिता यात्राका साथै नेपाली पत्रकारिता क्षेत्रका विविध पक्षहरूलाई यथार्थपरक ढंगले प्रस्तुत गरेका छन् ।

नारायणप्रसाद शर्मा प्रतिभाशाली कवि मात्र नभई एक सक्षम निबन्धकार पनि हुन् । निजात्मक शैलीमा लेखिएका उनका निबन्धहरू सरल, सरस र पठनीय छन् । उनको **फर्केर हेर्दा** वि.सं. २०६३ सालमा प्रकाशित भएको पहिलो निबन्धसंग्रह हो । यसमा रहेका विभिन्न निबन्धहरूमा उनको लामो संघर्षशील जीवनयात्रा वर्णित रहेको छ । हरेक मान्छेको जीवन विभिन्न आरोह-अवरोह पार गर्दै अगाडि बढेको हुन्छ । त्यसरी नै निबन्धकार शर्माको जीवनयात्रा पनि नागवेली बाटो हुँदै अघि बढेको भेटिन्छ ।

प्रस्तुत संग्रहमा संग्रहित निबन्धहरू सत्यतथ्य घटना र विवरणमा आधारित भएका हुँदा निकै विश्वसनीय र प्रभावकारी बनेका छन् । आफूले भोगेको जीवनलाई नढाँटिकन सबैका सामु प्रस्तुत गरिदिएर उनी नयाँ पुस्ताका निम्ति उत्प्रेरणाका श्रोत बनेका छन् ।

साहित्यकार र पत्रकारका अतिरिक्त नारायणप्रसाद शर्मा राजनैतिक अभियान्ताका रूपमा पनि लगभग १४ वर्ष वामपन्थी राजनीतिमा सक्रिय भएर योगदान गरेका छन् । ०६२-६३ को आन्दोलनपछि गठन भएको व्यवस्थापिका संसदमा उनी मानोनित विधायक पनि भए । उनले विगतमा पुऱ्याएको योगदान र खेलेको महत्त्वपूर्ण भूमिकाका कारण उनी मनोनित भएका हुन् । व्यवस्थापिका संसदमा आफूले विताएको समय र खेलको भूमिकालाई वर्णन गर्दै उनका निबन्धको संग्रह **व्यवस्थापिका संसदमा मेरो अनुभूति** प्रकाशित भएको छ । पत्रकारिता र साहित्यको माध्यमबाट जनताका दुःख सुख र आवश्यकतालाई सार्वजनिक गर्ने शर्मा व्यवस्थापिका सदस्यका रूपमा जनताका विभिन्न समस्याहरूलाई सम्बन्धित निकायसम्म पुऱ्याउँन तल्लिन रहेका छन् । यस संग्रहमा संकलित निबन्धहरूमा उनले व्यवस्थापिका संसदमा बिताएको समय र खेलेको भूमिकालाई सबैका सामु नढाँटिकन तथ्यपरक रूपमा प्रस्तुत गरेका छन् ।

साहित्यकार शर्मा एक कुशल अनुवादक पनि थिए । उनले वि.स. २०६२ सालमा **थिक न्यात हन्हको ओल्ड पाथ हवाइट क्लाउड्स** नाम कृतिलाई नेपालीमा **बुद्धको विश्वचिन्तन** शीर्षकमा प्रकाशित गरे । यस कृतिका माध्यमबाट उनले गहन बौद्ध दर्शन र

चिन्तनलाई सरल रूपमा नेपाली भाषामा प्रस्तुत गरेका छन् । मार्क्सवादी चिन्तनबाट प्रभावित भएर कम्युनिस्ट आन्दोलनमा लागेका शर्मा बुद्ध दर्शनमा पनि मार्क्सवादमा जस्तै वैज्ञानिक चिन्तन भेट्दछन् । उनले बुद्ध र मार्क्समा समाज परिवर्तनका सन्दर्भमा समानता देख्दछन् । यस कृतिमा उनको अनुवादन कलाका साथै विश्लेषण क्षमता पनि प्रखर रूपमा प्रकट भएको देख्न सकिन्छ ।

## सन्दर्भ सूची

**क) मुख्य सन्दर्भ ग्रन्थहरू**


शर्मा, नारायणप्रसाद (२०४०) **जेलदर्शन,** दो.सं., दाङः लेखक स्वयंम्

———— (२०५३) **हिमाली रत्न**, दाङः प्रलेस,

———— (२०६०) **एउटा स्वर सवारीकोट -दाङको दाङ** लेखक स्वयंम्, ।

———— (२०६२) **बुद्धको विश्वचिन्तन**, नयाँ युगबोध राष्ट्रिय दैनिकः ।

———— (२०६६) **व्यवस्थापिका संसदमा मेरो अनुभूति,** नयाँ युगबोध राष्ट्रिय दैनिक, ।

———— (२०६८) **पत्रकारिताः मेरो मनोयोग,** नेपालभूमि सप्ताहिक, घट्टेकुलो काठमाण्डौंः ।

———— (२०६३) **फर्केर हेर्दा,** गाउँघर साप्ताहिक, दाङः ।


**ख) सहायक सन्दर्भ ग्रन्थहरू**


अर्याल, अच्युतशरण (२०६८) **नेपाली शोध प्रस्ताव लेखन,** स्याङ्जाः गंगादेवी अर्याल ।

उपाध्यय, केशवप्रसाद (२०६०) **प्राथमिक कालिन कवि र कविता,** चौ. सं. काठमाडौं साझा प्रकाशन ।

चैतन्य (२०६५) **समीक्षा र सौन्दर्य,** काठमाडौः पाठ्य सामग्री पसल ।

———— (२०६४) **मार्क्सवादी कलादृष्टि र समीक्षा,** दो.सं., काठमाडौंः ऐरावती प्रकाशन प्रा.लि. ।

———— (२०६४) **क्रान्ति र सौन्दर्य,** काठमाडौंः प्रगतिशील अध्ययन केन्द्र ।

त्रिपाठी, वासुदेव र अन्य (२०५४) **नेपाली कविता (भाग ४)** ते.सं. , काठमाडौ : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०६८) **समय, सिर्जना र संवाद,** काठमाडौंः अक्षर प्रकाशन ।

———— (२०६८) **अर्थको आनन्द,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

बराल, ऋषिराज (२०५६) **उपन्यासको सौन्दर्यशास्त्र,** दो.सं., काठमाडौंः साझा प्रकाशन, ।

भण्डारी, जगदीश चन्द्र, (२०५५) **प्रगतिवादी नेपाली कविता** : रेखाङ्कन र विश्लेषण, काठमाडौं : मुन्नी भण्डारी ।

———— (२०६४) **सौन्दर्यको भूमिका,** काठमाडौं : अखिल नेपाल लेखक सङ्घ ।

शर्मा, गिरिराज र अन्य (२०६२) **अन्तर्ध्वनि त्रैमासिक**, दाङ : रा.सा.प. ।

शर्मा, दिवाकर (२०५३) **नारायणप्रसाद शर्माको जीवनी, व्यक्तित्त्व र कृतित्त्व**, काठमाडौं : त्रि.वि.स्नातकोत्तर शोधपत्र ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (२०६४) **नेपाली साहित्यको संक्षिप्त इतिहास,** नवौः सं., काठमाडौंः साझा प्रकाशन ।

सुवेदी, अभि (२०५४) **पाश्चात्य काव्य सिद्धान्त**, दो.सं., काठमाडौं : साझा प्रकाशन काव्य सिद्धान्त, दो.सं. काठमाडौ साझा ।

सुवेदी केशव **रापती साहित्यको रुपरेखा,** काठमाडौं एकता प्रकाशन ।

## परिशिष्ट

## शोधनायकसँगको अन्तर्वार्ता

**१.** तपाईको जन्म कहिले र कहाँ भएको हो ?

**उत्तर** वि.सं. १९८८ साल, फागुन शिवरात्रीका दिन, दाङको बर्गदी गाउँमा भएको हो ।

**२.** तपाईको बाल्यकाल कसरी बित्यो ?

**उत्तर** मेरो बाल्यकाल गाउँले वातावरणमा बित्यो । प्रकृतिमा रमाउन पाइयो । आधुनिक सुविधाले शून्य हुँदा शिक्षादिक्षामा पछि परियो । २० वर्षको उमेर हुँदा संस्कृत वाङ्मयको सामान्य अध्ययन हुन सक्यो । त्यसपछि मात्र आधुनिकताको स्पर्श भयो ।

**३.** तपाईको शिक्षारम्भ कहिले र कसरी बित्यो ?

**उत्तर** पाँच वर्षको उमेरमा बुबाले घरैमा काठको पाटी बनाई अंगार दलेर खरीले लेखेको "ॐ नमः 'सिद्धम, अं,आ, इ,ई ...." लेखी दूबो र अक्षताले पाटीमा पूजा गरी अक्षराम्भ गराउनुभयो । अक्षर कुच्न हुन्न, पढ्न थाल्दा पहिले पुस्तकलाई शीर निहुराएर ढोग गर्नुपर्थ्यो । विद्यालयमा पुग्नासाथ गुरूलाई दण्डवत् गर्नुपर्थ्यो । गुरूले पाठ दिनुहुनथ्यो अर्को दिन गुरूलाई पाठ बुझाएपछि मात्र अर्को पाठ पाइन्थ्यो । त्यो बेला अनुशासन कडा थियो ।

**४.** साहित्यिक क्षेत्रमा लाग्न कोबाट कसरी प्रेरित हुनुभयो ?

**उत्तर** लय हालेर गीत र कविता गाएको खूब मनपर्थ्यो । मूल प्रेरणा यही हो । पछि समाज परिवर्तन गर्ने बाटो लागेपछि साहित्यलाई माध्यम बनाउँदा धेरै लेखियो । शुरूमा संस्कृतका महाकवि कालिदास नेपालीमा भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ, सिद्धिचरण आदिका कृतिहरूले प्रेरणा दिए र कविता लेख्न थालें ।

**५.** साहित्यका माध्यमबाट सामाज परिवर्तन गर्न सकिन्छ त ?

**उत्तर** किन सकिन्न, अवश्य सकिन्छ । अग्रगामी सोंच र चिन्तनबाट नै समाजको परिवर्तन सम्भव छ ।

**६.** औपचारिक रूपमा तपाईको साहित्ययात्रा कहिलेदेखि सुरू भयो ?

**उत्तर** २०१४ सालमा **'सन्देश'** नामक पत्रिकामा मेरो साहित्यलेखनको पहिलो कविता निस्केको हो । त्यहिबाट नै मेरो औपचारिक लेखनको थालनी भएको हो ।

**७.** कविता र निबन्ध मध्ये कुन लेख्दा बढी सन्तुष्ट हुनहुन्छ ?

**उत्तर** पत्रकारिताले निबन्धतिर कुदायो । साहित्यले मलजल गऱ्यो । दुवैमा सन्तुष्टि छ ।

**८.** तपाईलाई सबैभन्दा मनपेरेको आफ्नो कृति कुन होला ? किन ?

**उत्तर** आफ्ना सन्ताबारे के भनूँ ? यो त तपाईहरूले मूल्यांङ्कन गर्नुपर्छ ।

**९.** साहित्यका माध्यमबाट समाज परिवर्तन गर्न सकिन्छ त ?

**उत्तर** धेरै हदसम्म सकिन्छ । जनताको मन छुने साहित्य दिन सक्नुपऱ्यो । रामायण र महाभारतका कथा अहिले पनि पढिन्छन् । महाकवि कालिदासका कृतिबाट मुग्ध नहुने को होला ? गोर्की, लुसुन, अल्केबस्कीका कृतिले संसार हल्लाइ दिए । असल कृति दिन उर्ध्वगामी चिन्तन चाहिन्छ । कवि र अनपढ थिए । तर उनका दाहामा पत्थर पगाल्ने शक्ति थियो ।

**१०.** अन्यवाद र दर्शनका तुलनामा तपाई प्रगतिवादलाई कसरी हेर्नुहुन्छ ?

**उत्तर** प्रगतिवाद विज्ञान र मानवीय संवेदनायुक्त छ । भविष्य पनि उसैको छ । तर त्यसलाई जडसूत्रको रूपमा बुझ्न हुँदैन । समाज परिवर्तनको दिशामा प्रगतिवाद ठूलो अस्त्र हो ।

**११.** तपाईलाई प्रगतिवादी लेखतिर लाग्नुको कारण के हो ?

**उत्तर** म शारीरिक रूपले आफूलाई बलशाली ठान्दैन । सानामा ठूला र बलियाले मलाई सताउथे । त्यसैले कमजोर प्रति मेरो स्वाभाविक सहानभूति जाग्यो । धनीले गरीबलाई हेपेको धेरै अनुभव गरेँ । शासक वर्गलाई मैले अन्यायी र पक्षपातीको रूपमा बुझेँ यो बुझाइमा पुराना शास्त्र र नीतिले पनि मलाई शिक्षा दिए । पहिला दिनहरूमा मार्क्स, एंगेल्स, लेनिन, स्टालिन माओ र उनीहरूका कृतिहरूले प्रभाव पारे । प्रगतिशील बुझ्दाबुझ्दै प्रगतिवादी धारामा प्रवाहित भएछु ।

**१२.** नेपाली साहित्यमा प्रगतिवादी लेखनको स्थिति कस्तो छ ?

**उत्तर** २००७ सालको क्रान्तिपछिका दिनदेखि अहिलेसम्म प्रगतिवादी धाराले नै मुलुकलाई डोराइरहेछ । किसान मजदुर, हली र अन्य उत्पीडित समुदायको पक्षमा यसले आवाज बुलंन्द गरेको छ । त्यस्तै राष्ट्रिय स्वाधिनताको पक्षमा विदेशी हस्तक्षेपका विरूद्धमा सडक तताउने र विचार तताउने काममा प्रगतिवादीहरू अग्रपंक्तिमा छन् ।

**१३.** साहित्य र राजनीतिबीच के केस्तो सम्बन्ध छ जस्तो लाग्छ ?

**उत्तर** साहित्य स्वतन्त्र भावाभिव्यक्ति हो । यो स्वतन्त्र चरी झैं विचरण गर्न खोज्छ । जुन राज्यको नीतिसँग सम्बन्धित छ । राजनेता सिधै शासनमा आफ्नो पकड खोज्छन् । साहित्यकार त्यस्तो पडक खोज्दैन । त्यो चिन्तन मनन् प्रधान हुन्छ । समाज नै दुवैको विषयवस्तु हो । देश पनि दुवैको परिवर्तन हो । साहित्यले विचार गर्छ । राजनीतिक व्यक्तिले विचारको बाली काट्छ । शासन नगरेपनि मूल नेता त साहित्यकार हो ।

**१४.** नेपाली साहित्यमा तपाईलाई आफ्नो कृतिहरूको उचित मूल्यांकन भएजस्तो लाग्छ वा लाग्दैन ?

**उत्तर** केही भएको छ थप पछि होला भन्ने विश्वास छ । मेरो कृतिहरूले आफ्नो क्षेत्रमा राम्रो मूल्यांकन भएको छ । केन्द्रबाट राष्ट्रिय साहित्यिक प्रतिभा पुरस्कार र सम्मान पाइसकेको छु ।

**१५.** साहित्य र पत्रकारिताबीच के कस्तो सम्बन्ध देख्नुहुन्छ ?

**उत्तर** असल साहित्यकार पत्रकार बन्यो भने असल पत्रकार बन्न साह्रै सजिलो हुन्छ । साहित्यिक मान्छे पत्रकार बन्यो भने त्यो हाई न्यूज मेकर होला । तर त्यसमा सौन्दर्य मिठास कम होला । उसको संप्रेषणशीलता कमजोर होला । साहित्य असल आमा- वावु तुल्य घर हो भने पत्रकार असल सन्तान । वास्तविक सम्बन्ध यही हो ।

**१६.** वृद्धावस्थामा पनि तपाई निरन्तर आफ्नो कर्म र साहित्य साधनामा खट्न सक्नुको रहस्य के होला ?

**उत्तर** स्वभावै हो गतिशील विचार हो । म निष्कृय रहन् सक्दैन । सधैं म बादमा नै रम्छु ।

१७. कुनै नयाँ पुस्तक प्रकाशन गर्ने तयारीमा हुनुहुन्छ कि ?

**उत्तर** सामग्री थुप्रै छन् । काम गर्न सकिन्छ भन्ने कुरामा विश्वस्त हुनुको साथमा प्रयत्नशील छु ।

१८. साहित्य र पत्रकारितामा लागेका नयाँ पुस्तालाई के सुझाव दिन चाहनुहुन्छ ?

**उत्तर** नयाँ पुस्तासँग अनन्त सम्भावना छन् । पुरानो पुस्तालाई त्यति सजिलो थिएन । कठिन संघर्ष गर्नुपर्थ्यो । अहिले पनि नयाँ चुनौति त थपिएका छन् । तर अवसर र सुविधा पनि थपिएका छन् । म निकै आशावादी छु । अहिले पत्रकारितामा मानवीय मूल्य मान्यता कमजोर स्थितिमा देख्दछु । मिडियाको अर्थ राजनीति व्यावसायिकताका कारणले उपल्लो वर्गको चरित्रसँग मिल्न जानु स्वाभाविक हो । भूमण्डलीकरणको प्रभाव दवावमा व्यावसायिक साम्राज्यवादको स्पष्ट प्रभाव बढ्दैछ । बहुराष्ट्रिय कम्पनीका विज्ञापनहरू शक्तिशाली राजदूतावास मार्फत बाँडिन थालेका छन् । यसले गर्दा राष्ट्रिय पहिचानमा नै खतराको बादल मडारिरहेको छ । साथै वास्तविक पत्रकारहरूले जिम्मेदारी पनि बढेको छ ।

अझ मिहीन पारामा यो रोग साहित्यमा पनि प्रविष्ट हुँदैछ । आफ्नो पहिचान जोगाउने र विश्वबाट सिक्ने कुरा साथसाथै चल्नुपर्छ अन्यथा स्वत हराएको साहित्य कस्तो होला ? नयाँ पुस्ताले यस्ता समस्याबाट पार पाउनुपर्ने हुन्छ ।

१९. तपाईका कृतिहरूको अध्ययन गर्दा पत्रकारिता र साहित्य तपाईको विषय नभएर राजनीति, समाज सुधारक आदि बहुआयमिक पनि तपाईमा देखिन्छ । यी सबै कुरा एकसाथ कसरी संभव भयो ? समष्टिमा कसरी बुझ्ने ?

**उत्तर** दिन, महिना र वर्ष गणना गर्दा जीवन लामो जस्तो लाग्न थाल्छ । समाज विकासको नियम एउटा व्यक्तिको विकासका नियम पनि मानिन्छ । भर्खर जन्मेको बालक विविध आरोह-अवरोह पार गर्दै बुढ्याँमा आइपुग्दा उसको अनेक आयाम भेटिन्छन् । सामाजिक जीवनमा आइपुग्दा अनेक भोगाइ शुरू हुन्छन् । मेरो जीवानमा पनि त्यही नियम लागू भयो । कहिले पत्रकारिता त कहिले साहित्य यी सबैकुरा एकदम अलग गर्न पनि सकिन । तपाई छोरी, विद्यार्थी, श्रीमती, आमा, शिक्षक, नेता, समाजसुधारक सबै हुनुहुन्छ या हुनसक्नु हुन्छ । मेरो पनि त्यस्तै हो ।

जातभात, छुवाछुत, विधवा शोषण विरूद्ध लाग्दा र वर्गीय शोषण विरूद्ध जेलनेल यान्त्रणा पनि सहनु पऱ्यो । समाज विज्ञान, इतिहास, दर्शन, मनोविज्ञानतिरको बुद्ध दर्शन सम्म पुऱ्यायो । तपाईले अध्ययन गर्नुभएका ती साना आठ पुस्तकमा मेरो व्यक्तिगत र सामाजिक जीवनको व्यापक प्रतिबिम्ब पाउन सकिन्छ ।

निष्कर्षमा कर्महीन विचार मलाई पटक्कै मन परेन । सक्दोमात्रामा विचार अनुरूप कर्ममा लाग्नुपर्छ भन्ने कुराबाट नै म प्रेरित छु ।

२०. ८१ वर्षको लामो सङ्घर्षशील जीवनयात्रा पार गरिसकेपछि तपाईलाई जीवन के रहेछ जस्तो लाग्छ ?

**उत्तर** जीवन बुझ्न पनि हामी त्यति स्वतन्त्र कहाँ छौं र ? बाबु आमा र समाजले भविष्यका कर्णधारहरूलाई पक्कै माया दिन्छन् तर आफ्नै थोत्रो आदर्श पनि थोपर्छन् । अनि यहींबाट जीवनको बुझाइ भावुक कविता जस्तो बन्न लाग्छ ।

मेरो विचारमा आवश्यकता र आकांक्षाहरूको बन्धन हो जीवन । पूर्ति नहुँदा अनेक द्वन्द्व हुन्छ र अनिवार्य आवश्यकता पूर्ति हुन सक्छन् । तर महत्वाकांक्षा मनोगत पनि हुन्छन् । सबै महत्वाकांक्षा कसैका पनि पूर्ति हुन संभव हुँदैन । अनि परिभाषाहरू बन्छन् - जीवन अनन्त यात्रा हो, जीवन संधर्ष हो आदि-आदि भइदिन्छ । ८१ वर्ष पुग्दा पनि मलाई लाग्छ मेरो कर्म बढी भन्दा बढी समजोपयोगी हुन सकोस महत्वाकांक्षाका कुरा गर्ने हो भने अब त्यस्तो केही छैन । जे गरियो त्यसैमा सन्तोष छ ।

२१. तपाई सामाजिक अभियान्ताका रूपमा पनि निकै सक्रिय हुनु भयो । यस क्रममा तपाईले देख्नु, भोग्नु भएको अनुभवका आधारमा नेपालमा रहेका विभिन्न किसिमका नागरिक समाजलाई कुन रूपमा हेर्नु हुन्छ ?

**उत्तर** पत्रकारिता गर्दागर्दै राजनीतिक कार्यकर्ताको हैसियतले हैन स्वतन्त्र नागरिकको हैसियतले नागरिक आन्दोलनमा लाग्नै पर्ने अनुभव गरें । ६० वर्षदेखिको द्वन्द्वको समाधान संविधान सभाबाटै संभव छ भनेर लागियो । ०६३ सालको संझौताको परिणाम त्यसै आन्दोलनको प्रतिफल हो । तर खै अझै राजनीतिक अन्योल छ । संयन्त्र भएर पनि विपन्न बनाइएको देशका संकीर्ण सोंचका धेरै व्यथा छन् ।

२२. व्यवस्थापिका संसदको सदस्य भएर पनि तपाइले आफ्नो सार्वजनिक दायित्वलाई निर्वाह गर्दा नेपाली राजनीति र राज्यसंयन्त्रको स्थिति कस्तो देख्नु भयो ?

**उत्तर** कागजमा परिवर्तन देखें । संस्कार चाहीं धेरैको पुरानै पाएँ त्यसैले त्यहाँ म त्यति सन्तुष्ट हुन सकिन । यस सम्बन्धी सकारात्मक र नकारात्मक पक्ष बारे "व्यवस्थापिका संसदमा मेरो अनुभूतिमा" केही चर्चा गरेको छु ।

२३. तपाईले **बुद्धको विश्वचिन्तन** शीर्षक ग्रन्थ पनि अनुवाद गर्नु भएको छ । बौद्ध दर्शनको अध्ययन गरेपछि तपाइले मार्क्सवाद र बौद्ध दर्शनका बीचमा कस्तो समानता र भिन्नता भेट्नुभयो ?

**उत्तर** मार्क्सवादले मलाई उर्ध्वोन्मुखी संघर्षमय सामाजिक चिन्तन दियो भने बौद्ध दर्शनले मनोवैज्ञानिक शान्ति र संयम दियो । बुद्धले तत्कालीन पुरातन चिन्तन र व्यवहारसँग विद्रोह गरेका छन् । जातपात, वर्ण, धर्म, संप्रदाय भन्दा माथि उठेर त्यागमय जीवन बिताए । उनको सम्यक आजिवीकाको सिद्धान्त सामन्तवादी रूढीवादी, पूँजीवादी र साम्राज्यवादी चिन्तन विरूद्ध छ । मार्क्सको प्रश्न पनि त्यही हो । आज बुद्ध रहेको भए उनी अर्का मार्क्स बन्थे । जहाँसम्म हिंसाको कुरा छ, बुद्धले न्याय-युद्धको समर्थन गरेका छन् । त्यसैले बुद्ध र मार्क्सका विचारमा धेरै सामीप्य छ ।